महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन आ.व. २०८०/०८१

महान्यायाधिवक्ताको कार्यालय, नेपाल
रामशाहपथ, काठमाडौं

महान्यायाधिवक्ताको
वार्षिक प्रतिवेदन
आ.व. २०८०/०८१



महान्यायाधिवक्ताको कार्यालय, नेपाल
रामशाहपथ, काठमाडौं



सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू

समक्ष

महान्यायाधिवक्ता

श्री रमेश वडाललेे

पेश गरेको

आर्थिक वर्ष २०८०/०८१ को

वार्षिक प्रतिवेदन



महान्यायाधिवक्ताको कार्यालय, नेपाल

रामशाहपथ, काठमाडौं

महान्यायाधिवक्ताको
वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/०८१

प्रकाशन संख्या	:	१,००० (एक हजार) प्रति
प्रकाशित मिति	:	२०८१ पौष
सम्पादन समिति	:	नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल सहन्यायाधिवक्ता श्री उद्धव प्रसाद पुडासैनी उपन्यायाधिवक्ता श्री पोषराज खनाल उपसचिव (लेखा) श्री दिलकुमार खड्का सहायक न्यायाधिवक्ता श्री उमंग निरौला सहायक न्यायाधिवक्ता श्री अनुकूल वारकोटी कम्प्युटर अपरेटर श्री नारायण स्वर्णकार
प्रकाशक	:	महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ, काठमाडौं, नेपाल
फोन	:	४२००८२४, ४२००८२५, ४२००८२६
फ्याक्स	:	४२००८२७
वेभ साइट	:	www.ag.gov.np
मुद्रण	:	गणपति अफसेट प्रेस । मो.: ९८५१०९८६४२



माननीय महान्यायाधिवक्ता श्री रमेश वडाल



नायब महान्यायाधिवक्ता डा. टेक बहादुर घिमिरे



नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल



नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मी



नायब महान्यायाधिवक्ता श्री खेमराज ज्ञवाली



महान्यायाधिवक्ताको कार्यालय अनुगमनको क्रममा मन्तब्य राख्नु हुँदै
सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली



नवनियुक्त माननीय महान्यायाधिवक्ता श्री रमेश वडाल
पद तथा गोपनीयताको सपथ ग्रहण गर्नु हुँदै

महान्यायाधिवक्ताको कार्यालय
नेपाल

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाडौं।

विषय: आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

नेपालको संविधानको धारा १५९ बमोजिम महान्यायाधिवक्ताले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था छ। उक्त संवैधानिक व्यवस्था बमोजिम महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूबाट सम्पादित काम कारबाहीको विवरण समावेश गरी तयार गरिएको महान्यायाधिवक्ताको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्न पाउँदा मलाई खुशी लागेको छ।

प्रतिवेदन वर्षमा सरकारी वकील कार्यालयहरूबाट कूल ७०,२८४ जना प्रतिवादीहरू उपर ४५,०९१ मुद्दा अभियोजन गरिएको छ। फैसला भएका मुद्दा मध्ये ६८.२७ प्रतिशत मुद्दामा सफलता हाँसिल भएको छ। अनुसन्धान सम्पन्न भई राय सहित प्राप्त हुन आएका मुद्दाहरू मध्ये ७.८८ प्रतिशत मुद्दा नचलाउने निर्णय भएको छ जुन गत आर्थिक वर्षको तुलनामा वृद्धि भएको छ। नेपाल सरकारका विभिन्न निकायहरुबाट संवैधानिक र कानूनी प्रश्नमा राय माग भई आएको मध्ये ४५ वटा विषयहरूमा कानूनी राय सल्लाह उपलब्ध गराइएको छ। अभियोजन प्रक्रियालाई वैज्ञानिक प्रमाणमा आधारित बनाउन र फौजदारी न्याय प्रणालीलाई थप सुदृढ गर्न कार्यालयले विभिन्न नीतिगत सुधार गरेको छ। इ-एटोर्नी प्रणालीको प्रभावकारी प्रयोग मार्फत फौजदारी मुद्दाको अभियोग पत्रको विद्युतीय अभिलेखिकरण र वेवसाइटमा तत्काल प्रविष्ट हुने व्यवस्था गरिएको छ।

प्रतिवेदन वर्षमा कार्यालयले विभिन्न नीतिगत सुधारका कार्यक्रमहरू कार्यान्वयन गरेको छ। समय सापेक्ष हुने गरी मातहत सरकारी वकीलहरूले प्रयोग गर्न सक्ने गरी अधिकार प्रत्यायोजन, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) बमोजिमका मुद्दामा फैसला कार्यान्वयनको चरणमा समेत मिलापत्र गर्न सकिने र सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी भएको मुद्दामा मिलापत्रको दायरा फराकिलो पारिएको छ। एक वर्ष भन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाई अवधि सजाय भुक्तान गरिसकेका एक हजार भन्दा बढी कैदीलाई प्रोवेशन प्यारोल संघीय बोर्डबाट निर्णय गरी प्यारोलमा राख्न सिफारिस गरिएको छ। नेपालमा साइवर कसूर सम्बन्धी कानूनको प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१, करणी सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण तथा कानूनको प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१, महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको समष्टिगत व्यवस्थापकीय सुधार सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१ तथा बिगो तथा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको दाबी लिने मापदण्ड सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१ जस्ता अनुसन्धानमूलक अध्ययन गरिएको छ ।महान्यायाधिवक्ताको नेतृत्वमा रहेको फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन २०८१ लाई कार्यान्वयन गराउन आवश्यक पहल गरिएको छ ।

☎:४२००८००, ४२००८१०, ४२००८१६, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

महान्यायाधिवक्ताको कार्यालय
नेपाल

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

महान्यायाधिवक्ताको कार्यालयको चालु तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/७९-२०८२/८३) लाई आत्मसात गर्दै कानूनी शासनको सुनिश्चितताका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गरिँदै आएको छ। रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कनबाट प्राप्त उपलब्धिहरूलाई निरन्तरता दिँदै संविधान र कानूनको दायरामा रहेर सरकारको हक, हित र सरोकारको लागि प्रभावकारी प्रतिनिधित्व र प्रतिरक्षा गरिएको छ। महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयहरूलाई प्राप्त विनियोजित बजेट, खर्चको स्थिति र स्रोत साधनको व्यवस्था, कसूर नियन्त्रणका लागि विद्यमान फौजदारी कानूनमा गरिनुपर्ने सुधार समेतका विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ। कार्यालयको आफ्नै भवन नभएका आठ सरकारी वकील कार्यालयहरू मध्ये तीन वटा कार्यालयको लागि आफ्नै जग्गाको सुनिश्चितता र दुई वटा कार्यालयको भवन निर्माणको लागि स्रोतको व्यवस्था गरिएको छ।

नेपालको संविधान र सरकारी वकीलको काम कारवाहीसँग सम्बन्धित कानूनले सरकारी वकीलको कार्यक्षेत्रमा गरेको विस्तार, अपराधको नवीनतम् प्रवृत्ति र प्रविधिले ल्याएको नयाँ कसूरको नियन्त्रण र निवारणका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताको क्षमता विकास गर्न आवश्यक छ। प्रभावकारी अनुसन्धान तथा अभियोजनका लागि सम्बन्धित अनुसन्धान निकाय र सरकारी वकीलको बीचमा निरन्तर सहयोग, सहकार्य र समन्वय अपरिहार्य छ। फौजदारी न्यायको प्रभावकारीताका लागि अदालत तथा न्यायिक निकाय, अभियोजनकर्ता र प्रतिरक्षी कानून व्यवसायीको संस्था नेपाल बार एशोसिएशनसँग निरन्तर समन्वयको आवश्यकता रहन्छ। अभियोजन प्रणाली सुदृढ गर्न र प्रभावकारी प्रतिरक्षा लगायतका कार्यमा महान्यायाधिवक्ताको कार्यालय सदैव प्रतिबद्ध रहेको छ। सरकारी वकीलको व्यावसायिक उन्मुक्ति, स्वतन्त्रता, इमानदारिता, निष्पक्षता तथा सदाचार जस्ता मान्यताहरुलाई आत्मसात् गर्दै भरोसायुक्त र पीडितमैत्री संगठनको रुपमा सरकारी वकील कार्यालयहरूलाई अझ सुदृढ गर्न निरन्तर क्रियाशील रहेको व्यहोरा समेत सम्माननीय राष्ट्रपतिज्यू समक्ष सादर निवेदन गर्दछु।

अन्त्यमा, प्रतिवेदन वर्षमा महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयको समग्र कामकारवाही र उपलब्धिका लागि आआफ्नो ठाउँबाट योगदान गर्ने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

पुस, २०८१

रमेश वडाल
महान्यायाधिवक्ता

☎:४२००८००, ४२००८१०, ४२००८१६, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

संक्षिप्त झलक

आ.व. २०८०/०८१

१. मुद्दा, रिट तथा निवेदनहरुको लगत, फछ्यौंट र बाँकीको विवरण

कार्यालय	बहस पैरवी/प्रतिरक्षा	लगत			फछ्यौंट				बाँकी	रिट खारेज, कसूर ठहर प्रतिशत
		गतवर्ष	यसवर्ष	जम्मा	रिट खारेज, कसूर ठहर	रिट जारी, कसूरमा सफाई	मुल्तवी, तामेली, मिलापत्र र अन्य	जम्मा		
म.न्या.का.	मुद्दा	५७४९	११४१	६८९०	६३२	६६९	७	१३०८	५५८२	४८.३२
	रिट निवेदन	५०००	१७२१	६७२१	५०४	९८३	३९२	१८७९	४८४२	२६.८२
	अन्य निवेदन	६२५	४७४	१०९९	२२७	२८६	०	५१३	५८६	४४.२५
म.न्या.का.को जम्मा		**११३७४**	**३३३६**	**१४७१०**	**१३६३**	**१९३८**	**३९९**	**३७००**	**११०१०**	**३६.८४**
उ.स.व.का.	मुद्दा	८०४६	११४१७	१९४६३	६९३८	४६५८	५६	११६५२	७८११	५९.५४
	रिट निवेदन	२७६२	६६८०	९४४२	३०६६	२३१५	१	५३८२	४०६०	५६.९७
	अन्य निवेदन	५६२	२७७०	३३३२	१६७१	११४२	०	२८१३	५१९	५९.४०
उ.स.व.का.को जम्मा		**११३७०**	**२०८६७**	**३२२३७**	**११६७५**	**८११५**	**५७**	**१९८४७**	**१२३९०**	**५८.८३**
वि.स.व.का.	मुद्दा	१४११	१००३	२४१४	१२५४	५४९	१८१	१९८४	४३०	६३.२१
	रिट निवेदन	०	०	०	०	०	०	०	०	०.००
	अन्य निवेदन	०	०	०	०	०	०	०	०	०.००
वि.स.व.का.को जम्मा		**१४११**	**१००३**	**२४१४**	**१२५४**	**५४९**	**१८१**	**१९८४**	**४३०**	**६३.२१**
जि.स.व.का.	मुद्दा	३३३०५	४७६६८	८०९७३	३१७३४	८१९३	२१६५	४२०९२	३८८८१	७५.३९
	रिट निवेदन	५०९	१७३४	२२४३	१०२७	२३५	३२	१२९४	९४९	७९.३७
	अन्य निवेदन	०	०	०	०	०	०	०	०	०.००
जि.स.व.का.को जम्मा		**३३८१४**	**४९४०२**	**८३२१६**	**३२७६१**	**८४२८**	**२१९७**	**४३३८६**	**३९८३०**	**७५.५१**
कुल जम्मा	**मुद्दा**	**४८५११**	**६१२२९**	**१०९७४०**	**४०५५८**	**१४०६९**	**२४०९**	**५७०३६**	**५२७०४**	**७१.११**
	रिट निवेदन	**८२७१**	**१०१३५**	**१८४०६**	**४५९७**	**३५३३**	**४२५**	**८५५५**	**९८५१**	**५३.७३**
	अन्य निवेदन	**११८७**	**३२४४**	**४४३१**	**१८९८**	**१४२८**	**०**	**३३२६**	**११०५**	**५७.०७**
	कुल जम्मा	**५७९६९**	**७४६०८**	**१३२५७७**	**४७०५३**	**१९०३०**	**२८३४**	**६८९१७**	**६३६६०**	**६८.२७**

२. सवारी साधन, सूचना तथा विद्युतीय सामग्रीको विवरण

कार्यालय	विवरण	कार	जीप	भ्यान	मोटरसाइकल	ल्यापटप	कम्प्युटर	प्रिन्टर	इन्भटर	सोलार	फोटोकपि	टेलिफोन
म.न्या.का.	चालु अवस्था	२७	९	१	४२	३५९	९०	१२४	१४३	०	५०	२९
	मर्मत गर्नुपर्ने	०	०	०	०	०	०	०	०	०	०	०
	काम नलाग्ने	०	०	०	०	०	०	०	०	०	०	०
	जम्मा	२७	९	१	४२	३५९	९०	१२४	१४३	०	५०	२९
उ.स.व.का.	चालु अवस्था	१६	४	१	२६	४४	१६३	१२६	३७	७	२४	५९
	मर्मत गर्नुपर्ने	१	१	०	१०	१३	२७	२२	६	१	७	१४
	काम नलाग्ने	२	२	०	२	४	२७	१९	५	१	१	२
	जम्मा	१९	७	१	३८	६१	२१७	१६७	४८	९	३२	७५
वि.स.व.का.	चालु अवस्था	१	१	१	१८	७	३१	२०	४	११	४	२
	मर्मत गर्नुपर्ने	१	०	०	३	७	३	०	०	०	१	०
	काम नलाग्ने	०	०	०	०	०	०	२	०	०	०	०
	जम्मा	२	१	१	२१	१४	३४	२२	४	११	५	२
जि.स.व.का.	चालु अवस्था	६२	६	२	५६	९२	४४५	३६४	१३४	८५	१०५	१६१
	मर्मत गर्नुपर्ने	३	२	०	२०	३०	१००	७४	१५	८	३९	८
	काम नलाग्ने	४	४	१	९	९	५७	३६	१३	४	२६	२०
	जम्मा	६९	१२	३	८५	१३१	६०२	४७४	१६२	९७	१७०	१८९
कुल जम्मा	चालु अवस्था	१०६	२०	५	१४२	५०२	७२९	६३४	३१८	१०३	१८३	२५१
	मर्मत गर्नुपर्ने	५	३	०	३३	५०	१३०	९६	२१	९	४७	२२
	काम नलाग्ने	६	६	१	११	१३	८४	५७	१८	५	२७	२२
	जम्मा	११७	२९	६	१८६	५६५	९४३	७८७	३५७	११७	२५७	२९५

३. सरकारी वकीलहरुको कुल दरबन्दी र पदपूर्तिको अवस्था

सि.नं.	पद	श्रेणी	दरवन्दी	पदपूर्ति	रिक्त
१	महान्यायाधिवक्ता	संवैधानिक	१	१	०
२	नायब महान्यायाधिवक्ता	राजपत्राङ्कित विशिष्ट श्रेणी	४	४	०
३	सह-न्यायाधिवक्ता	राजपत्राङ्कित प्रथम	३८	३२	६
४	जिल्ला न्यायाधिवक्ता/उप-न्यायाधिवक्ता	राजपत्राङ्कित द्वितीय	१७४	१६१	१३
५	सहायक जिल्ला न्यायाधिवक्ता/शाखा अधिकृत	राजपत्राङ्कित तृतीय	३०४	२९५	९
जम्मा			५२१	४९३	२८

४. विनियोजन, निकासा र खर्चको विवरण

		म.न्या.का.	उ.स.व.का.	वि.स.व.का.	जि.स.व.का.	जम्मा
विनियोजन	चालु	१४९४२२०००.००	२७११४२०००.००	३५७०३०००.००	६७१५४०००.००	११२७८०७०००.००
	पुँजीगत	८५००००.००	५१६००००.००	३२७१६०००.००	१३६६००००.००	२२९४१६०००.००
	जम्मा	**१५७९२२०००.००**	**३२२७४२०००.००**	**६८४१९०००.००**	**८०८१४०००.००**	**१३५७२२३०००.००**
निकासा/खर्च	चालु	१३६१०७०००.००	२३१७०१०००.००	३१७५३०००.००	५८३७४८०००.००	९८३३०९०००.००
	पुँजीगत	८०५७०००.००	१३६१६०००.००	४००००.००	७५५२९०००.००	९७६०२०००.००
	जम्मा	**१४४१६४०००.००**	**२४५३१७०००.००**	**३२१५३०००.००**	**६५९२७७०००.००**	**१०८०९११०००.००**

द्रष्टव्य: म.न्या.का. ले महान्यायाधिवक्ताको कार्यालय, उ.स.व.का ले उच्च सरकारी वकील कार्यालय, वि.स.व.का. ले विशेष सरकारी वकील कार्यालय र जि.स.व.का. ले जिल्ला सरकारी वकील कार्यालयलाई बुझाउँछ।

५. **महान्यायाधिवक्ताको कार्यालय तथा उच्च सरकारी वकील कार्यालयहरुमा रहेका मुद्दाहरुको विषयगत विवरण**

अनुसूची १ भित्रका मुद्दामा अभियोजन र कारवाहीको विवरण	सि.नं.	मुद्दाको नाम		महान्यायाधिवक्ताको कार्यालय							उच्च सरकारी वकील कार्यालय					
				लगत	फछ्र्यौट					बाँकी	लगत	फछ्र्यौट				बाँकी
					कसूर ठहर	सफाई	मुल्तवी	अन्य	जम्मा			कसूर ठहर	सफाई	अन्य	जम्मा	
	१	राज्य विरुद्ध		०	०	०	०	०	०	०	१३	४	७	०	११	२
	२	सार्वजनिक शान्ति विरुद्ध		१	०	०	०	०	०	१	१३७	५४	१६	०	७०	६७
	३	सार्वजनिक न्याय विरुद्ध		०	०	०	०	०	०	०	८	५	०	०	५	३
	४	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता		८	०	०	०	०	०	८	७१	१८	२६	०	४४	२७
	५	हातहतियार तथा खरखजाना		११	१	०	०	०	१	१०	१८८	७६	४५	०	१२१	६७
	६	विष्फोटक पदार्थ		०	०	०	०	०	०	०	४२	८	५	०	१३	२९
	७	आतङ्ककारी कार्य सम्बन्धी		०	०	०	०	०	०	०	०	०	०	०	०	०
	८	राष्ट्रिय तथा सार्वजनिक सम्पदा		०	०	०	०	०	०	०	०	०	०	०	०	०
	९	धर्म सम्बन्धी कसूर		०	०	०	०	०	०	०	३	१	२	०	३	०
		भेदभाव तथा अपमानजन्य व्यवहार	बन्धक वा बाँधा बनाउने	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			छुवाछुत वा भेदभाव गर्ने	२	०	०	०	०	०	२	६३	२१	१२	०	३३	३०
			यातना दिने	०	०	०	०	०	०	०	३	०	२	०	२	१
			अन्य	७	१	०	०	०	१	६	६५	१०	१३	०	२३	४२
		विवाह	क) बहु विवाह	५७	७	१३	१	०	२१	३६	८८८	२६३	३१२	०	५७५	३१३
			ख) बाल विवाह	४	०	०	०	०	०	४	१०५	३८	३३	०	७१	३४
			ग) हाडनाता विवाह	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	१२	ज्यान	क) कर्तव्य ज्यान	८१९	१४४	१३१	०	०	२७७	५४२	११९८	५०६	२१५	०	७२१	४७७
			ख) आवेश प्रेरित हत्या	२	०	०	०	०	०	२	४	४	०	०	४	०
			ग) लापरवाहीबाट हत्या	१	०	०	०	०	०	१	६	२	२	०	४	२
			घ) हेलचेक्याईपूर्वक हत्या	०	०	०	०	०	०	०	८	०	४	०	४	४
			ङ) ज्यान मार्ने उद्योग	११५	१२	२०	०	०	३२	८३	१५१८	४४३	५२२	१	९६६	५५२
			च) फाली वा परित्याग गरेको	०	०	०	०	०	०	०	२	०	२	०	२	०
			छ) भवितव्य ज्यान	०	०	०	०	०	०	०	२	०	१	०	१	१
			ज) गर्भपतन	४	०	०	०	०	०	४	४६	१३	१०	०	२३	२३
			झ) आत्महत्या गर्न दुरुत्साहन गर्ने	२	१	०	०	०	१	१	२०८	४२	९८	०	१४०	६८
	१३	कुटपिट अंगभंग		२०	३	३	०	०	६	१४	२३३	६९	६२	०	१३१	१०२
	१४	तेजाव प्रहार सम्बन्धी		०	०	०	०	०	०	०	४	०	१	०	१	३
	१५	गैरकानूनी थुना		०	०	०	०	०	०	०	०	०	०	०	०	०
	१६	व्यक्ति बेपत्ता पार्ने		०	०	०	०	०	०	०	६	०	४	०	४	२
	१७	अपहरण वा शरीर बन्धक	क) अपहरण	७२	१०	१९	०	०	२९	४३	१६१	३७	२८	०	६५	९६
			ख) शरीर बन्धक	२	०	१	०	०	१	१	१४०	५५	२१	०	७६	६४
			ग) दुरुत्साहन, उद्योग, अन्य	२	०	०	०	०	०	२	२	०	०	०	०	२
	१८	करणी	क) जबर्जस्ती करणी	११७२	८६	१२३	०	३	२१०	९६२	३०२०	१०८८	७५७	१	१८४६	११७४
			ख) जबर्जस्ती करणी उद्योग	११०	१०	२१	०	०	३१	७९	७६०	२३०	२७८	२	५१०	२५०
			ग) बाल यौन दुरुपयोग	२२	२	२	०	०	४	१८	२२३	५४	८८	०	१४२	८१
			घ) अप्राकृतिक मैथुन	५	०	०	०	०	०	५	४२	१४	१३	०	२७	१५
			ङ) वैवाहिक बलात्कार	०	०	०	०	०	०	०	२५	१	१३	०	१४	११
			च) अन्य	३	३	०	०	०	३	०	२१	६	९	०	१५	६
	१९	इलाज सम्बन्धी		०	०	०	०	०	०	०	६	०	३	०	३	३
	२०	चोरी तथा डाँका	क) साधारण चोरी	३५	५	६	०	०	११	२४	१३७८	५३५	२७२	०	८०७	५७१
			ख) नकबजनी चोरी	३४	१	१	०	०	२	३२	६१५	२५९	११७	०	३७६	२३९
			ग) डाँका	१९	७	१२	०	०	१९	०	६९३	२६५	१०८	०	३७३	३२०
			घ) बगली मारा	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ङ) अन्य	२६	०	०	०	०	०	२६	३७	११	७	०	१८	१९
	२१	आर्थिक	क) हुण्डी सम्बन्धी कसूर	२	१	०	०	०	१	१	३४	२	२२	०	२४	१०
			ख) ठगी	१८३	१७	१५	०	०	३२	१५१	५२६	२०२	११३	१३	३२८	१९८
			ग) आपराधिक विश्वासघात	०	०	०	०	०	०	०	१६	२	२	१	५	११
			घ) आपराधिक लाभ (एक्सटर्सन)	१	०	०	०	०	०	१	२७	९	६	१	१६	११
			ङ) अभौतिक मुद्राको प्रयोग	०	०	०	०	०	०	०	२	२	०	०	२	०
			च) मुद्रा	३२	४	०	०	०	४	२८	३१	९	५	०	१४	१७
			छ) टिकट	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ज) सहकारी सम्बन्धी	२	०	०	०	०	०	२	२	०	०	१	१	१
			झ) नेपाल राष्ट्र बैंक सम्बन्धी	०	०	०	०	०	०	०	२	१	०	०	१	१
			ञ) अन्य	११	०	१	०	०	१	१०	४६	२४	७	०	३१	१५
	२२	कीर्ते		७१	९	१६	०	०	२५	४६	२००	४८	५०	०	९८	१०२
	२३	आपराधिक प्रवेश		०	०	०	०	०	०	०	५	०	०	०	०	५
	२४	आपराधिक उपद्रव		०	०	०	०	०	०	०	१४६	३७	४१	०	७८	६८
	२५	पशुपक्षी	गाई, गोरु मार्ने वा कुट्ने	०	०	०	०	०	०	०	१९	६	१०	०	१६	३
			अन्य	०	०	०	०	०	०	०	२९	९	१४	०	२३	६
	२६	नागरिकता		१७	२	१	०	०	३	१४	७३	१९	१६	०	३५	३८
	२७	प्रतिलिपि अधिकार		३	०	१	०	०	१	२	३	१	१	०	२	१
	२८	प्रविधि सम्बन्धी	क) दूर संचारसम्बन्धी	१९	२	२	०	०	४	१५	२	१	०	१	२	०
			ख) विद्युतीय कारोवार	९	०	०	०	०	०	९	४७	२१	१०	०	३१	१६
			ग) अन्य	०	०	०	०	०	०	०	६	०	०	०	०	६
	२९	बालबालिका सम्बन्धी	क) बालबालिका विरुद्धको हिंसा	१	०	०	०	०	०	१	२	०	०	०	०	२
			ख) बाल यौन दुर्व्यवहार	६	१	१	०	०	२	४	२०	१०	४	०	१४	६
	३०	बैंकिङ्ग सम्बन्धी	क) बैंकिङ्ग कसूर	६७१	१०३	६८	०	०	१७१	५००	६६५	१६२	१३९	३२	३३३	३३२
			ख) चेक अनादार सम्बन्धी	०	०	०	०	०	०	०	३७	३०	१	०	३१	६
			ग) बैंक वित्तिय संस्था सम्बन्धी	०	०	०	०	०	०	०	१	०	०	०	०	१
	३१	मानव बेचबिखन	क) मानव किनबेच	८	२	६	०	०	८	०	८८	३५	१६	०	५१	३७
			ख) मानव ओसारपसार	२०३	२०	२२	०	०	४२	१६१	१७४	६५	४४	१	११०	६४
			ग) मानव अंग झिक्ने, बेच्ने	०	०	०	०	०	०	०	२	०	०	०	०	२
			घ) वेश्यागमन	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ङ) वेश्यावृत्ति	०	०	०	०	०	०	०	२	०	०	०	०	२
	३२	राहदानी		०	०	०	०	०	०	०	२	१	०	०	१	१
	३३	लागू औषध		३५५	४४	४९	०	०	९३	२६२	३४३३	१३१२	७२१	०	२०३३	१४००
	३४	सवारी ज्यान	क) सवारीबाट अंगभंग	७	०	१	०	०	१	६	२२८	१०६	४०	१	१४७	८१
			ख) सवारीबाट कर्तव्य ज्यान	४	२	२	०	०	४	०	५३८	२४९	११५	०	३६४	१७४
			ग) लापरवाही	१२७	३	०	०	०	३	१२४	३२१	१३५	३४	०	१६९	१५२
			घ) भवितव्य	०	०	०	०	०	०	०	२४९	१५३	२१	०	१७४	७५
			ङ) क्षतिपूर्ति	३	०	०	०	०	०	३	१	०	०	०	०	१
	३५	विविध	क) अंग प्रत्यारोपण	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ख) आवश्यक वस्तु संरक्षण	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ग) कालो बजार	८	०	०	०	०	०	८	६	४	०	०	४	२
			घ) गोबध	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ङ) जुवा	०	०	०	०	०	०	०	१५	३	२	०	५	१०
			च) पर्यटन ऐनका कसूर	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			छ) पानी जहाज दर्ता ऐनका कसूर	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ज) मालपोत ऐनका कसूर	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			झ) रेडियो धर्मी ऐनका कसूर	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ञ) प्राचीन स्मारक सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ट) शिक्षा ऐनको दफा १७(१क)	०	०	०	०	०	०	०	१	१	०	०	१	०
			ठ) स्वास्थ्यकर्मी-संस्थाको सुरक्षा	०	०	०	०	०	०	०	१	०	०	०	०	१
			ड) अन्य	२	०	०	०	०	०	२	२२	४	१०	०	१४	८
	अनुसूची १ का मुद्दाको जम्मा			**४३००**	**५०३**	**५३७**	**१**	**३**	**१०४४**	**३२५६**	**१८९६८**	**६७९५**	**४५५२**	**५५**	**११४०२**	**७५६६**

अनुसूची २ भित्रका मुद्दामा अभियोजन २ कारबाहीको विवरण	१	अध्यागमन	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२	उपभोक्ता संरक्षण	३	०	०	०	०	०	३	१	०	०	०	०	१
	३	औषधि	०	०	०	०	०	०	०	२४	६	४	०	१०	१४
	४	खाद्य पदार्थ सम्बन्धी	०	०	०	०	०	०	०	६	१	१	०	२	४
	५	पानी दुषित पार्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	६	वातावरण प्रदुषित गर्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	७	खाद्य ऐन अन्तर्गका	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	८	जनस्वास्थ्य सेवा ऐनका कसूर	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	९	जीवनासक विषादी व्यवस्थापन ऐनका कसूर	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	१०	नेपाल गुणस्तर (प्रमाण चिन्ह)	०	०	०	०	०	०	०	१	०	१	०	१	०
	११	स्टान्डर्ड नाप तौल सम्बन्धी	१	०	०	०	०	०	१	७	१	३	०	४	३
	१२	निर्वाचन सम्बन्धी	१	०	१	०	०	१	०	२२	१	२०	०	२१	१
	१३	वैदेशिक रोजगार	३५९	३१	३२	०	०	६३	२९६	०	०	०	०	०	०
	१४	राजश्व चुहावट	९७	३	९	०	०	१२	८५	८४	१९	५	१	२५	५९
	१५	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	५	२	२	०	०	४	१	४१	१३	१५	०	२८	१३
	१६	विदेशी विनिमय	४	०	०	०	०	०	४	२७	७	०	०	७	२०
	१७	वन	२८	२	१	०	०	३	२५	२५५	८६	५३	०	१३९	११६
	१८	विद्युत चोरी	०	०	०	०	०	०	०	१	०	०	०	०	१
	१९	शिक्षा ऐन दफा १७(१)	०	०	०	०	०	०	०	१	१	०	०	१	०
	२०	सम्पत्ति शुद्धीकरण	२५	३	०	०	०	३	२२	१	०	०	०	०	१
	२१	सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२२	संकटापन्न वन्यजन्तु तथा वनस्पति सम्बन्धी	०	०	०	०	०	०	०	५	३	१	०	४	१
	२३	स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२४	अन्य	०	०	०	०	०	०	०	९	३	१	०	४	५
	अनुसूची २ का मुद्दाको जम्मा		**५२३**	**४१**	**४५**	**०**	**०**	**८६**	**४३७**	**४८५**	**१४१**	**१०४**	**१**	**२४६**	**२३९**
देवानी	क) सरकारी जग्गा दपोट		२३६	९	३	०	०	१२	२२४	०	०	०	०	०	०
	ख) तिरो दपोट		०	०	०	०	०	०	०	०	०	०	०	०	०
	ग) विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण		०	०	०	०	०	०	०	०	०	०	०	०	०
	घ) विदेशीलाई अंश अपुताली दिएको		०	०	०	०	०	०	०	०	०	०	०	०	०
	ङ) अन्य		०	०	०	०	०	०	०	१०	२	२	०	४	६
	देवानी मुद्दाको जम्मा		**२३६**	**९**	**३**	**०**	**०**	**१२**	**२२४**	**१०**	**२**	**२**	**०**	**४**	**६**
	कुल जम्मा		**५०५९**	**५५३**	**५८५**	**१**	**१**	**११४२**	**३९१७**	**१९४६३**	**६९३८**	**४६५८**	**५६**	**११६५२**	**७८११**

६. विशेष सरकारी वकील कार्यालयमा रहेका मुद्दाहरुको विषयगत विवरण

अनुसूची	मुद्दाको नाम		जम्मा		फछ्यौंट						जम्मा		बाँकी	
					कसुर कायम		सफाइ		अन्य					
			मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
अनुसूची १ का	वाणिज्य इजलासमा	१) बैंकिङ्ग कसुर तथा सजाय ऐन सम्बन्धी	१५६	१३०४	१३१	१२२५	१	१	०	०	१३२	१२२६	२४	७८
		२) कम्पनी ऐन दफा १५९	०	०	०	०	०	०	०	०	०	०	०	०
		३) सुरक्षित कारोबार	०	०	०	०	०	०	०	०	०	०	०	०
		४) अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०
	जम्मा		१५६	१३०४	१३१	१२२५	१	१	०	०	१३२	१२२६	२४	७८
अनुसूची २ का	विशेष अदालतमा	१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा २५ग बमोजिमको पुनरावेदन	०	०	०	०	०	०	०	०	०	०	०	०
		२. भ्रष्टाचार	०	०	०	०	०	०	०	०	०	०	०	०
		क) कमिसन लिएको	०	०	०	०	०	०	०	०	०	०	०	०
		ख) गैर कानूनी सम्पत्तिआर्जन गरेको	४६	१०५	१४	३७	२८	५७	०	०	४२	९४	४	११
		ग) झुठ्ठा विवरण दिएको	२०	७१	८	१९	९	४३	०	०	१७	६२	३	९
		घ) नक्कली प्रमाणपत्र	३९	३९	२०	२०	६	६	१	१	२७	२७	१२	१२
		घ) राजश्व चुहावट	३०	१३०	८	१६	१७	४४	०	०	२५	६०	५	७०
		ङ) रिसवत लिएको	११६	१६०	८०	१०५	२९	४१	०	०	१०९	१४६	७	१४
		च) सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरेको	७९	४०५	२५	१८३	४२	१७१	२	२	६९	३५६	१०	४९
		च) अन्य	२११	२०२५	७७	५३६	१०४	६९९	४	७	१८५	१२४२	२६	७८३
		३. सम्पत्ति सुद्धीकरण सम्बन्धी	३४	११७	२४	६२	८	३२	०	०	३२	९४	२	२३
		४. राज्य विरुद्धको अपराध	०	०	०	०	०	०	०	०	०	०	०	०
		५. अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०
	जम्मा		५७५	३०५२	२५६	९७८	२४३	१०९३	७	१०	५०६	२०८१	६९	९७१
	वैदेशिक रोजगार न्यायाधिकरण	१) संस्थागत	३८०	७५९	१२१	१७५	५४	१०३	५३	१११	२२८	३८९	१५२	३७०
		२) व्यक्तिगत	०	०	०	०	०	०	०	०	०	०	०	०
		जम्मा	३८०	७५९	१२१	१७५	५४	१०३	५३	१११	२२८	३८९	१५२	३७०
जम्मा			९५५	३८११	३७७	११५३	२९७	११९६	६०	१२१	७३४	२४७०	२२१	१३४१
प्रतिरक्षा	प्रशासकीय अदालतमा	१) विशेष सजाय उपर	०	०	०	०	०	०	०	०	०	०	०	०
		२) सामान्य सजाय उपर	४२	४२	१८	१८	१४	१४	०	०	३२	३२	१०	१०
	जम्मा		४२	४२	१८	१८	१४	१४	०	०	३२	३२	१०	१०
	राजश्व न्यायाधिकरण, काठमाडौं	१) आयकर	७६०	७६०	४८७	४८७	९५	९५	६७	६७	६४९	६४९	१११	१११
		२)मूल्य अभिवृद्धि कर	२९४	२९४	१६९	१६९	५१	५१	२५	२५	२४५	२४५	४९	४९
		३) भन्सार	१२२	१२२	३३	३३	६७	६७	११	११	१११	१११	११	११
		४) अन्य	८५	८९	३९	३९	२४	२४	१८	१८	८१	८१	४	८
		जम्मा	१२६१	१२६५	७२८	७२८	२३७	२३७	१२१	१२१	१०८६	१०८६	१७५	१७९
कुल जम्मा			२४१४	६४२२	१२५४	३१२४	५४९	१४४८	१८१	२४२	१९८४	४८१४	४३०	१६०८

७. **जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका मुद्दाहरुको विषयगत विवरण**

क **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ का मुद्दाहरुको विषयगत वर्गीकरण**

	मुद्दाको विषयगत विवरण		यस आर्थिक वर्षको अभियोजन गरेका निर्णय संख्या						फछ्र्यौट संख्या						जम्मा		बाँकी	
			मुद्दा चलाउने		मुद्दा नचलाउने		जम्मा लगत संख्या		कसुर कायम		सफाई		फिर्ता,मुल्तवी, अन्य					
			मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
१	राज्य विरुद्ध		९	३२	०	०	१८	९७	२	२	७	४२	०	०	९	४४	९	५३
२	सार्वजनिक शान्ति विरुद्ध		२३६१	३३३२	९	२२	४३९२	६८०३	२३७०	३३३०	८६	१७४	६	८	२४६२	३५१२	१९३०	३२९१
३	सार्वजनिक न्याय विरुद्ध		४९	६७	०	०	५२	७१	४६	६३	०	०	१	१	४७	६४	५	७
४	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा,		८८७७	१२७८९	२१	५३	१५५५३	२३०५०	१०३५०	१४७४१	१५०	२८७	२	७	१०५०२	१५०३५	५०५१	८०१५
५	हातहतियार तथा खरखजाना		२०१	३४६	२	५	३९३	८१८	२०१	३६२	३९	९७	४	६	२४४	४६५	१४९	३५३
६	विष्फोटक पदार्थ		२९	८९	०	०	९०	४०५	२६	७२	२६	१७७	६	२२	५८	२७१	३२	१३४
७	आतङ्ककारी कार्य सम्बन्धी		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
८	राष्ट्रिय तथा सार्वजनिक सम्पदा		१	१	०	०	३	४	०	०	२	३	१	१	३	४	०	०
९	धर्म सम्बन्धी कसूर		३	११	०	०	९	३७	३	१३	३	१३	०	०	६	२६	३	११
१०	भेदभाव तथा अपमानजन्य व्यवहार	बन्धक वा बाँधा बनाउने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
		छुवाछूत वा भेदभाव गर्ने	३१	८७	०	०	५९	१४७	१५	४४	२०	५३	०	०	३५	९७	२४	५०
		यातना दिने	८	२७	१	१	२८	११७	३	१४	१२	६१	०	०	१५	७५	१३	४२
		अन्य	४१	१५८	०	०	९३	३७३	११	६५	२१	७०	२	११	३४	१४६	५९	२२७
११	विवाह	क) बहु विवाह	७४०	१४४८	४	८	१४४४	२८६५	४१९	७९४	३९१	८०४	७७	१५३	८८७	१७५१	५५७	१११४
		ख) बाल विवाह	८६	१५४	४	१२	१६५	३०९	५०	८१	३८	६९	४	१०	९२	१६०	७३	१४९
		ग) हाडनाता विवाह	५	१०	०	०	१५	३६	३	३	१	५	०	०	४	८	११	२८
१२	ज्यान	क) कर्तव्य ज्यान	७२३	१३८९	३८	९३	१६१५	३६४७	५०५	१०४४	३०७	७०७	४४	१०६	८५६	१८५७	७५९	१७९०
		ख) आवेश प्रेरित हत्या	५	७	०	०	१६	२१	५	७	१	१	०	०	६	८	१०	१३
		ग) लापरवाहीबाट हत्या	१२	२०	२	६	२६	७१	८	१७	७	२१	०	०	१५	३८	११	३३
		घ) हेलचेक्राइँपूर्वक हत्या	१७	३३	१	१	२८	५५	१०	१८	६	१०	०	०	१६	२८	१२	२७
		ङ) ज्यान मार्ने उद्योग	१२४३	२९८९	१७	७५	२४४७	७१२५	३२५	७१५	९३०	२७५८	११३	२८९	१३६८	३७६२	१०७९	३३६३
		च) फाली वा परित्याग गरेको	५	८	१	१	९	१३	६	७	१	२	०	०	७	९	२	४
		छ) भवितव्य ज्यान	५	५	०	०	१९	२६	५	५	३	५	०	०	८	१०	११	१६
		ज) गर्भपतन	३०	६४	२	२	८१	२१९	१८	४२	१८	४४	१	३	३७	८९	४४	१३०
		झ) आत्महत्या गर्न दुरुत्साहन	२५१	४६३	७	९	५००	९१०	५४	८५	१८२	३०८	८	११	२४४	४०४	२५६	५०६
१३	कुटपिट अंगभंग		२३८	५३३	२	२	५४३	१३५८	११७	२४२	१५९	४१९	१३	३५	२८९	६९६	२५४	६६२
१४	तेजाव प्रहार सम्बन्धी		२	२	०	०	५	७	२	२	०	०	०	०	२	२	३	५
१५	गैरकानूनी थुना		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
१६	व्यक्ति बेपत्ता पार्ने		२४	६१	०	०	४९	१२१	९	१९	७	१२	३	४	१९	३५	३०	८६
१७	अपहरण वा शरीर बन्धक	क) अपहरण	९७	२३०	६	२०	२४३	६५१	४३	११३	७४	१६३	८	१८	१२५	२९४	११८	३५७
		ख) शरीर बन्धक	२५	६२	१	१	९५	२४६	७	१५	३३	७९	३	१३	४३	१०७	५२	१३९
		ग) दुरुत्साहन, उद्योग	०	०	०	०	३	७	०	०	०	०	०	०	०	०	३	७
१८	करणी	क) जबर्जस्ती करणी	२४५४	२७१४	२२	२३	५१०२	५८८१	१३६५	१५२२	१११४	१२१८	२५४	२७२	२७३३	३०१२	२३६९	२८६९
		ख) जबर्जस्ती करणी उद्योग	४२८	४९०	९	९	८०४	१०२८	१९५	२२०	२९०	३५१	३३	३५	५१८	६०६	२८६	४२२
		ग) बाल यौन दुरुपयोग	१९५	२०१	१	१	३०६	३१८	१०३	१०६	९९	१०१	५	५	२०७	२१२	९९	१०६
		घ) अप्राकृतिक मैथुन	२७	२९	०	०	७०	७८	३०	३५	१३	१३	१	१	४४	४९	२६	२९
		ङ) वैवाहिक बलात्कार	४१	४१	०	०	६५	६९	११	१५	२४	२४	०	०	३५	३९	३०	३०
		च) अन्य	२२	२९	०	०	४७	८६	७	८	५	६	२	३	१४	१७	३३	६९
१९	इलाज सम्बन्धी		३०	४४	४	४	५४	७९	७	१०	८	२१	०	०	१५	३१	३९	४८
२०	चोरी तथा डाँका	क) साधारण चोरी	३१३८	४९१०	१९	३०	४६४८	७७३४	२१८९	३१८४	८५७	११९०	४२	९१	३०८८	४४६५	१५६०	३२६९
		ख) नकबजनी चोरी	५३१	८८३	०	०	९२६	१५७५	४०२	७१६	१३६	२१५	१५	१८	५५३	९४९	३७३	६२६
		ग) डाँका	४५८	१३७०	४	२२	१०२५	३१८९	२७७	७९२	२९८	८८७	२०	७५	५९५	१७५४	४३०	१४३५
		घ) बगली मारा	२	३	०	०	२	३	२	३	०	०	०	०	२	३	०	०
		ङ) अन्य	३०	३४	०	०	९५	१३९	४२	५६	९	१२	२	५	५३	७३	४२	६६
२१	आर्थिक	क) हुण्डी सम्बन्धी कसूर	११	१८	०	०	१६	३५	४	१३	१	१	०	०	५	१४	११	२१
		ख) ठगी	१०७८	३२७०	२३८	३४५	२१३४	६७८४	३०७	७९१	३०८	८९५	२०६	४७८	८२१	२१६४	१३१३	४६२०
		ग) आपराधिक विश्वासघात	६२	१४५	१०	२१	१०५	२५५	१३	२४	१२	२८	०	०	२५	५२	८०	२०३
		घ) आपराधिक लाभ	५४	१४३	३	५	१०५	३६१	१९	३८	२४	११२	०	०	४३	१५०	६२	२११
		ङ) अभौतिक मुद्राको प्रयोग	२	२	०	०	२	२	०	०	०	०	०	०	०	०	२	२
		च) मुद्रा	८४	२०६	१	१	१४५	३६६	५८	१३३	१५	४१	०	५	७३	१७९	७२	१८७
		छ) टिकट	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
		ज) सहकारी सम्बन्धी	३५	१५०	५	८	४३	१७०	७	२९	१०	५९	१	१	१८	८९	२५	८१
		झ) नेपाल राष्ट्र बैंक सम्बन्धी	६२	७७५	१	१	७५	८८९	७	७५	१	३	१	१०	९	८८	६६	८०१
		ञ) अन्य	६८	१६३	३	९	१०९	२८४	१६	३८	१५	३७	४	१७	३५	९२	७४	१९२
२२	कीर्ते		१७५	९५६	५	८	४८५	२०६२	१२८	३१२	९३	३४६	९	२७	२३०	६८५	२५५	१३७७
२३	आपराधिक प्रवेश		४	४	०	०	१५	२९	४	९	६	१४	०	०	१०	२३	५	६
२४	आपराधिक उपद्रव		२२६	५७०	२	३	३९३	१३६५	८७	२२६	९२	२८८	९	३८	१८८	५५२	२०५	८१३
२५	पशुपक्षी	गाई, गोरु मार्ने वा कुट्ने	७६	१८५	२	२	१३२	३२६	५२	१३५	२३	६८	०	०	७५	२०३	५७	१२३
		अन्य	५	८	१	२	९	१७	३	८	१	४	०	०	४	१२	५	५
२६	नागरिकता		१०५	२३०	५	७	२२०	६५३	८७	१७४	२६	१०५	२	१०	११५	२८९	१०५	३६४
२७	प्रतिलिपि अधिकार		१	३	०	०	९	१५	४	८	३	३	०	०	७	११	२	४
२८	प्रविधि सम्बन्धी	क) दूर संचारसम्बन्धी	३	९	०	०	७	२८	३	१६	१	३	०	०	४	१९	३	९
		ख) विद्युतीय कारोवार	१९७	२७०	१	१	२९९	३९५	१०२	१३४	२९	६१	१६	२०	१४७	२१५	१५२	१८०
		ग) अन्य	४	४	०	०	४	४	१	१	१	१	०	०	२	२	२	२
२९	बालबालिका सम्बन्धी	क) बालबालिका विरुद्ध हिंसा	१६	२१	१	१	१८	२३	२	२	४	६	०	०	६	८	१२	१५
		ख) बाल यौन दुर्व्यवहार	१३८	१४४	१	१	२५८	२७७	१२०	१२५	६६	७६	६	६	१९२	२०७	६६	७०
३०	बैंकिङ्ग सम्बन्धी	क) बैंकिङ्ग कसूर	११०४५	१११९०	३१२३	३१४१	१५०२१	१५२२४	३२४९	३२८६	२९०	३०१	११०४	१११२	४६४३	४६९९	१०३७८	१०५२५
		ख) चेक अनादार सम्बन्धी	२२	२२	११	११	२४	२४	०	०	०	०	२	२	२	२	२२	२२
		ग) बैंक वित्तिय संस्था सम्बन्धी	०	०	२	२	०	०	०	०	०	०	०	०	०	०	०	०
३१	मानव बेचबिखन	क) मानव किनबेच	३७	६५	४	७	९४	२३३	१८	७६	३१	६३	३	५	५२	१४४	४२	८९
		ख) मानव ओसारपसार	१३०	२३६	२	४	२७०	६०२	६२	१५१	११३	१५८	५	१४	१८०	३२३	९०	२७९
		ग) मानव अंग झिक्ने, बेच्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
		घ) वेश्यागमन	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
		ङ) वेश्यावृत्ति	४	७	०	०	९	१८	२	४	५	९	०	०	७	१३	२	५
३२	राहदानी		१७	१९	०	०	२०	२२	१९	२१	१	१	०	०	२०	२२	०	०
३३	लागू औषध		४४६१	७५०४	२८	४०	६८८१	१३२१५	३६८०	६८७७	८४०	१४७५	७२	१६३	४५९२	८५१५	२२८९	४७००
३४	सवारी ज्यान	क) सवारीबाट अंगभंग	४१०	५१६	४	४	८७६	११६३	२८८	३७६	११५	१५२	१२	१५	४१५	५४३	४६१	६२०
		ख) सवारीबाट कर्तव्य ज्यान	३०५	३८६	१२	१५	५६८	७९८	२९१	४०८	८४	१०७	०	०	३७५	५१५	१९३	२८३
		ग) लापरवाही	७६८	१००२	२	२	१३५५	१८७५	६६१	८९९	२१८	३०६	३	३	८८२	१२०८	४७३	६६७
		घ) भवितव्य	८२८	८८७	३५	४४	११५५	१२९६	७६०	८१०	३२	३९	३	६	७९५	८५५	३६०	४४१
		ङ) क्षतिपूर्ति	३५९	५८६	०	०	११६५	२३२९	२६५	५७७	२०	२९	६	८	२९१	६१४	८७४	१७१५
३५	विविध	क) अंग प्रत्यारोपण	१	१	०	०	१	१	०	०	१	१	०	०	१	१	०	०
		ख) आवश्यक वस्तु संरक्षण	१	१	०	०	१	१	०	०	०	०	०	०	०	०	१	१
		ग) कालो बजार	९	१९	०	०	३९	१३६	२२	६७	३	५	०	०	२५	७२	१४	६४
		घ) गोबध	२	२	०	०	४	८	२	२	२	६	०	०	४	८	०	०
		घ) जुवा	३०३	१९४३	३	७	५२६	३२४३	२८१	१६५५	११	८५	०	०	२९२	१७४०	२३४	१५०३
		ङ) पर्यटन ऐनका कसूर	६	३६	०	०	८	४७	५	३०	०	०	२	११	७	४१	१	६
		च) पानी जहाज दर्ता ऐनका कसूर	०	०	०	०	१	३	०	०	१	३	०	०	१	३	०	०
		छ) मालपोत ऐनका कसूर	१	१	१	३	४	१५	२	१३	१	१	०	०	३	१४	१	१
		ज) रेडियो धर्मी ऐनका कसूर	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
		झ) प्राचीन स्मारक सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
		ञ) शिक्षा ऐनको दफा १७(१क)	४०	६९	०	०	५८	४१३	१६	४२	८	१०	०	०	२४	५२	३४	३६१
		ट) स्वास्थ्यकर्मी-संस्थाको सुरक्षा	९	४६	१	१	१७	६७	४	३२	४	५	०	०	८	३७	९	३०
		ठ) अन्य	१८३	३६३	०	०	५००	८८८	१७६	२८१	३१	६६	१	२	२०८	३४९	२९२	५३९
	जम्मा		४३८२१	६७३४२	३६८४	४०९६	७४३१७	१२५७४९	३००७०	४६४८०	७९१९	१५३९५	२१३७	३१५६	४०१२६	६५०३१	३४१९१	६०७१८

ख मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ का मुद्दाहरुको विषयगत वर्गीकरण

अध्यागमन	०	०	०	०	१	२	१	२	०	०	०	०	१	२	०	०
उपभोक्ता संरक्षण	०	०	०	०	३	११	१	१	०	०	०	०	१	१	२	१०
औषधि	८३	१२६	१	२	१५२	२३१	५३	८७	२२	३७	०	०	७५	१२४	७७	१०७
खाद्य पदार्थ सम्बन्धी	९५	१०६	१	१	१५०	१९६	८७	११९	६	८	०	०	९३	१२७	५७	६९
पानी दूषित पार्ने	२	२	०	०	९	१०	८	८	०	०	०	०	८	८	१	२
वातावरण प्रदूषित गर्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
खाद्य ऐन अन्तर्गका	६१	६७	०	०	१२१	१४१	७२	८४	४	४	०	०	७६	८८	४५	५३
जनस्वास्थ्य सेवा ऐनका कसुर	१	१	०	०	२	५	०	०	०	०	०	०	०	०	२	५
जीवनासक विषादी व्यवस्थापन ऐनका कसुर	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
नेपाल गुणस्तर (प्रमाण चिन्ह)	३	५	०	०	४	७	१	२	०	०	०	०	१	२	३	५
स्टान्डर्ड नाप तौल सम्बन्धी	३	४	०	०	२५	४४	१७	२८	३	५	१	२	२१	३५	४	९
निर्वाचन सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
वैदेशिक रोजगार	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
राजश्व चुहावट	२१	३०	१	८	५०	७८	३२	४१	०	०	१	३	३३	४४	१७	३४
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	११६	३८१	०	०	३८०	१२७४	१२२	३३७	११	२५	०	०	१३३	३६२	२४७	९१२
विदेशी विनिमय	५८	८२	२३	२३	१८१	२६२	८५	१२०	२	१०	३	४	९०	१३४	९१	१२८
वन	४९५	१४००	१६	३७	१४८७	४०९६	५५५	१५०७	५९	२०४	२	१०	६१६	१७२१	८७१	२३७५
विद्युत चोरी	४	४	०	०	६	९	१	३	१	२	०	०	२	५	४	४
शिक्षा ऐन दफा १७(१)	९	१४	०	०	१६	२८	९	१८	१	१	०	०	१०	१९	६	९
सम्पत्ति शुद्धीकरण	२	६	०	०	२	६	०	०	०	०	०	०	०	०	२	६
सामाजिक सुधार ऐन	२	१४	०	०	२	१४	१	११	०	०	०	०	१	११	१	३
संकटापन्न वन्यजन्तु तथा वनस्पति सम्बन्धी	४	१२	०	०	१०	२०	२	६	१	४	०	०	३	१०	७	१०
स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	१	१	०	०	०	०	०	०	०	०	१	१
अन्य	३१	३९	३	५	९३	१३२	४९	७१	५	९	२	२	५६	८२	३७	५०
जम्मा	**९९०**	**२२९३**	**४५**	**७६**	**२६९५**	**६५६७**	**१०९६**	**२४४५**	**११५**	**३०९**	**९**	**२१**	**१२२०**	**२७७५**	**१४७५**	**३७९२**

ग) मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची २८ का मुद्दाहरुको विषयगत वर्गीकरण

क) सरकारी जग्गा दर्पोट	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
ख) तिरो दर्पोट	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
ग) विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
घ) विदेशीलाई अंश अपुताली दिएको	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
ङ) अन्य	१	१	०	०	५	५	०	०	०	०	०	०	०	०	५	५
जम्मा	**१**	**१**	**०**	**०**	**५**	**५**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**५**	**५**

८. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुमा रहेका रिट र निवेदनहरुको विषयगत विवरण

सि.नं.	विषय / रिटको नाम	महान्यायाधिवक्ताको कार्यालय					उच्च सरकारी वकील कार्यालय					जिल्ला सरकारी वकील कार्यालय				
		लगत	फछ्यौंट			बाँकी	लगत	फछ्यौंट			बाँकी	लगत	फछ्यौंट			बाँकी
			रिट खारेज	रिट जारी	अन्य			रिट खारेज	रिट जारी	अन्य			रिट खारेज	रिट जारी	अन्य	
१	बन्दीप्रत्यक्षीकरण	३८७	९०	२४२	५	५०	१९९	१३५	३६	०	२८	३१	१७	८	२	४
२	उत्प्रेषण	६१०९	३९९	७१०	३७७	४६२३	१३०७	४९८	४२६	०	३८३					
३	परमादेश	२१०	१४	२८	१०	१५८	२१९५	५९१	६१५	१	९८८					
४	प्रतिषेध	१२	१	३	०	८	५८	१३	१४	०	३१					
५	अधिकारपृच्छा	३	०	०	०	३	४	२	२	०	०					
६	निषेधाज्ञा	०	०	०	०	०	३९९५	१३८२	९०८	०	१७०५	२२१२	१०१०	२२७	३०	९४५
७	निषेधाज्ञा/परमादेश	०	०	०	०	०	१६८४	४४५	३१४	०	९२५					
	जम्मा	**६७२१**	**५०४**	**९८३**	**३९२**	**४८४२**	**९४४२**	**३०६६**	**२३१५**	**१**	**४०६०**	**२२४३**	**१०२७**	**२३५**	**३२**	**९४९**

९. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुबाट संवैधानिक तथा कानूनी विषयमा प्रदान गरिएको राय सल्लाहको विवरण

सि.नं.	कार्यालयहरु	राय सल्लाह माग भएको संख्या	राय सल्लाह दिएको संख्या	बाँकी	कैफियत
१	महान्यायाधिवक्ताको कार्यालय	२५	१५		१० थान रीत नपुगेको तथा प्रक्रिया पूरा नभएकोले फिर्ता
२	उच्च सरकारी वकील कार्यालय	०	०		
३	जिल्ला सरकारी वकील कार्यालय	३०	३०		
	जम्मा	५५	४५		

१०. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरु र अन्य निकाय एवं कार्यालयहरुमा रहेको दरबन्दी विवरण

कार्यालय	महान्यायाधिवक्ता	नेपाल सरकारका निजामती कर्मचारीहरु													जम्मा
		राजपत्राङ्कित					राजपत्र अनंकित						श्रेणी विहीन		
		विशिष्ट	प्रथम	द्वितीय	तृतीय	लेखा/प्रा.	प्रथम	द्वितीय	लेपा/सलेपा	क.अ	स.क.अ	टाइपिष्ट	ह.स.चा.	का.स.	
महान्यायाधिवक्ताको कार्यालय	१	४	१४	२४	१६	३	२१	९	३	६	३	३	२४	२७	१५८
उच्च सरकारी वकील कार्यालयहरु			१८	३२	६१	०	६७	२२	१८	१६	१२	१०	२०	७९	३५५
विशेष सरकारी वकील कार्यालय			१	१४	५	०	७	०	१	३		०	३	५	३९
जिल्ला सरकारी वकील कार्यालयहरु			१	८६	१७१	२	१६७	७९	१	५४	४०	१८	७८	२५७	९५४
अख्तियार दुरुपयोग अनुसन्धान आयोग			४	६	१३	०									२३
निर्वाचन आयोग				१	१	०									२
राष्ट्रिय महिला आयोग				०	१	०									१
मुख्य न्यायाधिवक्ताको कार्यालयहरु				७	२१	०									२८
आन्तरिक राजश्व विभाग				१	१	०									२
कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग					१										१
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग					१	०									१
राजश्व अनुसन्धान विभाग				१	१	०	४								६
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग				१	२	०	२								५
वैदेशिक रोजगार विभाग				१	४		३								८
भन्सार विभाग					१	०									१
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग					१	०									१
जिल्ला प्रशासन कार्यालय काठमाडौं					१	०									१
ठूला करदाता कार्यालय					१	०									१
मध्यमस्तरीय करदाता कार्यालय					१										१
जम्मा	**१**	**४**	**३८**	**१७४**	**३०४**	**५**	**२७१**	**११०**	**२३**	**७९**	**५५**	**३१**	**१२५**	**३६८**	**१५८८**

विषय सूची

परिच्छेद - एक
सामान्य परिचय

१.	परिचय	१
	१.१ ऐतिहासिक पृष्ठभूमि	१
	१.२ महान्यायाधिवक्ताको जिम्मेवारी	२
	१.३ सरकारी वकीलको जिम्मेवारी	३
	१.४ वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था	४
२.	संगठनात्मक स्वरूप	४
३.	व्यवस्थापन तथा प्रशासनिक संरचना	५
	३.१ सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दीको अवस्था	५
	३.२ कार्यालय भवन तथा भौतिक स्रोत साधनको अवस्था	६
	३.३ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको बजेट विवरण	७
	३.४ सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण, अध्ययन, भ्रमण तथा तालिमको विवरण	७
४.	सम्पादित कार्यहरूको विवरण	८
	४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या	८
	४.२ सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण	१३
	४.३ नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण	१४
	४.४ नेपाल सरकार, सरकारी निकाय वा अधिकारी उपर दायर भएका रिट निवेदनमा प्रतिरक्षा गरेको विवरण	१५
	४.५ कसूर सम्बन्धी विवरण	१५
	४.६ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विवरण	१८
	४.७ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ विवरण	२०
५.	संस्थागत सुदृढीकरणको लागि भएका कार्यहरू	२२
	५.१ महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना	२२
	५.२ कार्यालय अनुगमन तथा अभियोजन परीक्षण	२७
	५.३ समुदायमा सरकारी वकील कार्यक्रम	२७
	५.४ महान्यायाधिवक्ताको कार्यालयको अन्य गतिविधि	२८
	५.५ अनुसन्धानमूलक अध्ययन प्रतिवेदन	२९
	५.६ संस्थागत सुधारका सम्बन्धमा भएका प्रयास	३४
	५.७ महान्यायाधिवक्ताको कार्यालयबाट भएका प्रकाशन	३७

५.८ सूचना प्रविधिको प्रयोग र यसको अवस्था ३७
५.९ अपराधशास्त्रीय अनुसन्धान केन्द्र ३९
६. समन्वय समितिको गतिविधि ३९

परिच्छेद – दुई

महान्यायाधिवक्ताको कार्यालय

१. गठन ४१
२. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार ४१
३. महान्यायाधिवक्ताको भूमिका ४३
४. महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभाग, महाशाखा तथा शाखाहरूको गठन ४४
५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कामको विवरण ४५
५.१ मुद्दा सम्बन्धी कार्य ४६
५.२ संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाह ५४
५.३ निरीक्षण, निर्देशन सम्बन्धी कार्य ५४
५.४ प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्य ५५
६. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ लगत, फछ्यौंट विवरण ५५
७. महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ५६
८. सर्वोच्च अदालतबाट भएका कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको अनुगमन सम्बन्धी कार्यहरू ५७
९. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको अनुगमन सम्बन्धी कार्यहरू ५७

परिच्छेद – तीन

उच्च सरकारी वकील कार्यालय

१ गठन ५८
२. उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार ५८
३. उच्च सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ५९
३.१ मुद्दा, रिट तथा निवेदन सम्बन्धी कार्य ६१
३.२ मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारवाहीको विवरण ६५
३.३ कानूनी राय सम्बन्धी कार्य ६५
३.४ मुद्दा नचलाउने निर्णय भई अन्तिम निकासाका लागि पठाइएका मुद्दाहरूको विवरण ६५
३.५ उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको विवरण ६६
३.६ उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावको विवरण ६७
४. उच्च सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ६७

परिच्छेद – चार

विशेष सरकारी वकील कार्यालय

१. गठन ६९
२. विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार ६९
३. विशेष सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ७०
३.१ मुद्दा तथा रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा सम्बन्धी कार्य ७०
३.२ अभियोजन सम्बन्धी कार्य ७०
३.३ विशेष सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारबाहीको विवरण ७१
३.४ विशेष सरकारी वकील कार्यालयबाट मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारवाहीको विवरण ७१
३.५ विशेष सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ७१

परिच्छेद – पाँच

जिल्ला सरकारी वकील कार्यालय

१. गठन ७३
२. जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलको काम, कर्तव्य र अधिकार ७३
३. जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ७४
३.१ मुद्दा सम्बन्धी कार्य ७४
३.२ जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको विवरण ८०
३.३ मुद्दाहरूको जनसंख्या तथा प्रदेशगत विभाजन तथा लगतको स्थिति ८५
३.४ जिल्ला सरकारी वकील कार्यालयमा रहेका सङ्गठित अपराध सम्बन्धी मुद्दाको विवरण ८८
३.५ जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्य सम्पादन भएका नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा पक्राउ तथा फरार रहेका प्रतिवादी र थुनछेक सम्बन्धी विवरण ९०
३.६ कानूनी राय सम्बन्धी कार्य ९०
३.७ प्रतिवादी नभएका वारदातमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णयको विवरण ९१
३.८ जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण ९१
३.९ जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण ९२
३.१० महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण ९२
३.११ सरकारी वकील कार्यालयहरूबाट अभियोजन गरिएका मध्ये शिर्ष दश मुद्दाहरूको विगत पाँच वर्षको तुलनात्मक विवरण ९३
४. जिल्ला सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ९३

परिच्छेद – ६

समस्या र सुझावहरू

१. समस्याहरू ९५
२. सुझावहरू ९७

अनुसूचीहरू

अनुसूची १ महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको संगठनात्मक स्वरूप
अनुसूची २ महान्यायाधिवक्ताको कार्यालबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण
अनुसूची ३ सरकारी वकीलबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत वर्गीकरण
अनुसूची ४ महान्यायाधिवक्ताको कार्यालयबाट पुनरावेदन, पुनरावलोकन, दोहोऱ्याई पाउने निवेदन र दफा ७३ को निवेदन सम्बन्धमा भएको कारवाही विवरण
अनुसूची ५ महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचलाउने र आंशिक मुद्दामा भएको कारबाहीको विवरण
अनुसूची ६ महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित निकासा सम्बन्धी कार्यहरूको विवरण
अनुसूची ७ कानूनी राय सम्बन्धी विवरण
अनुसूची ८ महान्यायाधिवक्ताको कार्यालयबाट मातहत कार्यालयमा भएको निरीक्षण विवरण
अनुसूची ९ महान्यायाधिवक्ताको कार्यालयको भौतिक सामग्रीको विवरण
अनुसूची १० महान्यायाधिवक्ताको कार्यालयको जनशक्ति विवरण
अनुसूची ११ सरकारी वकीलहरूको कुल दरबन्दी र पदपूर्तिको विवरण
अनुसूची १२ महान्यायाधिवक्ताको कार्यालय/मातहत कार्यालय/अन्य कार्यालयहरूमा रहेका सरकारी वकीलहरूको दरबन्दी विवरण
अनुसूची १३ उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा हुने मुद्दा तथा रिट निवेदनको विवरण
अनुसूची १४ उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत वर्गीकरण र कारबाहीको विवरण
अनुसूची १५ उच्च सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारबाहीको विवरण
अनुसूची १६ उच्च सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका प्रस्तावको विवरण
अनुसूची १७ उच्च सरकारी वकील कार्यालयबाट मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारबाहीको विवरण
अनुसूची १८ कानूनी राय सम्बन्धी विवरण
अनुसूची १९ उच्च सरकारी वकील कार्यालयबाट मातहत कार्यालयमा भएको निरीक्षण विवरण
अनुसूची २० उच्च सरकारी वकील कार्यालयको कार्यालय र जग्गाको विवरण
अनुसूची २१ उच्च सरकारी वकील कार्यालयको भौतिक सामग्रीको विवरण
अनुसूची २२ जनशक्ति विवरण
अनुसूची २३ विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा हुने मुद्दा तथा रिट निवेदनको विवरण
अनुसूची २४ विशेष सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको कार्य सम्पादन विवरण
अनुसूची २५ विशेष सरकारी वकील कार्यालयबाट भएको अभियोजन सम्बन्धी निर्णयको विषयगत विवरण
अनुसूची २६ विशेष सरकारी वकील कार्यालयबाट भएको मुद्दाहरूको विषयगत वर्गीकरण
अनुसूची २७ विशेष सरकारी वकील कार्यालयबाट मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारबाहीको विवरण
अनुसूची २८ पक्राउ, फरार तथा थुनछेक सम्बन्धी विवरण
अनुसूची २९ महिला तथा बालबालिका पीडित वा प्रतिवादी भएका मुद्दामा विवरण
अनुसूची ३० विशेष सरकारी वकील कार्यालयको कार्यालय, जग्गा र भौतिक सामग्रीको विवरण
अनुसूची ३१ विशेष सरकारी वकील कार्यालयको जनशक्ति विवरण
अनसूची ३२ जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट निवेदन र कारबाहीको विवरण
अनुसूची ३३ जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची १ र २ का मुद्दाको विषयगत वर्गीकरण र कारबाहीको विवरण
अनुसूची ३४ जिल्ला सरकारी वकील कार्यालयबाट अनुसन्धान तथा अभियोजनका क्रममा गरिएको कार्य सम्पादन विवरण
अनुसूची ३५ जिल्ला सरकारी वकील कार्यालयबाट सुनुवाइको क्रममा गरिएको कार्य सम्पादन विवरण
अनुसूची ३६ जिल्ला सरकारी वकील कार्यालयबाट सङ्गठित अपराधमा गरिएको अभियोजन र कारबाहीको विवरण
अनुसूची ३७ अर्धन्यायिक निकायहरूका फैसला उपर जिल्ला अदालतमा पुनरावेदन परेका मुद्दा तथा कारबाहीको विवरण
अनुसूची ३८ सरकार वादी फौजदारी मुद्दाका पक्राउ, फरार प्रतिवादी र थुनछेक सम्बन्धी विवरण
अनुसूची ३९ मुल्तवी, तामेली र मुद्दा स्थानान्तरण सम्बन्धी विवरण
अनुसूची ४० प्रतिवादी नहुने मुद्दामा मुद्दा नचलाउने गरी भएका निर्णय विवरण
अनुसूची ४१ जिल्ला सरकारी वकील कार्यालयबाट प्रदान गरिएका कानूनी राय सम्बन्धी विवरण
अनुसूची ४२ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक पीडित तथा प्रतिवादी भएका मुद्दाको विवरण
अनुसूची ४३ जिल्ला सरकारी वकील कार्यालयको जग्गा र भवनको विवरण
अनुसूची ४४ जिल्ला सरकारी वकील कार्यालयको भौतिक सामग्रीको विवरण
अनुसूची ४५ जिल्ला सरकारी वकील कार्यालयहरूको जनशक्ति विवरण
अनुसूची ४६ सरकारी वकीलहरूको नामावली
अनुसूची ४७ विदेशमा संचालित तालिम, प्रशिक्षण, अवलोकन भ्रमण, कार्यशाला सम्बन्धी विवरण
अनुसूची ४८ मुद्दाको संख्याको आधारमा सरकारी वकील कार्यालयहरूको वर्गीकरण

परिच्छेद - एक

सामान्य परिचय

१. परिचय

नेपालको संविधानले महान्यायाधिवक्तालाई नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकारका साथै नेपाल सरकार वादी हुने मुद्दाको प्रमुख अभियोजनकर्ताको रूपमा स्थापित गरेको छ । संविधान तथा प्रचलित कानून बमोजिम महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीलबाट नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सरकारको प्रतिनिधित्व गर्ने, संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, नेपाल सरकार विरूद्ध दायर भएका मुद्दा मामिलामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा आफन्त वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको उजुरी वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने जस्ता जिम्मेवारी र कर्तव्य निर्वाह गरिएको छ । नेपाल सरकार र सरकारी निकायलाई संवैधानिक एव कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको कार्य सम्बन्धित तहका सरकारी वकीलबाट सम्पादन हुने गरेको छ।

महान्यायाधिवक्ता लगायत सरकारी वकीललाई संविधान तथा प्रचलित कानूनले सुम्पिएको जिम्मेवारी वहन गर्न देशभर विभिन्न तहमा सरकारी वकील कार्यालयको स्थापना गरी देशको फौजदारी न्याय प्रशासन सम्पादनको कार्य हुँदै आएको छ। महान्यायाधिवक्ताले आफू र मातहतका कार्यालयबाट वर्षभरीमा सम्पादन भएका कार्यको संक्षिप्त विवरण सहित यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा मुद्दा सम्बन्धी काम कारबाहीको हकमा आर्थिक वर्ष २०८०/०८१ को विवरण र अन्य सम्पादित कार्यका हकमा २०८१ साल पौष १५ गतेसम्मका विवरणलाई समावेश गरिएको छ ।

१.१ ऐतिहासिक पृष्ठभूमि

नेपाल सरकार वैधानिक कानून, २००४ को धारा १२ को खण्ड (क) मा कानूनको विषयमा सरकारलाई आवश्यक परेको राय सल्लाह पेश गर्न एउटा प्रधान कानूनी सल्लाहकार श्री ३ बाट नियुक्त हुने भन्ने व्यवस्थाबाट महान्यायाधिवक्ताको सुरूवात भएको मानिन्छ। तथापि उक्त कानून कार्यान्वयनमा आएन। नेपाल अन्तरिम शासन विधान, २००७ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था नभए पनि सरकारको लागि कानूनी सल्लाहकारको आवश्यकता महसुस गरी कार्यकारिणी आदेशबाटै वि.सं. २००८ साल पौष ८ गते पहिलो महान्यायाधिवक्ताको नियुक्ति गरियो। तत्पश्चात तत्कालीन प्रधान न्यायालय ऐन, २००८ मा भएको प्रथम संशोधन (२००९ साल आश्विन ३१ गते जारी भएको) को दफा ४१ को उपदफा (१) ले महान्यायाधिवक्ताको सेवाका शर्तहरू, काम, कर्तव्य र अधिकार निर्धारण गऱ्यो। उक्त दफामा प्रधान न्यायालयको न्यायाधीश हुन लायक व्यक्तिलाई महान्यायाधिवक्ताको रूपमा नियुक्त गर्न सक्ने व्यवस्था गरिएको थियो। सर्वोच्च अदालत ऐन, २०१३ को दफा २१ ले प्रदान गरेको अधिकार प्रयोग गरी गृह मन्त्रालयबाट २०१३ साल श्रावण १ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट सरकारलाई सरोकार पर्ने मुद्दा मामिलामा आवश्यकतानुसार गभर्मेण्ट एडभोकेटले सर्वोच्च अदालत लगायत नेपालको जुनसुकै अड्डा अदालतमा हाजिर भई सरकारको तर्फबाट बहस पैरवी गर्ने व्यवस्था गरियो। नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था नभएकोले २०१६ साल भाद्र २२ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार २०१६ साल भाद्र ९ गतेको कार्यकारिणी निर्णय बमोजिम महान्यायाधिवक्ता नियुक्त गरियो। उपरोक्त कानूनी व्यवस्था बमोजिम नियुक्त हुने महान्यायाधिवक्ताले आवश्यकता अनुसार सरकारलाई सरोकार पर्ने मुद्दामा सरकारको तर्फबाट बहस पैरवी

प्रतिरक्षा गर्ने र सरकारलाई कानूनी राय सल्लाह दिने मात्र व्यवस्था गरेको थियो। वि.सं.२०१८ बैशाख १ गतेबाट लागू भएको सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ ले सरकार वादी हुने फौजदारी मुद्दामा राज्यका तर्फबाट अनुसन्धान, अभियोजन तथा बहस पैरवी प्रतिरक्षा हुने र सरकार वादी देवानी मुद्दामा समेत सरकारी वकीलबाट बहस पैरवी प्रतिरक्षा हुने व्यवस्था गरी अदालतको तह बमोजिम सरकारी वकील कार्यालय र सरकारी वकीलहरू रहने प्रबन्ध भएको थियो।

नेपालको संविधान, २०१९ ले सर्वप्रथम महान्यायाधिवक्ताको पदलाई संवैधानिक पदको रूपमा स्थापित गऱ्यो। उक्त संविधानले महान्यायाधिवक्तालाई सरकारको कानूनी सल्लाहकार र सरकारको हक, हित र सरोकार रहेको मुद्दामा अड्डा अदालतमा प्रतिनिधित्व गर्ने अधिकार प्रदान गरेकोमा नेपाल अधिराज्यको संविधान, २०४७ ले महान्यायाधिवक्ता सरकारको मुख्य कानूनी सल्लाहकार र प्रमुख अभियोजनकर्ताको रूपमा स्थापित गर्दै कुनै अदालत वा न्यायिक अधिकारी समक्ष सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार प्रदान गऱ्यो। साथै नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ता वा निज मातहतका अधिकृतबाट प्रतिनिधित्व गर्ने अधिकार र कर्तव्य पनि महान्यायाधिवक्तामा निहित गरेको थियो। यसैगरी सो संविधानले महान्यायाधिवक्तालाई संसदको कुनै पनि सदन वा त्यसको कुनै समितिको बैठकमा वा संसदको संयुक्त अधिवेशनमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार समेत प्रदान गरेको थियो।

उक्त संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान, अभियोजन, प्रतिरक्षा लगायतको व्यवस्था गर्न आवश्यक भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी गरियो। उक्त ऐनको अनुसूची-१ भित्रका फौजदारी मुद्दाको अनुसन्धानको सिलसिलामा सरकारी वकीलले अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिन सक्ने र अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा सरकारी वकीलसँग आवश्यक निर्देशन वा कानूनी राय लिन सक्ने व्यवस्था गरिएको थियो। अनुसन्धान अधिकृतले अनुसन्धान कार्य समाप्त भएपछि अभियोजन सम्बन्धी कार्य गर्न सरकारी वकील समक्ष रायसहितको मिसिल प्रमाण प्रस्तुत गर्नुपर्ने र सरकारी वकीलले अभियोजन गर्ने, अदालतमा अभियोगपत्र दायर गर्ने, बहस पैरवी गर्ने लगायतका कार्य सम्पादन गर्ने व्यवस्था रहेको थियो। नेपालको अन्तरिम संविधान, २०६३ मा पनि महान्यायाधिवक्ता सम्बन्धी व्यवस्थाले निरन्तरता पाएको थियो।

१.२ महान्यायाधिवक्ताको जिम्मेवारी

नेपालको संविधान (यसपछि संविधान भनिएको) को धारा १५८ ले महान्यायाधिवकताको काम कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गरेको छ । उपधारा (१) मा महान्यायाधिवक्ता नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकार हुने, संवैधानिक तथा कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको प्रमुख कर्तव्य हुने व्यवस्था छ । सोही धाराको उपधारा (२) अनुसार नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने, संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा छ । उपधारा (३) ले यस अघिका संविधानमा व्यवस्था नभएको नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने व्यवस्था थप गरेको छ । महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम बैठकमा उपस्थित भई राय व्यक्त गर्न सक्ने व्यवस्था धारा १५८ (४) मा छ ।

महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार समेत छ । उल्लिखित काम कर्तव्य र अधिकारका अतिरिक्त महान्यायाधिवक्तालाई नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको

कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने, हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने अधिकारको व्यवस्था समेत संविधानले गरेको छ । महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था समेत संविधानमा छ। महान्यायाधिवक्ताको अन्य काम कर्तव्य र अधिकार संघीय कानूनले समेत प्रदान गर्न सक्ने संवैधानिक व्यवस्था रहेकोले महान्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार, भूमिका तथा जिम्मेवारीलाई परिच्छेद - दुईमा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

१.३ सरकारी वकीलको जिम्मेवारी

नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ। उक्त संवैधानिक प्रावधान अनुरूप महान्यायाधिवक्तामा निहित अभियोजनको अधिकार मातहतका सरकारी वकीललाई मिति २०७८/०१/१३ र २०८०/०३/२५ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट सुम्पिए बमोजिम संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकीललाई प्राप्त छ।

त्यस्तै संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागु हुने गरी उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने कर्मचारीले प्रयोग गर्ने गरी सुम्पिएको छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ मा सो संहिताको अनुसूची-१ वा २ अन्तर्गतको कसूर गरेकोमा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा मुद्दा चलाउन र प्रमाण नपुग्ने देखिएमा मुद्दा नचलाउन सोही व्यहोरा खुलाई मिसिल सरकारी वकील कार्यालयमा पठाउनु पर्ने व्यवस्था गरिएको छ। यसरी प्राप्त मिसिल प्रमाणका आधारमा सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम अभियोजन सम्बन्धी कार्य गर्दछ। अभियोजन पश्चात् सम्बन्धित मुद्दामा अभियोगपत्र दायर गरी बहस पैरवी प्रतिरक्षा लगायतका कार्य सरकारी वकीलबाट हुन्छ।

जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ का मुद्दामा मुद्दा नचल्ने निर्णय गरेकोमा उच्च सरकारी वकील कार्यालय समक्ष पठाउनु पर्छ। यसरी प्राप्त कागजात अध्ययन गरी उच्च सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भएमा सम्बन्धित अदालत वा अन्य निकायमा मुद्दा दायर गर्न सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फाइल फिर्ता गर्ने र सम्बन्धित जिल्लाका सरकारी वकीलबाट कानून बमोजिम मुद्दा दायर गर्ने र उच्च सरकारी वकील कार्यालयबाट समेत मुद्दा नचल्ने निर्णय भएमा महान्यायाधिवक्ता समक्ष पेश गर्ने र महान्यायाधिवक्ताको निर्णय अन्तिम हुने व्यवस्था छ। यसैगरी उच्च तथा विशेष सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने नचल्ने निर्णय गर्ने अधिकार प्रत्यायोजन गरिएका मुद्दामा ती कार्यालयबाट मुद्दा चल्ने निर्णय भएमा सम्बन्धित अदालत वा अन्य निकायमा मुद्दा दायर गर्न र नचल्ने निर्णय भएकोमा महान्यायाधिवक्ता कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने व्यवस्था छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानकै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडी नबढाउन पीडित र प्रतिवादी दुवै पक्ष सहमत भई दिएको निवेदन बमोजिम मातहतको जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त भएका

मिसिलमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने, सरकारी वकीलले गर्नेव्यवस्था छ। तीन वर्ष वा सोभन्दा कमकैद सजाय वा पच्चिस लाख रूपैँयासम्म बिगो दावी लिई अभियोगपत्र दायर भएको मुद्दामा जिल्ला अदालतबाट भएको फैसला उपर पुनरावेदन नगर्ने अन्तिम निकासा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले दिनेव्यवस्था छ। आत्महत्या एवम् प्रतिवादी हुने प्रकृतिका अन्य ज्यान मुद्दा वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने व्यवस्था छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका मुद्दामा मिलापत्र गर्न आदेश दिन सक्ने व्यवस्था रहेको छ।

यसैगरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५४ मा संहिताको अनुसूची २८ मा लेखिएको मुद्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी वा त्यसरी अधिकारी नतोकिएकोमा सम्बन्धित जिल्लाको मालपोत अधिकृतले जाँचबुझ गरी मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि सङ्कलन गरिएको प्रमाण र राय समेत उल्लेख गरी मुद्दा चल्ने नचल्ने निर्णयका लागि सम्बन्धित जिल्लाको सरकारी वकील समक्ष पठाउने र सरकारी वकीलले अध्ययन गरी मुद्दा चल्ने वा नचल्ने विषयमा निर्णय गर्नेछ। सरकारी वकीलले मुद्दा चल्ने निर्णय गरेमा सरकारी वकीलले फिरादपत्र तयार गरी प्रमाण सहित सम्बन्धित अदालतमा मुद्दा दायर गर्नु पर्ने कानूनी व्यवस्था छ।

१.४ वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा १५९ बमोजिम महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने व्यवस्था छ। सो प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवम् कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने व्यवस्था गरिएको छ।

यसैगरी सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ११ को उपनियम (७) मा महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा संविधानमा उल्लेख भएका विषयका अतिरिक्त मुलुकभित्र भए घटेका अपराधको प्रकृति तथा अपराध र जनसंख्याको तुलनात्मक स्थिति, नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा कसूर ठहर भएको वा सफाइको स्थिति, महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयहरूलाई प्राप्त विनियोजित बजेट, खर्चको स्थिति र स्रोत साधनको व्यवस्था, नेपाल सरकार वादी भई चल्ने मुद्दामा देखिएका समस्या, सुधारका उपायहरू र कसूर नियन्त्रणका लागि सुधारका उपायहरू समेत समावेश हुनु पर्ने व्यवस्था गरिएको छ।

२. संगठनात्मक स्वरूप

महान्यायाधिवक्ताको कार्यालय सरकारी वकील कार्यालयहरूको केन्द्रीय तहको कार्यालय हो। महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत उच्च सरकारी वकील कार्यालयहरू १८, विशेष सरकारी वकील कार्यालय १ र जिल्ला सरकारी वकील कार्यालयहरू ७७ रहेका छन्। महान्यायाधिवक्ताको कार्यालयको संगठनात्मक स्वरूप र मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक स्वरूपलाई प्रस्तुत प्रतिवेदनको **अनुसूची-१** मा प्रस्तुत गरिएको छ।

३. व्यवस्थापन तथा प्रशासनिक संरचना

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको वर्तमान अवस्था, भौतिक स्थिति र आवश्यकताहरूलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

३.१ सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दीको अवस्था

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको जिम्मेवारी बमोजिमको कार्य सो कार्यालयमा रहेका सरकारी वकील तथा कर्मचारीहरूबाट सम्पादन हुँदै आएको छ। संविधान एवम् कानूनले सरकारी वकीललाई तोकेको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूमा सरकारी वकील तथा सहायक कर्मचारीहरूको दरबन्दी क्रमशः थप हुँदै आएको देखिन्छ। महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालहरू तथा अन्य सरकारी निकाय एवम् कार्यालयहरूमा रहेका सरकारी वकील तथा कर्मचारीहरूको मौजुदा दरबन्दी देहायको तालिकामा उल्लेख भए बमोजिम रहेको छ।

तालिका नं. १

सरकारी वकील एवम् अन्य कर्मचारीहरूको दरबन्दी विवरण

कार्यालय	सर्वोच्चाधिक पद	नेपाल सरकारका निजामती कर्मचारीहरु													
		राजपत्राङ्कित					राजपत्र अनङ्कित						श्रेणी विहीन		जम्मा
		विशिष्ट	प्रथम	द्वितीय	तृतीय	लेखा/प्रा.	प्रथम	द्वितीय	लेपा/पु.स.	क.अ	स.क.अ	टाइपिष्ट	ह.स.चा.	का.स.	
महान्यायाधिवक्ताको कार्यालय	१	४	१४	२४	१६	३	२१	९	३	६	३	३	२४	२७	**१५८**
उच्च सरकारी वकील कार्यालयहरु			१८	३२	६१	०	६७	२२	१८	१६	१२	१०	२०	७९	**३५५**
विशेष सरकारी वकील कार्यालय			१	१४	५	०	७	०	१	३		०	३	५	**३९**
जिल्ला सरकारी वकील कार्यालयहरु			१	८६	१७१	२	१६७	७९	१	५४	४०	१८	७८	२५७	**९५४**
अख्तियार दुरुपयोग अनुसन्धान आयोग			४	६	१३	०									**२३**
निर्वाचन आयोग				१	१	०									**२**
राष्ट्रिय महिला आयोग				०	१	०									**१**
मुख्य न्यायाधिवक्ताको कार्यालयहरु				७	२१	०									**२८**
कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग					१										**१**
आन्तरिक राजश्व विभाग				१	१	०									**२**
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग					१	०									**१**
राजश्व अनुसन्धान विभाग				१	१	०	४								**६**
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग				१	२	०	२								**५**
वैदेशिक रोजगार विभाग				१	४	०	३								**८**
भन्सार विभाग					१										**१**
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग					१	०									**१**
जिल्ला प्रशासन कार्यालय काठमाडौं					१	०									**१**
ठूला करदाता कार्यालय					१	०									**१**
मध्यमस्तरीय करदाता कार्यालय					१	०									**१**
जम्मा	१	४	३८	१७४	३०४	५	२७१	११०	२३	७९	५५	३१	१२५	३६८	**१५८८**

महान्यायाधिवक्तालाई संविधानले दिएको जिम्मेवारी प्रभावकारी रूपले निर्वाह गर्न जिम्मेवारी र कार्यबोझका आधारमा मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरूरी छ। महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको दरबन्दी र पदपूर्तिको अवस्थालाई कार्यालयगत रूपमा क्रमशः **अनुसूची-१०, २२, ३१ र ४५** मा प्रस्तुत गरिएको छ। नेपाल न्याय सेवा अन्तर्गत सरकारी वकील समूहमा रही महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरू एवम् विभिन्न सरकारी निकायहरूमा कार्यरत सरकारी वकीलहरूको नामावली सहितको विवरण **अनुसूची-४६** मा समावेश गरिएको छ।

३.२ कार्यालय भवन तथा भौतिक स्रोत साधनको अवस्था

महान्यायाधिवक्ताको कार्यालय एवम् उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूको कार्यालय भवन, जग्गाको अवस्थालाई **अनुसूची-९, २०, ३० र ४३** तथा भौतिक अवस्थालाई क्रमशः **अनुसूची-९, २१, ३० र ४४** मा प्रस्तुत गरिएको छ। भवन निर्माणाधिन अवस्थामा रहेका प्राथमिकतापूर्वक भवन निर्माण गर्नुपर्ने अवस्थामा रहेका र भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्न नै बाँकी रहेका कार्यालयको विवरण तल तालिका नं. २ मा तथा महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको भौतिक स्थितिको विवरण तालिका नं. ३ मा उल्लेख गरिएको छ।

तालिका नं. २

महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयको भवनको अवस्थाको विवरण

क्र.स.	विवरण	कार्यालयहरू
१	प्राथमिकतापूर्वक बनाउनु पर्ने भवन	उच्च सरकारी वकील कार्यालयहरू राजविराज,पाटन, वीरगञ्ज, ओखलढुंगा, महेन्द्रनगर जिल्ला सरकारी वकील कार्यालय, भक्तपुर, पर्सा, मकवानपुर, सप्तरी
२	जग्गा व्यवस्थापन गर्नु पर्ने	उच्च सरकारी वकील कार्यालय दिपायल जिल्ला सरकारी वकील कार्यालय रूकुम पूर्व

तालिका नं. ३

महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको भौतिक स्थिति

कार्यालय	विवरण	कार	जीप	भ्यान	मोटरसाइकल	ल्यापटप	कम्प्युटर	प्रिन्टर	इन्भटर	सोलार	फोटोकपि	टेलिफोन
म.न्या.का.	चालु अवस्था	२७	९	१	४२	३५९	९०	१२४	१४३	०	५०	२९
	मर्मत गर्नुपर्ने	०	०	०	०	०	०	०	०	०	०	०
	काम नलाग्ने	०	०	०	०	०	०	०	०	०	०	०
	जम्मा	२७	९	१	४२	३५९	९०	१२४	१४३	०	५०	२९
उ.स.व.का.	चालु अवस्था	१६	४	१	२६	४४	१६३	१२६	३७	७	२४	५९
	मर्मत गर्नुपर्ने	१	१	०	१०	१३	२७	२२	६	१	७	१४
	काम नलाग्ने	२	२	०	२	४	२७	१९	५	१	१	२
	जम्मा	१९	७	१	३८	६१	२१७	१६७	४८	९	३२	७५
वि.स.व.का.	चालु अवस्था	१	१	१	१८	७	३१	२०	४	११	४	२
	मर्मत गर्नुपर्ने	१	०	०	३	७	३	०	०	०	१	०
	काम नलाग्ने	०	०	०	०	०	०	२	०	०	०	०
	जम्मा	२	१	१	२१	१४	३४	२२	४	११	५	२
जि.स.व.का.	चालु अवस्था	६२	६	२	५६	९२	४४५	३६४	१३४	८५	१०५	१६१
	मर्मत गर्नुपर्ने	३	२	०	२०	३०	१००	७४	१५	८	३९	८
	काम नलाग्ने	४	४	१	९	९	५७	३६	१३	४	२६	२०
	जम्मा	६९	१२	३	८५	१३१	६०२	४७४	१६२	९७	१७०	१८९
कुल जम्मा	चालु अवस्था	१०६	२०	५	१४२	५०२	७२९	६३४	३१८	१०३	१८३	२५१
	मर्मत गर्नुपर्ने	५	३	०	३३	५०	१३०	९६	२१	९	४७	२२
	काम नलाग्ने	६	६	१	११	१३	८४	५७	१८	५	२७	२२
	जम्मा	११७	२९	६	१८६	५६५	९४३	७८७	३५७	११७	२५७	२९५

३.३ महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको बजेट वितरण

आर्थिक वर्ष २०८०/०८१ मा नेपाल सरकारले महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको लागि विनियोजन गरेको बजेट रकम रू. १ अर्ब ३५ करोड ७२ लाख २३ हजारलाई देशको कुल बजेट विनियोजित रकम रू. १७ खर्ब ५१ अर्ब ३१ करोडलाई अनुपातमा विभाजन गरी हेर्दा कुल विनियोजित रकमको ०.०७७ प्रतिशत मात्र यस कार्यालयलाई विनियोजन भएको देखिन्छ। केन्द्रमा महान्यायाधिवक्ताको कार्यालय, १८ उच्च सरकारी वकील कार्यालयहरू, १ विशेष सरकारी वकील कार्यालय तथा ७७ जिल्ला सरकारी वकील कार्यालयहरू समेत गरी देशव्यापी रूपमा फैलिएको कार्यालयको संरचना तथा कार्यरत झण्डै १,६०० को संख्यामा रहेको जनशक्तिको दृष्टिकोणबाट हेर्दा यो रकमको अनुपात न्यून रहेको छ। महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूका लागि आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजन गरिएको रकम र खर्च विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४

महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयका लागि विनियोजन, निकासा एवम् खर्च भएको रकमको विवरण

बजेटको अवस्था		म.न्या.का.	उ.स.व.का.	वि.स.व.का.	जि.स.व.का.	जम्मा
विनियोजन	चालु	१४९४२२०००.००	२७११४२०००.००	३५७०३०००.००	६७१५४०००.००	११२७८०७०००.००
	पुँजीगत	८५००००००.००	५१६००००००.००	३२७१६०००.००	१३६६००००००.००	२२९४१६०००.००
	जम्मा	**१५७९२२०००.००**	**३२२७४२०००.००**	**६८४१९०००.००**	**८०८१४००००.००**	**१३५७२२३०००.००**
निकासा / खर्च	चालु	१३६१०७०००.००	२३१७०१०००.००	३१७५३०००.००	५८३७४८०००.००	९८३३०९०००.००
	पुँजीगत	८०५७०००.००	१३६१६०००.००	४००००.००	७५५२९०००.००	९७६०२०००.००
	जम्मा	**१४४१६४०००.००**	**२४५३१७०००.००**	**३२१५३०००.००**	**६५९२७७०००.००**	**१०८०९११०००.००**

उल्लेखित विवरण हेर्दा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूमा वृद्धि भएको कार्यबोझ र जनशक्तिको अनुपातमा कार्यालयलाई विनियोजन गरिने बजेट अपेक्षा अनुरूप वृद्धि हुन सकेको छैन। अदालत र सरकारी वकील कार्यालय भवनहरू फरक-फरक ठाउँमा रहेको कारण मुद्दा सम्बन्धी काम कारबाही तथा बहस पैरवीको लागि अदालत आउन जान र मिसिल लगायतका महत्वपूर्ण कागजातहरू समेतको सुरक्षाको संवेदनशीलता समेतको दृष्टिकोणले उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा सवारी साधन उपलब्ध हुनुपर्ने महसुस गरी सवारी साधन नभएका वा नपुग भएका सरकारी वकील कार्यालयहरूलाई क्रमशः सवारी साधन उपलब्ध गराउने कार्य भएको छ। साथै कार्यालयको लागि अत्यावश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपि मेसिन, फ्याक्स मेसिन लगायतका साधन र तीनको मर्मत सम्भार समेतको लागि प्रत्येक सरकारी वकील कार्यालयमा आवश्यक रकम वार्षिक रूपमा उपलब्ध गराउने कार्यको सुरूवात गरिएको छ। यसलाई समयानुकूल वृद्धि गरी नियमितता दिनु जरूरी छ।

३.४ सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण, अध्ययन, भ्रमण तथा तालिमको विवरण

महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीलहरूलाई समयसापेक्ष रूपमा दक्ष र व्यावसायिक बनाउन विदेश तथा स्वदेशमा उच्च अध्ययन एवम् सेवा समूहसँग सम्बन्धित तालिमको अवसर उपलब्ध गराउने कार्य भईरहेको छ। विशेष गरी फौजदारी न्याय प्रणाली र फौजदारी कानूनमा आएका नवीनतम् अवधारणासँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी, कार्यशाला, सेमिनार आदिमा सरकारी वकीललाई अवसर उपलब्ध गराउने तर्फ विशेष ध्यान दिइएको छ। सरकारी वकीलहरू तथा कर्मचारीहरू संलग्न भएका अन्तर्राष्ट्रिय अध्ययन, भ्रमण, तालिम, गोष्ठी **अनुसूची-४७** मा समावेश गरिएको छ।

४. सम्पादित कार्यहरूको विवरण

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूबाट आर्थिक वर्ष २०८०/०८१ मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, मुद्दा तथा रिट निवेदनहरूमा बहस, पैरवी, प्रतिरक्षा एवम् न्यायिक कार्यको सिलसिलामा सम्पादित कार्यहरूको कार्यालयगत तथा एकमुष्ठ लगत फछ्यौंट विवरणलाई तल उल्लेखित तालिकाहरूमा प्रस्तुत गरी विश्लेषण गरिएको छ।

४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या

महान्यायाधिवक्ताको कार्यालय, मातहतका कार्यालयहरूबाट यस आर्थिक वर्षमा संवैधानिक तथा कानूनी विषयमा ५५ वटा विषयमा राय माग भएकोमा ४५ वटा राय प्रदान गरिएको, १० वटा रीत नपुगेको वा प्रक्रिया पूरा नभएको हुँदा फिर्ता गरिएको देखिन्छ। कार्यालयगत रूपमा संवैधानिक एवम् कानूनी विषयमा राय सल्लाह माग भएको र दिएको संख्या देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५

महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयबाट संवैधानिक एवम् कानूनी विषयमा राय सल्लाह प्रदान गरेको विवरण

कार्यालयहरू	राय सल्लाह माग भएको संख्या	राय सल्लाह दिएको संख्या	बाँकी संख्या	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	२५	१५	०	१० थान रित नपुगेकोले फिर्ता
उच्च सरकारी कार्यालयहरू	०	०	०	
जिल्ला सरकारी कार्यालयहरू	३०	३०	०	
जम्मा	५५	४५	०	

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयमा २५ थान कानूनी राय माग गरिएकोमा १० थान कानूनी राय माग गर्दा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३८ को रीत प्रक्रिया पूरा नगरी माग गरिएको र १५ थान कानूनी रायमा नियमानुसार कानूनी राय प्रदान गरेको देखिन्छ भने जिल्ला सरकारी वकील कार्यालयहरूमामा ३० थान कानूनी राय माग गरिएको देखिन्छ। । आर्थिक वर्ष २०८०/०८१ मा प्रदान गरिएको कानूनी रायको संक्षिप्त विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६

आर्थिक वर्ष २०८०/०८१ मा प्रदान गरिएको कानूनी रायको विवरण

क्र.स.	राय माग गर्ने कार्यालय	माग गरेको मिति	प्रदान गरिएको रायको संक्षिप्त विवरण	राय प्रदान गरिएको मिति
०१	**राष्ट्रिय सतर्कता केन्द्र**	२०८०/०४/०७	"भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा सम्पत्ति विवरण सम्बन्धी व्यवस्था अनुसार प्रशान्त कुमार लाल कर्णले आ.व.२०७८/०७९ को सम्पत्ति विवरण कार्यरत रहेको विमा समितिमा ६० दिन भित्रै बुझाएको भन्ने उल्लेख भएको देखिँदा सम्पत्ति विवरण नबुझाएको भनी जरिवाना गर्न नमिल्ने।	**२०८०/०५/०१**
०२	**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**	२०८०/०४/२५	न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) बमोजिम पुनरावलोकन गर्ने वा नगर्ने कुरा सम्बन्धित मुद्दाका पक्षले निर्णय गर्ने विषय भएको हुँदा यस कार्यालयबाट पुनरावलोकन गर्ने वा नगर्ने सम्बन्धमा राय परामर्श उपलब्ध गराउनु पर्ने नदेखिने।	**२०८०/०४/३०**
०३	**शिक्षा, विज्ञान तथा प्रविधि**	२०८०/०५/२५	डा. सनत कुमार शर्मा समितिको कार्यकारी निर्देशकको पदमा नियुक्ति लिनु अगावै साविकको सहायक कार्यकारी निर्देशकको पदबाट राजिनामा दिने वा नदिने भन्ने कुरामा सम्मानीत	**२०८०/०५/३१**

	मन्त्रालय		सर्वोच्च अदालतबाट प्रतिपादित ने.का.प. २०७५ अंक ५ नि.नं. १००१६ मा प्रकाशित सिद्धान्त र कर्मचारी सेवा शर्त नियमावली, २०५६ को नियम ६४ समेतबाट उक्त कुरा सम्बन्धित कर्मचारीको स्वविवेकको विषय भएकाले निज डा. सनत कुमार शर्मा समितिको कार्यकारी निर्देशकमा नियुक्त भएपछि निजको सहायक कार्यकारी निर्देशकको पद स्वतः (Ipso Facto) कायम नरहने हुँदा कर्मचारीको पदबाट राजिनामा नदिएकै कारण नेपाल सरकारबाट भएको निर्णय बमोजिम नियुक्ति पत्र दिन इन्कार गर्नु कानून सम्मत नहुने।	
०४	**ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय**	२०८०/०६/२३	नेपाल सरकार मन्त्री परिषद्को नीतिगत निर्णय अनुसार महाकाली नदी सिँचाई आयोजनाको मूल नहर निर्माण रेखाङ्कन क्षेत्र भित्र पर्ने ऐलानी जग्गा भोग चलन गरी परम्परागत रुपमा २० वर्ष देखि निरन्तर रुपमा बसोबास गर्दै आएका तर प्रमाण पुर्जा नभएका आयोजना कार्यान्वयन गर्दा विस्थापित हुने व्यक्तिहरुलाई जीवन निर्वाह सहयोग स्वरुप राहत, पुनर्वास खर्च दिने भनी र महाकाली सिँचाई आयोजनाको बाँकी नहर निर्माण कार्यमा पनि यस्तै प्रकृतिका जग्गा परेका व्यक्तिहरुकोहकमा समेत राहत पुनर्वास खर्च दिने भनी उल्लेख भएकोले जिवन निर्वाहमा सहयोग स्वरुप राहत, पुनर्वास खर्च सोही निर्णयको प्रकरणमा उल्लेखित समान हैसियतका अन्य व्यक्तिलाई समेत उपलब्ध गराउन समानताको सिद्धान्त एवं समन्यायिक हुने देखिने।	**२०८०/०७/२४**
०५	**वन तथा वातावरण मन्त्रालय**	२०८०/०६/२५	सर्वोच्च अदालत पूर्ण इजलाशबाट ०७८-WF-००२५ मुद्दामा राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रमा जलविद्युत विकास लगायत अन्य पूर्वाधार विकास निर्माणका सम्बन्धमा कानूनले चिनेको र उपयुक्त कार्यविधि वा निर्देशिका बनाएर मात्र कार्य गर्नुपर्ने भनी आदेश भएको र नेपालको संविधानको धारा १२६ को उपधारा (२) बमोजिम मुद्दा मामिलाको रोहमा अदालतको आदेश सबैले पालना गर्नुपर्ने उल्लेख भएको हुँदा कानून बमोजिम आवश्यक निर्देशिका बनाइ संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारको निर्माण एवं संचालन सम्बन्धी कार्य गर्न उपयुक्त र कानून सम्मत हुने।	**२०८०/०७/२१**
०६	**नेपाल प्रहरी प्रहरी महानिरिक्षकको सचिवालय कानून शाखा**	२०८०/०७/०१	नेपाल नागरिकता ऐन, २०६३ को दफा १२ मा कुनै नेपाली नागरिकले झुटो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा तोकिएको अधिकारीले त्यस्तो नागरिकता रद्द गर्न सक्नेछ भन्ने व्यवस्था भएको र नागरिकता नियमावली, २०६३ को नियम १२ मा ऐनको दफा १२ बमोजिम कसैले झुठ्ठा बिबरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा मन्त्रालयबाट जारी भएको भए सो मन्त्रालयले र जिल्ला प्रशासन वा अन्य निकायले जारी गरेको भए उक्त नागरिकता रद्द गर्न सक्ने कानूनी व्यवस्था भएकोमा निज मोहन कुमार खड्काको शुरु २०७३/०८/१९ मा जारी नागरिकता र २०८०/०५/०८ मा जारी नागरिकताको विवरण एउटै भएको हुदँ निजले कुनै झुठ्ठा विवरण भरी नागरिकता प्राप्त गरेको नदेखिएकोले निजलाई सेवामा निरन्तरता प्रदान गर्न उपयुक्त हुने।	**२०८०/०८/१०**
०७	**नेपाल प्रहरी प्रधान कार्यालय प्रहरी**	२०८०/०७/२१	प्रहरी नियमावली, २०७१ को नियम २९(१) को अवस्था बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने अवस्थाको कारवाहिमा परेका प्रहरी कर्मचारी उक्त	**२०८०/०८/१०**

	महानिरीक्षकको सचिवालय कानून शाखा		नियमावलीको नियम २८ बमोजिमको बढुवाको सामान्य प्रकृयाको लागि योग्य नहुने कानूनी व्यबस्था रहेको देखिएकोले उक्त नियम १२९ को उपनियम २ बमोजिम विशेष बढुवाको लागि योग्य हुने भन्ने अर्थ गर्न मिल्ने देखिदैन। साथै प्रहरी नियमावली, २०७१ को नियम १२९(२) को नियमावलीको नियम २९(१) बमोजिम कारबाहीको अवस्थामा रहेका प्रहरी कर्मचारीलाई सो कारबाहीको अवधि कायम रहेको अवस्थामा समेत स्वतः एकतह बढुवा दिने गरी नियम १२९(२) बमोजिम एक तह पदोन्नति गरी अवकास दिन कानूनतः मिल्ने अवस्था नदेखिएको।	
०८	**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**	२०८०/०७/२२	सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३८ (क) मा जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको हुनु पर्ने भन्ने व्यवस्था रहेकाले स्थानिय तहका कर्मचारीको स्थायी पदपूर्ति गर्ने विषयका सम्बन्धमा यस कार्यालयबाट कानूनी राय प्रदान गर्न मिल्ने नदेखिने।	**२०८०/०८/१७**
०९	**अध्यागमन विभाग**	**२०८०/०८/०७**	सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३८ मा उल्लेख भए बमोजिम कानूनी प्रश्न समावेश भएको भन्ने नदेखिइ सरकारी वकीलसंग राय माग गर्दा पुऱ्याउनु पर्ने रित पुरा नगरी नेपालको संविधानको धारा १२६(२) बमोजिम पालना गर्नुपर्ने सम्माननीय अदालतको आदेशका सन्दर्भमा खुलाई पठाइ दिनुहुन भनी उल्लेख भएकोले यसमा कानूनी राय प्रदान गर्नुपर्ने अवस्था देखिएन।	**२०८०/०८/१३**
१०	**संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पर्यटन प्रवर्द्धन शाखा**	**२०८०/०९/१६**	सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३८ मा कुनै संवैधानिक वा कानूनी प्रश्नमा सरकारी वकीलसंग राय माग गर्दा पुराउनपर्ने रितको बारेमा उल्लेख भएकोमा प्राप्त फाइलमा राय माग गर्ने ढाँचामा कार्यालयको दृष्टिकोण उल्लेख भइ फाइल भएको नदेखिँदा उक्त प्रकृया पुरा भएपछि कानूनी रायका लागि कारबाही अगाडी बढाउन सकिने।	**२०८०/१०/०२**
११	**शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय**	**२०८०/०९/२६**	निवेदक डण्डपाणी भट्टराईले अवकाश हुनु अगावै बढुवा पुनरावलोकनको नतिजा उपर चित्त नबुझी पु.वे.नं. ०७९-AC - ००२२ को "बढुवा सिफारीस बदर" मुद्दा प्रशासकिय अदालत समक्ष दायर गरेकोमा प्रशासकिय अदालतबाट मिति २०८०।०३।३१ गते निजको निवेदन बमोजिमनै फैसला भएकोले निज सेवा निवृत्त हुनु भन्दा अघिल्लो दिनको माध्यमिक तह द्वितीय श्रेणिको तलबमान सुविधा अनुसार नै निज डण्डपाणी भट्टराईलाई निवृत्तिभरण सेवा सुविधा उपलब्ध गराउनु पर्ने।	**२०८०/१०/०२**
१२	**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**	**२०८०/१०/०९**	अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ मा भ्रष्टचार मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो व्यक्तिलाई कुनै सुविधा दिन नमिल्ने भन्ने कानूनी व्यबस्था नरहेको, निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० ले समेत सो अवस्थामा सेवा सुविधा दिन वन्चित गरेको अवस्था समेत नरहेको र सम्मानित सर्वोच्च अदालतबाट राम एकवाल साह विरुद्द जिल्ला शिक्षा कार्यालय बारा कलैया समेत भएको उत्प्रेषण, निर्णय नं. ७२१५ को मुद्दामा "निवेदकको माग बमोजिम निज निलम्बन भएको अवधिको तलव दिनु दिलाउनु भनि परमादेशको आदेश समेत जारी भएको" त्यसै गरी नि.नं. ८१५२ को उत्प्रेषण समेतको मुद्दामा "स्थायी कर्मचारीलाई	**२०८०/१०/२४**

			मुद्दाको कारणबाट निलम्बनमा राखी वर्खास्त गरेकोमा सफाइ पाएपछि स्वतः पदमा पुनर्स्थापनाको हक रहि रहने हुनाले अदालतको फैसलामा नै हाजिर गराउने कुरा उल्लेख हुनुपर्छ भन्नु तर्कसंगत नहुने" भन्ने सिद्दान्त समेत प्रतिपादित भएको देखिंदा तत्कालीन नेपाल सरकारका सह-सचिव टिकाराम ज्ञवालीले भ्रष्टाचार सम्बन्धी मुद्दामा विशेष अदालत काठमाण्डौबाट सफाइ पाएको देखिंदा निजले कानुन बमोजिम पाउने सेवा सुविधा र निवृत्तिभरण अधिकार पत्र सम्बन्धी आवश्यक प्रकृया अगाडी बढाउन कुनै कानूनी बाधा अडचन नदेखिएको।	
१३	**संचार तथा सूचना प्रविधि मन्त्रालय**	**२०८०/१०/२९**	सुबिसु केवल नेट लि.ले राष्ट्रिय प्रशारण नियमावली, २०५२ को नियम ११ को उपनियम (१) बमोजिम बुझाउनु पर्ने शुल्कका सम्बन्धमा विवाद उठी सर्वोच्च अदालतमा रिट निवेदन (०८०-WO-००८४) बिचाराधिन अवस्थामा रहेको देखिएको, उक्त रिट निवेदनमा मिति २०८०/०९/०६ मा भएको अन्तरिम आदेशमा सुचना तथा प्रसारण बिभागको वेरुजु रकम बुझाउने सम्बन्धमा मिति २०८०/०३/१३ को पत्र कार्यान्वन नगर्नु नगराउनु भनी र निवेदक कम्पनिको नबिकरणसंग सम्बन्धित विषय भएकोले छिटो किनारा लगाउनु पर्ने प्रकृतिको देखिदा भन्ने समेत उल्लेख भएकोले रिट निवेदन (०८०- WO-००८४) मा सम्मानित सर्वोच्च अदालतबाट अन्तिम आदेश भए पछि अधिकार प्राप्त अधिकारीबाट नवीकरणका सम्बन्धमा कानून बमोजिम कारबाही गर्न उपयुक्त हुने।	**२०८०/११/२४**
१४	**परराष्ट्र मन्त्रालय**	**२०८०/११/१६**	पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन, २०७० को दफा ६ ले नेपाल र विदेशी राज्य विच पारस्परिक कानूनी सहायता आदान प्रदान सम्बन्धी कार्यका लागी केन्द्रिय अधिकारी (कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय) लाई उक्त कानून बमोजिमको कार्य सम्पादन गर्नका लागी अधिकार दिएको देखिँदा यस सम्बन्धमा सोही मन्त्रालयबाट आवश्यक कार्य हुन उपयुक्त हुने ।	**२०८०/११/२३**
१५	**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**	**२०८१/०१/०६**	सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३८ बमोजिमको रीत पुर्याई फाइल प्राप्त भएको नदेखिँदा कानूनले निर्दिष्ट रित पुरा गरी आएमा राय प्रदान गर्न सकिने।	**२०८०/११/२४**
१६	**नेपाल प्रहरी प्रधान कार्यालय**	**२०८०/११/२३**	नेपाल प्रहरीले कानून बमोजिम बकसपत्र प्राप्त गरेको कार्यलाई अन्यथा भन्न मिल्ने नदेखिएकोमा प्रहरी वरिष्ठ नायव निरीक्षक संजय अधिकारीले अचल सम्पत्ति प्राप्त गरेकामा प्रहरी नियमावली, २०७१ मा उल्लेख भए बमोजिम आचरणका विषय उलंघन गरे गरेनन् भन्ने कुरा अधिकार प्राप्त अधिकारी अख्तियारवाला ले तथ्य प्रमाणका आधारमा निर्णय गर्ने विषय देखिँदा यसमा कानूनी राय प्रदान गर्ने विषय नदेखिएको।	**२०८०/१२/२२**
१७	**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**	**२०८१/०१/२६**	पर्यटन ऐन, २०३३ मा मिति २०८०/१२/३० मा भएको संशोधनले क्यासिनो संचालनको इजाजतपत्र नवीकरण पर्यटन विभागबाट गरिदिनु पर्ने गरी पर्यटन ऐनको **दफा ४५ ट.** ले कानूनी प्रवन्ध गरेको देखिँदा सो अनुसार उक्त विभागबाट निर्णय हुने विषय रहेकोले निर्णय गर्ने निकायबाट विभागिय राय सहित कानूनी राय माग भएमा कानून बमोजिम राय प्रदान गर्न सकिने।	**२०८१/०२/११**
१८	**शहरी विकास मन्त्रालय स्थानिय**	**२०८१/२/११**	राय माग भएको विषयमा कानूनी प्रश्न नभई सम्बन्धित निकायले सम्बद्ध आदेश र कानूनी व्यवस्था समेतका	**२०८१/०२/१७**

	पुर्वाधार विभाग		आधारमा निर्णय गर्नुपर्ने विषय देखिएको।	
१९	**राष्ट्रिय खेलकुद परिषद**	**२०८१/०२/३२**	महान्यायधिवक्ताको कार्यालयलाई नेपाल सरकार र नेपाल सरकारबाट तोकिदिएको अधिकारीलाई कानूनी विषयमा राय प्रदान गर्ने कानूनी जिम्मेवारी रहेकोले राष्ट्रिय खेलकुद परिषद्लाई राय प्रदान गर्ने जिम्मेवारी यस कार्यालयमा भएको नदेखिएको।	**२०८१/०३/०५**
२०	**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**	**२०८०/०२/२७**	रेडियो प्रसारण सेवा विकास समितिबाट सेवा शर्त नियमावली, २०५७ अनुसार अस्थायी स्थायी सेवा अवधि जोडी गणना गरी निवृत्तीभरण प्रदान गर्न कानून सम्मत देखिएको राय पेश भएको र सेवा शर्त सम्बन्धी नियमावली, २०५७ को नियम १७० को व्यवस्था र संलग्न पत्र समेतका आधारमा संचालक समितिले पुर्नविचार गरी निर्णय गर्न सक्ने देखिएको।	**२०८१/०३/०५**
२१	**अर्थ मन्त्रालय**	**२०८१/०३/०९**	धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७ को उपदफा (३) मा धितोपत्र बोर्डको अध्यक्ष सिफारिस गर्न एक समिति रहने र उपदफा (४) मा त्यसरी समितिले नाम सिफारिस गर्दा उक्त ऐन बमोजिम योग्यता पुगेका कम्तिमा तीन जना व्यक्तिको नाम सिफारिस गर्नेछ भन्ने कानूनी व्यवस्था रहेकोले सोही ऐन बमोजिमको योग्यता पुगेका तीन भन्दा बढी संख्यामा समितिले सिफारिस गर्न समेत बाधा पर्ने नदेखिने। साथै समितिले अध्यक्ष पदमा सिफारिस गर्दा कार्यविधि आफैं निर्धारण गर्न सक्ने हुँदा उल्लिखित कानूनी व्यवस्था अनुसार सिफारिस सम्बन्धी आवश्यक निर्णय गर्न सक्ने देखिएको।	**२०८१/०३/१०**
२२	**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**	**२०८१/०३/१२**	नगरपालिका प्रमुख र उपप्रमुख तथा गाँउपालिका अध्यक्ष र उपाध्यक्षको पदमा निर्वाचित प्रमुख र उपप्रमुख र अध्यक्ष र उपाध्यक्ष उपर कानुन बमोजिम भ्रष्टचार मुद्दा दायर भै स्वतः निलम्बनमा परेको अवस्थामा नगर सभा तथा नगर पालिकाको गठन के-कसरी हुने र निजरुबाट सम्पादन हुने दैनिक कार्यसम्पादन कसरी गर्ने भन्ने सम्बन्धमा नेपालको संविधानको धारा २३२ को उपधारा (८) मा नेपाल सरकारले नगर कार्यपालिका तथा गाउँ कार्यपालिकालाई आफै वा प्रदेश मार्फत संविधान र संघीय कानुन बमोजिम आवश्यक निर्देशन दिनसक्ने व्यवस्था रहेको देखिन्छ। सो संवैधानिक व्यवस्था तथा तत्कालीन आवश्यकताका आधारमा कानूनी प्रवन्ध नभएसम्म वा निलम्बन रहेको अवधिभर सम्बन्धित पालिकाको कार्यपालिका तथा सभाको बैठक आव्हान लगायत प्रमुख वा उपप्रमुख र अध्यक्ष र उपाध्यक्षले गर्ने कार्य सम्बन्धित पालिकाको निर्वाचित वडा अध्यक्षहरु मध्येबाट उपयुक्तताका आधारमा गर्न नेपाल सरकारले नीतिगत निर्णय गरी निर्देशन गर्न सक्ने।	**२०८१/३१२**
२३	**खानेपानी मन्त्रालय**	**२०८१/०३/०५**	स्थानीय आपुर्तिकर्ता सव-कन्ट्राकटरको भुक्तानी सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद)बाट मिति २०८१/०२/०३ मा निर्णय भैसकेको भन्ने संलग्न निर्णय प्रतिबाट देखिएको हुँदा निर्णय भई सकेको विषयमा कानूनी राय दिनुपर्ने अवस्था नरहेको।	**२०८१/०३/१७**

२४	**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**	**२०८१/०३/२६**	वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गत पक्राउ पूर्जी जारी गर्न मुद्दा हेर्ने अधिकारीबाट अनुमति लिनु पर्ने व्यवस्था नभएपनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(२) मा छुट्टै ऐनमा व्यवस्था नभएको कार्यविधिको विषयमा संहिताको व्यवस्था लागु हुनेछ भन्ने प्रावधान रहेको हुँदा पक्राउ पूर्जी लिनुपर्ने सम्बन्धमा वैदेशिक रोजगार ऐन, २०६४ मा व्यवस्था नभएको आधारमा पक्राउ गर्ने सम्बन्धी कार्यविधिको विषयमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को प्रावधान लागु हुने देखिन्छ । साथै ऐ.संहिताको दफा ९(२)मा कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ गर्नु पर्ने भएमा अपनाउनु पर्ने प्रक्रिया उल्लेख रहेको र कसूरको परिभाषामा अन्य ऐन बमोजिम तथा मुलुकी अपराध संहिता बमोजिम सजाय हुने कसूर पर्ने व्यवस्था रहेको हुँदा वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गतको कसूरमा संलग्न व्यक्ति पक्राउ गर्दा उक्त संहिताको दफा ९(२) अनुसार मुद्दा हेर्ने अधिकारी अर्थात वैदेशिक रोजगार न्यायाधिकरणबाट पक्राउ अनुमति लिने र पक्राउ पूर्जी दिई पक्राउ परेकोमा समर्थन वा स्वीकृति समेत न्यायाधिकरणबाट गराउने व्यवस्था गर्न कानून सम्मत हुने ।	**२०८१/०३/२५**
२५	**अर्थ मन्त्रालय**	**२०८१/०३/२३**	यसमा, मुलुकी अपराध संहिता, २०७४ तथा साविकको मुलुकी ऐन, २०२० ले चोरी सम्बन्धी कसूरलाई फौजदारी कसूर मानेको हुँदा चोरीको कसूर सरकार वादी हुने फौजदारी मुद्दा देखिन्छ। प्रचलित फौजदारी कानून र सेवा सम्बन्धी कानूनमा चोरीलाई नैतिक पतन देखिने फौजदारी अभियोग अन्तर्गत पर्ने भनी उल्लेख नगरिएको, सर्वोच्च अदालतबाट चोरीको कसूरलाई नैतिक पतन देखिने कसूर भन्न नमिल्ने भनी व्याख्या भएको र शाखा अधिकृत श्री राम प्रसाद जोशीलाई चोरीको अभियोगमा एक महिना कैद र रु.७००००/- जरिवाना भएकोमा सो भुक्तान गरिसकेको देखिँदा निजलाई पदमा हाजिर गराउन नमिल्ने नदेखिएको।	**२०८१/०३/२४**

४.२ सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण

महान्यायाधिवक्ताबाट मातहतका सरकारी वकीलहरूलाई मुद्दा चलाउने नचलाउने अधिकार सुम्पिए अनुसार सरकारी वकीलहरूले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ र अनुसूची-२ मा उल्लेखित मुद्दा र नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दामा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दछन्। सो अनुसार यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या ४४८११ र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ६९६३५ रहेको छ। सोमध्ये मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ का मुद्दा संख्या ४३८२१ र प्रतिवादी संख्या ६७३४२ र अनुसूची-२ का मुद्दा संख्या ९९० र प्रतिवादी संख्या २२९३ रहेको देखिन्छ। विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या २४५ र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ५६४ रहेको छ। यसैगरी उच्च सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या ३५ र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ८५ रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१४क, २६ र ३३ मा समावेश गरिएको छ। यस आर्थिक वर्षमा सरकार वादी भई चलेका मुद्दा र प्रतिवादीको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७

सरकार वादी भई चलेका अनुसूची-१ र २ का मुद्दाहरूको विषयगत विवरण

जिल्ला सरकारी वकिल कार्यालयबाट भएको अभियोजन

अनुसूची १ का मुद्दा

सि.नं.	मुद्दाको विषयगत विवरण	मुद्दा	प्रतिवादी
१	राज्य विरुद्ध	९	३२
२	सार्वजनिक शान्ति विरुद्ध	२३६१	३३३२
३	सार्वजनिक न्याय विरुद्ध	४९	६७
४	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा	८८७७	१२७८९
५	हातहतियार तथा खरखजाना	२०१	३४६
६	विष्फोटक पदार्थ	२९	८९
७	राष्ट्रिय तथा सार्वजनिक सम्पदा	१	१
८	धर्म सम्बन्धी कसूर	३	११
९	भेदभाव तथा अपमानजन्य व्यवहार	८०	२७२
१०	विवाह	८३१	१६१२
११	ज्यान	२२९१	४९७८
१२	कुटपिट अंगभंग	२३८	५३३
१३	तेजाव प्रहार सम्बन्धी	२	२
१४	व्यक्ति बेपत्ता पार्ने	२४	६१
१५	अपहरण वा शरीर बन्धक	१२२	२९२
१६	करणी	३१६७	३५०४
१७	इलाज सम्बन्धी	३०	४४
१८	चोरी तथा डाँका	४१५९	७२००
१९	आर्थिक	१४५६	४८७२
२०	कीर्ति	१७५	९५६
२१	आपराधिक प्रवेश	४	४
२२	आपराधिक उपद्र	२२६	५७०
२३	पशुपन्छी	८१	१९३
२४	नागरिकता	१०५	२३०
२५	प्रतिलिपी अधिकार	१	३
२६	प्रविधि सम्बन्धी	२०४	२८३
२७	बालबालिका सम्बन्धी	१५४	१६५
२८	बैङ्किङ कसूर	११०६७	११२१२
२९	मानव बेचबिखन	१७१	३०८
३०	राहदानी	१७	१९
३१	लागू औषध	४४६१	७५०४
३२	सवारी ज्यान	२६७०	३३७७
३३	विविध	५५५	२४८१
जम्मा		४३८२१	६७३४२

अनुसूची २ का मुद्दा

सि.नं.	मुद्दाको विषयगत विवरण	मुद्दा	प्रतिवादी
१	औषधि	८३	१२६
२	खाद्य पदार्थ सम्बन्धी	९५	१०६
३	पानी दुषित पार्ने	२	२
४	खाद्य ऐन अन्तर्गका	६१	६७
५	जनस्वास्थय ऐन अन्तर्गतका	१	१
६	गुणस्तर (प्रमाण चिन्ह)	३	५
७	नाप तौल सम्बन्धी	३	४
८	राजश्व चुहावट	२१	३०
९	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	११६	३८१
१०	विदेशी विनिमय	५८	८२
११	वन	४९५	१४००
१२	विद्युत चोरी	४	४
१३	शिक्षा ऐन दफा १७(१)	९	१४
१४	सम्पत्ति शुद्धीकरण	२	६
१५	सामाजिक सुधार ऐन	२	१४
१६	संकटापन्न वन्यजन्तु तथा वनस्पति	४	१२
१७	स्वास्थ्य व्यवसायी परिषद्	०	०
१८	अन्य	३१	३९
जम्मा		९९०	२२९३

विशेष सरकारी वकील कार्यालयबाट भएको अभियोजन

सि.नं.	मुद्दा	मुद्दा	प्रतिवादी
१	वैदेशिक रोजगार	२१८	५०२
२	वैंकिङ्ग कसूर	१६	१९
३	सम्पत्ति शुद्धीकरण	११	४३
जम्मा		२४५	५६४

उच्च सरकारी वकील कार्यालयबाट भएको अभियोजन

सि.नं.	मुद्दा	मुद्दा	प्रतिवादी
१	राजश्व चुहावट	३५	८५
जम्मा		३५	८५

४.३ नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण

नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलाहरू एवम् गत सालबाट जिम्मेवारी सरी आएका मुद्दाहरु उपर महान्यायाधिवक्ताको कार्यालय, मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिन्छ ।

तालिका नं. ८

महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा र कारबाहीको विवरण

बहस पैरवी/प्रतिरक्षा	लगत			फछ्यौंट					बाँकी	कसूर ठहर प्रतिशत
	गतवर्षको	यसवर्षको	जम्मा	कसूर ठहर	सफाइ	मुल्तवी,तामेली, मिलापत्र अन्य	जम्मा	फछ्यौट प्रतिशत		
महान्यायाधिवक्ताको	५७४९	११४१	६८९०	६३२	६६९	७	१३०८	१८.९८	५५८२	४८.३२
उच्च सरकारी वकील	८०४६	११४१७	१९४६३	६९३८	४६५८	५६	११६५२	५९.८७	७८११	५९.५४
विशेष सरकारी वकील	१४११	१००३	२४१४	१२५४	५४९	१८१	१९८४	८२.१९	४३०	६३.२१
जिल्ला सरकारी वकील	३३३०५	४७६६८	८०९७३	३१७३४	८१९३	२१६५	४२०९२	५१.९८	३८८८१	७५.३९
कुल जम्मा	४८५११	६१२२९	१०९७४०	४०५५८	१४०६९	२४०९	५७०३६	५१.९७	५२७०४	७१.११

यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई वा प्रतिरक्षाका लागि दायर भएका एवम् गत सालबाट जिम्मेवारी सरी आएका मुद्दाहरूको कुल लगत १०९७४० मध्ये जम्मा ५७०३६ अर्थात् ५१.९७ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये ४०५५८ अर्थात् ७१.११ प्रतिशत कसूर ठहर भएको र १४०६९ मुद्दामा सफाइ भएको र २४०९ मुद्दा मुलतबी, मुद्दा फिर्ता, तामेली, मिलापत्र वा अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ। मुद्दाहरूको फछ्यौंट स्थितिलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा रहेका मुद्दाहरू मध्ये १८.९८ प्रतिशत, उच्च सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरू मध्ये ५९.८७ प्रतिशत, विशेष सरकारी वकील कार्यालयमा रहेका मुद्दाहरू मध्ये ८२.१९ प्रतिशत र जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरू मध्ये ५१.९८ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये महान्यायाधिवक्ताको कार्यालयमा ४८.३२ प्रतिशत, उच्च सरकारी वकील कार्यालयमा ५९.५४ प्रतिशत, विशेष सरकारी वकील कार्यालयमा ६३.२१ प्रतिशत र जिल्ला सरकारी वकील कार्यालयमा ७५.३९ प्रतिशत कसूर कायम भएको देखिन्छ। यस सम्बन्धी एकीकृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

४.४ नेपाल सरकार, सरकारी निकाय वा अधिकारी उपर दायर भएका रिट निवेदनमा प्रतिरक्षा गरेको विवरण

नेपाल सरकार प्रत्यर्थी प्रतिवादी भई दायर भएका एवम् गत वर्षबाट जिम्मेवारी सरी आएका रिट निवेदनहरू उपर महान्यायाधिवक्ताको कार्यालय, मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिन्छ ।

तालिका नं. ९

महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका रिट निवेदनको विवरण

बहस पैरवी/प्रतिरक्षा	लगत			फछ्यौंट				बाँकी	रिट खारेज प्रतिशत
	गतवर्षको	यसवर्षको	जम्मा	खारेज	जारी	अन्य	जम्मा		
महान्यायाधिवक्ताको कार्यालय	५०००	१७२१	६७२१	५०४	९८३	३९२	१८७९	४८४२	२६.८२
उच्च सरकारी वकील कार्यालय	२७६२	६६८०	९४४२	३०६६	२३१५	१	५३८२	४०६०	५६.९७
जिल्ला सरकारी वकील कार्यालय	५०९	१७३४	२२४३	१०२७	२३५	३२	१२९४	९४९	७९.३७
कुल जम्मा	८२७१	१०१३५	१८४०६	४५९७	३५३३	४२५	८५५५	९८५१	५३.७३

यस आर्थिक वर्षमा नेपाल सरकार प्रत्यर्थी प्रतिवादी भई दायर भएका एवम् गत वर्षबाट जिम्मेवारी सरी आएका रिट निवेदनहरूको कुल लगत १८४०६ थान मध्ये ८५५५ थान फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दा, रिट निवेदनहरू मध्ये ४५९७ थान रिट खारेज, ३५३३ थान रिट जारी भएको र ४२५ थान अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ।

४.५ कसूर सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकार वादी हुने अनुसूची-१ का कसूरहरुमा नेपाल प्रहरीका विभिन्न कार्यालयहरूमा दर्ता भएका घटनाहरुको तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १०
आर्थिक वर्ष २०८०/०८१ मा अनुसूची-१ का कसूरको तथ्याङ्क विवरण

आ.व. २०८०।०८१ को कसूरको तथ्याङ्क											
प्रकृति	कसूरको शीर्षक	के.अ. ब्युरो	उपत्यका	कोशी प्रदेश	मधेश प्रदेश	बागमती प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सु. पश्चिम प्रदेश	जम्मा
ज्यान सम्बन्धी	कर्तव्य ज्यान	०	४६	११५	१३६	५२	४४	९३	४८	४२	५७६
	ज्यान मार्ने उद्योग	०	१५५	१९३	२४४	८२	६३	१५२	५९	७१	१०१९
	भवितव्य ज्यान	०	९५९	१०७७	७९६	५२१	४४६	८०५	२९९	३१४	५२१७
	फुटकर ज्यान	०	७०	२०९	१७२	३८४	२६९	४१६	५३	१४१	१७१४
	गौवध	०	०	२	०	५	१	४	०	०	१२
	आत्म हत्या गर्न दुरुत्साहन	०	२४	३२	३०	१९	११	३१	१६	२७	१९०
	गर्भ संरक्षण बिरुद्धको कसुर	०	२	४	१२	१	०	४	३	५	३१
	जम्मा	०	१२५६	१६३२	१३९०	१०६४	८३४	१५०५	४७८	६००	८७५९
आत्महत्या सम्बन्धी	बिष खाएर	०	९८	१६९	१८०	१७८	४०	१७९	३५	७३	९५२
	आगो लगाएर	०	०	३	१	०	१	१	०	१	७
	झूण्डिएर	०	४२०	१३६९	११०५	७७०	५७८	१०९८	२८८	४८७	६११५
	हाम फालेर	०	११	४	०	७	१९	४	१	७	५३
	करेण्ट लाएर	०	०	०	१	०	०	०	०	०	१
	हात हतियार औजारबाट	०	३	६	१	२	०	२	२	२	१८
	पानीमा हाम फालेर(डुवेर)	०	०	३	२	१०	१४	८	१	१०	४८
	जम्मा	०	५३२	१५५४	१२९०	९६७	६५२	१२९२	३२७	५८०	७१९४
चोरी सम्बन्धी	डाका चोरी	०	४३	४७	२८	३८	५	६४	१७	१३	२५५
	नकबजनी चोरी	०	०	१३	०	६	४८	४६	७	१३	१३३
	जवरजस्ती चोरी	०	०	०	०	०	२	१	०	०	३
	साधारण चोरी	०	९०६	६४५	५०३	२०४	२४३	४१८	३९	१३०	३०८८
	सवारी चोरी	०	९१	३६	२०	१८	४	६८	१	१५	२५३
	चौपाया चोरी	०	०	१२	३	३	१	७	०	०	२६
	जम्मा	०	१०४०	७५३	५५४	२६९	३०३	६०४	६४	१७१	३७५८
संगठीततथा आर्थिक अपराध सम्बन्धी	जूवा खेल्न वा सट्टाबाजी गर्न	०	१६२	३१	१७	३९	५०	२३	१२	५५	३८९
	मुद्रा सम्बन्धी कसुर	१	३०	१०	२०	५	१	७	४	०	७८
	ठगी, अपराधिक विश्वासघात	१९	९२८	२८६	२६६	११६	६३	११४	३२	५०	१८७४
	लागू औषध	०	६८८	१०४०	७९७	३९२	२८५	५४७	१०६	५४४	४३९९
	नापतौल सम्बन्धी कसुर	०	१२	१	१३	०	३	१	१	०	३१
	प्राचिन स्मारक	०	०	०	०	०	०	१	०	०	१
	चंदा संकलन	०	२	१	१	०	०	०	१	०	५
	सरकारी छाप दस्तखत किर्ते	१	०	९	१३	२	७	१६	३	०	५१
	राहदानी	०	१	०	०	५	४	०	०	०	१०
	अपहरण वा शरीर बन्धक	१	२७	१६	६९	७	४	१६	१	४	१४५
	हातहतियार खरखजना	०	१७	३१	३७	२९	२४	३०	१८	१७	२०३
	प्रतिलिपी अधिकार उल्लंगन	०	३	०	०	०	०	०	०	०	३
	जम्मा	२२	१८७०	१४२५	१२३३	५९५	४४१	७५५	१७८	६७०	७१८९
सामजिक अपराध	सार्वजनिक शान्ती बिरुद्धको	०	१०	१२	८२	९	२२	११२	४	७	२५८
	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा	०	३४२८	१४९५	२५०२	७२१	८०२	९०३	२३४	६७१	१०७५६
	सार्वजनिक अधिकारीको	०	०	१	०	४	०	३	०	०	८
	आपराधिक उपद्रव सम्बन्धी	०	२६	४३	५७	१३	१२	३३	२१	११	२१६
	नागरिकता सम्बन्धी	०	९	३५	४८	४८	२९	२१	२	५	१९७
	कुटपिट वा अंगभंग सम्बन्धी	०	४०	१९	८८	१२	८	२०	२	६	१९५
	राज्य विरुद्दका कसुर	०	०	०	२	०	०	०	०	०	२
	धर्म सम्बन्धी कसुर	०	०	०	४	०	०	०	०	०	४
	भेदभाव तथा अन्य अपमानजन्य	०	९	६	१७	३	१	३	८	७	५४

आ.व. २०८०।०८१ को कसूरको तथ्याङ्क											
प्रकृति	**कसूरको शीर्षक**	**के.अ. ब्युरो**	**उपत्यका**	**कोशी प्रदेश**	**मधेश प्रदेश**	**बागमती प्रदेश**	**गण्डकी प्रदेश**	**लुम्बिनी प्रदेश**	**कर्णाली प्रदेश**	**सु. पश्चिम प्रदेश**	**जम्मा**
	जम्मा	०	३५२२	१६११	२८००	८१०	८७४	१०९५	२७१	७०७	११६९०
महिला तथा बालबालिका सम्बन्धी	मा.बे.बि. तथा ओसारपसार	०	८२	९	८	८	८	२३	५	८	१५१
	बहु विवाह	०	७३	१२९	१०६	४३	४४	११५	६३	८०	६५३
	बाल विवाह	०	२	३	९	२	४	२३	२	७	५२
	जवरजस्ती करणी	०	३६०	५१७	३१७	२८७	१८१	४३६	२०७	२०२	२५०७
	जवरजस्ती करणी उध्योग	०	३४	११६	७७	५२	२१	७३	३४	५३	४६०
	अप्राकृतिक मैथुन	०	४	५	७	१	०	१	१	०	१९
	बालयौन दुरुपयोग	०	५९	९१	२७	६८	३०	५९	११	१८	३६३
	यौन दुर्व्यवहार	०	०	१	०	०	१	०	०	०	२
	बोक्सीको आरोप	०	१	३	१६	०	२	१	०	०	२३
	घरेलु हिंसा	०	१	०	०	०	०	०	०	०	१
	जम्मा	०	६१६	८७४	५६७	४६१	२९१	७३१	३२३	३६८	४२३१
सवारीसम्बन्धी	सवारी ज्यान	०	१२९	३४५	४५२	२११	१०७	३५९	५६	११६	१७७५
	सवारी अंगभंग	०	११६	९०	११४	३४	३१	४०	९	१६	४५०
	सवारीबाट क्षती	०	०	०	०	१	०	१	०	०	२
	जम्मा	०	२४५	४३५	५६६	२४६	१३८	४००	६५	१३२	२२२७
विविध	मा.बे.बि तथा जवरजस्ती करणी	०	२	२	३	०	०	८	१	३	१९
	जिउदो वच्चा जन्माई फालेको	०	०	१	०	०	०	०	१	०	२
	आगलागी सम्बन्धी	०	०	१	१	०	०	१	०	१	४
	विष्फोटक पदार्थ सम्बन्धी	०	५	५	०	२	१	१	०	४	१८
	अपहरण तथा जवरजस्ती करणी	०	२	१	३१	३	०	७	३	७	५४
	जवरजस्ती करणी गरी कर्तव्य	०	१	१	१	०	०	१	०	१	५
	संगठीत अपराध	२	१	०	१	२	०	१	०	७	१४
	विद्युतीय कसुर तथा साईवर	०	१३०	२५	२७	९	११	२८	९	१६	२५५
	दुरसंचार कसुर, टेलिफोन तार	१	०	०	०	०	०	०	०	१	२
	वैंकिङ कसुर	६	७६५६	१००४	१०१६	७३८	१०८२	११७८	२८६	२९७	१३२६३
	परिक्षा तथा शिक्षा ऐन	०	६	३	२८	०	३	४	६	१	५१
	पशुपंक्षी सम्बन्धी कसुर	०	४	१३	२	३	२१	१२	१	४	६०
	चिठ्ठा	०	०	०	०	०	०	१	०	१	२
	इलाज सम्वन्धी कसुर	०	१	३	३	०	३	१	०	१७	२८
	लिखत सम्बन्धी कसुर	२३	६६	१५	१५	१९	९	१४	४	१	१६६
	मा.बे.बि तथा जवरजस्ती करणी	०	२	२	३	०	०	८	१	३	१९
	जिउदो वच्चा जन्माई फालेको	०	०	१	०	०	०	०	१	०	२
	आगलागी सम्बन्धी	०	०	१	१	०	०	१	०	१	४
	विष्फोटक पदार्थ सम्बन्धी	०	५	५	०	२	१	१	०	४	१८
	अपहरण तथा जवरजस्ती करणी	०	२	१	३१	३	०	७	३	७	५४
	जवरजस्ती करणी गरी कर्तव्य	०	१	१	१	०	०	१	०	१	५
	संगठीत अपराध	२	१	०	१	२	०	१	०	७	१४
	विद्युतीय कसुर तथा साईवर	०	१३०	२५	२७	९	११	२८	९	१६	२५५
	जम्मा	३२	७८७४	१०७४	११२८	७७६	११३०	१२५७	३११	३६१	१३९४३
अन्य जम्मा		२	३४	२९	९२	९	२६	५	३	१३	२१३
कुल जम्मा		५६	१६९८९	९३८७	९६२०	५१९७	४६८९	७६४४	२०२०	३६०२	५९२०४

(स्रोतः नेपाल प्रहरी प्रधान कार्यालय)

(ख) आर्थिक वर्ष २०८०/८१ मा विभिन्न कार्यालयहरूबाट दायर भएका नेपाल सरकार वादी हुने अनुसूची-२ का कसूरहरुको तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ११

आर्थिक वर्ष २०८०/०८१ मा अनुसूची-२ का कसूरको तथ्याङ्कको विवरण

कसूर शीर्षक	कोशी प्रदेश	मधेश प्रदेश	बागमती प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सुदूरपश्चिम प्रदेश	जम्मा
औषधि	५३	६	१६	२	४	०	२	८३
खाद्य पदार्थ सम्बन्धी	२९	८	२१	१८	१३	०	६	९५
पानी दुषित पार्ने	०	०	१	०	०	०	१	२
खाद्य ऐन अन्तर्गका	१६	०	२५	३	५	२	१०	६१
जन स्वास्थ्य ऐनका कसूर	०	१	०	०	०	०	०	१
नेपाल गुणस्तर (प्रमाण चिन्ह)	०	१	२	०	०	०	०	३
स्टान्डर्ड नाप तौल सम्बन्धी	०	०	३	०	०	०	०	३
राजश्व चुहावट	३	१	०	०	१४	०	३	२१
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	७	०	१९	२८	३८	८	१६	११६
विदेशी विनिमय	८	६	२८	१	८	०	७	५८
वन	७६	४९	१०४	६०	९६	३१	७९	४९५
विद्युत चोरी	०	०	०	०	०	०	४	४
शिक्षा ऐन दफा १७(१)	०	५	२	०	०	२	०	९
सम्पत्ति शुद्धीकरण	०	१	१	०	०	०	०	२
सामाजिक सुधार ऐन	२	०	०	०	०	०	०	२
संकटापन्न वन्यजन्तु तथा वनस्पति सम्बन्धी	०	२	२	०	०	०	०	४
अन्य	६	१०	१०	०	३	१	१	३१
जम्मा	२००	९०	२३४	११२	१८१	४४	१२९	९९०

४.६ महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विवरण

तालिका नं. १२

विगत पाँच वर्षको मुद्दाहरूको एकमुष्ठ र तुलनात्मक विवरण

कार्यालय	आर्थिक वर्ष	लगत			फछ्यौट					बाँकी	कसुर ठहर प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर, रिट खारेज	कसुरमा सफाई, रिट जारी	अन्य	जम्मा	फछ्यौट प्रतिशत		
महान्यायाधिवक्ता कार्यालय	२०७६/०७७	१००६३	४१७३	१४२३६	११२७	१८१९	६७	३०१३	२१.१६	११२२३	३७.४०
	२०७७/०७८	१०२५०	३४५५	१३७०५	१२८६	१४०७	३८	२७३१	१९.९३	१०९७४	४७.०९
	२०७८/०७९	१००४२	३३४१	१३३८३	८९९	१०५८	५५४	२५११	१८.७६	१०८७२	३५.८०
	२०७९/०८०	१०८९२	३३९७	१४२८९	१२०३	१३२२	३८९	२९१४	२०.३९	११३७५	४१.२८
	२०८०/०८१	११३७४	३३३६	१४७१०	१३६३	१९३८	३९९	३७००	२५.१५	११०१०	३६.८४
उच्च सरकारी वकील कार्यालय	२०७६/०७७	७२४२	१३९१७	२११५९	६८०१	५८९१	१२८	१२८२०	६०.५९	८३३९	५३.०५
	२०७७/०७८	७९८१	१४१६६	२२१४७	७०४३	५०२२	२१३	१२२७८	५५.४४	९८६९	५७.३६
	२०७८/०७९	९३७९	१७१३४	२६५१३	७५३०	६१०४	३५२	१३९८६	५२.७५	१२५२७	५३.८४
	२०७९/०८०	१०७४६	१८५७६	२९३२२	९३२९	७१६०	९२३	१७४१२	५९.३८	११९१०	५३.५८
	२०८०/०८१	११३७०	२०८६७	३२२३७	११६७५	८११५	५७	१९८४७	६१.५७	१२३९०	५८.८३
विशेष सरकारी वकील कार्यालय	२०७६/०७७	१९५९	४४२६	६३८५	२४३१	११६	१	२५४८	३९.९१	३८३७	९५.४१
	२०७७/०७८	४१११९	२३८६	६५०५	२४००	२८२	०	२६८२	४१.२३	३८२३	८९.४९
	२०७८/०७९	३८५६	२८३७	६६११	१८४२	३५०	२३	२२१५	३३.५०	४३९६	८३.१६
	२०७९/०८०	४३९६	५६२७	१००२३	४१९४	४९८	३२०	५०१२	५०.००	५०११	८३.६८
	२०८०/०८१	१४११	१००३	२४१४	१२५४	५४९	१८१	१९८४	८२.१९	४३०	६३.२१
जिल्ला सरकारी वकील कार्यालय	२०७६/०७७	२३४६०	३०५६०	५४०२०	१९०५२	४०७१	३३७	२३४६०	४३.४३	३०५६०	८१.२१
	२०७७/०७८	३०१०७	२७३२१	५७४२८	१८५४१	५१०६	३१२	२३९५९	४१.७२	३३४६९	७७.३९
	२०७८/०७९	३३००६	३१५२०	६४५२६	२३०९२	६५६४	७३४	३०३९०	४७.१०	३४१३६	७५.९९
	२०७९/०८०	३६६९४	३५५०२	७२१९६	२८२०३	७३८२	१११८	३६७०३	५०.८४	३५४९३	७६.८४
	२०८०/०८१	३३८१४	४९४०२	८३२१६	३२७६१	८४२८	२१९७	४३३८६	५२.१४	३९८३०	७५.५१
सबै कार्यालयहरुको	२०७६/०७७	४२७२४	५३०७६	९५८००	२९४११	११८९७	५३३	४१८४१	४३.६८	५३९५९	७०.२९
	२०७७/०७८	५२४५७	४७३२८	९९७८५	२९२७०	११८१७	५६३	४१६५०	४१.७४	५८१३५	७०.२८
	२०७८/०७९	५६२८३	५४८३२	१११०३३	३३३६३	१४०७६	१६६३	४९१०२	४४.२२	६१९३१	६७.९५
	२०७९/०८०	६२७२८	६३१०२	१२५८३०	४२९२९	१६३६२	२७५०	६२०४१	४९.३१	६३७८९	६९.१९
	२०८०/०८१	५७९६९	७४६०८	१३२५७७	४७०५३	१९०३०	२८३४	६८९१७	५१.९८	६३६६०	६८.२७

यस आर्थिक वर्षमा बहस पैरवी गरिएका मुद्दा तथा रिटहरूको एकमुष्ठ फछ्यौंट विवरणलाई गत वर्षको विवरणसँग तुलना गरी हेर्दा यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदन १४७१० थान मध्ये ३७०० थान फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दा तथा निवेदनहरू मध्ये १३६३ थान अर्थात् ३६.८४ प्रतिशत मुद्दा तथा निवेदनमा कसूर कायम तथा रिट खारेज भएको थियो। उच्च सरकारी वकील कार्यालयहरूमा यस आर्थिक वर्षमा लगत रहेका मुद्दा, रिट तथा निवेदन ३२२३७ मध्ये १९८४७ थान फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दा तथा निवेदनहरू मध्ये ११६७५ थान अर्थात् ५८.८३ प्रतिशत मुद्दा तथा निवेदनमा कसूर कायम तथा रिट खारेज भएको थियो।

विशेष सरकारी वकील कार्यालयबाट उच्च अदालत पाटन अन्तर्गत वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, राजस्व न्यायाधिकरण काठमाण्डौ, वैदेशिक रोजगार न्यायाधिकरणमा यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत २४१४ रहेकोमा १९८४ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये १२५४ अर्थात् ६३.२१ प्रतिशत मुद्दामा कसूर कायम भएको थियो। जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय एवम् अन्य निकायहरूमा यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा रिट निवेदनहरूको लगत ८३२१६ मध्ये ४३३८६ वटा फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दा तथा रिट निवेदनहरू मध्ये ३२७६१ अर्थात् ७५.५१ प्रतिशत मुद्दामा कसूर कायम तथा रिट खारेज भएको देखिन्छ।

बहस पैरवी एवम् प्रतिरक्षा गरिएका मुद्दा तथा रिटको फछ्यौंट तथा कसूर ठहर सम्बन्धी स्तम्भ चित्र (प्रतिशतमा)



महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको विगत पाँच वर्षको लगतको विवरणलाई विश्लेषण गर्दा मुद्दाको संख्या घटबढ भएको देखिन्छ। विगत पाँच वर्षको लगत रहेका मुद्दाको तथ्याङ्कलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ.व. २०८०/०८१ मा लगत १४७१० रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ.व. २०७८/०७९ मा १३३८३ रहेको देखिन्छ। त्यसैगरी उच्च सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ.व. २०८०/०८१ मा ३२२३७ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०७६/०७७ मा २११५९ रहेको देखिन्छ। विशेष सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७९/८० मा १००२३ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ.व. २०८०/०८१ मा २४१४ रहेको देखिन्छ। साथै जिल्ला सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ.व. २०८०/०८१ मा ८३२१६ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ.व. २०७६/०७७ मा ५४०२० रहेको देखिन्छ। सबै कार्यालयहरूको छुट्टाछुट्टै तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

४.७ महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ विवरण

तालिका नं. १३

महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयबाट सम्पादित कार्यहरूको विवरण

कार्यालय	मुद्दा तथा रिट निवेदनको लगत				अनुसन्धानमा राय/निर्देशन दिएको संख्या	मुद्दा चल्ने नचल्ने निर्णय (आंशिक समेत)	मिलापत्र आदेश	पुनरावेदन/दो.पा. निवेदन, अभियोगपत्र/फिराद मस्यौदा	निकासा/निर्णय सम्बन्धी	प्रतिवादी नखुलेका मुद्दा नचलाउने	प्रस्ताव पेश	बयान/बकपत्र गराएको संख्या	कानूनी राय	दफा ७३ को निवेदन	सम्पादित कार्यहरुको जम्मा
	मुद्दाहरु	रिटहरु	अन्य निवेदन हरु	कुल मुद्दाहरू											
म.न्या.का.	६८९०	६७२१	१०९९	१४७१०	०	९०४	३३२	६०९	३६२९	०	०	०	२५	५७	२०२६६
उ.स.व.का.	१९४६३	९४४२	३३३२	३२२३७	०	३५३८	३९	९३६०	७९९३	०	२१५१	५३६	०	१३३०	५७१८४
वि.स.व.का.	२४१४	०	०	२४१४	२५	२८८	६२	२०	०	०	५८	१९५८	०	०	४८२५
जि.स.व.का.	८०९७३	२२४३	०	८३२१६	२७९८	४८८८६	११३७	४२२००	०	१३१९३	१४०९८	१०१६७५	३०	१३८४	३०८६१७
जम्मा	१०९७४०	१८४०६	४४३१	१३२५७७	२८२३	५३६१६	१५७०	५२१८९	११६२२	१३१९३	१६३०७	१०४१६९	५५	२७७१	३९०८९२

महान्यायाधिवक्ताको कार्यालय र मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा सुरू मुद्दा दायरी, निवेदन दायरी, पुनरावेदन दायरी, मुद्दा मामिलामा निर्णय निकासा, बहस पैरवी, प्रतिरक्षा, निवेदन सम्बन्धी तथा कानूनी राय प्रदान गर्ने सम्बन्धमा सम्पादित कार्यहरूको एकमुष्ठ जिम्मेवारी विवरणलाई हेर्दा अदालत तथा न्यायिक निकायहरूमा बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको संख्या १०९७४० थान,रिट निवेदनहरू १८४०६ थान र अन्य निवेदन सम्बन्धी ४४३१ थान गरी जम्मा सम्पादित भएका मुद्दा, रिट र अन्य निवेदन समेतको कुल लगत संख्या १३२५७७ थान, अनुसन्धान अधिकृतलाई दिएको राय र निर्देशन दिएको संख्या २८२३, मुद्दा चलाउने नचलाउने निर्णय संख्या ५३६१६, मिलापत्र गर्ने आदेश संख्या १५७०, पुनरावेदन, दोहोऱ्याउने निवेदन, अभियोगपत्र तथा फिराद मस्यौदा संख्या ५२१८९, पुनरावेदन गर्ने नगर्ने, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने नगर्ने सम्बन्धमा मिसिल कागजात अध्ययन गरी निर्णय एवम् निकासा प्रदान गरिएको संख्या ११६२२ एवम् प्रतिवादी नखुलेका मुद्दामा मुद्दा नचलाउने निर्णय संख्या १३१९३ थान, पुनरावेदन वा दोहोऱ्याउने प्रस्ताव संख्या १६३०७, बयान तथा बकपत्र गराएको संख्या १०४१६९, कानूनी राय प्रदान गरेको संख्या ५५, दफा ७३ बमोजिमको निवेदन सम्बन्धी कार्य २७७१ गरी कुल कार्य ३९०८९२ थान रहेको तथ्याङ्कबाट देखिन्छ।

महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयबाट सम्पादित कार्यहरूको वृत्त चित्र(प्रतिशतमा)



माथि तालिकामा प्रस्तुत मुद्दा तथा अन्य कार्यहरूको लगत विवरण र सम्बन्धित कार्यालयमा रहेका सरकारी वकीलहरूको कुल दरबन्दी संख्याको अनुपात हेर्दा प्रति सरकारी वकील पर्न आउने (सम्पादित कुल कार्य र मुद्दा तथा रिट निवेदनका आधारमा) कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १४

महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयबाट भएका मिलापत्र गर्ने आदेश सम्बन्धमा भएको कारवाहीको एकीकृत विवरण

क्र.स.	कार्यालय	मिलापत्रको आदेश भएको मुद्दा संख्या	प्रतिवादीको संख्या
१	महान्यायाधिवक्ताको कार्यालय	३३२	३३६
२	उच्च सरकारी वकील कार्यालयहरू (१८)	३९	५५
३	विशेष सरकारी वकील कार्यालय	६२	१२३
४	जिल्ला सरकारी वकील कार्यालयहरू (७७)	११३७	२५०७
जम्मा		१५७०	३०२१

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको मिलापत्र गर्ने आदेश सम्बन्धमा भएको कारबाहीको एकीकृत विवरण माथि उल्लिखित तालिकामा प्रस्तुत गरिएको छ। उक्त तालिकामा उल्लिखित तथ्याङ्कको विस्तृत विवरण महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयको हकमा क्रमशः अनुसूची ६, अनुसूची १७, अनुसूची २७ र अनुसूची ३८(क) मा प्रस्तुत गरिएको छ।

तालिका नं. १५

महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयबाट सम्पादित कार्य र प्रति सरकारी वकीलको कार्यबोझ

कार्यालय	सरकारी वकील संख्या	सम्पादित कार्य	कुल मुद्दा तथा रिट	प्रति सरकारी वकील सम्पादित कार्यका आधारमा	प्रति सरकारी वकील मुद्दा, रिटका आधारमा
म. न्या. का. १	४३	२०२६६	१४७१०	४७१.३०	३४२.०९
उ.स.व.का. - १८	१११	५७१८४	३२२३७	५१५.१७	२९०.४२
वि.स.व.का. - १	२०	४८२५	२४१४	२४१.२५	१२०.७०
जि.स.व.का. - ७७	२५८	३०८६१७	८३२१६	११९६.१९	३२२.५४
जम्मा	**४३२**	**३९०८९२**	**१३२५७७**	**९०४.८४**	**३०६.८९**

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १६

बहस पैरवी प्रतिरक्षा गरिएका मुद्दा तथा रिटको अनुपातमा प्रति मुद्दामा तलब र भत्तामा खर्च भएको रकम

कार्यालय	मुद्दा, रिटको तथा निवेदनको कुल लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.
महान्यायाधिवक्ताको कार्यालय- १	१४७१०	९७३४७९७०.००	६,६१७.८१
उच्च सरकारी वकील कार्यालय - १८	३२२३७	१९०२२०१७०.००	५,९००.६८
विशेष सरकारी वकील कार्यालय - १	२४१४	२३६६९०४०.००	९,८०४.९०
जिल्ला सरकारी वकील कार्यालय - ७७	८३२१६	४९८०५८८८०.००	५,९८५.१३
जम्मा	**१३२५७७**	**८०९२९६०६०.००**	**६,१०४.३५**

यसैगरी यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई कार्यालयगत रूपमा विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको चालुतर्फको विनियोजित रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १७

महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयमा सम्पादित कार्यमा भएको खर्चको विवरण

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च अनुपात
महान्यायाधिवक्ताको कार्यालय- १	२०२६६	१४४१६४०००.००	७,११३.५९
उच्च सरकारी वकील कार्यालय - १८	५७१८४	२४५३१७०००.००	४,२८९.९६
विशेष सरकारी वकील कार्यालय - १	४८२५	३२१५३०००.००	६,६६३.८३
जिल्ला सरकारी वकील कार्यालय - ७७	३०८६१७	६५९२७७०००.००	२,१३६.२३
जम्मा	**३९०८९२**	**१०८०९११०००**	**२,७६५.२४**

माथि विभिन्न तालिकाहरूमा उल्लेख भएका तथ्याङ्कहरूबाट सरकार पक्ष भएको वा वादी भएको मुद्दाहरूमा कसूर ठहर प्रतिशतमा अपेक्षाकृत सुधार हुन सकेको छैन। सरकारी मुद्दाको अनुसन्धानको जिम्मेवार निकाय प्रहरीमा व्यावसायिकताको विकास हुन नसकेको, अनुसन्धान कार्यले प्राथमिकता पाउन नसकेको, दक्ष जनशक्तिलाई अनुसन्धानको काममा खटाउन नसकेको, अपराध अनुसन्धानका लागि पर्याप्त स्रोत साधनको कमी जस्ता कारण अपराध अनुसन्धानको कार्य प्रभावकारी बन्न सकेको छैन। अनुसन्धानमा स्तरीयता ल्याउन अनुसन्धान कार्यमा मात्र खटिने विशेषज्ञ तालिम प्राप्त प्रहरी एकाइको व्यवस्था गरी त्यहाँ कार्यरत जनशक्तिलाई सोही कार्यमा मात्र परिचालन गर्ने व्यवस्था गर्नुपर्ने हुन्छ। त्यसैगरी सरकारी वकीलहरूलाई निजको कार्यसम्पादनसँग सम्बन्धित विषयमा नियमित रूपमा प्रशिक्षण प्रदान गर्न नसकिएको अवस्थामा अनुसन्धान अधिकृतलाई अनुसन्धानको क्रममा प्रभावकारी निर्देशन दिन नसक्नु, पर्याप्त आधार विना नै अभियोजन गर्ने, अभियोजन गर्दा ठीक ढंगले गर्न नसक्नु, साक्षी संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको अभाव, समयमै परीक्षण प्रतिवेदन प्राप्त नहुनु, अदालती कारबाहीमा समय लाग्ने कारण साक्षी उपस्थित गराउन कठिनाई रहनु र कतिपय कानूनमा रहेका अपर्याप्तताले गर्दा सरकार वादी मुद्दामा कसूर ठहर कम भएको अवस्था छ।

सरकार वादी मुद्दामा कसूर ठहर वा सफाइको कारणको सम्बन्धमा अपराधको प्रकृति, अनुसन्धान एवम् अभियोजन पद्धति, प्रचलित कानून एवम् न्याय सम्पादन पद्धतिको सन्दर्भमा छुट्टाछुट्टै रूपमा अध्ययन गरेपछि मात्र भन्न सकिने अवस्था रहन्छ। सरकार वादी मुद्दाको सफलताको वर्तमान अवस्थामा सुधार ल्याउन अनुसन्धान एवम् अभियोजन तथा विद्यमान कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा प्रस्तुत प्रतिवेदनको परिच्छेद छ मा उल्लेख गरिएको छ। महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका उच्च, विशेष एवम् जिल्ला सरकारी वकील कार्यालयहरूको कार्यसम्पादन विवरण तथा कार्य प्रगति विवरणलाई यस पछिका छुट्टाछुट्टै परिच्छेदहरूमा विगत वर्षहरूको तथ्याङ्कसँग तुलनात्मक विश्लेषण गरी मुद्दामा कसूर ठहर वा सफाइ भएको र रिट जारी वा खारेज भएको अवस्थालाई समेत प्रस्तुत गरिएको छ।

५. संस्थागत सुदृढीकरणको लागि भएका कार्यहरू

५.१ महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना

महान्यायाधिवक्ताको कार्यालयले आफू र मातहतका सरकारी वकील कार्यालयबाट सम्पादन हुने कार्यलाई योजनाबद्धढंगले सम्पादन गर्न आवधिक रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयन गर्दै आएको छ । नतिजामुखी र प्रभावकारी फौजदारी न्यायमा केन्द्रित महान्यायाधिवक्ताको कार्यालयको प्रथम पञ्चवर्षीय रणनीतिक योजना (आ.व.२०६८/०६९ देखि २०७२/०७३ सम्म) योजनाबद्ध संस्थागत विकासका लागि महत्वपूर्ण

रहेको छ । रणनीतिक योजनालाई निरन्तरता दिँदै संस्थागत सुदृढीकरण र व्यावसायिक विकासमा जोड दिई दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (आ.व.२०७३/०७४ देखि २०७७/०७८ सम्म) तर्जुमा गरी कार्यान्वयन गरिएको थियो । सो योजनाले प्रक्षेपण गरेका ६७ प्रतिशत क्रियाकलापहरू सम्पन्न भएका थिए ।

दोस्रो पञ्चवर्षीय रणनीतिक योजना अवधिमा भएका काम कारबाहीको तथ्याङ्कबाट समग्र मुद्दाको सफलता प्रतिशत वृद्धि भएको, सरकारी वकील र कर्मचारीहरूका लागि क्षमता विकासका लागि विषयगत प्रशिक्षण प्रदान गरी क्षमता विकासमा अभिवृद्धि भएको, सरकारी वकी तथा कर्मचारीलाई वैदेशिक अध्ययन अवलोकनको अवसरमा विस्तार भएको, महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको कार्यालय भवन निर्माण, सवारी साधनको व्यवस्थापन जस्ता कार्यमा उपलब्धी हाँसिल भएको देखिन्छ ।

सरकारी वकीलको व्यावसायिकता विकास खास गरी संविधानको धारा १६१ ले परिकलपना गरेको पारिश्रमिक, सेवा शर्त तथा सुविधा सम्बन्धी छुट्टै कानूनको निर्माण हुन नसकेको, सरकार वादी मुद्दाको अभियोजन र सरकारी पक्षको प्रतिरक्षामा नतिजाका हिसाबले अपेक्षित सुधार हुन नसकेको, सरकारी वकीलमा विषयगत विशिष्टिकरण, सरकारी वकीलको कार्य चाप अनुरूप दरबन्दी र बजेटमा बृद्धि हुन नसकेको जस्ता विषय योजनाले प्रक्षेपण गरे अनुसार उपलब्धी हाँसिल गर्न नसकेका कार्यमा पर्दछन् ।

"अभियोजनमा सुधार तथा व्यावसायिकता विकास" भन्ने मूलनाराका साथ ५ वटा लक्ष्य, २९ वटा रणनीति तथा रणनीति कार्यान्वयनको लागि २०४ वटा क्रियाकलापहरू निर्धारण गरी महान्यायधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८।०७९—२०८२।०८३) तर्जुमा गरी हाल कार्यान्वयन कै क्रममा छ । प्रस्तुत योजना तर्जुमा गर्दा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको विद्यमान वस्तुस्थितिको विश्लेषण गरी सबल र कमजोर (Strength & Weakness) पक्षहरू तथा अवसर र चुनौती (Opportunity & Threat) को पहिचान गरिको छ । त्यसैगरी प्रस्तुत योजनाले जोखिमको आँकलन र जोखिम न्यूनिकरणका उपाय समेत सुझाएको छ ।

"कानूनी शासनको सुनिश्चितता" भन्ने परिदृष्य, "वैज्ञानिक प्रमाणमा आधारित अभियोजन तथा प्रभावकारी प्रतिरक्षा गर्ने व्यावसायिक संस्थाको रूपमा स्थापित हुनु" भन्ने परिलक्ष्य रहेको तेस्रो पञ्चवर्षीय रणनितिक योजनाले कानून र न्यायका मान्य सिद्धान्तको अवलम्बन, स्वच्छ सुनुवाइ, उत्तरदायित्व र जवाफदेहिता, व्यावसायिकता, मानव अधिकारको संरक्षण, अपराध पीडितलाई न्याय, बाल मैत्री तथा लैङ्गिक संवेदनशीलता, सार्वजनिक हितको संरक्षण, स्वामित्वबोध र निरन्तर सिकाइ र सुधार जस्ता मूल्यहरूलाई आत्मसाथ गरेको छ । प्रस्तुत योजनाका पाँच लक्ष्यमा क्रमशः अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने, मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने, संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रूपमा व्यवस्थापन गर्ने, सरकारी वकील सेवालाई व्यावसायिक बनाउने र संस्थागत सुदृढीकरण गर्ने रहेका छन् ।

लक्ष्य एक अन्तरगत छ वटा, लक्ष्य दुई अन्तरगत पाँच वटा, लक्ष्य तीन अन्तरगत पाँच वटा, लक्ष्य चार अन्तरगत छ वटा, लक्ष्य पाँच अन्तरगत छ वटा गरी देहाय बमोजिम जम्मा उनन्तिस वटा लक्ष्य प्राप्तिका रणनीति निर्धारण गरिएको छ । यी प्रत्येक रणनीति प्राप्तिका विभिन्न दुईसय चार क्रियाकलाप र वार्षिक कार्य योजना मार्फत प्रत्येक क्रियाकलाका कार्यान्वयन कार्य योजना बनाई महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयबाट रणनीतिक योजनाको हरसंभव कार्यान्वयन गरिदै आएको छ ।

रणनीतिक योजनाका उनन्तीस रणनीतिहरूः

१. प्रमाण संकलन र परीक्षणलाई प्रभावकारी बनाउने,
२. वस्तुगत प्रमाणका आधारमा अभियोजन गर्ने,

३. अनुसन्धान तथा अभियोजन परीक्षणलाई प्रभावकारी बनाउने,
४. अपराध पीडित र साक्षीको संरक्षण गर्ने,
५. स्वच्छ सुनुवाइका आधारभूत मान्यताको प्रभावकारी कार्यान्वयन गर्ने,
६. जनशक्तिको क्षमता विकास गर्ने,
७. मुद्दाको सुनुवाइ र रिटको प्रतिरक्षालाई प्रभावकारी बनाउने,
८. साक्षी प्रमाणको प्रस्तुति र परीक्षण प्रभावकारी रूपमा गर्ने,
९. मापदण्डका आधारमा पुनरावेदन तथा निवेदन गर्ने,
१०. सरोकारवालासँगको समन्वयलाई प्रभावकारी बनाउने,
११. मिसिल व्यवस्थापन प्रभावकारी बनाउने,
१२. कानूनी राय प्रदान गर्न संस्थागत क्षमता विकास गर्ने,
१३. सर्वोच्च अदालतबाट भएका व्याख्या र प्रतिपादित सिद्धान्तको कार्यान्वयन गर्न सहजीकरण गर्ने,
१४. हिरासत, निगरानी कक्ष, कारागार तथा बाल सुधार गृहको अनुगमन गरी सुधारका लागि सहजीकरण गर्ने,
१५. दण्ड प्रणालीको सुधार र सोसँग सम्बन्धित बोर्ड, समितिलाई क्रियाशील गराउने,
१६. फौजदारी कानूनको बारेमा सचेतना अभिवृद्धि गर्ने,
१७. सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको संरक्षण र सम्बर्द्धन गर्ने,
१८. सरकारी वकीलको काम कारबाहीलाई उत्तरदायी बनाउने,
१९. मानव संशाधनको व्यवस्थापन र विकास गर्ने,
२०. अभियोजन प्रशिक्षण केन्द्रको संस्थागत विकास गर्ने,
२१. निरन्तर सिकाइ विधि अवलम्बन गर्ने,
२२. संगठनात्मक संरचना पुनरावलोकन गर्ने,
२३. भौतिक पूर्वाधार विकास गर्ने,
२४. कार्यसम्पादनलाई सूचना तथा सञ्चार प्रविधिमा आबद्ध गर्ने,
२५. सेवा प्रवाहलाई गुणस्तरीय बनाउने,
२६. पुस्तकालय आधुनिकीकरण गर्ने,
२७. अपराधशास्त्रीय अनुसन्धान केन्द्रलाई सुदृढ गर्ने,
२८. सरकारी वकील कार्यालयको सुरक्षा व्यवस्था गर्ने,
२९. योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने ।

यो योजना कार्यान्वयनका लागि आर्थिक वर्षका हिसावले पहिलो आर्थिक वर्ष २०७८/७९ मा रू. ९१,४१,९५,०००।-, दोस्रो आर्थिक वर्ष २०७९/०८० मा रू. ९१,८६,६५,०००।-, तेस्रो आर्थिक वर्ष २०८०/०८१ मा रू. ८८,७३,७५,०००।-, चौथो आर्थिक वर्ष २०८१/०८२ मा रू. ७२,६०,२५,०००।- र योजनाको अन्तिम आर्थिक वर्ष २०८२/०८३ मा रू. ७२,४८,३४,०००।- गरी जम्मा रू. ४,१७,१०,९४,०००।- अक्षरेपी चार अर्ब सत्र करोड दश लाख चौरानब्बे हजार रूपैयाँ आर्थिक लागत लाग्ने प्रक्षेपण गरिएकोमा योजना कार्यान्वयनको चौथो वर्षसम्म प्रक्षेपित बजेट सोही अनुरूप प्राप्त गर्न सकिएको छैन ।

रणनीतिक योजना कार्यान्वयनको तीन वर्षको अवधिलाई आधार बनाई कार्य सम्पादन सूचक अनुरूप अंक प्रदान गरी योजनाको मध्यावधि मूल्याङ्कन गरीएको छ। कार्य प्रारम्भसम्म भएका क्रियाकलापलाई एक अंक, कार्य प्रारम्भ भई आंशिक कार्य सम्पादन भएका क्रियाकलापलाई दुई अंक, अधिक कार्य भएका क्रियाकलापलाई तीन अंक, अधिकांश कार्य सम्पन्न भएका क्रियाकलापलाई चार अंक र सम्पूर्ण कार्य सम्पन्न भई नतिजा प्राप्त भएका

क्रियाकलापलाई पाँच अंक प्रदान गरी योजनाको मूल्याङ्कन गर्ने विधि तय गरिएको र तीन वर्षको मूल्याङ्कनबाट योजना कार्यान्वयनको प्रगति देहाय बमोजिम रहेको छः

योजना कार्यान्वयनको मध्यावधि मूल्याङ्कनको नतिजाः

लक्ष्य नं.	कार्य प्रारम्भमात्र भएको	आंशिक मात्र कार्यभएको	अधिक कार्य भएको	अधिकांश कार्यसम्पन्न भएको	शतप्रतिशत कार्यसम्पन्न भएको	जम्मा
५.१	१२	२	१	९	३०	५४
५.२	१०	४	८	७	८	३७
५.३	३	०	४	२	११	२०
५.४	६	०	१०	१	८	२५
५.५	१२	५	१०	९	९	४५
जम्मा	**४३**	**११**	**३३**	**२८**	**६६**	**१८१**
प्राप्तअंक	**४३**	**२२**	**९९**	**११२**	**३३०**	**६०६**
प्रतिशत						**६६.९६**

महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको तेस्रो वर्ष पार गरी सक्दासम्म योजनाले प्रक्षेपण गरेका केही क्रियाकलापहरू कार्यान्वयन गर्न कार्य प्रारम्भ नै गर्न सकिएको छैन । प्रक्षेपित क्रियाकलाप सापेक्षित नभएको कारणले नभई सरकारी वकीलको आफ्नो मात्र वशमा नरहेका कारणबाट त्यस्ता कार्य प्रारम्भ गर्न नसकिएको अवस्था एकातिर छ भने कतिपय क्रियाकलाप चालु आर्थिक वर्षमा कार्य प्रारम्भ गरिएको छ । हालसम्म कार्य नै प्रारम्भ नगरिएका क्रियाकलापहरू यहाँ उल्लेख गरिएको छः

योजनाले प्रक्षेपण गरेका तर हालसम्म कार्य प्रारम्भ नै नगरिएका क्रियाकलापः

सि.नं.	संकेत नं.	क्रियाकलाप
१	५.१.२.१	अभियोजन नीति तथा मार्गदर्शनको प्रभावकारी कार्यान्वयन गर्ने
२	५.१.२.५	अन्य निकायबाट गरिने अभियोगपत्र तयारी र दायरीका सम्बन्धमा अनुसन्धानकर्तालाई प्रशिक्षण दिने
३	५.१.३.४	अनुसन्धान र अभियोजन परीक्षणबाट देखिएका विषयमा अनुसन्धानकर्ता र अभियोजनकर्ताहरूसँग स्थलगत र केन्द्रीय तहमा अन्तरक्रिया गर्ने
४	५.१.३.५	अन्तरक्रिया कार्यक्रमबाट प्राप्त पृष्ठपोषणका आधारमा सुधार गर्ने गराउने
५	५.१.४.३	(सरकारी वकील) दिग्दर्शनका बारेमा अनुसन्धान र अभियोजनमा संलग्न पदाधिकारीलाई वार्षिक दुईवटा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने
६	५.१.४.५	साक्षी संरक्षण सम्बन्धी छुट्टै कानूनी व्यवस्थाका लागि सहजीकरण गर्ने
७	५.१.६.११	कानूनमा स्नातक योग्यता नभएका सरकारी वकीललाई कार्य सम्पादन सम्बन्धमा विशिष्ट प्रशिक्षण प्रदान गर्ने
८	५.२.१.८	नेपाल सरकारका मन्त्रालय र संवैधानिक निकायमा सरकारी वकीलको दरबन्दी सिर्जना गर्न सहजीकरण गर्ने
९	५.२.१.१०	विद्युतीय माध्यमबाट बहस पैरवी गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी प्राप्त प्रतिवेदन कार्यान्वयनमा ल्याउने
१०	५.२.४.३	अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको प्रादेशिक सम्मेलन गर्ने (नेपाल प्रहरीको सहकार्य र समन्वयमा)

११	५.२.४.८	मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठन संरचना र दरबन्दीको पुनरावलोकन गर्न सहजीकरण गर्ने
१२	५.२.४.१०	अन्य निकायमा कार्यरत रहेका सरकारी वकीलहरूसँग वार्षिक रुपमा अन्तरक्रिया गर्ने
१३	५.२.५.३	मुद्दाको वर्गीकरण, दर्ता, लगत कट्टा र मिसिल व्यवस्थापन सम्बन्धी निर्देशिका तयार गर्ने
१४	५.२.५.४	निर्देशिका बमोजिम मिसिल व्यवस्थापन भए नभएको अनुगमन गर्ने
१५	५.३.४.४	(बोर्ड तथा समितिको व्यवस्थापन तथा सञ्चालन) अध्ययन प्रतिवेदनका आधारमा कार्य संचालन व्यवस्थित गर्ने र सरोकारवाला निकायलाई लेखी पठाउने
१६	५.४.२.५	सेवाग्राहीको सन्तुष्टि सर्वेक्षण गर्ने (योजना अवधिमा दुई पटक)
१७	५.४.३.३	वैदेशिक अध्ययन, अवलोकन समेतका लागि मापदण्ड निर्माण गरी लागू गर्ने
१८	५.४.३.४	विवाद समाधान गर्ने अन्तर्राष्ट्रिय निकायमा प्रतिनिधित्व गर्न सक्ने सरकारी वकील तयारगर्ने (कम्तीमा वर्षको दुई जना)
१९	५.४.३.५	न्यायिक जनशक्तिको प्राप्ति र विकासका सम्बन्धमा कानूनका प्राध्यापकसँग वर्षको एक पटक अन्तरक्रिया गर्ने
२०	५.४.४.२	अभियोजन प्रशिक्षण केन्द्र सञ्चालनका लागि कार्यविधि तयार गर्ने
२१	५.५.१.२	संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुरूप दरबन्दी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्ने
२२	५.५.१.३	भौगोलिक क्षेत्रका आधारमा जिल्ला सरकारी वकील कार्यालय काठमाडौंलाई कम्तीमा तीनवटा कार्यालयमा व्यवस्थापन गर्ने
२३	५.५.२.६	महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरूका लागि उपत्यकाभित्र सञ्चालन गर्न एउटा बस थप गर्ने
२४	५.५.२.७	मुद्दाको संख्या ५०० भन्दा बढी भएका उच्च सरकारी वकील कार्यालयमा कार्यालय प्रयोजनका लागि एकवटा हलुका सवारी साधनको व्यवस्था गर्ने
२५	५.५.३.२	अदालतमा दर्ता गर्ने लिखत विद्युतीय माध्यमबाट दर्ता गर्ने प्रविधिको विकासका लागि अध्ययन गर्ने
२६	५.५.३.५	सूचना प्रविधि महाशाखा र सरकारी वकील कार्यालयमा सूचना प्रविधि जनशक्तिको दरबन्दी स्वीकृत गराउन कार्य गर्ने
२७	५.५.४.७	सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारबाही र सेवा प्रवाह सम्बन्धमा टिभि कार्यक्रम संचालन गर्ने
२८	५.५.६.२	अपराधको प्रवृत्ति, फौजदारी कानूनमा सुधार समेतका विषयमा अध्ययन अनुसन्धान गर्न विशेषज्ञ जनशक्तिको सूची तयार गर्ने

योजना कार्यान्वयनका लागि प्रतिबद्ध जनशक्तिका साथै बजेटको पनि त्यत्ति कै जरूरत पर्दछ । यो रणनीतिक योजना सरकारी वकीलले आफ्मो मुख्य कार्यसम्पादन गर्दा समय व्यवस्थापन गरी कार्यसम्पादन सँगसँगै गर्नपर्ने खालको छ। सरकारी वकील बाहेक अरूले योजनाका क्रियाकलाप कार्यान्वयन गर्न मिल्ने वा सक्ने प्रकृतिका कम नै छन् । सरकारी वकीलको मूख्य कार्य सरकार वादी मुद्दामा अभियोजनका साथै सरकारी पक्षको प्रतिरक्षा गर्ने कार्य मै सरकारी वकीलले अहोरात्र खटिनु पर्ने अवस्था छ । सरकारी वकीलको मुख्य कामकै लागि जनशक्ति अपर्याप्त रहेको अवस्थामा योजनाको थप क्रियाकलाप कार्यान्वयन नहुनुलाई स्वभाविक रूपमा लिनुपर्ने हुन्छ । हालसम्मको कार्यान्वयनको प्रगतीलाई हेर्दा र कार्य उत्प्रेरणाका लागि कुनै थप सुविधा र अवसर नहुँदा

सरकारी वकीललाई दोष दिने ठाउँ छैन । त्यसैगरी सरकारले बजेट विनियोजन गर्दा महान्यायाधिवक्ताको कार्यालयलाई प्राथमिकतामा नपार्ने गरेको तथ्य नियमित रूपमा प्राप्त हुने बजेट पनि कटौती हुने गरेकोबाट स्पष्ट हुन्छ।

महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना सरकारी वकीलको मूख्य कार्यलाई आधार बनाई त्यसैको प्रभावकारिताको लागि क्रियाकलाप निर्धारण गरिएको कारण हालसम्म झण्डै ६७ प्रतिशत कार्यान्वयन भएको देखिए तापनि भौतिक संरचना निर्माण, भौतिक साधन, स्रोत, क्षमता विकास, सरोकारवालासँगको छलफल, समन्वय बैठक, अन्तरक्रियात्मक कार्यक्रम, सम्मेलन, अनुगमन, अध्ययन सामग्रीको तर्जुमा जस्ता अतिरिक्त क्रियाकलाप नगरी नहुने र यसका लागि अतिरिक्त पर्याप्त जनशक्ति, साधन र स्रोतको आवश्यकता पर्दो रहेछ ।

५.२ कार्यालय अनुगमन तथा अभियोजन परीक्षणः

महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका कार्यालयहरूको काम कारबाहीको बारेमा नियमित अनुगमन गरी थप सुधारका लागि निर्देशन गर्ने कार्यलाई यस आर्थिक वर्षमा समेत निरन्तरता प्रदान गरिएको छ । माननीय महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता लगायत बरिष्ठ अधिकारीबाट समेत सरकारी वकील कार्यालयको अनुगमन तथा अभियोजन परीक्षण गरिएको छ । अभियोजन परीक्षण तथा कार्यालय अनुगमन सम्बन्धी निर्देशिका जारी गरी कार्य सम्पादनको अवस्थाको अनुगमनलाई व्यवस्थित बनाउने प्रयास गरिएको छ । अनुगमनबाट सरकारी वकीलको कार्य सम्पादनमा त्रुटी हुन नपाउन, एकरूपता कायम गर्न तथा आगामी दिनमा लागि मार्गदर्शन हुने विश्वास लिइएको छ । कार्यालय अनुगमन तथा अभियोजन परिक्षण प्रतिवेदनका आधारमा मातहत कार्यालयलाई आवश्यक निर्देशन समेत जारी गरिएको छ । अनुगमन गरिएका सरकारी वकील कार्यालय र अनुगमन गर्ने अधिकारीको विवरण अनुसूची-८ मा समावेश छ ।

५.३ समुदायमा सरकारी वकील तथा कानूनी सचेतना कार्यक्रमः

सरकारी वकील र यिनीबाट सम्पादन हुने काम कारबाहीका सम्बन्धमा आम नागरिकलाई परिचित गराई सेवा प्रवाह र देशको फौजदारी न्याय प्रशासन सम्पादनमा समुदायको सहयोग प्राप्त गर्ने मुख्य उद्देश्यका महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयबाट समुदायमा सरकारी वकील कार्यक्रम विगत देखि नै संचलान हुँदै आएको छ । देशको पन्ध्रौं योजनाले समेत समुदायमा सरकारी वकील लगायतका कानूनी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने कार्यलाई देशको न्याय प्रणालीको लक्ष्य प्राप्तिको कार्यनीति निर्धारण गरेकाले यसको अझ बढि महत्व र सान्दर्भिकता देखिएको छ ।

महान्यायाधिवक्ताको कार्यालयबाट यस आ.व.मा देशको विभिन्न भौगोलिक क्षेत्र र वर्ग, समुदाय समेटिने गरी २५ वटा जिल्लामा समुदायमा सरकारी वकील तथा कानूनी सचेतना कार्यक्रम आयोजना गरिएको छ । यो कार्यक्रममा मूलभूत रूपमा गाउँ समाजमा घटित कसूरको सूचना दिने देखि लिएर नेपाल सरकार वादी हुने मुद्दाको कारबाही प्रक्रिया, अपराध पीडित तथा बालबालिकाका हक अधिकार र सोको प्रत्याभूति गर्ने विषयमा अनुभवी र दक्ष सरकारी वकीलबाट जनसमुदायलाई जानकारी गराउने, कार्यक्रममा सहभागीबाट कानून, न्याय र आफूलाई परेका पिर मर्का, अन्याय र अस्पष्टताका विषयमा र कानूनी उपचार प्राप्त गर्ने उपायका सम्बन्धमा राखिएका जिज्ञाशा समेतको सम्बोधन गर्ने गरिएको छ । यस वर्ष आयोजना गरिएको कार्यक्रमबाट जम्मा १६४६ जना सर्वसाधारण प्रत्यक्ष लाभान्वित भएका छन् । यस कार्यक्रमको माध्यमबाट कार्यक्रममा सहभागी आफूले अन्य व्यक्तिलाई जानकारी आदान प्रदान गर्दा देशको फौजदारी न्याय प्रशासन र हक अधिकारका बारेमा अझ बढि जनसमुदाय जानकार भएको विश्वास गरिएको छ ।

५.४ महान्यायाधिवक्ताको कार्यालयको अन्य गतिविधि:

(क) सरकारी वकील तथा कर्मचारी पुरस्कृत

नेपाल सरकारले निजामती सेवा दिवसको उपलक्ष्यमा नेपाल सरकारका कर्मचारीहरूलाई पुरस्कृत गर्ने क्रममा मिति २०८०।०५।२२ गते निजामती सेवा दिवस, २०८० को अवसरमा निजामती सेवा पुरस्कारबाट महान्यायाधिवक्ताको कार्यालय मातहत जिल्ला सरकारी वकील कार्यालय, हुम्लाकी सहायक जिल्ला न्यायाधिवक्ता श्री शिलुका लिंथेप पुरस्कृत हुनु भएको छ । त्यसै गरी महान्यायाधिवक्ताको कार्यालयबाट निजामती सेवा दिवसको अवसर पारेर महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत करार सेवाका हलुका सवारी चालक ४ जना (सन्तोषप्रसाद भण्डारी, कोमलराज गिरी, नरबहादुर थापा, लालबहादुर तामाङ) र कार्यालय सहयोगी ६ जना (हरिबहादुर माझी, समरराज नगरकोटी, नारायणी सुवेदी, बुद्धकाजी महर्जन, विकास आचार्य, भरसा पोडे) लाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरू र कर्मचारीहरूलाई महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिने पुरस्कार सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गरी लागू गरिएको छ।सो मापदण्डका आधारमा सरकारी वकील तथा कर्मचारीहरूलाई पुरस्कृत गर्ने अभ्यासलाई निरन्तरता दिइएको छ।महान्यायाधिवक्ताको कार्यालयको ७४ औं स्थापना दिवसको अवसरमा मिति २०८१।०९।०८ मा आयोजित कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता **श्री सूर्यराज दाहाललाई सर्वोत्कृष्ट सरकारी वकील, २०८१ (Attorney of the Year, 2081)** का रूपमा पुरस्कृत गरिएको थियो भने देहाय बमोजिमका सरकारी वकील तथा कर्मचारीहरूलाई पुरस्कृत गरिएको थियो।

सि.नं	पद	नाम थर	कार्यालय	पुरस्कार
१.	उपन्यायाधिवक्ता	श्री प्रकाश घिमिरे	म.न्या.का.,काठमाडौं	उत्कृष्ट सरकारी वकील
२.	जिल्ला न्यायाधिवक्ता	श्री चन्द्रबहादुर सिंजाली	जि.स.व.का.,रूकुम पश्चिम	उत्कृष्ट सरकारी वकील
३.	उपन्यायाधिवक्ता	श्री गोपालप्रसाद ढकाल	उ.स.व.का.,बागलुङ	उत्कृष्ट सरकारी वकील
४.	उपन्यायाधिवक्ता	श्री विना दाहाल	म.न्या.का.,काठमाडौं	उत्कृष्ट सरकारी वकील
५.	जिल्ला न्यायाधिवक्ता	श्री मोहनी प्रसाद जोशी	जि.स.व.का.,बैतडी	उत्कृष्ट सरकारी वकील
६.	सहायक न्यायाधिवक्ता	श्री डिल्लीराज ज्ञवाली	उ.स.व.का.,नेपालगञ्ज	उत्कृष्ट सरकारी वकील
७.	कम्प्युटर अपरेटर	श्री सुनिता नेउपाने	वि.स.व.का.,काठमाडौं	उत्कृष्ट कर्मचारी
८.	नायब सुब्बा	श्री शिला कुमारी चौधरी	उ.स.व.का.,बिरगञ्ज	उत्कृष्ट कर्मचारी
९.	नायब सुब्बा	श्री युरेश थपलिया	म.न्या.का.,काठमाडौं	उत्कृष्ट कर्मचारी
१०.	कार्यालय सहयोगी	श्री देव बहादुर कटुवाल	जि.स.व.का.,मोरङ	उत्कृष्ट कर्मचारी

(ख) माननीय महान्यायाधिवक्ताबाट विभिन्न देशका पदाधिकारीसँग शिष्टाचार भेट

यस वर्ष माननीय महान्यायाधिवक्ताबाट विभिन्न देशका कुटनीतिक प्रतिनिधिसँग शिष्टाचार भेटघाट तथा समसामयीक विषयमा छलफल भएको छ । यसको विवरण देहायको तालिकामा उल्लेख गरिएको छः

S.N.	Name/Head of the Delegation	Position	Country/Institute	Visit Date
1.	H.E. Mr. Che Song	Ambassador of China to Nepal	China	April 2, 2024
2.	Mr. Marco Teixeira	UNODC Regional Representative for South Asia	UNODC	July 30, 2024

3.	Mr. Philipp Meissner	Inter-regional Advisor/Team Leader (Prison and Penal Reform)	UNODC	August 13, 2024
4.	Mr. Rory Mungoven,	Chief of the Asia Pacific	Office of the High Commissioner for Human Rights (OHCHR)	September 1, 2024
5.	Mr. Numan Ozca	Country Director	International Labour Organization Nepal	September 4, 2024

५.५ अनुसन्धानमूलक अध्ययन प्रतिवेदन

महान्यायाधिवक्ताको कार्यालयबाट आ.व.२०८०।०८१ मा विभिन्न विषय क्षेत्रमा अनुसन्धानमूलक अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ । यस वर्ष भए गरेका अनुसन्धानमूलक अध्ययन सम्बन्धी प्रतिवेदनका संक्षिप्त विवरण देहाय बमोजिम छः

(क) फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव, २०८१

मुलुकी अपराध संहिता लगायतका फौजदारी कार्यविधि कानून र सजाय निर्धारण कानूनमा रहेका कमी तथा कार्यान्वयनमा देखिएका कठिनाइ र समस्या पहिचान गर्ने, मुलुकी अपराध संहिता र अन्य विशेष कानूनमा देखिएको दोहोरोपना पहिचान गरी दण्ड सजाय तथा जरिवाना लगायतका विषयमा एकरुपता तथा सामञ्जस्यता कायम गर्न गरिनु पर्ने कानूनी सुधारका उपाय पहिचान गर्ने लगायतका विषय समावेश गरी फौजदारी कार्यविधि कानून तथा फौजदारी न्याय प्रशासन सम्बन्धी कानून र सो कार्यान्वयनमा सम्बद्ध संरचनामा गर्नुपर्ने सुधारका लागि सुझाव सहित नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्न माननीय महान्यायाधिवक्ताको संयोजक्तवमा यस विषयका विज्ञहरु रहने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।१०।१८ गतेको निर्णयानुसार कार्यदल गठन गरिएको थियो।

सो कार्यदलले अध्ययन गरी नेपाल सरकार समक्ष पेश गरेको प्रतिवेदनमा मुख्य रूपमा प्रचलित संहिता कानूनका साथसाथै फौजदारी न्याय प्रशासनसँग सम्बन्धित विशेष कानूनहरू बालबालिका सम्बन्धी ऐन, अध्यागमन ऐन, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, लागू औषध (नियन्त्रण) ऐन, सवारी तथा यातायात व्यवस्था ऐन, सङ्गठित अपराध निवारण ऐन, वन ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा गरिनु पर्ने सुधारका साथै नयाँ देखिएका नियमन र नियन्त्रण गर्नु पर्ने विषयमा कानूनी व्यवस्था थप गर्न सुझाव दिइएको छ । त्यसैगरी सो कार्यदलले आफ्नो प्रतिवेदनमा संस्थागत सुधार तर्फ कसूरको अनुसन्धान, अभियोजन, न्यायिक कारबाही र सजाय कार्यान्वयनका विषय समेत उल्लेख गरी सुझाव दिएको छ ।

प्रतिवेदनमा उल्लिखित सिफारिसलाई संक्षिप्तमा उल्लेख गरिएको छः

१. एकै विषयमा सामान्य कानून र विशेष कानूनमा कसूर कायम गरी सजायको कानूनी व्यवस्था गरिएकोमा कार्यान्वयनमा द्विविधा हुने हुँदा कसूर कायम र सजायको प्रबन्ध सामान्य कानूनबाट नियमन गरी अन्य व्यवस्थापन लगायतका विषय विशेष कानूनबाट निरुपण हुनु उपयुक्त हुने,

२. व्यापार तथा वाणिज्य सम्बन्धी कानूनमा कैद सजाय गर्ने विषयमा देवानी दायित्व, नियमनकारी कारबाही र फौजदारी दायित्वको विषयमा विचार गरी सानातिना कसूरमा कैद सजायको सट्टा जरिवाना गर्ने व्यवस्था गर्ने, उद्योग, व्यापार तथा वाणिज्य क्षेत्रमा रहेको कानूनमा रहेको पाँच रुपैँयादेखि पचास रूपैँयासम्म जरिवाना गर्ने जस्ता २०१३, २०१४ साल देखिका कानूनी व्यवस्थालाई राज्यको दण्डनीतिको आधारमा पुनरावलोकन गरी समसामयिक बनाउनु पर्ने,

३. Corporate Criminal Liability हुने आर्थिक तथा वित्तीय प्रकृतिका कसूरजन्य कार्यमा महान्यायाधिवक्ताको अनुमति लिई Deferred Prosecution हुने गरी सम्बन्धित कानूनमा सुधार गर्नुपर्ने,

४. आर्थिक तथा वित्तीय प्रकृतिका कसूरजन्य कार्यमा कैद सजायको सट्टा विगो भराउने र जरिवाना केन्द्रित सजाय हुने कानूनी व्यवस्था गर्नु पर्ने ।

५. कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफतको विषयमा यस सम्बन्धमा रहेको विशेष ऐनबाटै विस्तृत व्यवस्था भइसकेकोले मुलुकी फौजदारी कार्यविधि संहितामा रहेको त्यस सम्बन्धी व्यवस्थालाई हटाउने र कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत ऐनका व्यवस्थालाई नेपाल सरकार वादी हुने फौजदारी मुद्दासँग अन्तर सम्बन्धित हुने गरी कानूनी व्यवस्था गर्ने,

६. सबै कसूरका पीडितलाई पीडित राहत कोषबाट अन्तरिम क्षतिपूर्ति, उपचार खर्च तथा क्षतिपूर्ति उपलब्ध हुने गरी सम्बन्धित ऐनमा परिमार्जन गर्ने साथै जरिवाना वापतको रकम असुल गरी निश्चित प्रतिशत सोझै सो कोषमा दाखिला गर्ने कानूनी व्यवस्था हुनु पर्ने,

७. विभिन्न विशेष कानूनमा व्यवस्था गरिएका कसूरको मात्रा र सजायको प्रबन्ध मुलुकी अपराध संहिताले अबलम्बन गरेको सजाय सम्बन्धी मान्यताको आधारमा हुने गरी परिमार्जन गर्नुपर्ने,

८. प्यारोलमा छाड्न नसकिने कसूर रकैद कट्टा हुने कसूरको नकारात्मक सूचीमा पुनरावलोकन गरी परिमार्जन गर्नु पर्ने,

९. फौजदारी कानूनका क्षेत्रमा नयाँ कानून बनाउँदा वा भैरहेको कानूनमा सुधार वा परिमार्जन गर्दा निश्चित घटना केन्द्रित भन्दा त्यस विषयमा अध्ययन गरी त्यसको प्रभाव र अन्य फौजदारी कानूनसँगको सामाञ्जस्यता समेतमा विचार गर्ने,

१०. अपवादात्मक अवस्थामा बाहेक फौजदारी कसूरजन्य कार्यको सुरु कारबाही र किनारा गर्ने अधिकार न्यायिक निकाय गर्नेमा रहने गरी कानूनी व्यवस्था (अदालत), साथै उच्च अदालतमा सुरु कारबाही र किनारा गर्ने गरी गरिएको हालको क्षेत्राधिकारमा पुनर्विचार गर्ने,

११. कुनै कार्यलाई अपराधीकरण गरी सजायको व्यवस्था गर्दा के कस्ताकाम कारबाहीलाई नियमन गर्न खोजेको हो सो सम्बन्धमा स्पष्ट उल्लेख नगरी अमूर्तकुराहरु उल्लेख गर्दा ती कानूनी व्यवस्थाको यथोचित रुपमा पालना हुन नसकेको विद्यमानता रहेको हुँदा कानूनबाट कुनै कार्यलाई नियमन गर्दा के कस्ता कार्यलाई नियमन गर्न खोजिएको हो स्पष्ट उल्लेख गर्ने,

१२. फौजदारी कसूरमा हुने सजायलाई कुनै घटना विशेषका आधारमा बढाउने वा घटाउने कार्य आफैमा न्यायोचित हुने देखिँदैन । दण्ड नीतिमा पुनरावलोकनको विषय गहन अध्ययन र अनुसन्धानका आधारमा तय गरिनु उपयुक्त हुने,

१३. बालबालिकाको उमेर १८ वर्ष र विवाह गर्ने न्यूनतम् उमेर २० वर्षमा थप अध्ययन गरी पूनरावलोकन गर्न आवश्यक रहेको ।

(ख) नेपालमा साइबर कसूर सम्बन्धी कानूनको प्रभाव मूल्यांकन, २०८१

नेपालमा साइबर कसूरको अनुसन्धान र अभियोजनमा देखा परेका समस्या तथा चुनौतीमा केन्द्रित रही तयार गरिएको प्रतिवेदनमा अदालतमा दर्ता भएका विगत पाँचवर्षका मुद्दाका चालु तथा फैसला भएका मिसिल अध्ययन गरी विश्लेषण गरिएको छ । नायब महान्यायाधिवक्ताको अनुगमन र सहन्याधिवक्ताको संयोजकत्वमा गठीत कार्यदलले प्रचलित विद्युतीय (इलेक्ट्रोनिक) कारोबार सम्बन्धी ऐन, २०६३ लगायत नीतिगत, कानूनी, संरचनागत, व्यवस्थापकीय र कार्यविधिगत पाटोलाई समेटी प्रतिवेदन तयार गरेको छ । प्रतिवेदनको निष्कर्ष देहाय बमोजिम रहेको छः-

(१) अन्य परम्परागत कसूर जस्तै विद्युतीय कारोवार सम्बन्धी मुद्दाको संख्या समेत अधिक रहेकामा फैसलाबाट कसूर कायम भएको मुद्दा संख्या समेत उल्लेख्य नै रहेको,

(२) कानूनले परिकल्पना गरेको मुद्दा हेर्ने सूचना प्रविधि न्यायाधिकरण स्थापना भएमा कसूर कायम हुने संख्या र कसूर कायमको आधारमा थप स्पष्टता हुने हुँदा न्यायाधिकरणको गठनलाई प्राथमिकता दिनुपर्ने,

(३) साईवर कसूरमा संलग्न हुने अधिक संख्यामा युवा र बालबालिका तथा विद्युतीय साधनमा पहुँच भएका व्यक्ति हुने गरेका, सामाजिक सञ्जालको दुरूपयोग गरीकसूर हुने गरेको र कसूर महिला र बालिकाप्रति लक्षित हुने गरी गरेको देखिदा शिक्षा प्रणालीमा सुधार र युवा र बालबालिका लक्षित जनचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(४) पेशा व्यवसायमा संलग्नलाई थप सजाय हुने कानूनी व्यवस्थाका साथै विद्यार्थी लगातयका बालबालिका उपर शिक्षक, अभिभावकको निगरानी हुने र केही हदसम्म भएपनि जिम्मेवार बनाउने, सामाजिक सञ्जाल सञ्चालनको नियमन, व्यवस्थापन, समूचित प्रयोग र नियन्त्रण सम्बन्धमा जिम्मेवार निकाय तोक्ने र सामाजिक सञ्जाल प्रयोगमा नियन्त्रणमुखी कानून आवश्यक देखिएको,

(५) साइबर कसूरको प्रकृति हेर्दा साइबर असिस्टेड भन्दा साइबर इनेल्वड मुद्दाहरु नै बढी देखिन्छ तसर्थ साइबर कसूरमा कम्प्युटर लक्षित कसूर भन्दा कम्प्युटर विना पनि कसूर हुन्छ भन्ने देखिएकोले कानून निर्माण गर्दा सो तर्फ ध्यान दिई बहिर्क्षेत्रीय क्षेत्राधिकारको व्यवस्था गर्नुपर्ने,

(६) अभियुक्तले इन्कारी बयान गर्ने, पीडितले प्रतिकूल बकपत्र गर्ने वा बकपत्र गर्न उपस्थित नै नहुने प्रवृत्ति देखिएकाले र मौखिक प्रमाणबाट कसूरदार यकिन गर्न कठिनाई हुने समेत भएकाले वैज्ञानिक प्रमाणले कसूर र कसूरदार पुष्टी हुन जरूरी देखिदा कसूरको अनुसन्धानलाई प्रभावकारी वनाउन वैज्ञानिक परिक्षणको उपलब्धता र अनिवार्यता गराउने,

(७) मोबाइल फोन प्रयोगकर्ताको गोपनीयताको हकको सम्मान गर्दै सुक्ष्म अनुगमन र निगरानी अधिकारीको व्यवस्था, मोबाइल धनीलाई मोवाईल फोनको दुरूपयोग नहुने तर्फ जिम्मेवार बनाउने, मोबाइल फोनको ट्र्याकिङ्गलाई सरलिकृत गर्न जरूरी रहेको,

(८) अनुसन्धान, अभियोजन र न्याय सम्पादन अधिकारीलाई सूचना मैत्री बनाउन, एक अर्का बीच Joint E System बिकास गर्न जनशक्तिको क्षमता विकास, बजेट र कानूनको आवश्यकता रहेको ।

(ग) करणी सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण तथा कानूनको प्रभाव मूल्याङ्कन, २०८१

नेपालमा यौनजन्य अपराधमा अनुसन्धान भई अदालत समक्ष दायर भएका कसूरको प्रवृति, यसको संख्यामा भएको वृद्धि र यसको कारण, यौनजन्य कसूरको अनुसन्धान र अभियोजन गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरु, कानून र व्यवहार, हाम्रो अनुसन्धान र अभियोजनमा उठ्ने गरेको प्रश्न तथा जबरजस्ती करणीको सम्बन्धमा नेपालको सर्वोच्च अदालतको दृष्टिकोण लगायतका विषयहरुलाई समेटी प्रस्तुत अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

नायब महान्यायाधिवक्ताको अनुगमनमा सहन्यायाधिवक्ता संयोजक र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रहरी प्रधान कार्यालयका प्रतिनिधि समेतरहेको अध्ययन कार्यदलले कानून कार्यान्वयन गर्ने अधिकारीसँग प्रश्नावली सर्वेक्षण, मिसिल अध्ययन, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको अध्ययन, विश्लेषण, तुलना गरी निस्कर्ष निकालेको छ । प्रतिवेदनको निचोडको सारसंक्षेप देहाय बमोजिम रहेको छः-

(१) कसूरको अनुसन्धान तथा अभियोजन अधिकारी अधिकांश तालिम प्राप्त र कार्यानुभव रहे भएकाको संख्या अधिक रहेको,

(२) कसूर पीडित धेरै १४ वर्ष मुनिका, कसूर गर्ने पीडितकै नातागोता वा चिनाजान कै वयष्क र घटना स्थल पीडित कै घर कोठामा बल प्रयोग गरेर अधिक हुने गरेको भन्ने देखिएको छ,

(३) अनुसन्धान गर्दा सबै मुद्दामा पीडितको स्वास्थ्य परिक्षण गर्ने गरिएको, पीडितको शरीरमा चोट चिन्ह देखिने गरेको, शंकित पक्राउ परी सावित हुने गरेको देखिए पनि पीडित प्रभाव प्रतिवेदन कुनैपनि मिसिलमा नरहेको देखिएको छ।

(४) अभियोजन वारदात भएको एक महिना भित्रै, उपयुक्त दफाको प्रयोग गरी निरन्तर सुनुवाईको जिकीर लिई गर्ने गरेको देखिने,

(५) अधिकांश अभियुक्तले अदालतमा इकारी बयान गरेको देखिए पनि पीडितले धेरैले भने जाहेरी अनुकूल बकपत्र गरेको पाईएको छ,

(६) जिल्ला अदालतबाट भएका अधिकांश फैसला कसूर कायम हुने गरीर अभियोग दर्ता भएको छ महिना भित्रै फैसला भएको देखिएको छ भने पुनरावेदन पनि प्रतिवादीले भन्दा सरकारका तर्फबाट बढि भए गरेको देखिएको छ ।

(७) सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्धान्तलाई हेर्दा पीडितको बकपत्रलाई कसूर कायमको मुख्य आधार लिएको देखिए पनि पीडितले प्रतिकूल बकपत्र गरेपनि स्वाथ्य परिक्षण प्रतिवेदनले पुष्टी गरे कसूर कायम भएको, सर्वोच्च अदालतमा दर्ता भएको मितिले कम्तिमा ५ वर्ष फैसला हुन समय लाग्ने गरेको देखियो भने सर्वोच्चले गरेका फैसलामध्ये कसूर कायम भएका मुद्दा नै अधिक रहेका छन् ।

(घ) बिगो निर्धारण मापदण्ड, २०८१

नेपाल सरकार वादी भई चलाइने फौजदारी मुद्दाहरुमा अभियोगपत्र दायर गर्दा वस्तुनिष्ठ, ठोस, निश्चयात्मक एवं वैज्ञानिक प्रमाणको आधारमा यकिन बिगोतथा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको दाबी लिने सम्बन्धमा मापदण्ड सहितको निर्देशिकाको मस्यौदा तयार गर्नका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न नायब महान्यायाधिवक्ताको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो । सो कार्यदलले तयार गरेको प्रतिवेदनमा क्षतिपूर्तिका साथसाथै वस्तुपरक विगो निर्धारण सम्बन्धमा उल्पकालिन र दीर्घकालिन रूपमा अवलम्वन गर्नुपर्ने विभिन्न सुझाव उल्लेख छ ।सो प्रतिवेदन समेतलाई आधार बनाई नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन गर्दा बिगो निर्धारण सम्बन्धी काम कारबाही र प्रक्रियालाई एकरूपता कायम गरी वस्तुनिष्ठ बनाई सरल, स्पष्ट र व्यवस्थित गर्न बिगो निर्धारणसम्बन्धी निर्देशिका, २०८१ निर्देशिकाको प्रारम्भिक मस्यौदा तर्जुमा गरिएको छ ।यस निर्देशिका उपर सरोकारवाला तथा विज्ञ समेतको परामर्श लिई थप परिमार्जन गरी कार्यान्वयनमा ल्याउने क्रममा रहेको छ ।

(ङ) सरकारी वकील कानून तथा व्यवस्थापकीय सुधार प्रतिवेदन, २०८१

महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको समष्टिगत व्यवस्थापकीय सुधारका लागि नेपालको संविधानको धारा १६१ बमोजिमको सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाकासर्त सम्बन्धी कानूनको प्रारम्भिक मस्यौदा तयार गर्नुका साथै कार्यालयका कार्यसम्पादनमा थप प्रभावकारिता ल्याउन अवलम्वन गर्नुपर्ने कानूनी, नीतिगत, संरचनागत र व्यवहारिक कार्यमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव सहितको प्रतिवेदन दिन कार्यदल गठन भएको थियो ।

नायब महान्यायाधिवक्ताको अनुगमनमा सहन्यायाधिवक्ता संयोजक र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेत रहेको अध्ययन कार्यदलले संविधानको धारा १६१ अनुसारको कानूनको मस्यौदा गर्नुका साथै सरकारी वकीलको कार्यसम्पादन, सस्थागत सुदृढिकरण र समष्टिगत व्यवस्थापकीय सुधारको लागि यस अधि भएका प्रयास, सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा जारी भएका निर्देशन र महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न समयमा दिएका निर्देशन, जारी गरिएका नीति, मापदण्ड, कार्यविधि समेतको अध्ययन विश्लेषण गरी यस सम्बन्धमा सबै तहका सरकारी वकील कार्यालयबाट सुझाव समेत लिई सरकारी वकील तथा संस्थाको समष्टिगत व्यवस्थापकीय सुधारका लागि तत्काल र दीर्घकालिन रूपमा अवलम्वन गर्नुपर्ने उपायका क्षमता विकासका लागि पाठ्यक्रमको मस्यौदा सहित प्रतिवेदन तयार गरेको छ।

सरकारी वकील तथा महान्यायधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्वन्धी ऐन, २०८१ को मस्यौदामा भएका प्रमुख व्यवस्थाः

(१) यो ऐनमा सरकारी वकील तथा सरकारी वकील कार्यालयमा रहने कर्मचारीका लागि छुट्टै व्यवसायिक सेवाको रूपमा सरकारी वकील सेवा गठन, सरकारी वकील कार्यालय र कार्यालयमा रहने पद, यिनको नियुक्ति, सरूवा, बढुवा, विभागीय कारबाही, अवकाश एवं साविकका कर्मचारीको समायोजनका साथै सरकारी वकील तथा कर्मचारीको पारिश्रमिक तथा सुविधाका व्यवस्था छन् ।

(२) सरकारी वकील सेवामा रहने सरकारी वकील तथा कर्मचारीको तहगत व्यवस्था गरिएको छ । सरकारी वकील तर्फ राजपत्रांकित तह रहने जसमा विशिष्ट श्रेणीको बरिष्ठ न्यायाधिवक्ता (अधिकृत चौधौं र तेह्रौं तह), उच्च न्यायाधिवक्ता (अधिकृत बाह्रौं र एघारौं तह), न्यायाधिवक्ता (अधिकृत दशौं र नबौं तह) तथा सहायक न्यायाधिवक्ता (अधिकृत आठौं र सातौं तह) रहने व्यवस्था छ ।कर्मचारीतर्फ राजपत्रांकित अधिकृत छैठौं तहको शाखा अधिकत, राजपत्र अनंकित तर्फ सहायक पाँचौं तहको नायब सुब्बा, सहायक चौथो तहको खरिदार, सहायक तेस्रो तहको मुखिया, सहायक दोस्रो तहको बहिदार र सहायक पहिलो तहका सवारी चालक तथा कर्मचारीको व्यवस्था छ ।

(३) हाल कायम रहेको नेपाल न्याय सेवा सरकारी वकील समूहका अधिकृत तथा अन्य कर्मचारी कै दरबन्दी सरकारी वकील सेवाको दरबन्दी मिलान गरिने, नेपाल सरकारले समय समयमा परिषद्को सिफारिसमा सरकारी वकील तथा अन्य कर्मचारीको दरबन्दी पुनरावलोकन गर्ने, सरकारी वकील सेवामा सो सेवाका अतिरिक्त नेपाल सरकारले स्वीकृत गरे बमोजिम नेपाल निजामती सेवाका अधिकृत तथा सहायक स्तरका कर्मचारीको समेत दरबन्दी रहने, सरकारी वकील सेवामा राजपत्र अनंकित तर्फ दोस्रो र तेस्रो तहमा हाल कार्यरत कर्मचारी समायोजन भई कार्यरत रहेको अवस्थामा बाहेक नयाँ नियुक्ति नगरीने र त्यस्ता रिक्त पद स्वतः खारेज हुने समेतको व्यवस्था यो ऐनले गरेको छ ।

(४) सरकारी वकीलको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खास्तीको सिफारिश गर्न र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरुको परामर्श दिन माननीय महान्यायाधिवक्ताको अध्यक्षतामा सरकारी वकील परिषद् रहने व्यवस्था प्रस्तुत ऐनले गरेको छ ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल न्याय सेवा, सरकारी वकील समूहमा कार्यरत अधिकृतहरु यस ऐन अन्तर्गत सरकारी वकीलको पदमा नियुक्त हुन नसकेमा वा नियुक्त हुन नचाहेमा वा सरकारी वकील सेवामा आवद्ध हुन नचाहेमा त्यस्ता कर्मचारी साविक बमोजिम नै नेपाल न्याय सेवाका कर्मचारीको रुपमा रहने व्यवस्था गरिएको छ । सरकारी वकीलमा समायोजन नभएका यस्ता कर्मचारीको हकमा विशेष दरबन्दी सृजना हुने, निजको अवकाशसंगै त्यस्तो विशेष पद स्वतः खारेज हुने र त्यस्ता कर्मचारी मध्ये अधिकृत स्तरकालाई महान्यायाधिवक्ताले सरकारी वकीलको रूपमा कामकाज गर्न खटाउन सक्ने समेत व्यवस्था गरिएको छ ।

(६) सरकारी वकील सेवामा नियुक्तिको लागि योग्यता तथा अयोग्यता समेत ऐनले निर्धारण गरेको र सो सेवामा अन्य सरकारी सेवाबाट अन्तरतह प्रतियोगिता र खुल्ला प्रतिस्पर्धाबाट समेत सरकारी वकील सेवामा प्रवेस गर्न सक्ने व्यवस्था खुल्ला गरिएको छ ।

(७) सरकारी वकील सेवामा तहगत रूपमा नियुक्ति हुन परिषद्ले सिफारिस गर्दा कार्यरत तल्लो तहको सरकारी वकीललाई प्राथमिकता दिनुपर्ने व्यवस्था राखिएको भएतापनि उच्च न्यायाधिवक्ता र न्यायाधिवक्ताको पदमा योग्यता पुगेका नेपाल न्यायसेवाका अधिकृतका अतिरिक्त, कानून व्यवसायी र कानून र न्यायको क्षेत्रमा काम गरीख्याती प्राप्त गरेका व्यक्तिलाई समेत नियुक्ति सिफारिस गर्न सक्ने व्यवस्था समेत ऐनले गरेको छ ।

५.६ संस्थागत सुधारका सम्बन्धमा भएका प्रयासः

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयको संस्थागत सुधारका क्षेत्रमा यस आर्थिक वर्षमा भएका उल्लेखनीय कार्य देहाय बमोजिम रहेका छन् -

(क) सम्माननीय प्रधानमन्त्रीको अवलोकन भ्रमण र सम्बोधन

सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीबाट मिति २०८१।०४।२९ मा महान्यायाधिवक्ताको कार्यालयको अवलोकन भ्रमण भएको थियो । कार्यालय अवलोकनको क्रममा सरकारी वकील तथा कर्मचारीलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्रीबाट सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी कानून बनाउन नेपाल सरकारले आवश्यक पहल गर्ने, महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा साधन स्रोत उपलब्ध गराई सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुदृढीकरणका लागि नेपाल सरकारबाट पर्याप्त सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त भएको थियो ।

(ख) फौजदारी न्याय प्रशासनको सबलीकरणको लागि विभिन्न प्रशिक्षण, तालिम, कार्यक्रम आयोजना

महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा सरकारी वकीलका साथै अनुसन्धान अधिकारी र न्याय प्रशासन संबद्ध निकायका अधिकारी समेतको सहभागितामा यस वर्ष विभिन्न अन्तरक्रिया, कार्यशाला, क्षमता विकास तथा अभिमूखिकरण सम्वन्धी कार्यक्रम आयोजना गरिएको छ । मुख्य कार्यक्रमहरू देहाय बमोजिम रहेका छन्

सि.नं.	कार्यक्रम मिति	स्थान	कार्यक्रमको विषय
१	२०८०।१२।०४	काठमाडौं	राजस्व सम्बन्धी कसूरहरूको अनुसन्धान र अभियोजन सम्बन्धी तालिम
२	२०८०।१२।२४	काठमाडौं	लैङ्गिक न्याय, जातीय छुवाछुत तथा भेदभाव विरुद्धको कसूर र साक्षी संरक्षण सम्बन्धी अन्तरक्रिया
३	२०८१।१।७,८	काठमाडौं	साइबर कानून र सङ्गठित अपराध विषयक दुई दिवसीय कार्याशाला
४	२०८१।०१।१९	विराटनगर	फौजदारी न्याय प्रशासन अध्ययन तथा सुधार कार्यदलको प्रादेशिक अन्तरक्रिया
५	२०८१।१।२२	वीरगञ्ज	नवीनतम् कानून र न्यायिक पद्दति कार्यान्वयन सम्बन्धी प्रादेशिक अन्तरक्रिया
६	२०८१।३।७	काठमाडौं	सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर र यसको अनुसन्धान तथा अभियोजन सम्बन्धी छलफल
७	२०८१।३।२२	वीरगञ्ज	सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर र यसको अनुसन्धान तथा अभियोजन सम्बन्धी प्रशिक्षण
८	२०८१।५।१८	बाँके	नवीनतम् कानून र न्यायिक पद्दति कार्यान्वयन सम्बन्धी प्रादेशिक अन्तरक्रिया
९	२०८१।५।२२	विराटनगर	नवीनतम् कानून र न्यायिक पद्दति कार्यान्वयन सम्बन्धी प्रादेशिक अन्तरक्रिया
१०	२०८१।५।२२	विराटनगर	सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर र यसको अनुसन्धान तथा अभियोजन सम्बन्धी प्रशिक्षण
११	२०८१।५।२८	काठमाडौं	लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री अनुसन्धान र अभियोजन सम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा विधि विज्ञान प्रयोगशालाको स्थापना र स्तरोन्नतीका लागि सम्भाव्यता अध्ययन,

			स्थान, सामाग्री, जनशक्ति, आपूर्ति व्यवस्था र निरन्तरता समेतका विषयमा सुझाव सहित तयार गरिएको प्रतिवेदनको प्रसार तथा अन्तरक्रिया
१२	२०८१।५।२९	भैरहवा	सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान र अभियोजन सम्वन्धी तालिम
१३	२०८१।७।२४	पोखरा	सङ्गठित अपराध तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान र अभियोजन सम्वन्धी तालिम
१४	२०८१।८।१	नेपालगञ्ज	सङ्गठित अपराध तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान र अभियोजन सम्वन्धी तालिम
१५	२०८१।८।१२	काठमाडौं	सङ्गठित अपराध तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी राष्ट्रिय कार्यशाला
१६	२०८१।८।१७	काठमाडौं	AI र Cryptocurrency सम्बन्धी कसूरहरूको अनुसन्धान र अभियोजन सम्बन्धी तालिम
१७	२०८१।८।२४	काठमाडौं	AI र Cryptocurrency सम्बन्धी कसूरहरूको अनुसन्धान र अभियोजन सम्बन्धी तालिम

(ग) प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति, २०८०

फौजदारी न्याय प्रशासनको सन्दर्भमा कसूरदारलाई सुधार गरी समाजमा पुनर्स्थापना गर्न विकास भएका सजायको आधुनिक अवधारणाको रूपमा रहेको प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयनको लागि फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३९ को उपदफा (१) को खण्ड (क) बमोजिम सिफारिस भएको प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति, २०८० नेपाल सरकार, मन्त्रिपरिषद्को मिति२०८०/११/०६ को निर्णयबाट स्विकृत भई लागू भएको छ।

(घ) प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा पालना गर्नुपर्ने शर्तहरू, २०८०

न्यायपूर्ण, शान्तिपूर्ण र सुरक्षित समाज सिर्जना गरी सर्वसाधारणको हित र सदाचार कायम गर्नको लागि फौजदारी कसूर गर्ने कसूरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यान्वयन गर्ने सम्बन्धमा कैदीलाई प्रोवेश तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू, २०८० तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।

(ङ) सरकारी वकील निर्देशन श्रृङ्खला

नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन विभिन्न समस्यामूलक तथा द्विविधा हुने विषयमा स्पष्टता र एकरूपता कायम गर्न महान्यायधिवक्ताको कार्यालय, व्यवस्थापन समितिको निर्णय सिफारिस बमोजिम माननीय महान्यायाधिवक्ताबाट सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम मातहत कार्यालयलाई नियमित रूपमा निर्देशन जारी गर्ने पद्धतिको थालनी २०७८ सालदेखि प्रारम्भ गरिएको छ।

यसरी निर्देशन जारी गर्ने क्रममा विगत वर्षसम्म ३३ बुँदे निर्देशन जारी गरिएकोमा यस वर्ष समेत सो निर्देशन श्रृङ्खलालाई निरन्तरता दिइएको छ । यस प्रतिवेदनको अवधिसम्म जारीगरिएका निर्देशनको संक्षित विवरण देहाय बमोजिम रहेको छः-

निर्देशन नं. ३४ -मिति २०८०।८।४ मा सहकारी ठगी मुद्दामा समेत मिलापत्र गर्न आदेश दिन सकिने,

निर्देशन नं. ३५ - मिति २०८१।६।८ मा मिलापत्र गर्न सकिने मुद्दा विस्तार (अनुचित लेनदेन, सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी सम्बन्धी आपराधिक विश्वासघात, सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी सम्बन्धी ठेक्का वा करारको काममा फरक पार्ने सम्बन्धी मुद्दा, सर्वसाधारणको सम्पत्ति हानि, नोक्सानी भएको आपराधिक उपद्रव सम्बन्धी मुद्दा) गर्नुका साथै विगो यकिन भएका कुनै प्रतिवादी र कानूनी व्यक्तिका हकमा समेत मिलापत्र गराउन आदेश दिन सकिने,

निर्देशन नं. ३६ - ऋण लिएका व्यक्तिले ऋण चुक्ता नगरेको कारणले उत्पन्न भएको बैङ्किङ्ग कसूर वा सहकारी ऐन अन्तर्गतको कसूरमा अनुसन्धानको क्रममा तिर्नु पर्ने सावाँ, व्याज भुक्तान गरेकोभए मुद्दा नचलाउने, मुद्दा दर्ता गरेको भएपनि सम्बन्धित बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा पीडित व्यक्ति र प्रतिवादीले कानून बमोजिम प्रक्रिया पूरा गरी मिलापत्र गर्न चाहेमा मिलापत्रको लागि आदेश दिने ।

निर्देशन नं. ३७ - महिला र पुरुष दुबै जना नाबालक भएको र बाबु आमाको मञ्जुरी नलिई विवाह गरेको वा भागी अर्को स्थानमा गई वैवाहिक सम्बन्ध कायम गरेको जरियाबाट उठान भएको मुद्दामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिई अधिक अपराधिकरण नहुने गरी सामान्यतया बालविवाहको कसूरमा मात्र अनुसन्धान र अभियोजनको कारबाही अगाडि बढाउने,

निर्देशन नं. ३८ - पक्राउ पूर्जी जारी नभएको वा अनुसन्धानको क्रममा हिरासतमा नराखी अनुसन्धान भएका व्यक्तिलाई अभियोगपत्र साथ उपस्थित गराउन नसकेकोमा अभियोग पत्रमा "फरार" को सट्टा "अनुपस्थित प्रतिवादी" भनी उल्लेख गर्ने,

निर्देशन नं. ३९ - कसूरको अनुसन्धानको क्रममा रोक्का राखिएको सम्पत्ति फुकुवा गर्न लेखि पठाउने सम्बन्धमा,

निर्देशन नं. ४०- मिति २०८१।७।६ मा - फैसला कार्यान्वयनको चरणमा समेत मिलापत्र गर्न आदेश दिन सकिने,

(च) महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) बमोजिम महान्यायाधिवक्ताबाट मिति २०८१।६।४ देखि लागू हुने गरी मातहतका सरकारी वकीललाई देहायका विषयमा थप अधिकार प्रत्यायोजन भएको छः

(१) न्याय प्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम पुनरावलोकन गर्ने वा नगर्ने अन्तिम निर्णय सम्बन्धित नायब महान्यायाधिवक्ताले गर्ने,

(२) अभियोग माग दाबी बमोजिम सबै प्रतिवादीको हकमा कसूर ठहर भई सजाय भएको तर जफतको माग दाबी लिइएका साधन वा सम्पत्ति जफत नहुने वा सो विषयमा फैसलामा नबोलेकोमा पुनरावेदन गर्नुनपर्ने भए अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने,

(३) चोरी तथा डाँकासम्बन्धी कसूरमा अभियोग मागदाबी बमोजिम सबै प्रतिवादीको हकमा कसूर ठहर भई सजाय भएको तर मागदाबी लिइएको विगो मध्ये बरामद भएको बिगो मात्र भराउने गरी फैसला भएकोमा पुनरावेदन गर्नु नपर्ने भए अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने,

(४) जरिवाना वा क्षतिपूर्तिको समेत मागदावी लिइएको मुद्दामा फैसला हुँदा कानून निष्क्रिय/खारेज भएको कारण जरिवाना वा क्षतिपूर्ति भराउने ठहर नभएको वा सो सम्बन्धमा फैसलामा नबोलेको अवस्था भएकोमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने,

५.७ महान्यायाधिवक्ताको कार्यालयबाट भएका प्रकाशन

महान्यायाधिवक्ताको कार्यालयबाट महान्यायाधिवक्ताको आवधिक वार्षिक प्रतिवेदनका अतिरिक्त यस आर्थिक वर्षमा प्रकाशन भएका पुस्तकका विवरणहरू यसप्रकार रहेका छन्-

(१) नेपालमा साइबर कसूर सम्बन्धी कानूनको प्रभाव मूल्यांकन (अध्ययन अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८१)

(२) करणी सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण तथा कानूनको प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१

(३) सेवा कानून सम्बन्धी नजिरहरूको सार संक्षेप, २०८१

५.८ सूचना प्रविधिको प्रयोग र यसको अवस्था

महान्यायाधिवक्ताको कार्यालयबाट देहायका सफ्टवेयरहरूको निर्माण भई प्रयोगमा ल्याइएको छः

(क) मुद्दा व्यवस्थापनसम्बन्धी (Case Management System)

यस सफ्टवेयरमा महान्यायाधिवक्ताको कार्यालय, उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरुबाट दायर भएका शुरू तथा पुनरावेदनका रुपमा दर्ता भएका मुद्दाका विवरणहरु Web based प्लेटफर्ममा मुद्दा दर्ता भए देखि अन्तिम फैसलासम्मका विवरणहरू प्रविष्ट गर्ने कार्य भईरहेको छ ।

(ख) पेशी व्यवस्थापन सम्बन्धी (Case Tracking System)

आ.व. ०७३/०७४ मा निर्माण गरिएको यस सफ्टवेयरमा सर्वोच्च अदालतबाट जारी गरिएको पेशीमा महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीललाई तोकिने मुद्दाको पेशीको विवरण सम्बन्धित मुद्दा महाशाखाबाट पेशी तोकिएका मुद्दाको विवरण, सरकारी वकीलको नाम र पद, पेशीमा भएको आदेश वा फैसलाका स्थिति समेत उल्लेख हुने व्यवस्था मिलाइएको छ। यस सफ्टवेयरबाट पेशी तोकिएका मुद्दाको जानकारी सम्बन्धित सरकारी वकीललाई इमेल तथा एस.एम.एस मार्फत सूचना हुन्छ ।

(ग) कार्यालयको इमेल व्यवस्थापन

यस सफ्टवेयरमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुमा कार्यरत सरकारी वकील र कमर्चारीले कार्य सञ्चालन गर्दा गर्नुपर्ने पत्राचार विद्युतीय माध्यमबाट आदानप्रदान गर्न इमेल निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । कर्मचारी-कर्मचारी बीचछिटो छरितो रूपमा लिखित संवाद गर्नका निम्ति (Chat feature) र विद्युतीय माध्यमबाट सम्प्रेषण गरिने सूचना तथा सन्देश, संवादलाई आधिकारिकता प्रदान गर्नका लागि यस सफ्टवेयरलाई प्रयोग गरिएको छ । हालसम्म महान्यायाधिवक्ताको कार्यालय, १८ वटा उच्च सरकारी वकील कार्यालय, १ विशेष सरकारी वकील कार्यालय, ७७ वटा जिल्ला सरकारी वकील कार्यालय गरी कुल ९८ वटा कार्यालयमा कार्यरत कर्मचारीहरूले यस इमेल व्यवस्थापन सफ्टवेयरलाई प्रयोग गरी सूचना तथा पत्र आदि आदानप्रदन गरिरहेका छन्।

(घ) सरकारी वकील कार्यालयका वेवसाइट व्यवस्थापन

महान्यायाधिवक्ताको कार्यालयको वेवसाइटमा कार्यालयबारे संक्षिप्त जानकारी, महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ताहरूको जानकारी तथा अन्य कर्मचारीहरूको विवरणहरू राखिएको छ । साथै कार्यालयबाट प्रकाशित हुने सूचना, समाचार, प्रेस विज्ञप्ति तथा फैसला, संशोधन भएका कानूनहरू, आवश्यक ऐन, नियम तथा कानून सम्बन्धी सामाग्रीहरू, राजपत्र, कार्यालयबाट प्रकाशन हुने पुस्तक, बुलेटिन, सरकारी वकील दिग्दर्शन,

प्रोसिक्युशनल जर्नल, वार्षिक प्रतिवेदन, अनुसन्धान प्रतिवेदन शिर्षकगत रूपमा राखिएको छ । उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा दर्ता भएका अभियोगपत्र, महान्यायाधिवक्ताको कार्यालय, विशेष सरकारी वकील कार्यालय, उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रयोग हुने विभिन्न फाराम तथा रजिष्ट्रहरू आदिको विवरण सर्वसाधारणले हेर्न सक्ने गरी यस वेबसाइटमा राखिएको छ । त्यसै गरी प्रत्येक सरकारी वकील कार्यालयका वेवसाइट व्यवस्थित गरी कार्यालयको कामसँग सम्बन्धित विवरणको जानकारी लिन सकिने व्यवस्था मिलाइएको छ ।

(ङ) मोबाइल एप

सेवाग्राहीले आफ्नो व्यक्तिगत मोबाइलमा महान्यायाधिवक्ताको कार्यालयको एप डाउनलोड गरी सूचना, समाचार, प्रेस विज्ञप्ति तथा फैसालाहरू हेर्न सक्छन् । यस एप्लिकेशन भित्र महान्यायाधिवक्ताको कार्यालयबारे संक्षिप्त जानकारी, कर्मचारीहरूको विवरण तथा कार्यालयमा भएका गतिविधहरूको विवरण रहेको छ । साथै, मोबाइल एपमा लगइन गरेपश्चात् महान्यायाधिवक्ताको कार्यालय,उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको टेलिफोन नम्बर तथा इमेल ठेगाना हेर्न सकिन्छ । महान्यायाधिवक्ताको कार्यालयको सम्पर्क ठेगाना समेतको जानकारी यही एपबाट लिन सकिन्छ । महान्यायाधिक्ताको कार्यालयको मोबाइल एप एन्ड्रोइड (Android)तथा आई.ओ.एस (IOS) दुवै भर्सनमा उपलब्ध रहेको छ ।हालसम्म, मोबाइल नम्बर तथा इमेल ठेगाना गरी यस एपमा १५५४ वटा कर्मचारीहरूको सम्पर्क ठेगाना उपलब्ध रहेको छ।

(च) कर्मचारी व्यवस्थापन सफ्टवेयर

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत सबै तहका सरकारी वकील र अन्य कर्मचारीहरूको व्यक्तिगत विवरण अध्यावधिक गरी राख्न यो सफ्टवेयरको निर्माण गरिएको हो ।यसमा कार्यालयमा कार्यरत कर्मचारीहरूको सरूवा, बढुवा तथा काज लगायत सामान्य विवरण, शिक्षा, तालिम, विदेश भ्रमण, पुरस्कार आदि विवरणहरूको विद्युतीय अभिलेख राख्ने गरिएको छ । हालसम्म १४६० जना कर्मचारीहरूको सम्पूर्ण व्यक्तिगत विवरणहरूको विद्युतीय अभिलेख राखिएको छ । साथै यस सफ्टवेयरको माध्यमबाट कर्मचारीले सरूवाको लागि निवेदन समेत दिन सकिने प्रावधान रहेको छ ।

(छ) SMS Service Gateway

महान्यायाधिवक्ताको कार्यालय, नेपाल सरकारको सूचना प्रविधि विभाग, नेपाल टेलिकम र एनसेल कम्पनी बीच SMS Gateway संचालन सम्बन्धी सम्झौता भई यस कार्यालयको ७१औं स्थापना दिवस पौष ८, २०७८ बाट SMS Services प्रयोगमा आएको छ । नेपालको संविधान धारा २१, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २० र "महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयको एकीकृत कार्य संचालन निर्देशिका, २०७८" को प्रकरणनं. ७.१२.११को प्रयोजनार्थ प्रथम चरणमा मुद्दाको अवस्था बारेमा जाहेरवाला/पीडित/ सूचनाकर्ता / रिटका पक्षलाई जानकारी गराउने प्रयोजनको लागि SMS Service प्रयोगमा ल्याइएको छ। दोस्रो चरणमा यस कार्यालयको मातहतका सबै कार्यालयबाट जाहेरवाला/पीडित/सूचनाकर्तालाई बकपत्र लगायतको जानकारी तत्काल गराउने गरी OAG SMS Service संचालनमा ल्याइने छ ।

(ज) Library Management System

महान्यायाधिवक्ताको कार्यालयमा भएका सम्पूर्ण पुस्तकहरूको आम्दानी विवरणका साथै कसैले पुस्तकालयबाट पुस्तक लगिएकोमा त्यसको समेत व्यवस्थित रूपमा विद्युतीय अभिलेख राख्ने उद्देश्यले पुस्तकालय व्यवस्थापन

सफ्टवेयर परिमार्जन सहित निमाणगरी सञ्चालनमा ल्याइएको छ । यस सफ्टवेयरको माध्यमबाट हरेक पुस्तकहरूको बुक कोड (Book Code), बारकोड (Barcode) तथा बुक स्टाम्प (Book Stamp) हुने, Auto renew issue date रहने, पुस्तकालयमा कुन-कुन पुस्तकहरू उपलब्ध छ, कुन पुस्तक कसले लगेको र कहिले बुझाउने भनेर सजिलैसँग प्रयोगकर्ताले खोज्न सकिने देखिन्छ ।

(झ) Document Tracking System

"कागजात व्यवस्थापन र ट्र्याकिङ प्रणाली सफ्टवेयर" कागजात अपलोड गर्नको लागि केन्द्रीकृत प्लेटफर्मको रूपमा सेवा गर्न डिजाइन गरिएको हो। यस सफ्टवेयरमा महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने मुद्दा सम्बन्धी मिसिलको कागजात तथा अन्य कागजपत्रहरूलाई व्यवस्थापन गर्नका लागि शुरु दर्ता देखि अन्तिम निर्णय गर्ने क्रममा के-कुन चरणमा कसकहाँ रहेको छ सो समेतको जानकारी लिन सकिने गरी बारकोड समेत राखी निर्माण गरिएको छ। यस सफ्टवेयरलाई कार्यालयमा दर्ता भएका पत्रहरूलाई व्यवस्थापन गर्नका लागि दर्ता मोडुल, कार्यालयबाट अन्य बाह्य कार्यालयहरू पत्र तयार गरी पत्राचार गर्नका लागि चलानी मोडुल र कार्यालयमा भएका काम कारबाही तथा गतिविधिहरूलाई व्यवस्थापन गर्नका लागि टिप्पणी पत्र मोडुल गरी तीनवटा मोडुलमा विभाजन गरिएको छ। यस सफ्टवेयरमा आर्थिक वर्ष अनुसार दर्ता नम्बर, चलानी नम्बर र टिप्पणी नम्बर सिस्टमबाट नै अटो जेनरेट हुने गरी निर्माण गरिएको छ। यस सफ्टवेयरको प्रयोगको क्रममा रहेकाले छिट्टै लागू गर्ने गरी तयारी गरिँदै छ ।

५.९ अपराधशास्त्रीय अनुसन्धान केन्द्र

महान्यायाधिवक्ताको कार्यालयमा व्यवस्थापन समितिको निर्णय अनुसार मिति २०७३।०२।२३ मा अपराध शास्त्रीय अनुसन्धान केन्द्रको स्थापना भएकोमा हाल सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ६ मा अपराधको प्रवृत्ति सम्वन्धी अध्ययन विश्लेषण गर्न यस केन्द्र रहने कानूनी व्यवस्था छ । सोही नियमावलीको नियम ४ को उपनियम (६) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताबाट स्वीकृत भएको महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्यसञ्चालन कार्यविधि, २०७८ को प्रकरण ७.२८ मा अपराधशास्त्रीय अनुसन्धान केन्द्रबाट सम्पादन हुने कार्यहरू उल्लेख गरिएको छ।

केन्द्रले प्रभावकारी रूपमा कार्य सम्पादन गर्न नसकेको यथार्थता प्रति दृष्टिगत गरी केन्द्र सञ्चालनसम्बन्धी निर्देशिका/कार्यविधि तर्जुमा गरी प्रतिवद्ध जनशक्तिका साथै स्रोत साधनको व्यवस्था गरी केन्द्रलाई क्रियाशिल बनाउन आवश्यक छ ।

६.समन्वय समितिको गतिविधि

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ मा यस संहिताको अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन महान्यायाधिवक्ताको अध्यक्षतामा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालयका सचिव, प्रहरी महानिरिक्षक सदस्य र महान्यायाधिवक्ताले तोकेको सहन्यायाधिवक्ता सदस्य सचिव रहेको समन्वय समिति रहने व्यवस्था छ ।

समन्वय समितिले नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान, तहकिकात एवम् अभियोजनमा देखिएका व्यावहारिक समस्याको पहिचन र समाधानका लागि सम्बन्धित कार्यालयलाई निर्देशन गर्नुका साथै फौजदारी न्याय प्रशासनमा गर्नुपर्ने कानूनी र नीतिगत सुधारका लागि नेपाल सरकार समक्ष सुझाव दिने कार्य समेत गर्दै आएको छ ।

सरकारी वकील कार्यालयको तहगत संरचना अनुरूप समन्वय समितिलाई समेत विस्तार गर्न आवश्यकता महसूस गरी केन्द्रिय समन्वय समितिको निर्णय अनुसार उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालय तहमा तत्तत् तहका सरकारी वकील कार्यालयका प्रमुखको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय लगायत अन्य अनुसन्धान निकायका पदाधिकारी सदस्य र सरकारी वकील कार्यालयका अधिकृत (उपन्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता) सदस्य सचिव रहने गरी समन्वय समितिको गठन गरी कार्यादेश समेत तोकिएको थियो । हाल नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० को दफा ४९ ले नेपाल सरकार वादी हुने मुद्दासँग सम्बन्धित कसूरको अनुसन्धान, अभियोजनर सरकारी पक्षको प्रतिनिधित्वलाई प्रभावकारी बनाउन तहगत समन्वय समितिलाई कानूनी मान्यता प्रदान गरेको देखिन्छ । समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्ने र समितिबाट भए गरेका निर्णयको जानकारी तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ।

परिच्छेद - दुई

महान्यायाधिवक्ताको कार्यालय

१. गठन

नेपालको संविधानको धारा १५७ को उपधारा (२) मा राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ताको नियुक्ति गर्ने व्यवस्था रहेको छ। सोही धाराको उपधारा (३) मा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था गरिएको छ। नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अधिकारीलाई संवैधानिक तथा कानूनी विषयमा राय प्रदान गर्ने, नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने, नेपाल सरकारको तर्फबाट अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भई बहस पैरवी र प्रतिनिधित्व गर्ने कार्य महान्यायाधिवक्ता तथा मातहतका कार्यालयहरूबाट सम्पादन गरिन्छ। यसका लागि महान्यायाधिवक्ताको कार्यालय मातहतमा हाल १८ वटा उच्च सरकारी वकील कार्यालयहरू, एउटा विशेष सरकारी वकील कार्यालय र ७७ वटा जिल्ला सरकारी वकील कार्यालयहरू रहेका छन्। विशेष अदालत, राजस्व न्यायाधिकरण, ललितपुर, वैदेशिक रोजगार न्यायाधिकरण, प्रशासकीय अदालत र उच्च अदालत पाटनको वाणिज्य इजलासमा (सो दायर हुने बैङ्किङ्ग कसूर मुद्दामा) लगायतका न्यायिक निकायमा बहस पैरवी तथा प्रतिरक्षाको लागि विशेष सरकारी वकील कार्यालय स्थापना गरी कार्यसम्पादन हुँदै आएको छ। महान्यायाधिवक्ताको कार्यालय तथा सो अन्तर्गतका उच्च सरकारी वकील कार्यालयहरू, विशेष सरकारी वकील कार्यालयतथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक तालिका अनुसूची १ मा प्रस्तुत गरिएको छ। साथै उल्लेखित भन्दा अन्य निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, राष्ट्रिय महिला आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालयहरू, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, अध्यागमन विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, वैदेशिक रोजगार विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ, ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, भन्सार विभाग, सत्य निरुपण आयोग र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी छानविन आयोग लगायतका निकायहरूमा समेत सरकारी वकीलहरू कार्यरत रहेका छन्।

२. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

नेपालको संविधान तथा प्रचलित कानून बमोजिम महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारहरू मुख्यतः देहाय बमोजिम रहेका छन्:

१. नेपाल सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा कार्य गर्ने,

२. संवैधानिक एवम् कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकि दिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने,

३. नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता आफै वा मातहतका सरकारी वकीलहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने,

४. नेपालको संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने,

५. नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,

६. नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा नेपाल सरकारलाई राय दिने,

७. आफ्नो पदीय कर्तव्यको पालना गर्दा नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुने,

८. मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने,

९. हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

१०. महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने,

११. संविधान र अन्य कानून बमोजिम आफूले वर्षभरिमा सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने,

१२. सर्वोच्च अदालतमा संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा उपस्थित भई बहस पैरवी गर्ने,

१३. अदालतबाट भएका आदेश वा फैसलाको कार्यान्वयनका लागि सम्बन्धित संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयलाई लेखी पठाउने,

१४. प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्न वा लागू गर्नुपर्ने देखिएमा सोको आधार र कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने,

१५. संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तरीयता ल्याउन त्यस्ता निकाय, मन्त्रालय, सचिवालय, विभाग वा कार्यालय बीच आवश्यक समन्वय गर्ने,

१६. कारागार तथा हिरासतमा रहेका कैदी तथा थुनुवाको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

१७. मुख्य न्यायाधिवक्ताको काम कारबाहीको सम्बन्धमा एकरूपता र प्रभावकारिताका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने,

१८. संविधान तथा संघीय कानून कार्यान्वयनको सम्बन्धमा मुख्य न्यायाधिवक्तालाई आवश्यक निर्देशन दिने,

१९. सरकारी कार्यालय वा कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने महान्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले तोकेको अधिकारीले उजुरी नगरेमा वा कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्ने वा गर्न लगाउन वा सुझाव वा निर्देशन दिने,

२०. नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरिका वा विधि अपनाउनु पर्ने वा अनुसन्धान सम्बन्धमा अन्य निर्देशन दिन उपर्युक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारीको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिने।

३. महान्यायाधिवक्ताको भूमिका

नेपालको संविधान र प्रचलित कानूनले तोकेका नियमित काम, कर्तव्य तथा अधिकारका अतिरिक्त महान्यायाधिवक्ताको भूमिका तथा जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्:

१. **न्याय सेवा आयोगको सदस्यः** नेपालको संविधानको धारा १५४ ले नेपाल सरकारले कानून बमोजिम संघीय न्याय सेवाको राजपत्रांकित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा नेपाल सरकारले न्याय सेवा आयोगको सिफारिस अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ। प्रधान न्यायाधीशको अध्यक्षतामा महान्यायाधिवक्ता समेत सदस्य रहने गरी न्याय सेवा आयोगको गठन हुने व्यवस्था संविधानले गरेको छ। नेपाल संघीय न्याय सेवामा न्याय समूह, सरकारी वकील समूह र कानून समूह गरी तीन समूहमा विभाजन गरी ती सबै समूहका राजपत्राङ्कित कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा तथा विभागीय कारबाही गर्ने सम्बन्धमा न्याय सेवा आयोगको सदस्यको रूपमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहेको छ।

२. **नेपाल कानून व्यवसायी परिषद्को अध्यक्षः** नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा ४ ले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल कानून व्यवसायी परिषद्को गठन सम्बन्धी व्यवस्था गरेको छ। परिषद्ले परीक्षाद्वारा छनौट भएका योग्य व्यक्तिलाई कानून व्यवसायीमा दर्ता गर्ने र प्रमाणपत्र दिने, कानून व्यवसायीले तोकिएको व्यावसायिक आचरण पालन गरे नगरेको अनुगमन गर्ने, कानून व्यवसायीले आचरण विरुद्ध कार्य गरेको सम्बन्धमा उजुरी सुन्ने र कारबाहीका लागि अनुशासन समिति मार्फत कारबाही गरी प्रमाणपत्र रद्द गर्ने लगायतका कार्य गर्दछ।

३. **नेपाल नोटरी पब्लिक परिषद्को अध्यक्षः** नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा ५ ले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल नोटरी पब्लिक परिषद्को गठन हुने व्यवस्था गरेको छ। परिषद्ले नोटरी पब्लिक सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, परीक्षा सञ्चालन गर्ने, नोटरी पब्लिकको प्रमाणपत्र दिने, आचार संहिता बमोजिम काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने र अनुशासन समितिमार्फत कारबाही गरी प्रमाणपत्र रद्द गर्ने लगायतका कार्य गर्दछ।

४. **समन्वय समितिको अध्यक्षः** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ मा सो संहिताको अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन महान्यायाधिवक्ताको अध्यक्षतामा समन्वय समितिको गठन सम्बन्धी व्यवस्था रहेको छ। यस समितिले फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा संलग्न निकायहरू बीच समन्वय गरी देखिएका समस्याहरू तथा चुनौतिहरू समाधान गर्ने र अनुसन्धान र अभियोजनमा प्रभावकारिता ल्याउने कार्य गर्दछ।

५. **संघीय प्रोवेशन तथा प्यारोल बोर्डको अध्यक्षः** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ मा कैद सजाय पाएका कसूरदारको सामाजिक पुनःस्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग समेत पुऱ्याउनको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, गृह मन्त्रालयका सचिव समेत सदस्य रहेको आठ सदस्यीय एक संघीय प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था रहेको छ।

६. **सजाय सुझाव समितिको अध्यक्षः** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४६ मा सजाय निर्धारण सम्बन्धी नीति निर्माण कार्य समेतको लागि महान्यायाधिवक्ताको

अध्यक्षतामा पाँच सदस्यीय एक सजाय सुझाव समितिको व्यवस्था गरिएको छ। यस समितिले सजाय निर्धारण सम्बन्धी नीति निर्माण र सोसँग सम्बन्धित कार्य गर्दछ।

७. **पीडित संरक्षण सुझाव समितिको संयोजकः** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४४ मा कसूर पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा एक पीडित संरक्षण सुझाव समिति रहने व्यवस्था गरिएको छ। यस समितिले कसूरबाट पीडित व्यक्तिको हक हितको संरक्षणका लागि चालिनु पर्ने कदम समेतका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने कार्य गर्दछ।

८. **केन्द्रीय कानूनी सहायता समितिको सदस्यः** नेपालको संविधानको धारा २४ को उपधारा (१०) ले असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुने व्यवस्था गरेको छ। कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ६ ले कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको अध्यक्षतामा पाँच सदस्यीय केन्द्रीय कानूनी सहायता समिति गठन हुने र सो समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरेको छ। असमर्थ पक्षको तर्फबाट कानूनी सहायता सम्बन्धी व्यवस्था गर्ने कार्यमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहने व्यवस्था छ। जिल्लास्तरसम्म यस किसिमको सहायता प्रदान गर्ने सम्बन्धमा उच्च अदालत तथा जिल्ला अदालत रहेको स्थानमा क्रमशः उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता र जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा जिल्ला कानूनी सहायता समिति गठन गर्ने व्यवस्था उक्त ऐनको दफा ७ ले गरेको छ।

९. **राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिको सदस्यः** नेपाल सरकारले नागरिक उड्डयनलाई पूर्ण सुरक्षित गराउने प्रयोजनको निम्ति गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ अनुसार निर्माण गरेको हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ को परिच्छेद २ नियम २ को उपनियम (१) मा पर्यटन मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरिएको छ।

१०. **राष्ट्रिय न्यायिक प्रतिष्ठान परिषद् सदस्यः** न्यायिक निकायमा कार्यरत न्यायाधीश, सरकारी वकील, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षतामा अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न कानूनद्वारा राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको र सो प्रतिष्ठानको परिषद् सदस्यको रूपमा महान्यायाधिवक्ता सदस्य रहने व्यवस्था राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा ६ को खण्ड (ङ) मा गरिएको छ।

११. **सम्पत्ति शुद्धीकरण निवारण निर्देशक समितिको सदस्यः** सम्पत्ति शुद्धीकरण, आतंकारी कार्य वा आम विनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी काम कारबाहीको प्रभावकारीताको अनुगमन तथा समिक्षा गर्न सम्पत्ति शुद्धीकरण निवारण निर्देशक समितिको सदस्य रहने व्यवस्था सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७(ब) मा गरिएको छ ।

४. महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभाग, महाशाखा तथा शाखाहरूको गठन

सर्वोच्च अदालत समक्ष पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याई पाउन गरिने निवेदन लगायत अन्य निवेदन गर्ने, नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने तथा नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय परामर्श उपलब्ध गराउने, उच्च, विशेष तथा जिल्लास्तरका कार्यालयहरूबाट मुद्दा मामिलाका सन्दर्भमा सम्पादित कार्यहरूको प्रशासकीय रेखदेख, निरीक्षण, निर्देशन तथा नियन्त्रण एवम् अनुगमन

गर्ने र दैनिक प्रशासनिक कार्यहरू सञ्चालन गर्न तथा फौजदारी कानून र न्याय प्रशासन सम्बन्धमा अनुसन्धान गर्ने लगायतका कार्यसम्पादन गर्न महान्यायाधिवक्ताको कार्यालयमा देहाय बमोजिम विभाग, महाशाखा तथा शाखाहरू गठन गरी कार्य विभाजन गरिएको छ।

१. **कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागः** यस विभाग अन्तर्गत मानव संशाधन महाशाखा, अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा, अभियोजन प्रशिक्षण केन्द्र, कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, जिन्सी शाखा, पुस्तकालय तथा संग्राहलय व्यवस्थापन शाखा र दर्ता चलानी तथा सोधपुछ फाँट रहेका छन्।

२. **योजना, अनुसन्धान तथा अनुगमन विभागः** यस विभाग अन्तर्गत योजना, अनुसन्धान तथा अनुगमन महाशाखा, साइबर सुरक्षा र सूचना प्रविधि महाशाखा गरी दुई महाशाखा र अनुसन्धान तथा प्रतिवेदन शाखा, योजना कार्यान्वयन तथा अनुगमन शाखा, साइबर सुरक्षा शाखा र सूचना प्रविधि शाखा गरी ४ शाखा रहेका छन्।

३. **मानव अधिकार संरक्षण तथा कानूनी राय विभागः** यस विभाग अन्तर्गत मानव अधिकार संरक्षण तथा न्यायिक सिद्धान्त अनुगमन महाशाखा, कसूर पीडित तथा साक्षी संरक्षण शाखा, कानूनी राय महाशाखा, र अपराधशास्त्रीय अनुसन्धान केन्द्र रहेका छन्।

४. **मुद्दा व्यवस्थापन विभागः** यस विभाग अन्तर्गत अभियोजन, अनुमगन तथा मूल्यांकन महाशाखा, मुद्दा तथा बहस व्यवस्थापन महाशाखा गरी दुई महाशाखा र पुनरावेदन शाखा, मुद्दा तथा रिट शाखा, अभिलेख शाखा र अभियोजन अनुगमन शाखा गरी ४ वटा रहेका छन्।

उल्लिखित विभागहरू बाहेक नेपाल सरकार वादी हुने फौजदारी मुद्दाहरू, नेपाल सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा तथा रिटहरूमा व्यावसायिक विशिष्टीकरण अनुरूप बहस पैरवी एवम् प्रतिरक्षा गर्न मुद्दाको विषयगत प्रकृति अनुसार महान्यायाधिवक्ताको कार्यालयमा मुद्दा सम्बन्धी महाशाखाहरू रहेका छन्। ती विषयगत महाशाखाहरूमा संवैधानिक मुद्दा महाशाखा, राजस्व तथा भ्रष्टाचार मुद्दा महाशाखा, भूमि सम्बन्धी तथा विविध मुद्दा महाशाखा, कर्मचारी मुद्दा महाशाखा गठन भई सोही अनुरूप कार्यसम्पादन हुँदै आएको छ। प्रत्येक विषयगत मुद्दा महाशाखामा सम्बन्धित विषयको ज्ञान, रुची र अनुभवको आधारमा एक जना नायब महान्यायाधिवक्ता र आवश्यकता अनुसार सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता तथा अन्य कर्मचारीहरू रहने व्यवस्था गरिएको छ।

५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कामको विवरण

महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूबाट नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दामा नेपाल सरकारको प्रतिनिधिको रूपमा सम्बन्धित अड्डा अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षाको कार्य गरिन्छ। महान्यायाधिवक्ता नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकार समेत भएको हुँदा नेपाल सरकारका केन्द्रीयस्तरका विभिन्न निकायहरूलाई संवैधानिक एवम् कानूनी विषयमा दिइने कानूनी राय सल्लाह एवम् प्रस्तावित कानून मस्यौदाका सम्बन्धमा परामर्श दिने समेतका कार्यहरू महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित हुँदै आएका छन्। महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने कार्यलाई देहाय बमोजिम वर्गीकरण गर्न सकिन्छः

१. मुद्दा तथा रिट निवेदन सम्बन्धी कार्यहरू,

२. कानूनी राय सल्लाह तथा परामर्श सम्बन्धी कार्यहरू,

३. निरीक्षण, निर्देशन सम्बन्धी कार्यहरू,

४. प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्यहरू,

५. सर्वोच्च अदालतबाट भएको कानूनको व्याख्या एवम् प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयनको अनुगमन सम्बन्धी कार्यहरू।

५.१ मुद्दा सम्बन्धी कार्य

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने मुद्दा सम्बन्धी कार्यहरू देहाय बमोजिम छन्:

(क) मुद्दामा बहस पैरवी एवम् रिट निवेदन उपर प्रतिरक्षा सम्बन्धी कार्य,

(ख) पुनरावेदन सम्बन्धी कार्य,

(ग) मुद्दा दोहोऱ्याई पाउने निवेदन तथा पुनरावलोकन सम्बन्धी कार्य,

(घ) अनुमतिका निवेदनमा बहस पैरवी,

(ङ) पुर्पक्षको आदेश तथा अन्य अन्तरकालीन आदेश उपरको निवेदन सम्बन्धी कार्य,

(च) मुद्दा चलाउने तथा नचलाउने सम्बन्धी निर्णयमा निकासा दिने कार्य,

(छ) सरकार वादी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने सम्बन्धी कार्य।

महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलमार्फत सर्वोच्च अदालतमा नेपाल सरकारको तर्फबाट वा प्रतिवादीको तर्फबाट दायर गरिएका नेपाल सरकारको हक, हित वा सरोकार रहेको मुद्दाको पुनरावेदन, पुनरावलोकन र रिट निवेदन लगायतका सबै प्रकारका मुद्दा र निवेदनहरूमा बहस पैरवी एवम् प्रतिरक्षा गरिन्छ। यसरी बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको छुट्टाछुट्टै विश्लेषण देहाय बमोजिम गरिएको छः

१. मुद्दामा बहस पैरवीः

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ र २ मा उल्लेखित सरकार वादी मुद्दाहरू एवम् अन्य प्रचलित कानून बमोजिम महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलबाट यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा हुने गर्दछ । यस आर्थिक वर्षको मुद्दाको फछर्यौट विवरणलाई विगत दुई आर्थिक वर्षको तथ्याङ्कसँग गरिएको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १८

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका मुद्दाहरूको तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछर्यौट				बाँकी	कसूर ठहर प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०७८/०७९	४९८४	१०४७	६०३१	३२८	२९६	८५	७०९	५३२२	४६.२६
२०७९/०८०	५४४३	१२२३	६६६६	४६०	३६३	९३	९१६	५७५०	५०.२२
२०८०/०८१	५७४९	११४१	६८९०	६३२	६६९	७	१३०८	५५८२	४८.३२

माथि प्रस्तुत तालिका बमोजिम यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरेका मुद्दाहरूको लगत संख्या ६८९० मध्ये १३०८ मुद्दा फछर्यौट भएको देखिन्छ। आर्थिक वर्ष २०७९/०८० मा ६६६६ मध्ये ९१६ र २०७८/०७९ मा ६०३१ मध्ये ७०९ मुद्दाहरू फछर्यौट भएको तथ्याङ्कबाट देखिन्छ। फछर्यौट भएका मुद्दाहरूको प्रवृत्ति हेर्दा कसूर ठहर प्रतिशत गत आ.व. २०७९/८० को ५०.२२ प्रतिशत रहेकोमा यस आ.व. मा सो दर केही घटेर ४८.३२ प्रतिशत कायम भएको देखिन्छ।

(क)अनुसूची-१ का मुद्दाको लगत र कारबाहीको विवरण

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची-१ का मुद्दाहरूको विषयगत लगत, फछ्यौंट र बाँकी तथा कसूर कायम र सफाइको एकीकृत तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १९

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका अनुसूची-१ मुद्दाहरूको विषयगत विवरण

सि.नं.	मुद्दाको नाम	लगत मुद्दा			फछ्यौंट						बाँकी
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर	सफाई	मुल्तवी	तामेली	अन्य	जम्मा	
१	सार्वजनिक शान्ति विरुद्ध	१	०	१	०	०	०	०	०	०	१
२	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता	८	०	८	०	०	०	०	०	०	८
३	हातहतियार तथा खरखजाना	८	३	११	१	०	०	०	०	१	१०
४	भेदभाव तथा अपमानजन्य व्यवहार	९	०	९	१	०	०	०	०	१	८
५	बिबाह सम्बन्धी	३६	२५	६१	७	१३	१	०	०	२१	४०
६	ज्यान सम्बन्धी	७५१	१९२	९४३	१५७	१५१	०	२	०	३१०	६३३
७	कुटपिट अंगभंग	१८	२	२०	३	३	०	०	०	६	१४
८	अपहरण वा शरीर बन्धक	६१	१५	७६	१०	२०	०	०	०	३०	४६
९	करणी सम्बन्धी	१०८४	२२८	१३१२	१०१	१४६	०	०	१	२४८	१०६४
१०	चोरी तथा डाँका	९१	२३	११४	१३	१९	०	०	०	३२	८२
११	आर्थिक सम्बन्धी	१९१	४०	२३१	२२	१६	०	०	०	३८	१९३
१२	कीर्ते	५५	१६	७१	९	१६	०	०	०	२५	४६
१३	नागरिकता	१६	१	१७	२	१	०	०	०	३	१४
१४	प्रतिलिपि अधिकार	३	०	३	०	१	०	०	०	१	२
१५	प्रविधि सम्बन्धी	२४	४	२८	२	२	०	०	०	४	२४
१६	बालबालिका सम्बन्धी	४	३	७	१	१	०	०	०	२	५
१७	बैंकिङ्ग सम्बन्धी	६०१	७०	६७१	१०३	६८	०	०	०	१७१	५००
१८	मानव बेचविखन	१५२	५९	२११	२२	२८	०	०	०	५०	१६१
१९	लागू औषध	२७७	७८	३५५	४४	४९	०	०	०	९३	२६२
२०	सवारी ज्यान	१३१	१०	१४१	५	३	०	०	०	८	१३३
२१	बिबिध	९	१	१०	०	०	०	०	०	०	१०
	जम्मा	३५३०	७७०	४३००	५०३	५३७	१	२	१	१०४४	३२५६

तालिकामा उल्लेख भए अनुसार महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची-१ का मुद्दाहरूको जम्मा लगत संख्या ४३०० रहेको छ। यस मध्ये फछ्यौंट भएको मुद्दा संख्या १०४४ रहेको र उक्त फछ्यौट भएका मध्ये कसूर ठहर वा दाबी कायम भएका ४८.१८ प्रतिशत र सफाइ भएका वा दाबी नपुगेका ५१.४३ प्रतिशत मुद्दा देखिन्छन।

(ख) अनुसूची-२ का मुद्दाको लगत र कारबाहीको विवरण

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची-२ का मुद्दाहरूको विषयगत लगत, फछ्यौंट र बाँकी तथा कसूर कायम र सफाइको एकीकृत तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २०

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची-२ का मुद्दाहरूको विषयगत विवरण

सि.नं.	मुद्दाको नाम	लगत मुद्दा			फछ्यौंट						बाँकी
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर	सफाई	मुल्तवी	तामेली	अन्य	जम्मा	
१	उपभोक्ता संरक्षण	३	०	३	०	०	०	०	०	०	३
२	नाप तौल सम्बन्धी	१	०	१	०	०	०	०	०	०	१
३	निर्वाचन सम्बन्धी	०	१	१	०	१	०	०	०	१	०
४	वैदेशिक रोजगार	२९५	६४	३५९	३१	३२	०	०	०	६३	२९६
५	राजश्व चुहावट	५९	३८	९७	३	९	०	०	०	१२	८५
६	राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु	०	५	५	२	२	०	०	०	४	१
७	विदेशी विनिमय	३	१	४	०	०	०	०	०	०	४
८	वन	२७	१	२८	२	१	०	०	०	३	२५
९	सम्पत्ति शुद्धीकरण	१३	१२	२५	३	०	०	०	०	३	२२
कुल जम्मा		४०१	१२२	५२३	४१	४५	०	०	०	८६	४३७

माथि प्रस्तुत तालिकामा उल्लेख भए अनुसार महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची-२ का मुद्दाहरूको जम्मा लगत संख्या ५२३ मध्ये फछ्यौंट भएको मुद्दा संख्या ८६ रहेका छन । उक्त मुद्दामध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा ४७.६७ प्रतिशत र र सफाइ भएका वा दाबी नपुगेका मुद्दा ५२.३२ प्रतिशत रहेका छन।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ र २ का मुद्दाहरूको विषयगत वर्गीकरण यसै प्रतिवेदनको **अनुसूची-३** मा समावेश गरिएको छ।

२. रिट निवेदन सम्बन्धी कार्यः संविधान देशको मूल कानून हो। कानूनी राज्यमा संवैधानिक तथा कानूनी सर्वोच्चताको रक्षा र संविधानद्वारा प्रदान गरिएका नागरिकका मौलिक हकहरूको संरक्षणका लागि सर्वोच्च अदालतलाई न्यायिक पुनरावलोकनको अधिकार सहित असाधारण अधिकारक्षेत्र प्रदान गरिएको हुन्छ। यस अन्तर्गत नेपाल सरकार, सरकारी वा सार्वजनिक निकाय वा कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय अधिकारीले गरेको निर्णयबाट कुनै व्यक्तिको संवैधानिक हक वा अन्य कानूनी हकको हनन भई सो कानूनी हकको उपचारका लागि अन्य वैकल्पिक कानूनी उपचको व्यवस्था नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा त्यस्ता निकाय वा पदाधिकारी समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर हुन आएका रिट निवेदनमा नेपाल सरकार, सरकारी पदाधिकारी र संवैधानिक निकायका तर्फबाट प्रतिरक्षा गर्ने कार्य सम्बन्धित निकायको अनुरोधमा महान्यायाधिवक्ताको कार्यालयबाट गरिन्छ।

तालिका नं. २१

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरेका रिट निवेदनहरूको विगत तीन आ.व.को तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	रिट खारेज भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज भएको	रिट जारी भएको	अन्य	जम्मा		
२०७८/०७९	४३६३	१७८३	६१४६	३७४	६१३	४५२	१४३९	४७०७	२५.९९
२०७९/०८०	४६५८	१७५९	६४१७	४४९	६७२	२९६	१४१७	५०००	३१.६९
२०८०/०८१	५०००	१७२१	६७२१	५०४	९८३	३९२	१८७९	४८४२	२६.८२

माथि तालिकामा उल्लेखित तथ्याङ्क अनुसारयस आर्थिक वर्षमा सर्वोच्च अदालतमा परेका रिट निवेदनहरू १७२१ थान र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको संख्या ५००० थान समेत गरी जम्मा ६७२१ थान रिट निवेदनहरूको लगत रहेको छ। गत आ.व.मा ३१.६९ प्रतिशत रिट निवेदन खारेज भएकोमा यस आ.व.मा

२६.८२ प्रतिशत रिट निवेदन खारेज भएको देखिन्छ। रिट फछर्यौट संख्याको हिसाबमा भने आ.व. २०७९/०८० को तुलनामा यस आ.व. मा केही घटेको देखिन्छ ।

तालिका नं. २२

महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरेका रिट निवेदनहरूको विवरण

क.स.	रिटको प्रकृति	लगत			फछर्यौट				बाँकी	रिट खारेज भएको प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज	रिट जारी	अन्य	जम्मा		
१	बन्दीप्रत्यक्षीकरण	३४	३५३	३८७	९०	२४२	५	३३७	५०	२६.७१
२	उत्प्रेषण	४७५२	१३५७	६१०९	३९९	७१०	३७७	१४८६	४६२३	२६.८५
३	परमादेश	२००	१०	२१०	१४	२८	१०	५२	१५८	२६.९२
४	प्रतिषेध	११	१	१२	१	३	०	४	८	२५.००
५	अधिकारपृच्छा	३	०	३	०	०	०	०	३	०.००
	जम्मा	**५०००**	**१७२१**	**६७२१**	**५०४**	**९८३**	**३९२**	**१८७९**	**४८४२**	२६.८२

माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्षको रिट निवेदन सम्बन्धी लगत फछर्यौटको विषयगत विवरण **अनुसूची-२** मा प्रस्तुत गरिएको छ। रिट सम्बन्धी विषयगत विवरण हेर्दा सबैभन्दा बढी रिट निवेदन उत्प्रेषण सम्बन्धी विषयका र त्यसपछि क्रमशः बन्दी प्रत्यक्षीकरण, परमादेश निवेदन, प्रतिषेध र अधिकारपृच्छा विषयको परेको देखिन्छ।

३. अन्य निवेदन सम्बन्धी कार्यः महान्यायाधिवक्ताको कार्यालयबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३, न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसारका निवेदन ऐ. ऐनको दफा ११ बमोजिम पुनरावलोकनको निवेदन, ऐ. ऐनको दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउन दिने निवेदन तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन गर्न अनुमति माग गरी दिएका निवेदनहरूमा समेत बहस पैरवी र प्रतिरक्षा समेतका कार्य सम्पादन हुन्छ। उक्त अन्य निवेदन सम्बन्धी कार्य सम्पादन गरेको विवरणलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २३

महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका निवेदनहरूको विवरण

निवेदनको प्रकृति	आर्थिक वर्ष	लगत			फछर्यौट				बाँकी	जिकिर पुगेको प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	जिकिर कायम	जिकिर नपुगेको	अन्य	जम्मा		
पुनराबोलकनको निवेदन	२०७८/०७९	८३	१०	९३	६	४	०	१०	८३	६०.००
	२०७९/०८०	४७	९	५६	३	७	०	१०	४६	३०.००
	२०८०/०८१	४६	११	५७	१	०	०	१	५६	१००.००
	जम्मा	**१७६**	**३०**	**२०६**	**१०**	**११**	**०**	**२१**	**१८५**	**४७.६२**
दोहोयाई पाँउको निवेदन	२०७८/०७९	२७७	१८०	४५७	३२	८२	०	११४	३४३	२८.०७
	२०७९/०८०	३२९	१६६	४९५	९३	१५६	०	२४९	२४६	३७.३५
	२०८०/०८१	२४६	१८१	४२७	१७२	२३६	०	४०८	१९	४२.१६
	जम्मा	**८५२**	**५२७**	**१३७९**	**२९७**	**४७४**	**०**	**७७१**	**६०८**	**३८.५२**
अनुमतिको निवेदन	२०७८/०७९	२१५	११०	३२५	५३	४८	०	१०१	२२४	५२.४८
	२०७९/०८०	२२४	७१	२९५	८	५९	०	६७	२२८	११.९४
	२०८०/०८१	२२८	२२४	४५२	३६	३४	०	७०	३८२	५१.४३
	जम्मा	**६६७**	**४०५**	**१०७२**	**९७**	**१४१**	**०**	**२३८**	**८३४**	**४०.७६**
बेरितको आदेश उपरको निवेदन	२०७८/०७९	१२०	२११	३३१	१०६	१५	१७	१३८	१९३	७६.८१
	२०७९/०८०	१९१	१६९	३६०	१९०	६५	०	२५५	१०५	७४.५१
	२०८०/०८१	१०५	५८	१६३	१८	१६	०	३४	१२९	५२.९४
	जम्मा	**४१६**	**४३८**	**८५४**	**३१४**	**९६**	**१७**	**४२७**	**४२७**	७३.५४
जम्मा निवेदन	२०७८/०७९	६९५	५११	१२०६	१९७	१४९	१७	३६३	८४३	५४.२७
	२०७९/०८०	७९१	४१५	१२०६	२९४	२८७	०	५८१	६२५	५०.६०
	२०८०/०८१	६२५	४७४	१०९९	२२७	२८६	०	५१३	५८६	४४.२५

माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका निवेदनहरूको लगत संख्या १०९९ थान रहेको देखिन्छ। गत आ.व.मा ५०.६० प्रतिशत निवेदनहरूमा जिकिर कायम भएकोमा यस आर्थिक वर्षमा ५१३ थान निवेदनहरू मध्ये २२७ थान निवेदनहरुमा सो जिकिर कायम भएको प्रतिशत ४४.२५ रहेको देखिन्छ। यस आ.व.मा दर्ता भएका निवेदनहरू मध्ये सबैभन्दा कम ४२.१६ प्रतिशत दोहोऱ्याई पाउने निवेदनमा अनुमति भएको र सबैभन्दा बढी १००.०० प्रतिशत जिकिर कायम पुनरावलोकनको निवेदनमा रहेको देखिन्छ।

राजस्व न्यायाधिकरणहरूबाट पुनरावेदनको रोहमा सुनुवाइ भई भएका फैसला सर्वोच्च अदालतमा पुनरावेदनका लागि अनुमति पाउन निवेदन परेको संख्या ४५२ रहेकोमा ७० थान निवेदन फछ्यौंट भएको देखिन्छ। सो मध्ये ३६ थान निवेदनमा अनुमति प्राप्त भएको र ३४ थान निवेदनमा अनुमति प्राप्त नभएको देखिन्छ। यसैगरी न्याय प्रशासन ऐन, २०७३ को दफा १५ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम अदालतबाट भएका अन्तरकालीन आदेश उपर सर्वोच्च अदालतमा वेरीतको आदेश बदर गरी पाउँ भनी परेका निवेदनको संख्या १६३ रहेकोमा ३४ थान निवेदन फछ्यौंट भएको देखिन्छ। सो मध्ये १८ थान निवेदनमा जिकिर कायम भएको र १६ थान निवेदनमा जिकिर पुग्न नसकेको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-२** मा समावेश गरिएको छ। यस सम्बन्धी विगत दुई आर्थिक वर्षको तथ्याङ्कसँग गरिएको तुलनात्मक विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ।

(ख) पुनरावेदन सम्बन्धी कार्यः न्याय प्रशासन ऐन, २०७३ को दफा ९ मा उच्च अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दा, दस वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा, तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय वा पाँच लाख रूपैंया भन्दा बढी जरिवाना वा पच्चीस लाख रूपैयाँ भन्दा बढी विगो भएको मुद्दामा सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था रहेको छ। उच्च अदालत तथा जिल्ला अदालतबाट फैसला भई आएका सरकार वादी फौजदारी मुद्दामा उल्लिखित अवस्थाहरू मध्ये कुनै अवस्था विद्यमान देखिएमा वादी नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन दायर गर्दछ।

अभियोग मागदाबी बमोजिम कसूर ठहर नभएका वा मागदाबी भन्दा कम सजाय भएका मुद्दाहरूमा उच्च अदालतबाट भएका फैसला उपर मातहतका उच्च सरकारी वकील कार्यालयहरूबाट पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव सहित पठाइएको मिसिल संलग्न कागज प्रमाणहरू अध्ययन गर्दा मुद्दामा मागदाबी बमोजिम कसूर ठहर हुन सक्ने आधारहरू विद्यमान देखिएमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा पुनरावेदन दायर गरिन्छ। साथै सुरु अदालतबाट मागदाबी बमोजिम कसूर ठहर नभएका वा कम सजाय भएका मुद्दामा उच्च तथा जिल्ला सरकारी वकील कार्यालयबाट पुनरावेदन नगर्ने प्रस्ताव सहित पठाइएका फाइलहरू अध्ययन गर्दा पुनरावेदन गर्नुपर्ने देखेमा सो बमोजिम गर्न निर्देशन सहित मिसिल सम्बन्धित कार्यालयमा पठाउने कार्य समेत महान्यायाधिवक्ताको कार्यालयबाट गरिन्छ। त्यस्तै सुरु अदालत वा मुद्दा हेर्ने अधिकारीले गरेको थुनछेक आदेश वा अन्तरकालीन आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिन्छ। जिल्ला अदालतबाट भएको अन्तरकालीन आदेश उपर सम्बन्धित उच्च अदालतमा निवेदन दिन सकिन्छ। जिल्ला अदालतबाट भएको अन्तरकालीन आदेश उपर उच्च अदालतमा निवेदन दिई सो अदालतबाट भएको आदेशमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ को उपदफा (२) मा गरिएको व्यवस्था अनुसार दस वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुर्पक्षको लागि थुना, धरौट वा तारेखमा राखी मुद्दाको कारबाही गर्ने सम्बन्धमा भएका आदेश त्रुटिपूर्ण भएमा

महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा निवेदन दायर गरिन्छ। साथै उच्च अदालतबाट सुरु कारबाहीको रूपमा सुनुवाइ हुने मुद्दामा भएको अन्तरकालीन आदेश तथा कुनै न्यायिक निकायको पुनरावेदन सर्वोच्च अदालतमा लाग्ने कानूनी व्यवस्था भएकोमा ती अदालतबाट भएको अन्तरकालीन आदेश उपर महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा निवेदन दायर गरिन्छ।

यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदन गर्ने र वेरितको आदेश बदर गर्नको लागि दायर गरिएका निवेदनहरूको लगत देहायको तालिकामा देखाइएको र त्यसको विषयगत विवरणलाई **अनुसूची-४** मा समावेश गरिएको छ।

तालिका नं.२४

महान्यायाधिवक्ताको कार्यालयबाट भएको पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने र निवेदन गर्ने सम्बन्धी कार्यको लगत फछ्यौंट विवरण

लगत	फछ्यौंट													जम्मा फछ्यौंट	बाँकी	दफा ७३ को निवेदन
	पुनरावेदन प्रस्ताव प्राप्त			निर्णय संख्या			जम्मा	दोहोऱ्याई पाउने			दोहोऱ्याई पाउने					
	पु.गर्ने	पु.नगर्ने	जम्मा	गर्न लेखी पठाउने	गर्ने	नगर्ने		गर्ने	नगर्ने	जम्मा	गर्ने	नगर्ने	जम्मा			
४३३९	४८०	२८७३	३३५३	८५	४१६	२८५१	३३५२	४१२	६	४१८	१९३	८४	२७७	३६२९	७१०	५७

माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्षमा निर्णय निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा आएका मुद्दाको जम्मा लगत ४३३९ थान मुद्दाहरू रहेको देखिन्छ। त्यसमा पुनरावेदन प्रस्ताव संख्या ३३५३ प्राप्त भएको थियो। सो मध्ये ४८० वटा मुद्दामा पुनरावेदन गर्ने गरी र २८७३ वटा मुद्दामा नगर्ने प्रस्ताव रहेको थियो। यसैगरी मुद्दा दोहोऱ्याउने निवेदनको प्रस्ताव संख्या ४१२ रहेको थियो। यस आर्थिक वर्षमा फछ्यौंट भएका पुनरावेदन र निवेदनको संख्या ३६२९ रहेको र निर्णय हुन बाँकी रहेको संख्या ७१० देखिन्छ।

(ग) मुद्दा चलाउने/नचलाउने सम्बन्धी निर्णय निकासा दिने कार्यः नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा संविधानमा अन्यथा लेखिए बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई भएकोमा उक्त अधिकार संविधानको धारा १५८ को उपधारा (७) बमोजिम मातहतका सरकारी वकीललाई नेपाल राजपत्रमा मिति २०७८/०१/१३ र मिति २०८०/०३/२५ मा प्रकाशित सूचनाबाट अधिकार प्रत्यायोजन गरिएको छ। सो बमोजिम अनुसन्धानको क्रममा संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकीललाई प्राप्त छ। जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले पर्याप्त प्रमाणको अभावमा कुनै मुद्दा नचलाउने गरी निर्णय गरेमा निर्णय सहितको मिसिल उच्च सरकारी वकील कार्यालयमा पठाउने र उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलले मिसिल अध्ययन गर्दा सो मुद्दा नचलाउने गरी भएको निर्णय उपर्युक्त देखेमा आफूले निर्णय गरी सोको अन्तिम निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्ने र मुद्दा चलाउनु पर्ने देखेमा निर्णय गरी मुद्दा दायर गर्न सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाउने व्यवस्था रहेको छ। मुद्दा नचलाउने गरी उच्च सरकारी वकील कार्यालयबाट प्रस्तुत भएको मिसिल अध्ययन गरी महान्यायाधिवक्ताबाट मुद्दा चल्ने देखेमा मुद्दा चलाउने निर्णय गरी मुद्दा दायर गर्न सक्कल मिसिल फिर्ता पठाइन्छ र मुद्दा नचल्ने निर्णय मनासिव देखेमा मुद्दा नचलाउने गरी अन्तिम निकासा गरिन्छ। आंशिक रूपमा मुद्दा नचलाउने गरी गरिएको निर्णयको उपर्युक्तता र कानूनी

आधारहरू समेत परीक्षण गर्ने उद्देश्यले अनुसन्धान अधिकारीको प्रतिवेदन र सरकारी वकीलको निर्णय समेत उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालय समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ।

यसैगरी आंशिक मुद्दा नचलाउने गरी भएको निर्णय सम्बन्धी प्रक्रियाहरू मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ मा गरिएको छ। सो दफाको उपदफा (८) मा अपराधको अनुसन्धान गर्दा एकभन्दा बढी व्यक्ति उपर अनुसन्धान भएको तर त्यस्ता व्यक्तिमध्ये कुनै व्यक्तिको हकमा मात्र मुद्दा चलाइएको अवस्थामा सम्बन्धित सरकारी वकीलले त्यसको जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा तुरुन्त पठाउनु पर्ने व्यवस्था छ। साथै सोही दफाको उपदफा (९) मा सो जानकारी प्राप्त भएपछि उच्च सरकारी वकील कार्यालयको प्रमुखले त्यस्तो विषय अध्ययन गरी मुद्दा चलाउने वा नचलाउर्ने निर्णय गर्नु पर्ने र मुद्दा चलाउनु पर्ने मनासिब कारण देखिएमा त्यसको कारण खुलाई सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने निर्देशन दिने र त्यस्तो निर्देशन प्राप्त भएमा त्यस्तो सरकारी वकीलले अभियोगपत्र वा पूरक अभियोग पत्र दायर गरी मुद्दा नचलाइएका व्यक्ति उपर मुद्दा चलाउनु पर्ने कानूनी व्यवस्था छ। उच्च सरकारी वकील कार्यालयको प्रमुखले मुद्दा नचलाउने निर्णय गरेकोमा त्यसको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्ने र उपदफा (११) मा महान्यायाधिवक्ताको कार्यालयले सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने व्यवस्था ऐ. उपदफा १० मा रहेको छ। उपदफा (९) बमोजिम उच्च सरकारी वकील कार्यालयका प्रमुखले मुद्दा नचलाउने निर्णय गरी सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा पठाएमा दफा ३२ को उपदफा (११) बमोजिम सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिने प्रयोजनको लागि महान्यायाधिवक्ताबाट नेपालको संविधानको धारा १५८ को उपधारा (२) बमोजिम नेपाल राजपत्रमा मिति २०७८/०१/१३ र ऐ. १९ मा सूचना प्रकाशित गरी महान्यायाधिवक्ताको कार्यालयका सम्बन्धित नायब महान्यायाधिवक्तालाई अधिकार प्रत्यायोजन भएको छ। सो बमोजिम नायब महान्यायाधिवक्ताबाट आंशिक मुद्दा नचलाउने गरी भएको निर्णयमा आवश्यक निर्देशन दिने कार्य हुँदै आएको छ।

तालिका नं. २५

महान्यायाधिवक्ताको कार्यालयबाट भएका मुद्दा चलाउने तथा नचलाउने निर्णयको विवरण

सि.नं	कार्यको प्रकृति	लगत मुद्दा संख्या						फछ्यौट								जम्मा		बाँकी	
		गत वर्षको		यस वर्षको		जम्मा		चलाउने/ मिलापत्र गर्ने		नचलाउने		पुनः अनुसन्धान गर्ने		हदम्याद सकिएका/रीत नपुगेकोले फिर्ता		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी				
१	मुद्दा चलाउने वा नचलाउने सम्बन्धी	२०७	२८०	४०४	१३८३	६११	१६६३	११	१३	५८०	१४३७	२	३	०	०	५९३	१४५३	१८	२१०
२	आंशिक मुद्दा नचलाउने सम्बन्धी	४०	९०	२५३	६१२	२९३	७०२	१५	३०	२६६	५७०	०	०	०	०	२८१	६००	१२	१०२
जम्मा		२४७	३७०	६५७	१९९५	९०४	२३६५	२६	४३	८४६	२००७	२	३	०	०	८७४	२०५३	३०	३१२

माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्ष २०८०/०८१ मा महान्यायाधिवक्ताको कार्यालय समक्ष मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय निकासाको लागि लगत कायम भएका ६११ थान मुद्दा र १६६३ जना प्रतिवादीहरू मध्ये जम्मा ११ थान मुद्दा र १३ जना प्रतिवादी उपर मुद्दा चलाउने/मिलापत्र गर्ने निर्णय गरी फिर्ता पठाइएको देखिन्छ। यसैगरी ५८० थान मुद्दा र १४३७ जना प्रतिवादी उपर मुद्दा नचलाउने, पुनः अनुसन्धान गर्न २ थान मुद्दा फिर्ता पठाएको देखिन्छ। समग्रमा जम्मा निर्णय भएको मुद्दा संख्या ५९३ थान फछ्यौंट भई १८ थान मुद्दा बाँकी भएको देखिन्छ। आंशिक मुद्दा नचलाउने निकासाका लागि आएका मुद्दाको लगत २९३ थान मुद्दा र ७०२ जना प्रतिवादीको लगत रहेकोमा १५ थान मुद्दा र ३० जना प्रतिवादी उपर

मुद्दा चलाउने र २६६ थान मुद्दा र ५७० जना प्रतिवादी उपर मुद्दा नचलाउने निर्णय भएको देखिन्छ। यस सम्बन्धी विवरण माथि उल्लिखित तालिका र **अनुसूची-५** मा समावेश गरिएको छ।

(घ) मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने सम्बन्धी कार्यः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ को उपदफा (२) मा उल्लेख भएका बाहेक अन्य मुद्दामा नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श लिई फिर्ता लिन सक्ने कानूनी व्यवस्था गरिएको छ। मुद्दा फिर्ता लिने निर्णय भएकोमा महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकील मार्फत सम्बन्धित अदालतमा मुद्दा फिर्ता लिनु पर्ने कारण सहितको निवेदन दिनु पर्नेछ। यसरी निवेदन पर्न आएमा अदालतले मुद्दा फिर्ता लिने आदेश दिनु अघि सुनुवाई गरी मुद्दा फिर्ता लिने आदेश गर्न मनासिब हुने देखिएमा कारण खुलाई सम्बन्धित अदालतले मुद्दा फिर्ता लिन सक्ने आदेश गर्न सक्ने व्यवस्था छ। सो कानूनी व्यवस्था बमोजिम यस आर्थिक वर्षमा कुनैपनि मुद्दा फिर्ता नभएको तथ्याङ्कबाट देखिन्छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (१) मा अनुसूची-३ र अनुसूची-४ अन्तर्गतका कसूर सम्बन्धी कुनै मुद्दामा मुद्दाका पीडितको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिनेछ भन्ने कानूनी व्यवस्था र उपदफा (२) मा उपदफा (१) को अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगार सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाउँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिव लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ। मुद्दा मिलापत्र गराउन आदेश दिने कार्यविधि र प्रक्रिया सरकारी वकील सम्बन्धी नियमावलीको नियम ३३ र नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनुपर्ने मापदण्ड, २०८० ले निर्धारण गरेको छ। मिलापत्र गराउने आदेश दिने सम्बन्धमा महान्यायाधिवक्ताबाट सर्वोच्च अदालतमा रहेका मुद्दाको हकमा सम्बन्धित नायब महान्यायाधिवक्ता र उच्च, विशेष र जिल्ला लगायतका अदालतमा रहेका मुद्दाको हकमा तत् तत् अदालतले मातहतमा रहेका सरकारी वकील कार्यालयका प्रमुखले आदेश दिन सक्ने गरी अधिकार प्रत्यायोजन भएको छ । कानूनमा भएको व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्धान्त वा निर्देशनका आधारमा देहाय बमोजिम कसूर सम्बन्धी कुनै मुद्दामा फैसला कार्यान्वयनको चरणमा समेत मिलापत्र गर्न सकिन्छः

<u>देहाय</u>

१. सर्वसाधारणको ठगी, अनुचित लेनदेन
२. सर्वसाधारणको सम्पत्तिको हानी नोक्सानी सम्बन्धी आपराधिक विश्वासघात
३. सर्वसाधारणको हानी नोक्सानी सम्बन्धी ठेक्का वा करारको काममा फरक पार्ने सम्बन्धी मुद्दा
४. सर्वसाधारणको हानी नोक्सानी भएको आपराधिक उपद्रव सम्बन्धी मुद्दा
५. वैदेशिक रोजगारी सम्बन्धी मुद्दा
६. आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिने सम्बन्धी मुद्दा
७. ऋण लिएका व्यक्तिले ऋण चुक्ता नगरेको कारणले उत्पन्न भएको बैङ्किङ्ग कसूर वा सहकारी ऐन अन्तरगतको कसूरको सम्बन्धमा मुद्दा दायर हुनु भन्दा अगाडि तिर्नुपर्ने सावाँ, ब्याज भुक्तान गरेको प्रमाण पेश गरेको मुद्दा

यसरी मिलापत्र गर्दा अभियोग मागदावी वा फैसलामा नै प्रत्येक प्रतिवादीको हकमा विगो रकम यकिन भएको रहेछ भने आफ्नो दायित्वमा रहेको विगो रकमको हकमा पीडित र सम्बन्धित प्रतिवादीले मिलापत्र गर्न चाहेमा यस्ता प्रतिवादीको हकमा आंशिक मिलापत्र गराउन सकिनेछ।

त्यसै गरी फैसला कार्यान्वयनको चरणमा समेत मिलापत्र गर्न पाँउ भनि पीडित, जाहेरवाला र प्रतिवादीको संयुक्त निवेदन परेमा तत् सम्बन्धमा फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनुपर्ने मापदण्ड, २०८० बमोजिम आवश्यक प्रकृया अवलम्बन गरी फैसला कार्यान्वयनका लागि लगत कायम रहेको जिल्लाको सरकारी वकील कार्यालयले मिलापत्र गराउन सक्दछ।

तालिका नं. २६

महान्यायाधिवक्ताको कार्यालयबाट भएका मिलापत्र गर्ने आदेशको विवरण

मिलापत्र सम्बन्धी	लगत मुद्दा संख्या						फछ्यौट				जम्मा		बाँकी	
	गत वर्षको		यस वर्षको		जम्मा		मिलापत्र गर्ने		मिलापत्र नगर्ने		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी				
	५२	५६	२८०	२९२	३३२	३४८	३२१	३३६	२	२	३२३	३३८	९	१०

माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्षमा २८० थान मुद्दामा २९२ जना प्रतिवादी रहेको मुद्दा मिलापत्र गरी पाउँ भनी पीडित र प्रतिवादीको संयुक्त निवेदन परेकोमा ३२१ थान मुद्दा र ३३६ जना प्रतिवादीका हकमा मिलापत्र गर्ने गरी आदेश भएको, २ थान मुद्दा र २ जना प्रतिवादीका हकमा मिलापत्र नहुने गरी निर्णय भएको देखिन्छ। यस सम्बन्धी विवरण **अनुसूची-५** मा समावेश गरिएको छ।

५.२ संवैधानिक एवम् कानूनी विषयमा दिएको राय सल्लाह

नेपालको संविधानको धारा १५८(१) बमोजिम संवैधानिक तथा कानूनी विषयहरूमा नेपाल सरकार र नेपाल सरकारले तोकेको अन्य अधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने गरिएको छ ।

तालिका नं. २७

महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिएका कानूनी रायको विवरण

आर्थिक वर्ष	राय माग गरेको संख्या	राय दिएको संख्या	रीत नपुगेकोले र क्षेत्राधिकार नभएको हुँदा फिर्ता	बाँकी संख्या
२०७८/०७९	२१	१४	७	०
२०७९/०८०	२५	२१	४	०
२०८०/०८१	२५	१५	१०	०

माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयमा नेपाल सरकारका विभिन्न निकायहरूबाट २५ वटा विभिन्न विषयमा कानूनी राय माग गरिएकोमा १० वटा विषयमा कानूनको रीत नपुगेकोले फिर्ता गरेको र १५ वटा विषयमा कानूनी राय प्रदान गरेको देखिन्छ। महान्यायाधिवक्ताको कार्यालयबाट पछिल्ला तीन आर्थिक वर्षमा प्रदान गरिएको कानूनी राय सम्बन्धी विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ।

५.३ निरीक्षण, निर्देशन सम्बन्धी कार्य

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ९ को उपनियम (६) अनुसार महान्यायाधिवक्ताको कार्यालयले सबै सरकारी वकील कार्यालयको र उच्च सरकारी वकील कार्यालयले आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र पर्ने जिल्ला सरकारी वकील कार्यालयको वर्षको कम्तीमा एक पटक निरीक्षण तथा अनुगमन गर्ने गराउने व्यवस्था छ। सो अनुसार महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता तथा अन्य सरकारी वकीलबाट मातहतका कार्यालयहरूको निरीक्षण र सम्बन्धित उच्च सरकारी वकील कार्यालयबाट मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको निरीक्षण गर्ने कार्य हुँदै आएको छ। यस आर्थिक वर्ष २०८०/०८१ मा

महान्यायाधिवक्ताको कार्यालय तथा उच्च सरकारी वकील कार्यालयहरूबाट मातहतका कार्यालयहरूमा गरिएको निरीक्षण सम्बन्धी विवरण **अनुसूची-८ र १९** मा दिइएको छ।

५.४ प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्य

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ९ को उपनियम (३) अनुसार सबै सरकारी वकील कार्यालय महान्यायाधिवक्ताको कार्यालयको सामान्य प्रशासकीय नियन्त्रण र निर्देशनमा रहने व्यवस्था छ। सो अनुसार महान्यायाधिवक्ताको कार्यालयले मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूको प्रशासनिक नियन्त्रण एवम् आवश्यक नियन्त्रण राख्ने कार्य समेत गर्दै आएको छ भने सम्बन्धित उच्च सरकारी वकील कार्यालयले मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको कार्य उपर आवश्यकता अनुसार नियन्त्रण र निर्देशन गर्दै आएको छ। मुद्दा मामिला सम्बन्धी कार्यसम्पादनमा अनियमितता भएको, म्याद नघाएको वा वेरीतपूर्वक कार्य गरेको मिसिलबाट वा अन्य कुनै व्यहोराबाट खुल्न आएमा त्यस्तो कार्यमा संलग्न हुने सरकारी वकील र कर्मचारी उपर आवश्यक कारबाही महान्यायाधिवक्ताको कार्यालयबाट हुँदै आएको छ। यस्तो कारबाहीमा अवस्था अनुसार ध्यानाकर्षण गराउने, सचेत गराउने आदि कार्य गर्ने गरिएको छ। यसका अतिरिक्त मातहतका कार्यालयहरूलाई आवश्यक पर्ने प्रशासनिक नीति निर्देशन दिने तथा भौतिक सुविधा र पूर्वाधार जुटाउने जस्ता कार्यहरू पनि महान्यायाधिवक्ताको कार्यालयबाट हुँदै आएका छन्।

६. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा रिट तथा अन्य निवेदनहरूको लगत, फछ्यौंट विवरण

महान्यायाधिवक्ताको कार्यालयबाट वादी नेपाल सरकारका तर्फबाट सर्वोच्च अदालतमा न्याय प्रशासन ऐन, २०७३ बमोजिम पुनरावेदन, मुद्दा दोहोऱ्याउने निवेदन एवं मुद्दा पुनरावलोकनको निवेदन समेतबाट मुद्दा दर्ता गर्न गरिने, प्रतिवादीको तर्फबाट नेपाल सरकारलाई विपक्षी गराई सर्वोच्च अदालतमा दर्ता भएका मुद्दामा प्रत्यार्थी झिकाउने आदेश पश्चात नेपाल सरकारको तर्फबाट सर्वोच्च अदालतमा उपस्थिति भई बहस पैरवी र प्रतिरक्षा त्यस्तै गरी नेपाल सरकार वा संघीय सरकारका पदाधिकारीलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर भएका रिट निवेदनमा नेपाल सरकारको तर्फबाट सरकारी वकीलले प्रतिरक्षा गर्नुपर्ने हुन्छ ।

तालिका नं. २८

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दामा बहस पैरवी एवम् प्रतिरक्षा सम्बन्धी कार्य

कार्यको प्रकृति	लगत			फछ्यौंट				बाँकी	रिट खारेज तथा कसूर ठहर प्रतिशत
	गतवर्ष	यसवर्ष	जम्मा	रिट खारेज, कसूर ठहर	रिट जारी, कसूरमा सफाइ	अन्य	जम्मा		
मुद्दामा	५७४९	११४१	६८९०	६३२	६६९	७	१३०८	५५८२	४८.३२
रिट निवेदनमा	५०००	१७२१	६७२१	५०४	९८३	३९२	१८७९	४८४२	२६.८२
अन्य निवेदनमा	६२५	४७४	१०९९	२२७	२८६	०	५१३	५८६	४४.२५
जम्मा	**११३७४**	**३३३६**	**१४७१०**	**१३६३**	**१९३८**	**३९९**	**३७००**	**११०१०**	**३६.८४**

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गरिएका कुल लगत रहेका १४७१० थान मुद्दा र रिट तथा निवेदनहरू मध्येजम्मा ३७०० थान मुद्दा र रिट निवेदन फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दा, रिट तथा निवेदनहरू मध्ये जम्मा ३६.८४ प्रतिशत रिट निवेदन खारेज र मुद्दामा कसूर ठहर भएको देखिन्छ। साथै १०.७८ प्रतिशत मुद्दा र रिट तामेली, मुलतबी तथा अन्य तवरबाट फछ्यौंट भएको देखिन्छ। समग्रमा महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी भएका मुद्दामा ४८.३२ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ।

महान्यायाधिवक्ताको कार्यालयको मुद्दा, रिट, निवेदन सम्बन्धी कामको लगत फछ्यौंटको स्तम्भ चित्र (प्रतिशतमा)





महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरूबाट मुद्दा तथा रिट निवेदनहरूमा बहस पैरवी एवम् प्रतिरक्षा गर्नेदेखि बाहेक मुद्दाहरूमा निर्णय निकासा दिने, पुनरावेदन दायर गर्ने, निवेदन दायर गर्ने र कानूनी राय प्रदान गर्ने समेतका कार्य पनि सम्पादन हुन्छन्। महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट निर्णय निकासाको लागि प्रस्तुत गरिएका मुद्दाका मिसिलहरूमा आवश्यक निकासा प्रदान गर्ने, सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन दिने तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन गर्ने र जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने गरी गरेको निर्णयको अन्तिम निकासा प्रदान गर्ने, नेपाल सरकार तथा तोकिएका निकाय र पदाधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने कार्य समेत सम्पादन गरिन्छ। ती सबै कामहरूको एकमुष्ठ विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

७. महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

महान्यायाधिवक्ताको कार्यालयमा बहस पैरवीमा संलग्न हुने सरकारी वकीलहरूको दरबन्दी संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगत संख्यालाई विभाजन गर्दा यस आर्थिक वर्षमा प्रति सरकारी वकील कार्यबोझको परिमाण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २९

महान्यायाधिवक्ताको कार्यालयमा प्रति सरकारी वकील कार्यबोझ

कार्यालय	सरकारी वकीलको संख्या	सम्पादित कार्य संख्या	प्रति सरकारी वकीललाई परेको कार्य-बोझ	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	४३	२०२६६	४७१.३०	

उक्त तथ्याङ्कलाई हेर्दा महान्यायाधिवक्ताको कार्यालयमा रहेको सरकारी वकीलको दरबन्दी संख्या (महान्यायाधिवक्ता समेत) ४३ र कार्य संख्या २०२६६ लाई अनुपात मिलाउँदा एक सरकारी वकीललाई ४७१.३० कार्यबोझ रहेको देखिन्छ।

तालिका नं. ३०

महान्यायाधिवक्ताको कार्यालयमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

कार्यालय	कुल मुद्दाको लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	१४७१०	९७३४७९७०.००	६६१७.८१	

यस अर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा सम्बन्धी कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा खर्च भएको

रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ। यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दाको लगत १४७१० र तलब भत्तामा भएको खर्च रु. ९७३४७९७०.०० अनुपात हेर्दा प्रति कार्य खर्च रु. ६६१७.८१ पर्ने देखिन्छ।

तालिका नं. ३१

महान्यायाधिवक्ताको कार्यालयमा प्रति-सम्पादित कार्यमा भएको खर्चको विवरण

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च अनुपात	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	२०२६६	१४४१६४०००.००	७११३.५९	

त्यसैगरी यस आर्थिक वर्षमा मुद्दा लगायत अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ। यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दा सम्बन्धी कार्य संख्या २०२६६ र सम्पूर्ण कार्यालय सञ्चालनमा भएको खर्च रु. १४४१६४०००.०० अनुसार प्रति कार्य खर्च रु. ७११३.५९ पर्ने देखिन्छ।

८. सर्वोच्च अदालतबाट भएका कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको अनुगमन सम्बन्धी कार्यहरू

नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ख) बमोजिम मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने जिम्मेवारी महान्यायाधिवक्तालाई तोकिएको छ। सर्वोच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयन प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाउन सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा अदालतबाट वा अन्य कुनै माध्यमबाट प्राप्त हुनासाथ फैसलाको अध्ययन गरी सम्बन्धित निकायहरूमा कार्यान्वयनका लागि पत्राचार गर्ने गरिएको छ।

९. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको अनुगमन सम्बन्धी कार्यहरू

नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ। संविधानको धारा १५८ को उपधारा (६) को देहाय (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार नेपाल राजपत्रमा मिति २०७२/०६/०३ को प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने सरकारी वकीलले प्रयोग गर्ने गरी प्रत्यायोजन गरिएको छ।

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ११ को उपनियम (१)(छ) मा कारागार तथा हिरासतमा रहेका कैदी तथा थुनुवाको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने व्यवस्था गरेको छ। सो बमोजिम यस आर्थिक वर्षमा माननीय महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता र सहन्यायाधिवक्ताहरू समेतको टोलीले विभिन्न सरकारी वकील कार्यालय, जिल्ला स्थित हिरासत, कारागार तथा बाल सुधार गृहको अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०८०/०८१ र आर्थिक वर्ष २०८१/०८२ को पौष १५ सम्म विभिन्न सरकारी वकील कार्यालय, जिल्ला स्थित हिरासत, कारागार तथा बाल सुधार गृह तथा सो को अनुगमन गर्ने पदाधिकारीको विवरण अनुसूचीमा रहेको छ ।

परिच्छेद - तीन

उच्च सरकारी वकील कार्यालय

१. गठन

न्याय प्रशासन ऐन, २०७३ को दफा ५ मा उच्च अदालतहरूको स्थापना सम्बन्धी व्यवस्था छ। उच्च अदालतहरू र उच्च अदालतका इजलास रहेका स्थानहरूमा नेपाल सरकार वादी हुने वा नेपाल सरकारको हक, हित वा सरोकार रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्न तथा तोकिए बमोजिमको कार्यसम्पादन गर्न उच्च सरकारी वकील कार्यालयहरू स्थापना भई कार्यसम्पादन हुँदै आएको छ। हाल उच्च सरकारी वकील कार्यालयहरूको संख्या १८ रहेको छ। उच्च सरकारी वकील कार्यालय नेपाल न्याय सेवा सरकारी वकील समूहका राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्वमा रहने व्यवस्था छ। उक्त कार्यालयहरूमा आवश्यकता अनुसार राजपत्राङ्कित द्वितीय तथा तृतीय श्रेणीका सरकारी वकीलहरू तथा अन्य कर्मचारीहरू रहने व्यवस्था रहेको छ। उच्च सरकारी वकील कार्यालयहरूमा रहने सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दी स्थिति **अनुसूची-२२** मा प्रस्तुत गरिएको छ।

२. उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ एवम् सरकारी वकील सम्बन्धी नियमावली, २०७७ मा व्यवस्था भए बमोजिम उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

१. सुरु मुद्दा दायर गर्नुपर्ने विषयमा प्राप्त मिसिल कागजात अध्ययन गरी मुद्दा चलाउन आवश्यक देखेमा मुद्दा चलाउने निर्णय गर्ने, प्रमाणको अभावमा मुद्दा चलाउन आवश्यक नदेखिएमा आफ्नो निर्णय सहित अन्तिम निर्णयको लागि मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र अन्तिम निकासा भई आए बमोजिम गर्ने, गराउने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम उच्च अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका मुद्दामा मिलापत्र गर्न आदेश दिन सक्ने।

३. फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धान कै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडि नबढाउन पीडित र प्रतिवादी दुवै पक्ष सहमत भई दिएको निवेदन बमोजिम मातहतको जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने।

४. तीन वर्ष वा सोभन्दा कम कैद सजाय वा पच्चिस लाख रूपैँयासम्म विगोदावी लिई अभियोगपत्र दायर भएको मुद्दामा जिल्ला अदालतबाट भएको फैसला उपर पुनरावेदन नगर्ने अन्तिम निकासा दिने।

५. जिल्ला अदालतले गरेको निर्णय उपर उच्च अदालतमा पुनरावेदन गर्ने वा नगर्ने भन्ने सम्बन्धमा जिल्ला सरकारी वकील कार्यालयबाट प्राप्त मिसिल कागजात अध्ययन गरी पुनरावेदन गर्नुपर्ने देखिएमा सम्बन्धित उच्च अदालतमा पुनरावेदन दायर गर्ने, पुनरावेदन गर्न आवश्यक नदेखेमा आफ्नो राय सहित मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र निकासा भए बमोजिम गर्ने।

६. जिल्ला अदालतले पुनरावेदनको रोहमा गरेको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (३) को खण्ड (ग) बमोजिम उच्च अदालतमा पुनरावेदन नगर्ने अन्तिम निर्णय गर्ने।

७. उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर आधार कारण खोली मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गर्ने।

८. उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर आधार कारण खोली मुद्दा दोहोऱ्याउने निवेदन गर्ने नगर्ने निर्णय गर्ने दोहोऱ्याउनु पर्ने प्रस्ताव सहित महान्यायाधिवक्ताको कार्यालयमा पठाउने।

९. उच्च अदालतमा नेपाल सरकार वादी भई दायर गरिएका सुरु मुद्दाहरू, पुनरावेदनहरू र नेपाल सरकारलाई विपक्षी बनाई दायर गरिएका मुद्दाहरू एवम् रिट निवेदनहरूमा नेपाल सरकारको प्रतिनिधित्व गरी अड्डा अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने।

१०. प्रादेशिक अधिकारक्षेत्र भित्र रहेका प्रदेश प्रमुख तथा नेपाल सरकारका कार्यालय प्रमुखले मागेको कानूनी प्रश्नमा राय सल्लाह दिने।

११. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा सो विषयमा जुनसुकै तरिका वा माध्यमबाट जानकारी हुन आएमा आवश्यक छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने।

१२. प्रचलित नेपाल कानूनले उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलले गर्ने भनी तोकेको अन्य कार्यहरू सम्पादन गर्ने।

३. उच्च सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

यस परिच्छेदमा उच्च सरकारी वकील कार्यालयहरूबाट आर्थिक वर्ष २०८०/०८१ मा सम्पादित कामको विवरणलाई एकीकृत रूपमा उल्लेख गरिएको छ। सम्पादित काम मध्ये मुद्दा तथा रिटको विषय, प्रकृति र कारबाहीको विवरण उल्लेख गरिएको छ। उच्च सरकारी कार्यालयबाट बहस, पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा रिट निवेदनको तुलनात्मक तथ्याङ्क प्रस्तुत गरिएको छ।

यस आर्थिक वर्षमा सबै उच्च सरकारी वकील कार्यालयहरूको कार्यबोझ, कार्यरत सरकारी वकील र त्यस कामका लागि भएको सरकारी लागत समेतलाई तालिका, चार्ट र वृत्तचित्र समेतको प्रयोग गरी स्पष्ट र बोधगम्य पार्ने प्रयास गरिएको छ। उच्च सरकारी वकील कार्यालयहरूबाट नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई मुद्दा तथा रिट निवेदनहरूमा बहस पैरवी एवम् प्रतिरक्षा गरिएका मुद्दाहरूको छुट्टाछुट्टै विवरण र फछ्यौंट भएका मुद्दामा भएको कसूर कायम तथा रिट निवेदन खारेज भएको संख्या र प्रतिशतलाई विगत वर्षहरूको तथ्याङ्कहरू समेत समावेश गरी तुलनात्मक रूपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३२

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा रिट निवेदनको तीन आ.व. को तुलनात्मक विवरण

आर्थिक वर्ष	विषय	लगत			फछ्यौंट					बाँकी	रिट खारेज तथा कसूर ठहर प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज तथा कसूर ठहर	रिट जारी तथा कसूरमा सफाई	तामेली,मुल्तवी,मिलापत्र अन्य	जम्मा	फछ्यौट प्रतिशत		
२०७८/०७९	मुद्दा	७२५७	१०८२२	१८०७९	४४७८	३८४१	९०	८४०९	४६.५१	९६७०	५३.२५
	रिट	१५५९	३४३६	४९९५	१३९५	१०७५	२३१	२७०१	५४.०७	२२९४	५१.६५
	अन्य निवेदन	५६३	२८७६	३४३९	१६५७	११८८	३१	२८७६	८३.६३	५६३	५७.६१
	जम्मा	**९३७९**	**१७१३४**	**२६५१३**	**७५३०**	**६१०४**	**३५२**	**१३९८६**	**५२.७५**	**१२५२७**	**५३.८४**
२०७९/०८०	मुद्दा	८०३३	१२२०७	२०२४०	५९३२	४६७६	६३८	११२४६	५५.५६	८९९४	५२.७५
	रिट	२१८०	३७२७	५९०७	१७९९	१४९४	२७६	३५६९	६०.४२	२३३८	५०.४१
	अन्य निवेदन	५३३	२६४२	३१७५	१५९८	९९०	९	२५९७	८१.८०	५७८	६१.५३
	जम्मा	**१०७४६**	**१८५७६**	**२९३२२**	**९३२९**	**७१६०**	**९२३**	**१७४१२**	**५९.३८**	**११९१०**	**५३.५८**
२०८०/०८१	मुद्दा	८०४६	११४१७	१९४६३	६९३८	४६५८	५६	११६५२	७९६२.००	७८११	५९.५४
	रिट	२७६२	६६८०	९४४२	३०६६	२३१५	१	५३८२	५७.००	४०६०	५६.९७
	अन्य निवेदन	५६२	२७७०	३३३२	१६७१	११४२	०	२८१३	८४.४२	५१९	५९.४०
	जम्मा	**११३७०**	**२०८६७**	**३२२३७**	**११६७५**	**८११५**	**५७**	**१९८४७**	**६१.५७**	**१२३९०**	**५८.८३**

उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी एवम् प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा अन्य निवेदनहरूको एकमुष्ठ लगत फछ्यौंटको विवरणले सो कार्यालयबाट सम्पादित मुद्दा सम्बन्धी कामको विवरणलाई प्रस्तुत गर्दछ। उच्च सरकारी वकील कार्यालयमा आर्थिक वर्ष २०७८/०७९ को कुल लगत मुद्दा संख्या २६५१३ र आर्थिक वर्ष २०७९/०८० को कुल लगत मुद्दा संख्या २९३२२ लाई यस आर्थिक वर्षको कुल लगत मुद्दा संख्यासँग तुलना गरी अध्ययन गरिएको छ।

फछ्यौंटको अवस्थालाई हेर्दा आर्थिक वर्ष २०७८/०७९ मा ५२.७५ प्रतिशत, आर्थिक वर्ष २०७९/०८० मा ५९.३८ प्रतिशत र यस आर्थिक वर्षमा ६१.५७ प्रतिशत मुद्दा, रिट तथा निवेदनहरू फछ्यौंट भएको आँकडालाई हेर्दा फछ्यौंटको प्रवृति बढ्दो क्रममा रहेको देखिन्छ। फछ्यौंट भएका मुद्दा, रिट तथा निवेदनहरू मध्ये आ.व. २०७८/७९ मा ५३.८४ प्रतिशत, गत आर्थिक वर्षमा ५३.५८ प्रतिशत मुद्दामा कसूर ठहर तथा रिट खारेज भएकोमा यस आ.व.मा उक्त कसूर ठहर तथा रिट खारेज ५८.८३ प्रतिशत रहेको देखिन्छ।

उच्च सरकारी वकील कार्यालयबाट यस आ.व. मा बहस पैरवी एवम् प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरुको स्तम्भचित्र



उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी एवम् प्रतिरक्षा गरिएको मुद्दा, रिट तथा निवेदनको कुल लगत ३२२३७ मध्ये जम्मा १९८४७ थान फछ्यौंट भएको तथ्याङ्क देखिन्छ। यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवम् प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विस्तृत विवरण **अनुसूची-१३** मा प्रस्तुत गरिएको छ।

उच्च सरकारी वकील कार्यालयबाट तीन आ.व.मा भएका मुद्दा, रिट तथा अन्य निवेदनहरूको फछ्यौंट, कसूर ठहर तथा रिट खारेज सम्बन्धी स्तम्भचित्र (प्रतिशतमा)



यस आर्थिक वर्षमा भएका मुद्दा, रिट तथा अन्य निवेदनहरुको एकमुष्ठ फछ्यौंट र कसूर ठहर तथा रिट खारेज सम्बन्धी विवरणलाई विगत दुई आ.व.मा भएका विवरणसँग तुलनात्मक अध्ययन गर्दा आ.व. २०७८/७९ को तुलनामा पछिल्ला आ.व. हरूमा फछ्यौंट प्रतिशत बढेको देखिन्छ भने कसूर ठहर तथा रिट खारेज सम्बन्धमा समेत आ.व. २०७८/७९ को तुलनामा पछिल्ला आ.व.हरूमा केही वृद्धि भएको देखिन्छ। उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा, रिट तथा निवेदनहरूमा बहस पैरवी एवम् प्रतिरक्षा गरिएका मुद्दाहरूको विवरणलाई छुट्टाछुट्टै शीर्षकमा तुलनात्मक रूपमा देहाय बमोजिम विवेचना गरिएको छ।

३.१ मुद्दा, रिट तथा निवेदन सम्बन्धी कार्य

प्रचलित कानून र सरकारी वकील सम्बन्धी नियमावलीको व्यवस्था बमोजिम सरकार वादी मुद्दाहरूमा जिल्लास्तरका अड्डा अदालतबाट भएको आदेश, निर्णय वा फैसलामा चित्त नबुझेमा नेपाल सरकारको तर्फबाट उच्च अदालतमा पुनरावेदन दायर गर्ने, नेपाल सरकारको तर्फबाट वा नेपाल सरकार उपर प्रतिवादी/विपक्षीको तर्फबाट दायर गरिएका पुनरावेदन सम्बन्धमा अदालत समक्ष उपस्थित भई बहस पैरवी गर्ने, नेपाल सरकारको हक, हित वा सरोकार निहित भएको विषयमा वा नेपाल सरकारलाई विपक्षी बनाई दायर गरिएका सुरु मुद्दा वा पुनरावेदन गरिएका मुद्दाहरूमा अदालत समक्ष उपस्थित भई बहस पैरवी एवम् प्रतिरक्षा गर्ने कार्य उच्च सरकारी वकील कार्यालयबाट गरिन्छ। उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित मुद्दा सम्बन्धी कार्यको लगत, फछ्यौंट र बाँकीको विषयगत विवरणलाई देहायको तालिकामा एकीकृत रूपमा प्रस्तुत गरिएको छ।

तालिका नं. ३३

उच्च सरकारी वकील कार्यालयबाट मुद्दामा बहस पैरवी गरेको मुद्दाको तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				फछ्यौंट प्रतिशत	बाँकी	रिट खारेज प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसुर ठहर भएको	सफाई भएको	अन्य	जम्मा			
२०७८/०७९	७२५७	१०८२२	१८०७९	४४७८	३८४१	९०	८४०९	४६.५१	९६७०	५३.२५
२०७९/०८०	८०३३	१२२०७	२०२४०	५९३२	४६७६	६३८	११२४६	५५.५६	८९९४	५२.७५
२०८०/०८१	८०४६	११४१७	१९४६३	६९३८	४६५८	५६	११६५२	५९.८७	७८११	५९.५४

माथि तालिकामा प्रस्तुत विवरण अनुसार उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा दायर भएका सुरु मुद्दा, पुनरावेदन र प्रतिरक्षा गरिएका समेतको मुद्दा संख्या ११४१७ र गत आर्थिक वर्षमा फछ्यौंट हुन बाँकी रही जिम्मेवारी सरी आएका मुद्दा ८०४६ समेत गरी यस आर्थिक वर्षमा कायम रहेको जम्मा लगत १९४६३ थान मुद्दा फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ। फछ्यौंट भएका मध्ये ५९.५४ प्रतिशत मुद्दा कसूर ठहर भएको, ३९.९७ प्रतिशत मुद्दामा सफाइ भएको देखिन्छ। तीन आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दामा गरिएको बहस पैरवी सम्बन्धी विवरणलाई तुलनात्मक तथ्याङ्क माथि तालिकामा प्रस्तुत गरिएको छ।

उच्च सरकारी वकील कार्यालयबाट सम्पादित मुद्दाको फछ्यौंट तथा कसूर ठहर सम्बन्धी स्तम्भ चित्र (प्रतिशतमा)



यस आर्थिक वर्षमा भएका मुद्दा, रिट तथा अन्य निवेदनहरुको समग्र फछ्यौंटको अवस्थालाई हेर्दा आर्थिक वर्ष २०७८/०७९ को तुलनामा पछिल्ला आ.व.हरूमा फछ्यौंट प्रतिशत बढेको देखिन्छ भने कसूर ठहरको आँकडामा पछिल्ला आर्थिक वर्षमा उतारचढाव आएको देखिन्छ।

(क) मुद्दाहरूको विषयगत वर्गीकरण र लगत संख्या

१. अनुसूची-१ का मुद्दाको लगत, फछ्यौंट र कारबाहीको स्थिति

उच्च सरकारी वकील कार्यालयहरूबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ का सरकार वादी मुद्दाको बहस पैरवी र प्रतिरक्षा गरिन्छ।

तालिका नं. ३४

उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका अनुसूची १ का मुद्दाहरूको विषयगत कारबाही विवरण

क्र.सं	बिषय	लगत			फछ्यौट						बाँकी
					शुरु सदर		उल्टी		मुल्तबी,तामेली,मिलापत्र,अन्य	जम्मा	
		गत बर्षको	यस बर्षको	जम्मा	कसुर कायम	सफाई	कसुर कायम	सफाई			
१	राज्य विरुद्ध	८	५	१३	३	७	१	०	०	११	२
२	सार्वजनिक शान्ति विरुद्ध	५४	८३	१३७	५३	१६	१	०	०	७०	६७
३	सार्वजनिक न्याय विरुद्ध	२	६	८	५	०	०	०	०	५	३
४	सार्वजनिक हित, स्वास्थ्य,	४९	२२	७१	१७	२६	१	०	०	४४	२७
५	हातहतियार तथा खरखजाना	७५	११३	१८८	६२	३९	१४	६	०	१२१	६७
६	विष्फोटक पदार्थ	१९	२३	४२	७	५	१	०	०	१३	२९
७	धर्म सम्बन्धी कसुर	२	१	३	१	२	०	०	०	३	०
८	भेदभाव तथा अपमानजन्य व्यवह	४८	८३	१३१	२९	२५	२	२	०	५८	७३
९	विवाह	३८३	६१०	९९३	२७७	३३२	२४	१३	०	६४६	३४७
१०	ज्यान	१२२४	१७६८	२९९२	९१९	८२९	९१	२५	१	१८६५	११२७
११	कुटपिट अंगभंग	९८	१३५	२३३	६५	५८	४	४	०	१३१	१०२
१२	तेजाव प्रहार सम्बन्धी	२	२	४	०	१	०	०	०	१	३
१३	व्यक्ति बेपत्ता पार्ने	३	३	६	०	४	०	०	०	४	२
१४	अपहरण वा शरीर बन्धक	९३	२१०	३०३	८९	४६	३	३	०	१४१	१६२
१५	करणी सम्बन्धी कसूर	१६६५	२४२६	४०९१	१२००	१०८६	१९३	७२	३	२५५४	१५३७
१६	इलाज सम्बन्धी	१	५	६	०	३	०	०	०	३	३
१७	चोरी तथा डाँका	१०५८	१६६५	२७२३	१००७	४८८	६३	१६	०	१५७४	११४९
१८	आर्थिक	३०९	३७७	६८६	२३५	१४१	१६	१४	१६	४२२	२६४
१९	कीर्ते	१०८	९२	२००	४१	४२	७	८	०	९८	१०२
२०	आपराधिक प्रवेश	२	३	५	०	०	०	०	०	०	५
२१	आपराधिक उपद्रव	६१	८५	१४६	३६	४०	१	१	०	७८	६८
२२	पशुपक्षी	२१	२७	४८	१२	२३	३	१	०	३९	९
२३	नागरिकता	३५	३८	७३	१९	१५	०	१	०	३५	३८
२४	प्रतिलिपि अधिकार	०	३	३	१	१	०	०	०	२	१
२५	प्रविधि सम्बन्धी	७	४८	५५	२१	१०	१	०	१	३३	२२
२६	बालबालिका सम्बन्धी कसूर	८	१४	२२	१०	४	०	०	०	१४	८
२७	बैंकिङ कसूर	३९७	३०६	७०३	१९२	१४०	०	०	३२	३६४	३३९
२८	मानव बेचविखन	१२२	१४४	२६६	८९	५९	११	१	१	१६१	१०५
२९	राहदानी	२	०	२	१	०	०	०	०	१	१
३०	लागू औषध	१३३५	२०९८	३४३३	१२२४	६८९	८८	३२	०	२०३३	१४००
३१	सवारी ज्यान	५६२	७७५	१३३७	५६७	१८६	७६	२४	१	८५४	४८३
३२	विविध	२५	२०	४५	११	१२	१	०	०	२४	२१
जम्मा		७७७८	१११९०	१८९६८	६१९३	४३२९	६०२	२२३	५५	११४०२	७५६६

१. अनुसूची-२ का मुद्दाको लगत, फछ्यौंट र कारबाहीको स्थिति

उच्च सरकारी वकील कार्यालयहरूबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ का सरकार वादी मुद्दाको बहस पैरवी र प्रतिरक्षा गरिन्छ।

तालिका नं. ३५

उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची-२ का मुद्दाहरूको विषयगत विवरण

क्र.सं	विषय	लगत			फछ्यौट						बाँकी
					शुरु सदर		उल्टी		मुल्तबी,तामेली,मिलापत्र ,अन्य	जम्मा	
		गत बर्षको	यस बर्षको	जम्मा	कसुर कायम	सफाई	कसुर कायम	सफाई			
१	उपभोक्ता संरक्षण	०	१	१	०	०	०	०	०	०	१
२	औषधि	११	१३	२४	५	४	१	०	०	१०	१४
३	खाद्य पदार्थ सम्बन्धी	२	४	६	१	१	०	०	०	२	४
४	नेपाल गुणस्तर	०	१	१	०	१	०	०	०	१	०
५	नाप तौल सम्बन्धी	३	४	७	१	३	०	०	०	४	३
६	निर्वाचन सम्बन्धी	२१	१	२२	०	२०	१	०	०	२१	१
७	राजश्व चुहावट	६३	२१	८४	१७	४	२	१	१	२५	५९
८	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	२६	१५	४१	११	१५	२	०	०	२८	१३
९	विदेशी विनिमय	१५	१२	२७	६	०	१	०	०	७	२०
१०	वन	१२१	१३४	२५५	७८	५१	८	२	०	१३९	११६
११	बिद्युत चोरी	०	१	१	०	०	०	०	०	०	१
१२	शिक्षा ऐन दफा १७(१)	१	०	१	१	०	०	०	०	१	०
१३	सम्पत्ति शुद्धिकरण	०	१	१	०	०	०	०	०	०	१
१४	संकटापन्न वन्यजन्तु तथा वनस्पति	०	५	५	२	१	१	०	०	४	१
१५	अन्य	३	६	९	२	१	१	०	०	४	५
जम्मा		२६६	२१९	४८५	१२४	१०१	१७	३	१	२४६	२३९

अनुसूची-१ र २ का फौजदारी मुद्दाको विषयगत विस्तृत वर्गीकरण **अनुसूची-१४** मा प्रस्तुत गरिएको छ।

(ख) रिट निवेदन सम्बन्धी कार्य

नेपालको संविधानको धारा १४४(१) मा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपर्युक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुने व्यवस्था रहेको र न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (१) मा उच्च अदालतलाई संविधानको धारा १४४(१) बमोजिम परेका निवेदनमा सुनुवाइ गरी आवश्यक उपर्युक्त आदेश जारी गर्ने अधिकार प्रदान गरेको छ। उच्च अदालतमा दायर हुने यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवम् प्रतिरक्षा गर्ने गर्दछन्।

तालिका नं. ३६

उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका रिट निवेदनहरूको तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछ्यौट				फछ्यौट प्रतिशत	बाँकी	रिट खारेज प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज भएको	रिट जारी	अन्य	जम्मा			
२०७८/०७९	१५५९	३४३६	४९९५	१३९५	१०७५	२३१	२७०१	५४.०७	२२९४	५१.६५
२०७९/०८०	२१८०	३७२७	५९०७	१७९९	१४९४	२७६	३५६९	६०.४२	२३३८	५०.४१
२०८०/०८१	२७६२	६६८०	९४४२	३०६६	२३१५	१	५३८२	५७.००	४०६०	५६.९७

माथि प्रस्तुत गरिएको तालिका अनुसार यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका रिट निवेदनहरूको संख्या ९४४२ रहेको छ। सो मध्ये यस आर्थिक वर्षमा दायर भएका रिट निवेदनहरू ६६८० र गत वर्षबाट जिम्मेवारी सरी आएका निवेदनहरूको लगत २७६२ थान रहेको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१३** मा प्रस्तुत गरिएको छ। रिट निवेदन सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण माथि तालिकामा प्रस्तुत गरिएको छ।

उच्च सरकारी वकील कार्यालयबाट सम्पादित रिट निवेदनको फछ्यौट र रिट खारेजको स्तम्भ चित्र (प्रतिशतमा)



माथि प्रस्तुत स्तम्भ चित्रबाट हेर्दा फछ्यौंटको आँकडा आ.व. २०७८/७९ को तुलनामा गत आ.व.मा वृद्धि तथा यस आ.व. मा घटेको देखिन्छ भने रिट खारेजको प्रवृत्ति ठिक विपरित आ.व. २०७८/७९ को तुलनामा यस आ.व.मा बढेको देखिन्छ।

(ग) अन्य निवेदन सम्बन्धी कार्य

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसार कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षको लागि प्रतिवादीलाई तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारबाहीको सिलसिलामा भएको अन्य कुनै अन्तरकालीन आदेश उपर पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिने कानूनी व्यवस्था रहेको छ। यसरी अदालतमा निवेदन दायर गर्ने र यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवम् प्रतिरक्षा गर्ने गर्दछन्। निवेदन सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण माथि तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३७

उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका निवेदनहरूको तीन आ.व.को विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	जिकिर पुगेको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	जिकिर पुगेको	जिकिर नपुगेको	अन्य	जम्मा		
२०७८/०७९	५६३	२८७६	३४३९	१६५७	११८८	३१	२८७६	५६३	५७.६१
२०७९/०८०	५३३	२६४२	३१७५	१५९८	९९०	९	२५९७	५७८	६१.५३
२०८०/०८१	५६२	२७७०	३३३२	१६७१	११४२	०	२८१३	५१९	५९.४०

माथि प्रस्तुत तालिकाको विवरण बमोजिम यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका निवेदन तथा प्रतिवेदनहरूको लगत संख्या ३३३२ रहेको छ। यी निवेदनहरू मध्ये २७७० थान निवेदन फछ्यौंट भएको र ५१९ थान निवेदन बाँकी रहेको देखिन्छ। यस आ.व. मा फछ्यौंट भएका निवेदनहरू मध्ये ५९.४० प्रतिशत निवेदनहरूमा जिकिर कायम भएको देखिन्छ जुन गत आ.व.को तुलनामा केही घटेको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१३** मा प्रस्तुत गरिएको छ।

३.२ मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारबाहीको विवरण

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम उच्च अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका मुद्दामा मिलापत्र गर्न आदेश दिन सक्ने व्यवस्था रहेकोमा उच्च सरकारी वकील कार्यालयहरूबाट मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारबाहीको विवरण यस प्रकार रहेको छ ।

तालिका नं. ३८

उच्च सरकारी वकील कार्यालयहरूबाट मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारबाहीको विवरण

सि.नं.	मुद्दाको विवरण	मुद्दा	पीडितको संख्या	प्रतिवादीको संख्या
१	ठगी	१६	२३	३२
२	बैंकिङ्ग कसूर	२२	२२	२२
२	सहकारी हिनामिना	१	१	१
जम्मा		३९	४६	५५

माथि प्रस्तुत तालिका बमोजिम उच्च सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारबाहीको मुद्दा संख्या ठगीमा १६ थान, बैङ्किङ्ग कसूरमा २२ थान र सहकारी हिनामिनामा १ थान गरी जम्मा ३९ थान रहेको छ । उक्त मुद्दामा पीडितको संख्या ४६ र प्रतिवादीको संख्या ५५ रहेको छ । यस आ.व.मा मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारबाहीको मुद्दा संख्यालाई विषयगत रूपमा माथि तालिकामा प्रस्तुत गरिएको छ। यस सम्बन्धी कार्यालयगत विवरण **अनुसूची-१७** मा प्रस्तुत गरिएको छ।

३.३ कानूनी राय सम्बन्धी कार्य

कानूनी राय प्रदान गर्नु उच्च सरकारी वकील कार्यालयको अर्को महत्वपूर्ण कार्य हो।उच्च सरकारी वकील कार्यालयबाट सरकारी कार्यालयहरूबाट कानूनी विषयमा राय मागेमा कानूनी राय प्रदान गरिन्छ। उच्च सरकारी वकील कार्यालयहरूबाट उपलब्ध गराएको कानूनी राय सल्लाहको विवरण **अनुसूची-१८** मा दिइएको छ। यस आ.व. मा उच्च सरकारी वकील कार्यालयहरूबाट कुनै पनि कानूनी राय प्रदान नगरेको अवस्था छ।

३.४ मुद्दा नचलाउने निर्णय भई अन्तिम निकासाका लागि पठाइएका मुद्दाहरूको विवरण

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ र २ का मुद्दाको तहकिकात पूरा भई मुद्दा चल्ने नचल्ने निर्णयका लागि सरकारी वकील समक्ष प्राप्त मिसिल कागज अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने नदेखेमा आधार र कारण सहित निर्णय गरी सम्बन्धित सरकारी वकीलले निकासाको लागि मिसिल कागज सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता समक्ष पेश गर्न सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने व्यवस्था छ। यसरी प्राप्त मिसिल अध्ययन गर्दा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले मुद्दा चलाउनुपर्ने देखेमा आधार र कारण सहितको निर्णय आदेश र मिसिल कागज सम्बन्धित सरकारी वकील कहाँ पठाई दिने र मुद्दा चलाउनु नपर्ने देखेमा आफ्नो

आधार र कारण सहितको निर्णय र मिसिल कागज महान्यायाधिवक्ता समक्ष अन्तिम निकासाको लागि पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने व्यवस्था छ।

साथै राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित पेश हुन आएका मुद्दामा सो मुद्दा दायर हुने उच्च अदालतको भौगोलिक क्षेत्राधिकारभित्र पर्ने उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले मिसिल अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारी समक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपि सहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने व्यवस्था रहेको छ। सोही बमोजिम उच्च सरकारी वकील कार्यालय समक्ष आएका मिसिल तथा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताबाट भएको निर्णय सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३९

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा चलाउने नचलाउने निर्णयको तीन आ.व.को विवरण

आर्थिक वर्ष	सुरु अभियोजनको निर्णय	मुद्दा चलाउने नचलाउने निर्णय		जम्मा
		चलाउने भनी फिर्ता पठाएको	नचलाउने निर्णय गरी निकासाको लागि पठाएको	
२०७८/०७९	६२	३२	६५३	७४७
२०७९/०८०	८३	५९	१६८९	१८३१
२०८०/०८१	३५	५४	३४४९	३५३८

माथि प्रस्तुत तालिका अनुसार यस आर्थिक वर्षमा सुरु अभियोजनको निर्णय संख्या ३५, मुद्दा चलाउने भनी जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाएको संख्या ५४, मुद्दा नचलाउने निर्णय गरी निकासाको लागि पठाएको संख्या ३४४९ गरी मुद्दा चलाउने तथा नचलाउने निर्णय संख्या जम्मा ३५३८ रहेको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१५** मा प्रस्तुत गरिएको छ।

३.५ उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको विवरण

तालिका नं. ४०

उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको तीन आ.व.को विवरण

आर्थिक वर्ष	मुद्दा चलाउने निर्णय	मुद्दा नचलाउने निर्णय	पुनरावेदन प्रस्ताव		पुनरावेदन सम्बन्धी निर्णय		दो.पा. निवेदन नगर्ने निर्णय	दोहोऱ्याउने प्रस्ताव	दफा ७३ को निवेदन	बहस पैरवी संख्या	बयान/बकपत्र गराएको संख्या	कानूनी राय प्रदान गरेको संख्या
			गर्ने	नगर्ने	पुनरावेदन गर्ने निर्णय	पुनरावेदन नगर्ने निर्णय						
२०७८/०७९	९४	६५३	४१७	७८९	७०६२	१२९२	६९८८	३१६	१६५७	२७२४२	८६९	२
२०७९/०८०	१४२	१६८९	३४९	१०१७	८०९३	१६४३	६८८१	३७०	२९४३	४१६६१	११७५	०
२०८०/०८१	८९	३४४९	३५४	१४०९	९३६०	३१४४	७९९३	३८८	१३३०	४१२२१	५३६	०

माथि प्रस्तुत तालिका बमोजिम यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिवादी खुलेका मुद्दामा मुद्दा चलाउने निर्णय भएको संख्या ८९ र मुद्दा नचलाउने गरी भएको निर्णय संख्या ३४४९ रहेको देखिन्छ। त्यस्तै पुनरावेदन गर्ने निर्णय संख्या ९३६० र पुनरावेदन नगर्ने निर्णय संख्या ३१४४ रहेको देखिन्छ। पुनरावेदन प्रस्तावहरू मध्ये ३५४ पुनरावेदन गर्ने प्रस्ताव र नगर्ने प्रस्ताव १४०९ रहेको देखिन्छ।

दोहोऱ्याई पाउने निवेदन नगर्ने निर्णय संख्या ७९९३ दोहोऱ्याई पाउने निवेदन मस्यौदा संख्या ३८८ रहेको देखिन्छ। यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ को निवेदन १३३० र बहस पैरवी र प्रतिरक्षा गरेको संख्या ४१२२१ रहेको तथा बयान बकपत्र गराएको संख्या ५३६ र कानूनी राय प्रदान गरेको संख्या ० रहेको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१५** मा प्रस्तुत गरिएको छ। उच्च सरकारी वकील कार्यालयबाट विगत तीन वर्षमा सम्पादित कार्यहरूको तुलनात्मक विवरण माथि तालिकामा प्रस्तुत गरिएको छ।

३.६ उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावको विवरण

तालिका नं. ४१

उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावहरूको तीन आ.व.को एकमुष्ठ विवरण

आर्थिक वर्ष	दो.पा. निवेदन नगर्ने निर्णय	मुद्दा दोहोऱ्याउने निवेदन प्रस्ताव	पुनरावेदन गर्न नपर्ने	पुनरावेदन सम्बन्धी प्रस्ताव			दफा ७३ को निवेदन	मुद्दा चल्ने नचल्ने प्रस्ताव	कुल जम्मा
				पुनरावेदन गर्ने	पुनरावेदन नगर्ने	जम्मा			
२०७८/०७९	६९८८	३१६	५४८	४१७	७८९	१२०६	३१	६५३	९७४२
२०७९/०८०	६८८१	३७०	५१३	३४९	१०१७	१३६६	११२	१६८९	१०९३१
२०८०/०८१	७९९३	३८८	९६२	३५४	१४०९	१७६३	१२२	३५०३	१४७३१

माथि प्रस्तुत तालिकाको विवरण बमोजिम यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय संख्या ७९९३, मुद्दा दोहोऱ्याई पाउने निवेदन गर्ने प्रस्ताव ३८८ पेश भएको देखिन्छ। पुनरावेदन गर्न नपर्ने संख्या ९६२ रहेको छ भने पुनरावेदन सम्बन्धी प्रस्तावमा संख्या १७६३ मध्ये पुनरावेदन गर्ने मस्यौदा प्रस्ताव ३५४ र नगर्ने मस्यौदा प्रस्ताव १४०९ पेश भएको देखिन्छ। यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन प्रस्ताव संख्या १२२ र मुद्दा चल्ने नचल्ने प्रस्ताव संख्या ३५०३ भएको देखिन्छ। यसरी महान्यायाधिवक्ताको कार्यालयमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्राप्त भएका प्रस्तावहरूको संख्या १४७३१ रहेको र यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१६** मा दिइएको छ। यस सम्बन्धी तुलनात्मक विवरण माथि तालिकामा प्रस्तुत गरिएको छ।

४. उच्च सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

तालिका नं. ४२

उच्च सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील कार्यबोझ

आर्थिक बर्ष	कुल मुद्दा	कुल रिट निवेदन	कुल निवेदन	मुद्दा चल्ने/ नचल्ने निर्णय	पुनरावेदन मस्यौदा संख्या	मिलापत्र आदेश	पुनरावेदन प्रस्ताव	दो.पा. प्रस्ताव	दो.पा. निवेदन नगर्ने निर्णय	बयान,बकपत्र संख्या	कानुनी राय	दफा ७३ को निवेदन	कुल जम्मा	सरकारी वकिल संख्या	प्रति सरकारी वकिल कार्यबोझ
२०७८/०७९	१८०७९	४९९५	३४३९	७४७	७०६२	०	१२०६	३१६	६९८८	८६९	२	१६५७	५६३१४	१११	५०७.३३
२०७९/०८०	२०२४०	५९०७	३१७५	१८७५	८०९३	०	१३६६	३७०	६८८१	११७५	०	२९४३	६५१६३	१११	५८७.०५
२०८०/०८१	१९४६३	९४४२	३३३२	३५३८	९३६०	३९	१७६३	३८८	७९९३	५३६	०	१३३०	५७१८४	१११	५१५.१७

माथि तालिकामा उल्लेखित विवरण बमोजिम उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा अन्य सम्पादित कार्य समेतको तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आर्थिक वर्षको कुल

सम्पादित कार्य संख्या ५७१८४ रहेको देखिन्छ। जसमध्ये कुल मुद्दाहरू १९४६३, कुल रिट निवेदनहरू ९४४२, कुल निवेदनहरू ३३३२, मुद्दा चल्ने नचल्ने निर्णय संख्या ३५३८, पुनरावेदन मस्यौदा संख्या ९३६०, मिलापत्र आदेश ३९, पुनरावेदन प्रस्ताव १७६३, दोहोऱ्याई पाउने निवेदन प्रस्ताव ३८८, दोहोऱ्याई पाउने निवेदन नगर्ने निर्णय संख्या ७९९३, बयान/बकपत्र गराएको संख्या ५३६, कानूनी राय प्रदान गरेको संख्या ० र दफा ७३ बमोजिम पेश भएका निवेदन संख्या १३३० गरी जम्मा मुद्दा संख्या ५७१८४ रहेको छ। सबै उच्च सरकारी वकील कार्यालयहरूको सरकारी वकीलहरूको दरबन्दी संख्या १११ र प्रति सरकारी वकील कार्यबोझ ५१५.१७ रहेको र उक्त आँकडा गत आ.व.को तुलनामा घटेको देखिन्छ। उच्च सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूको संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्यसमेतको लगतलाई विभाजन गर्दा प्रति सरकारी वकीलको कार्यबोझ माथि तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४३

उच्च सरकारी वकील कार्यालयहरूमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

कार्यालय	कुल मुद्दाको लगत (मुद्दा, रिट, निवेदनसमेत)	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.
उच्च सरकारी वकील कार्यालय	३२२३७	१९०२२०१७०.००	५९००.६८

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ। उक्त तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आ.व.को कुल मुद्दा, रिट तथा निवेदनहरूको लगत संख्या ३२२३७ लाई उच्च सरकारी वकील कार्यालयहरूमा तलब तथा भत्तामा खर्च भएको रकम रु. १९०२२०१७०.०० को आधारमा ती कार्यालयहरूको प्रति मुद्दा खर्च रु. ५९००.६८ पर्ने देखिन्छ।

तालिका नं. ४४

उच्च सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको खर्च रकम

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु.
उच्च सरकारी वकील कार्यालयहरु	५७१८४	२४५३१७०००.००	४२८९.९६

यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता र कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गरी प्रति सम्पादित कार्य एकाइमा भएको खर्चको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ। उक्त तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आ.व.को जम्मा सम्पादित कार्य ५७१८४ र उच्च सरकारी वकील कार्यालयहरूमा कुल खर्च भएको रकम रु. २४५३१७०००.०० का आधारमा ती कार्यालयहरूमा प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु. ४२८९.९६ पर्ने देखिन्छ।

परिच्छेद - चार

विशेष सरकारी वकील कार्यालय

१. गठन

महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत काठमाण्डौ उपत्यकामा रहने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०।०७।२५ को निर्णयबाट विशेष सरकारी वकील कार्यालयको स्थापना भएको हो। यस कार्यालयबाट विशेष अदालत काठमाण्डौ, राजस्व न्यायाधिकरण काठमाण्डौ, वैदेशिक रोजगार न्यायाधिकरण काठमाण्डौ, प्रशासकीय अदालत र उच्च अदालत पाटनमा रहेको वाणिज्य इजलासबाट सुनुवाइ हुने सरकार वादी मुद्दाहरूमा बहस पैरवी तथा प्रतिरक्षा गर्ने कार्य हुँदै आएको छ।यस कार्यालयमा सहन्यायाधिवक्ताको नेतृत्वमा अन्य सरकारी वकील तथा कर्मचारी रहने व्यवस्था गरिएको छ।

२. विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार

नेपाल राजपत्रमा मिति २०७८।०१।१३ मा प्रकाशित सूचना अनुसार सुरक्षित कारोबार ऐन, २०६३ र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारण सहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहित निर्णय गरी निर्णयको प्रतिलिपि सहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने ब्यबस्था छ। वैदेशिक रोजगार ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि अनुसन्धान प्रतिवेदन सहित विशेष सरकारी वकील कार्यालयमा पेश हुन आएको मिसिल सो कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण खुलाई निर्णय गरी निर्णयको प्रतिलिपि सहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारी समक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहित निर्णय गरी निर्णयको प्रतिलिपि सहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ। यसैगरी सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम १७ मा विशेष सरकारी वकील कार्यालय, काठमाण्डौलाई कार्यसम्पादनको सिलसिलामा देहाय बमोजिम काम, कर्तव्य र अधिकार रहने गरी तोकिएको छः

१. विशेष सरकारी वकील कार्यालयलाई अभियोजन गर्न अधिकार भएका मुद्दामा मुद्दा चल्ने वा नचल्ने निर्णयर तत्सम्बन्धी कार्य गर्ने,
२. उच्च अदालत पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजस्व न्यायाधिकरण, काठमाण्डौ र अन्य अड्डा अदालतमा सुनुवाइ हुने नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा बहस पैरवी गर्ने,
३. उच्च अदालत पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएका आदेश वा फैसला उपर निवेदन, पुनरावेदन गर्नु पर्ने भएमा मस्यौदा सहित महान्यायाधिवक्ताको कार्यालयमा पठाउने,
४. महान्यायाधिवक्ताको कार्यालयले तोके बमोजिम अन्य कार्यहरू गर्ने।

५. नेपाल राजपत्रमा मिति २०८०/०३/२५ मा प्रकाशित सूचना बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम वैदेशिक रोजगार न्यायाधिकरणमा विचाराधीन मुद्दामा मिलापत्र गर्न आदेश दिने।

३. विशेष सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

३.१ मुद्दा तथा रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा सम्बन्धी कार्य

विशेष सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताबाट कार्यसम्पादन गर्न दिएको निर्देशन र प्रचलित कानून बमोजिम विशेष अदालत, काठमाण्डौ, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, काठमाण्डौ, राजस्व न्यायाधिकरण, काठमाण्डौ, उच्च अदालत पाटनमा वाणिज्य इजलासबाट हेरिने मुद्दाहरूमा बहस पैरवी र प्रतिरक्षा गर्ने गर्दछ। यस आर्थिक वर्षमा विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४५

विशेष सरकारी वकील कार्यालय, काठमाण्डौबाट मुद्दा तथा रिट निवेदन सम्बन्धी सम्पादित कार्यको विवरण

विषय		लगत			फछ्यौंट			जम्मा	बांकी	कसूर कायम,रिट खारेज प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर कायम,रिट खारेज	सफाइ, रिट जारी	अन्य			
मुद्दा	अनुसूची १ का	१२९	२७	१५६	१३१	१	०	१३२	२४	९९.२४
	अनुसूची २ का	५२४	४३१	९५५	३७७	२९७	६०	७३४	२२१	५१.३६
	प्रतिरक्षा गरिएका	७५८	५४५	१३०३	७४६	२५१	१२१	१११८	१८५	६६.७३
	जम्मा	१४११	१००३	२४१४	१२५४	५४९	१८१	१९८४	४३०	६३.२१

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको एकमुष्ठ लगत २४१४ रहेकोमा १९८४ थान मुद्दा फछ्यौंट भई ४३० थान मुद्दा तथा निवेदन बाँकी रहेको देखिन्छ। फछ्यौंट भएका मुद्दा मध्ये १२५४ थान अर्थात् ६३.२१ प्रतिशत मुद्दामा कसूर कायम तथा रिट खारेज भएको छ भने २७.६७ प्रतिशत मुद्दामा सफाई तथा रिट जारी भएको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-२३** मा दिइएको छ।

३.२ अभियोजन सम्बन्धी कार्य

संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार मध्ये विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दा मध्ये काठमाण्डौ उपत्यकामा अभियोजन गरिने सुरक्षित कारोबार ऐन, २०६३ र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ तथा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र वैदेशिक रोजगार ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ। सो बमोजिम यस आर्थिक वर्षमा २४५ थान मुद्दाका ५६४ जना प्रतिवादी उपर मुद्दा चलाउने निर्णय भएको देखिन्छ। यस सम्बन्धी विवरण **अनुसूची-२६** मा दिइएको छ।

३.३ विशेष सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारबाहीको विवरण

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा सम्पादन भएका समग्र काम कारबाहीको एकमुष्ठ विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४६

विशेष सरकारी वकील कार्यालयबाट सम्पादित काम कारबाहीको विवरण

निर्देशन दिएको संख्या	बयान संख्या	अभियोजन संख्या	मुद्दा नचलाउने	पुनरावेदन प्रस्ताव संख्या	मिलापत्र आदेश	अभियोगपत्र संख्या	दफा ७३ को निवेदन	बहस संख्या	बकपत्र संख्या	जम्मा
२५	११०	२४५	४३	५८	६२	२०	०	६७१२	१८४८	९११६

माथि प्रस्तुत तालिका अनुसार यस कार्यालयबाट अनुसन्धान गर्न दिएको निर्देशन संख्या २५, बयान गराएको प्रतिवादी संख्या ११०, मुद्दा चलाउने निर्णय संख्या २४५, मुद्दा नचलाउने संख्या ४३, मिलापत्रको आदेश ६२, पुनरावेदन गर्ने/नगर्ने प्रस्ताव संख्या ५८, अभियोगपत्र दायर संख्या २०, दफा ७३ बमोजिमको निवेदन सम्बन्धी ०, बहस पैरवी संख्या ६७१२ र बकपत्र गराएको संख्या १८४८ गरी जम्मा समग्र सम्पादित कार्य ९११६ रहेको देखिन्छ।

३.४ विशेष सरकारी वकील कार्यालयबाट मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारबाहीको विवरण

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा सम्पादन भएका प्रस्ताव सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४७

विशेष सरकारी वकील कार्यालयबाट मिलापत्र गर्ने आदेश सम्बन्धमा भएका कारबाहीको विवरण

मुद्दाको विषय	मिलापत्रको आदेशको निर्णय				अदालतबाट मिलापत्र		जम्मा	बाँकी
	हुने	नहुने	अन्य	जम्मा	भएको	नभएको		
वैदेशिक रोजगार	६२	०	०	६२	५३	८	६१	१

माथि प्रस्तुत तालिका अनुसार वैदेशिक रोजगार सम्बन्धी मुद्दामा मिलापत्रको आदेशको निर्णय संख्या ६२ रहेको छ। जसमध्ये अदालतबाट मिलापत्र भएको संख्या ५३ र नभएको ८ गरी कुल ६१ मुद्दामा मिलापत्र सम्बन्धी आदेश भएको देखिन्छ भने १ वटा मुद्दा बाँकी देखिन्छ।

३.५ विशेष सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

विशेष सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको संख्या र मुद्दा तथा अन्य सम्पादित कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४८

विशेष सरकारी वकील कार्यालयमा प्रति-सरकारी वकील कार्यबोझ

मुद्दा	निर्देशन संख्या	अभियोजनको निर्णय	मुद्दा नचल्ने प्रस्ताव	अभियोगपत्र संख्या	पुनरावेदन प्रस्ताव	मिलापत्र	दफा ७३ को निवेदन	बयान संख्या	बकपत्र संख्या	जम्मा	सरकारी वकील संख्या	प्रति सरकारी वकील कार्यबोझ
२४१४	२५	२४५	४३	२०	५८	६२	०	११०	१८४८	४८२५	२०	२४१.२५

माथि प्रस्तुत तथ्याङ्कलाई हेर्दा विशेष सरकारी वकील कार्यालयको यस आर्थिक वर्षको कुल सम्पादित कार्य ४८२५ रहेको देखिन्छ।यस कार्यालयमा रहेको सरकारी वकीलहरूको दरबन्दी संख्या २० रहेकोमा प्रति सरकारी वकील कार्यबोझ २३८.१५ रहेको देखिन्छ जुन तथ्याङ्क गत आ.व.को तुलनामा घटेको देखिन्छ।

तालिका नं. ४९

विशेष सरकारी वकील कार्यालयमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

कार्यालय	कुल मुद्दाको लगत (मुद्दा, रिटहरु तथा निवेदन)	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.
वि.स.व. कार्यालय	२४१४	२३६६९०४०.००	९८०४.९०

आर्थिक वर्ष २०८०/०८१ मा विशेष सरकारी वकील कार्यालयबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ। उक्त तथ्याङ्कलाई हेर्दा यस आ.व.को कुल मुद्दाहरूको लगत संख्या २४१४ लाई विशेष सरकारी वकील कार्यालयमा तलब तथा भत्तामा खर्च भएको रकम रु. २३६६९०४०.०० को आधारमा हेर्दा प्रति मुद्दा खर्च रु. ९८०४.९० पर्ने देखिन्छ।

तालिका नं. ५०

विशेष सरकारी वकील कार्यालयमा प्रति-सम्पादित कार्यमा भएको खर्च रकम

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु.
वि.स.व. कार्यालय	४८२५	३२१५३०००.००	६६६३.८३

यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता र कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गरी प्रति सम्पादित कार्य एकाइमा भएको खर्चको विवरणलाई माथिको तालिकामा प्रस्तुत गरिएको छ उक्त तथ्याङ्कलाई हेर्दा विशेष सरकारी वकील कार्यालयको यस आ.व.को जम्मा सम्पादित कार्य ४८२५ र विशेष सरकारी वकील कार्यालयमा कुल खर्च भएको रकम रु. ३२१५३००० को आधारमा यस कार्यालयमा प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु. ६६६३.८३ पर्ने देखिन्छ।

परिच्छेद - पाँच

जिल्ला सरकारी वकील कार्यालय

१. गठन

न्याय प्रशासन ऐन, २०७३ को दफा ३ मा प्रत्येक जिल्लामा एउटा जिल्ला अदालत रहने व्यवस्था छ। जिल्ला अदालतको मुकाम रहेको स्थानमा जिल्ला सरकारी वकील कार्यालय रहने व्यवस्था सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४ को उपनियम (९) मा गरिएको छ। नेपाल सरकार वादी हुने फौजदारी तथा देवानी मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय गर्ने, मुद्दा चलाउने निर्णय भएकोमा सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने, नेपाल सरकारको सरोकार पर्ने मुद्दामा नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने, जिल्ला स्थित नेपाल सरकारका कार्यालयलाई कानूनी राय प्रदान गर्ने लगायतका कार्य जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलको जिम्मेवारी अन्तर्गत पर्दछ।

जिल्ला सरकारी वकील कार्यालय, काठमाण्डौमा नेपाल न्याय सेवा, सरकारी वकील समूहका राजपत्रांकित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्वमा सोही सेवा समूहका राजपत्रांकित द्वितीय श्रेणीको जिल्ला न्यायाधिवक्ताहरू तथा राजपत्रांकित तृतीय श्रेणीका सहायक जिल्ला न्यायाधिवक्ताहरूले सरकारी वकीलका हैसियतमा कार्य सम्पादन गर्दछन्। अन्य ७६ वटा जिल्ला सरकारी वकील कार्यालयहरूमा नेपाल न्याय सेवा, सरकारी वकील समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका जिल्ला न्यायाधिवक्ताको नेतृत्वमा सोही सेवा समूहका राजपत्रांकित तृतीय श्रेणीका सहायक जिल्ला न्यायाधिवक्ताहरूले सरकारी वकीलको हैसियतमा कार्य सम्पादन गर्दछन्। यी कार्यालयहरूमा सरकारी वकीलको कार्य सम्पादनमा सहयोग गर्न तथा प्रशासनिक एवम् आर्थिक लगायतका अन्य कार्य सम्पादन गर्न सहायक कर्मचारीहरूको प्रबन्ध रहेको छ। जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकील तथा अन्य सहायक कर्मचारीहरुको दरबन्दीलाई **अनुसूची-४५** मा प्रस्तुत गरिएको छ।

२. जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलको काम, कर्तव्य र अधिकार

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम १९ र २० अनुसार जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

१. नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धान अधिकारीबाट अनुसन्धान, तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र मुद्दा चल्ने निर्णय भएकोमा सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने,

२. नेपाल सरकार वादी भई दायर भएका मुद्दा वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट अड्डा, अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने,

३. सम्बन्धित जिल्लामा रहेका नेपाल सरकारको कार्यालयका प्रमुखले मागेको कानूनी प्रश्नमा राय दिने,

४. मुद्दा हेर्ने अधिकारी वा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने वा नगर्ने सम्बन्धी आवश्यक काम कारबाही गर्ने,

५. कार्यालय प्रमुखको हैसियतमा काम गर्ने सरकारी वकीलले प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएको अधिकार बमोजिमको काम कारबाही गर्ने।

६. आत्महत्या एवम् प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय गर्ने।

७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम जिल्ला अदालतमा विचाराधीन मुद्दामा मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका मुद्दामा मिलापत्र गर्न आदेश दिने।

३. जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा सम्पादन भएका कार्यहरूलाई देहाय बमोजिम विवेचना गरिएको छ।

३.१ मुद्दा सम्बन्धी कार्य

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा अन्य निकायमा अभियोगपत्र, निवेदन वा उजुरी दायर गरी बहस पैरवी प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत विवरणलाई एकमुष्ठ रूपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५१

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस, पैरवी एवम् प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूको लगत फछ्यौंट विवरण

मुद्दा हेर्ने निकाय तथा मुद्दाको प्रकृति		लगत			फछ्यौंट								बाँकी	कसूर ठहर, निवेदन खारेज प्रतिशत
		गत वर्ष	यस वर्ष	जम्मा	कसूर ठहर, रिट खारेज	सफाई, रिट जारी	मुद्दा फिर्ता	मुल्तबी	मिलापत्र	अन्य	जम्मा	फछ्यौट प्रतिशत		
अनुसूची १ का मुद्दा	जिल्ला अदालततर्फ फौजदारी	२११४२	३३११५	५४२५७	१८२९७	७७१५	०	८५५	१११७	१३९	२८१२३	५१.८३	२६१३४	६५.०६
	जिल्ला अदालततर्फ देवानी	४	१	५	०	०	०	०	०	०	०	०.००	५	०.००
	जिल्ला प्रशासन कार्यालयमा	९२८०	१०६८६	१९९६६	११७१२	१९१	०	०	०	६	११९०९	५९.६५	८०५७	९८.३५
	अन्य निकायमा	७४	२०	९४	६१	१३	०	०	२०	०	९४	१००.००	०	६४.८९
	जम्मा	**३०५००**	**४३८२२**	**७४३२२**	**३००७०**	**७९१९**	**०**	**८५५**	**११३७**	**१४५**	**४०१२६**	**५३.९९**	**३४१९६**	**७४.९४**
अनुसूची २ का मुद्दा		१७०५	९९०	२६९५	१०९६	११५	०	५	०	४	१२२०	४५.२७	१४७५	८९.८४
अनुसूची १ र २ का मुद्दाको जम्मा		**३२२०५**	**४४८१२**	**७७०१७**	**३११६६**	**८०३४**	**०**	**८६०**	**११३७**	**१४९**	**४१३४६**	**५३.६८**	**३५६७१**	**७५.३८**
पुनरावेदन		५३७	२१३२	२६६९	१४७	८८	०	१	०	२	२३८	८.९२	२४३१	६१.७६
प्रतिरक्षा		५६३	७२४	१२८७	४२१	७१	९	१	१	५	५०८	३९.४७	७७९	८२.८७
रिट निवेदन		५०९	१७३४	२२४३	१०२७	२३५	१२	०	०	२०	१२९४	५७.६९	९४९	७९.३७
कुल जम्मा		**३३८१४**	**४९४०२**	**८३२१६**	**३२७६१**	**८४२८**	**२१**	**८६२**	**११३८**	**१७६**	**४३३८६**	**५२.१४**	**३९८३०**	**७५.५१**

उक्त तालिका अनुसार यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय र अन्य न्यायिक निकायहरूमा अभियोगपत्र दायरी तथा बहस पैरवी प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूको कुल संख्या ८३२१६ रहेको छ। सो मध्ये ४३३८६ थान अर्थात् ५२.१४ प्रतिशत मुद्दा फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दा तथा निवेदनहरू मध्ये ३२७६१ थान अर्थात् ७५.५१ प्रतिशत कसूर ठहर/ रिट खारेज भएको छ। सो मध्ये ७३८२ थान अर्थात १७.०१ प्रतिशत मुद्दा तथा निवेदनहरूमा सफाइ/रिट जारी भएको तथ्याङ्कबाट देखिन्छ।

उल्लिखित तालिका अनुसार यस आर्थिक वर्षमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ का फौजदारी मुद्दा अन्तर्गत जिल्ला अदालतमा लगत रहेका ५४२५७ थान मुद्दाहरू मध्ये जम्मा २८१२३ थान

मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। यसरी फछ्यौंट भएका मुद्दाहरू मध्ये १८२९७ थान अर्थात् ६५.०६ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ। जिल्ला प्रशासन कार्यालयमा लगत रहेका १९९६६ थान मुद्दाहरू मध्ये ११९०९थान मुद्दा फछ्यौंट भएको देखिन्छ। यसरी फछ्यौंट भएका मुद्दाहरू मध्ये ११७१२ थान अर्थात् ९८.३५ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ। यसैगरी अन्य निकायतर्फ लगत रहेका ९४ थान मुद्दाहरू मध्ये ९४ थान मुद्दा फछ्यौंट भएको देखिन्छ। यसरी फछ्यौंट भएका मुद्दाहरु मध्ये ६१ थान अर्थात ६४.८९ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ। सरकार वादी देवानी मुद्दा अन्तर्गत ५ थान मुद्दा लगत रहेकोमा कुनै पनि मुद्दामा दावी कायम नभएको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ का मुद्दातर्फ २६९५ लगत भएकोमा १२२० थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये १०९६ थान अर्थात् ८९.८४ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ। यसैगरी जिल्ला अदालतमा पुनरावेदन गरिएका मुद्दातर्फ २६६९ थान मुद्दाको लगत भएकोमा २३८ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये १४७ थान अर्थात् ६१.७६ प्रतिशत मुद्दामा पुनरावेदन दाबी पुगेको देखिन्छ। प्रतिरक्षा गरिएका मुद्दातर्फ १२८७ लगत भएकोमा ५०८ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये ४२१ थान अर्थात् ८२.८७ प्रतिशत मुद्दामा बादी दाबी पुगेको देखिन्छ। रिट निवेदन तर्फ २२४३ लगत भएकोमा १२९४ थान निवेदन फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका निवेदन मध्ये १०२७ थान अर्थात् ७९.३७ प्रतिशत निवेदन खारेज भएको देखिन्छ। यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूको लगत संख्या ८३२१६ रहेकोमा ४३३८६ फछ्यौंट भई ३९८३० बाँकी रहेको देखिन्छ। फछ्यौंट मुद्दा तथा निवेदन मध्ये ३२७६१ अर्थात् ७५.५१ प्रतिशत कसूर ठहर/निवेदन खारेज भएको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-३२** मा प्रस्तुत गरिएको छ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका मुद्दा तथा निवेदनको कारबाही सम्बन्धी वृत्तचित्र (प्रतिशतमा)



यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवम् प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत तथा फछ्यौंट विवरणलाई विगत आर्थिक वर्षहरूको तथ्याङ्कसँग तुलना गर्न मुद्दाहरूको लगत तथा फछ्यौंट विवरणलाई छुट्टाछुट्टै शीर्षक अन्तर्गत निम्न अनुसार विवेचना गरिएको छ।

(क) अनुसूची-१ का फौजदारी मुद्दाः- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा उल्लेखित कसूर सम्बन्धी मुद्दा र छुट्टाछुट्टै विषयमा बनेका ऐनले अनुसूची-१ अन्तर्गत पर्ने भनी तोकिएका कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई सरकारी वकीलबाट दायर गरिन्छ। यस्ता मुद्दाहरूमा अनुसन्धान अधिकारीले अनुसन्धान कार्य पूरा गरी सम्बन्धित सरकारी वकील कार्यालयमा राय सहितको अनुसन्धान प्रतिवेदन

पठाउँछन्। सम्बन्धित जिल्लाका सरकारी वकीलले महान्यायाधिवक्ताद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने/नचलाउने निर्णय गर्दछन्।

सरकारी वकीलद्वारा मुद्दा चलाउने निर्णय भएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ अन्तर्गतका मुद्दाहरू नेपाल सरकारको तर्फबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा कानूनले तोकेका अन्य न्यायिक निकायमा दायर गरिन्छ र ती मुद्दाहरूमा वादी नेपाल सरकारको तर्फबाट साक्षी प्रमाणको प्रस्तुती, बहस पैरवी एवम् प्रतिनिधित्व सरकारी वकीलबाट हुन्छ। यसरी दायर भएका मुद्दाहरूको जिल्लागत एवम् एकमुष्ठ विवरण **अनुसूची-३२** मा प्रस्तुत गरिएको छ। नेपाल सरकार वादी भई चलाइएका अनुसूची-१ का फौजदारी मुद्दाहरूको यस आर्थिक वर्षको लगत फछ्यौंट र बाँकी विवरणलाई विगत आर्थिक वर्षको विवरणसँग तुलना गरी देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५२

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका अनुसूची-१ का फौजदारी मुद्दाहरूको तीन आ.व.को तुलनात्मक विवरण

आर्थिक वर्ष	निकाय/कार्यालय	लगत			फछ्यौट							बाँकी	कसुर ठहर भएको प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	कसुर ठहर भएको	सफाइ भएको	मुद्दा फिर्ता	मुल्तवी	अन्य	जम्मा	फछ्यौट प्रतिशत		
२०७८/०७९	अदालतमा	१९०६१	१९६६८	३८७२९	१२५०९	५८८३	४	५७७	७८	१९०५१	४९.१९	१९६७८	६५.६६
	जिल्ला प्रशासन	११०८२	९६७९	२०७६१	९०६२	३६५	०	१	२	९४३०	४५.४२	११३३१	९६.१०
	अन्य निकायमा	६	५३	५९	०	०	०	०	०	०	०.००	५९	०.००
	जम्मा	३०१४९	२९४००	५९५४९	२१५७१	६२४८	४	५७८	८०	२८४८१	४७.८३	३१०६८	७५.७४
२०७९/०८०	अदालतमा	२२४०८	२१३२०	४३७२८	१५०६८	६८७२	०	८१४	२२३	२२९७७	५२.५५	२०७५१	६५.५८
	जिल्ला प्रशासन	११३१९	१११३२	२२४५१	११३८७	१६३	०	९	०	११५५९	५१.४९	१०८९२	९८.५१
	अन्य निकायमा	१	११६	११७	३	१	०	०	२२	२६	२२.२२	९१	०.००
	जम्मा	३३७२८	३२५६८	६६२९६	२६४५८	७०३६	०	८२३	२४५	३४५६२	५२.१३	३१७३४	७६.५५
२०८०/०८१	अदालतमा	२११४२	३३११५	५४२५७	१८२९७	७७१५	०	८५५	१२५६	२८१२३	५१.८३	२६१३४	६५.०६
	जिल्ला प्रशासन	९२८०	१०६८६	१९९६६	११७१२	१९१	०	०	६	११९०९	५९.६५	८०५७	९८.३५
	अन्य निकायमा	७४	२०	९४	६१	१३	०	०	२०	९४	१००.००	०	०.००
	जम्मा	३०४९६	४३८२१	७४३१७	३००७०	७९१९	०	८५५	१२८२	४०१२६	५३.९९	३४१९१	७४.९४

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका अनुसूची—१ का फौजदारी मुद्दाहरूकोतीन आ.व. को स्तम्भचित्र (प्रतिशतमा)



माथि प्रस्तुत तथ्याङ्क अनुसार जिल्ला अदालततर्फ आर्थिक वर्ष २०७८/०७९ मा ३८७२९ थान, आर्थिक वर्ष २०७९/०८० मा ४३७२८ थान र यस आर्थिक वर्षमा ५४२५७ थान मुद्दा रहेको छ। जिल्ला प्रशासन कार्यालयमा आर्थिक वर्ष आर्थिक वर्ष २०७८/०७९ मा २०७६१ थान, आर्थिक वर्ष २०७९/०८० मा २२४५१ थान र यस आर्थिक वर्षमा १९९९६ थान मुद्दा रहेको देखिन्छ। यसैगरी अन्य निकायतर्फ आर्थिक वर्ष २०७८/०७९ मा ५९ थान, आर्थिक वर्ष २०७९/०८० मा ११७ थान र यस आर्थिक वर्षमा ९४ थान मुद्दा लगत रहेको देखिन्छ।

मुद्दाको फछर्यौंट स्थितिलाई हेर्ने हो भने जिल्ला अदालततर्फ आर्थिक वर्ष २०७८/७९ मा १९०५१ थान अर्थात् ४९.१९ प्रतिशत, गत आर्थिक वर्षमा २२९७७ थान अर्थात् ५२.५५ प्रतिशत र यस आर्थिक वर्षमा २८१२३ थान अर्थात् ५१.८३ प्रतिशत फछर्यौंट भएको देखिन्छ। जिल्ला प्रशासन कार्यालय तर्फ आर्थिक वर्ष २०७८/०७९ मा ९४३० थान अर्थात् ४५.४२ प्रतिशत, गत आर्थिक वर्षमा ११५५९ थान अर्थात् ५१.४९ प्रतिशत र यस आर्थिक वर्षमा ११९०९ थान अर्थात् ५९.६५ प्रतिशत फछर्यौंट भएको देखिन्छ। यसैगरी अन्य निकायतर्फ गत आर्थिक वर्षमा २६ थान अर्थात् २२.२२ प्रतिशत र यस आर्थिक वर्षमा ९४ थान अर्थात् १०० प्रतिशत फछर्यौंट भएको देखिन्छ।

यस आर्थिक वर्षमा भएका मुद्दा तथा रिट निवेदनहरूको फछर्यौंट र कसूर ठहर तथा रिट खारेज सम्बन्धी विवरणलाई विगत दुई आर्थिक वर्षमा भएका विवरणसँग तुलनात्मक अध्ययन गर्दा आ.व. २०७८/७९ को तुलनामा पछिल्ला आर्थिक वर्षमा फछर्यौंट प्रतिशत केही बढेको देखिन्छ। त्यस्तै कसूर ठहर तथा रिट खारेज सम्बन्धमा आर्थिक वर्ष २०७८/७९ को तुलनामा आ.व. २०७९/८० मा बढेको र आ.व. २०७९/८० को तुलनामा यस आ.व. मा केही घटेको देखिन्छ।

(ख) अनुसूची-२ का फौजदारी मुद्दाः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ मा उल्लेख भएका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन पेश गरे पश्चात् सरकारी वकीलले अभियोजनको निर्णय गरी मुद्दा चलाउने निर्णय भएमा कानूनमा तोकिएको अधिकारीले नै अदालत वा न्यायिक निकायमा अभियोगपत्र दायर गर्दछन्। तर कानूनमा अभियोगपत्र दायर गर्ने अन्य अधिकारी नतोकिएको मुद्दामा सरकारी वकीलबाट अभियोजनको निर्णय पश्चात् कार्यालय प्रमुखले अदालत तथा न्यायिक निकायमा अभियोगपत्र दायर गर्दछन्। यी मुद्दामा नेपाल सरकारको तर्फबाट सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्ने कानूनी व्यवस्था छ। यस्ता मुद्दाहरूको जिल्लागत एवम् एकमुष्ठ विषयगत विवरण **अनुसूची-३२** मा प्रस्तुत गरिएको छ। सम्पूर्ण जिल्ला सरकारी वकील कार्यालयहरूद्वारा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची-२ का सरकार वादी मुद्दाहरूको यस आर्थिक वर्षको लगत, फछर्यौंट र बाँकी विवरणलाई विगत तीन आर्थिक वर्षहरूको लगत फछर्यौंटसँग तुलना गरी देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५३

जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी गरिएका अनुसूची-२ का मुद्दाहरूको तीन आ.व.को तुलनात्मक लगत फछर्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछर्यौंट					बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाई भएको	अन्य	जम्मा	फछर्यौट प्रतिशत		
२०७८/०७९	१७९०	११३५	२९२५	८७७	१२८	२८	१०३३	३५.३२	१८९२	८४.९०
२०७९/०८०	१८२८	११३५	२९६३	९३९	११९	१३	१०७१	३६.१५	१८९२	८७.६८
२०८०/०८१	१७०५	९९०	२६९५	१०९६	११५	९	१२२०	४५.२७	१४७५	८९.८४

उल्लेखित तथ्याङ्क अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका अनुसूची-२ का मुद्दाहरूको लगत संख्याको विश्लेषण गर्दा आर्थिक वर्ष २०७८/०७९ मा २९२५ गत आर्थिक वर्षमा २९६३ र यस आर्थिक वर्षमा २६९५ रहेको देखिन्छ। सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरी फछर्यौंट भएका मुद्दाहरूको विश्लेषण गर्दा आर्थिक वर्ष २०७८/०७९ मा ३५.३२ प्रतिशत, गत आर्थिक वर्षमा ३६.१५ प्रतिशत र यस आर्थिक वर्षमा ४५.२७ प्रतिशत रहेको देखिन्छ। यसबाट जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका अनुसूची-२ का मुद्दाहरूको फछर्यौंटको प्रवृतिमा केही मात्रामा वृद्धि भएको देखिन्छ। सरकारी वकीलबाट प्रतिरक्षा गरी फछर्यौंट भएका मुद्दाहरू मध्ये कसूर ठहर वा दाबी कायम भएका

मुद्दाको स्थितिलाई हेर्दा आर्थिक वर्ष २०७८/०७९ मा ८४.९० प्रतिशत,गत आर्थिक वर्षमा ८७.६८ प्रतिशत, र यस आर्थिक वर्षमा ८९.८४ प्रतिशत मुद्दामा कसूर ठहर वा दाबी कायम भएको देखिन्छ।

(ग) सरकारवादी देवानी मुद्दाः- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची-२८ मा उल्लेखित देवानी मुद्दा र प्रचलित कानूनमा सरकार (नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह) वादी हुने भनिएको देवानी मुद्दाहरू तोकिएको अधिकारीले जाँचबुझ गरी राय सहित मुद्दा चल्ने नचल्ने निर्णयको लागि सरकारी वकील समक्ष पठाउने र सरकारी वकीलले मुद्दा चलाउनु पर्ने देखेमा निर्णय गरी सम्बन्धित अदालत तथा अन्य निकायमा मुद्दा दायर गर्ने व्यवस्था छ। सरकार वादी भई चलाइएका यस्ता देवानी मुद्दाहरूको यस आर्थिक वर्षको लगत फछ्यौंट विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ। यस्ता मुद्दाहरूको जिल्लागत एवम् एकमुष्ठ विषयगत विवरण **अनुसूची-३२** मा प्रस्तुत गरिएको छ।

तालिका नं. ५४

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका सरकार वादी देवानी मुद्दाहरूको तीन आ.व.को लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी
	गत वर्षको	यस वर्षको	जम्मा	दावी कायम भएको	दावी कायम हुन नसकेको	अन्य	जम्मा	
२०७८/०७९	३	३	६	२	०	०	२	४
२०७९/०८०	४	५	९	०	२	३	५	४
२०८०/०८१	४	१	५	०	०	०	०	५

माथि प्रस्तुत तथ्याङ्क अनुसार सरकार वादी हुने देवानी मुद्दाहरूको स्थिति हेर्दा आर्थिक वर्ष २०७८/०७९ मा जम्मा लगत ६ वटा रहेको थियो। गत आर्थिक वर्षमा ९ वटा लगत रहेकोमा यस आर्थिक वर्षमा जम्मा ५ वटा लगत रहेको देखिन्छ। विगत दुई आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा बढी मुद्दा फछ्यौंट भएको देखिन्छ।

(घ) प्रतिरक्षा गरिएका रिट निवेदनः नेपालको संविधानको धारा १५१ को उपधारा (१) र न्याय प्रशासन ऐन, २०७३ को दफा ७ को उपदफा (२) मा जिल्ला अदालतलाई आफ्नो क्षेत्र भित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकतानुसार बन्दी प्रत्यक्षीकरण वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार प्रदान गरेको छ। जिल्ला अदालतमा दायर हुने यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवम् प्रतिरक्षा गर्दछन्।

तालिका नं. ५५

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका निवेदनहरूको तीन आ.व.को तुलनात्मक लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट					बाँकी	जिकिर कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	निवेदन खारेज	निवेदन जारी	अन्य	जम्मा	फछ्यौट प्रतिशत		
२०७८/०७९	४०१	५११	९१२	३०५	६६	३५	४०६	४४.५२	५०६	७५.१२
२०७९/०८०	४५४	७६३	१२१७	४५८	५७	१६	५३१	४३.६३	६८६	८६.२५
२०८०/०८१	५०९	१७३४	२२४३	१०२७	२३५	३२	१२९४	५७.६९	९४९	७९.३७

माथि प्रस्तुत तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/०७९ मा जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका रिट निवेदनहरूको संख्या ९१२ रहेकामा ४०६ थान निवेदनहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट

भएका निवेदनहरू मध्ये ३०५ अर्थात् ७५.१२ प्रतिशत निवेदन खारेज भएको देखिन्छ। गत आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका रिट निवेदनहरूको संख्या १२१७ रहेकामा ५३१ थान निवेदनहरू फछर्यौट भएको देखिन्छ। फछर्यौट भएका निवेदनहरू मध्ये ४५८ अर्थात् ८६.२५ प्रतिशत निवेदन खारेज भएको देखिन्छ। यस आर्थिक वर्षमा प्रतिरक्षा गरिएका रिट निवेदनहरूको संख्या २२४३ रहेकामा १२९४ थान निवेदनहरू फछर्यौट भएको देखिन्छ। फछर्यौट भएका निवेदनहरू मध्ये १०२७ अर्थात् ७९.३७ प्रतिशत निवेदन खारेज भएको देखिन्छ। माथि प्रस्तुत तथ्याङ्कबाट विगत तीन आर्थिक वर्षमा जिकिर कायम र फछर्यौटको प्रवृतिगत आँकडामा केही मात्रामा वृद्धि भएको देखिन्छ। जिल्ला अदालतमा प्रतिरक्षा गरिएका रिट निवेदनहरूको जिल्लागत एवम् एकमुष्ठ विषयगत विवरण **अनुसूची-३२** मा प्रस्तुत गरिएको छ। यस सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ।

(ङ) प्रतिरक्षा गरिएका मुद्दाः जिल्ला अदालतमा दायर हुने अनुसूची १ र २ का मुद्दा सरकार वादी देवानी मुद्दा तथा नेपाल सरकारका निकाय, पदाधिकारी विरूद्ध परेका रिट निवेदन बाहेक नेपाल सरकार उपर परेका अन्य मुद्दामा पनि सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवम् प्रतिरक्षा गर्दछन्।

तालिका नं. ५६

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका मुद्दाहरूको तीन आ.व.को तुलनात्मक लगत फछर्यौट विवरण

आर्थिक वर्ष	लगत			फछर्यौट					बाँकी	जिकिर कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	जिकिर कायम	जिकिर नपुग्ने	अन्य	जम्मा	फछर्यौट प्रतिशत		
२०७८/०७९	३७८	२३९	६१७	१९३	४४	९	२४६	३९.८७	३७१	७८.४६
२०७९/०८०	३४२	५९३	९३५	२९२	४७	८	३४७	३७.११	५८८	८४.१५
२०८०/०८१	५६३	७२४	१२८७	४२१	७१	१६	५०८	३९.४७	७७९	८२.८७

माथि प्रस्तुत तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/०७९ मा प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत संख्या ६१७ रहेकामा २४६ थान मुद्दाहरू फछर्यौट भएको देखिन्छ। फछर्यौट भएका मुद्दाहरू मध्ये १९३ थान अर्थात् ७८.४६ प्रतिशत मुद्दामा जिकिर पुगेको देखिन्छ। गत आर्थिक वर्षमा प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत संख्या ९३५ रहेकामा ३४७ थान मुद्दाहरू फछर्यौट भएको देखिन्छ। फछर्यौट भएका मुद्दाहरू मध्ये २९२ अर्थात् ८४.१५ प्रतिशत मुद्दामा जिकिर पुगेको देखिन्छ। यस आर्थिक वर्षमा प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत संख्या १२८७ रहेकामा ५०८ थान मुद्दाहरू फछर्यौट भएको देखिन्छ। फछर्यौट भएका मुद्दाहरू मध्ये ४२१ अर्थात् ८२.८७ प्रतिशत मुद्दामा जिकिर पुगेको देखिन्छ। यस आर्थिक वर्षमा जिल्ला अदालतमा प्रतिरक्षा गरिएको यस्ता मुद्दाहरूको जिल्लागत एवम् एकमुष्ठ विषयगत विवरण **अनुसूची-३२** मा प्रस्तुत गरिएको छ। यस सम्बन्धी विवरण तालिकामा प्रस्तुत गरिएको छ।

(च) पुनरावेदनः नेपालको संविधानको धारा १५१ को उपधारा (१) र न्याय प्रशासन ऐन, २०७३ को दफा ७ को उपदफा (४) मा जिल्ला अदालतलाई संघीय कानून बमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर र प्रदेश कानून बमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार प्रदान गरेको छ। जिल्ला अदालतमा दायर हुने यस प्रकृतिका पुनरावेदन मध्ये नेपाल सरकार वादी हुने फौजदारी र देवानी मुद्दामा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले पुनरावेदन र बहस पैरवी एवम् प्रतिरक्षा गर्दछन्।

तालिका नं. ५७

जिल्ला अदालतमा पुनरावेदनका रोहमा सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका मुद्दाहरूको तीन आ.व.को तुलनात्मक लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट					बाँकी	कसूर कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर वा दाबी कायम	कसूरमा सफाइ वा दाबी नपुग्ने	अन्य	जम्मा	फछ्यौट प्रतिशत		
२०७८/०७९	२८५	२३२	५१७	१४४	७८	०	२२२	४२.९४	२९५	६४.८६
२०७९/०८०	३३८	४३८	७७६	५६	१२१	१०	१८७	२४.१०	५८९	२९.९५
२०८०/०८१	५३७	२१३२	२६६९	१४७	८८	३	२३८	८.९२	२४३१	६१.७६

माथि प्रस्तुत तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/०७९ मा पुनरावेदन तथा बहस पैरवी गरिएका यस्ता मुद्दाहरूको लगत संख्या ५१७ रहेकामा २२२ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये १४४ थान अर्थात् ६४.८६ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ। गत आर्थिक वर्षमा पुनरावेदन तथा बहस पैरवीहरूको लगत ७७६ रहेकामा १८७ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये ५६ अर्थात् २९.९५ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ। यस आर्थिक वर्षमा लगत २६६९ रहेकामा २३८ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये १४७ अर्थात् ६१.७६ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ। जिल्ला अदालतमा पुनरावेदन तथा बहस पैरवी प्रतिरक्षा गरिएको यस्ता मुद्दाहरूको जिल्लागत एवम् एकमुष्ठ विषयगत विवरण **अनुसूची-३२** मा प्रस्तुत गरिएको छ। यस सम्बन्धी विवरण तालिकामा प्रस्तुत गरिएको छ।

३.२ जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको विवरण

यस आर्थिक वर्षको जिल्ला सरकारी वकील कार्यालयहरूको मुद्दाको विषयगत लगत, फछ्यौंट र बाँकी विवरणको छुट्टाछुट्टै तथ्याङ्क **अनुसूची-३२** मा प्रस्तुत गरिएको छ। उक्त विवरणमा विभिन्न जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा र प्रतिवादीको संख्यात्मक रूपमा लगत, फछ्यौंट र बाँकीको संख्या एवम् कसूर ठहर वा दाबी कायम र सफाइ भएका वा दाबी नपुग्ने मुद्दाको संख्या समावेश गरिएको छ। यस अनुसूचीमा नेपाल सरकार वादी हुने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा उल्लेखित मुद्दाहरू, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५४ को उपदफा (१) तथा अनुसूची २८ मा उल्लेखित मुद्दाहरू, नेपाल सरकार वादी हुने अन्य मुद्दाहरू तथा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्नुपर्ने मुद्दाहरूका अतिरिक्त जिल्ला प्रशासन कार्यालय एवम् अन्य न्यायिक निकायहरूमा दायर भएका मुद्दाहरूको एकमुष्ठ विषयगत विवरण प्रस्तुत गरिएको छ। सरकारी वकीलबाट प्रतिरक्षा गरिएका मुद्दाहरूको एकमुष्ठ विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५८

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत फछ्यौंट विवरण

मुद्दाको विवरण		अदालत/कार्यालय	लगत	फछ्यौंट						बाँकी
				कसूर वा दाबी कायम	कसूरमा सफाइ वा दाबी नपुग्ने	मुल्तवी	मिलापत्र	अन्य	जम्मा	
अनुसूची १ का	फौजदारी	अदालत तर्फ	५४२५७	१८२९७	७७१५	८५५	१११७	१३९	२८१२३	२६१३४
		जिल्ला प्रशासन कार्यालयतर्फ	१९९६६	११७१२	१९१	०	०	६	११९०९	८०५७
		अन्य निकाय तर्फ	९४	६१	१३	०	२०	०	९४	०
अनुसूची १ का जम्मा			७४३१७	३००७०	७९१९	८५५	११३७	१४५	४०१२६	३४१९१
अनुसूची २ का	फौजदारी	अदालत तर्फ	१४७१	७८४	८५	५	०	४	८७८	५९३
		जिल्ला प्रशासन कार्यालयतर्फ	२८१	८०	८	०	०	०	८८	१९३
		अन्य निकाय तर्फ	९४३	२३२	२२	०	०	०	२५४	६८९
अनुसूची २ का जम्मा			२६९५	१०९६	११५	५		४	१२२०	१४७५
कुल जम्मा			**७७०१२**	**३११६६**	**८०३४**	**८६०**	**११३७**	**१४९**	**४१३४६**	**३५६६६**

जिल्ला सरकारी वकील कार्यालयहरूबाट फौजदारी र देवानी मुद्दाहरूमा बहस, पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत, फछ्यौंट र बाँकीको विवरण तथा फछ्यौंट भएका मुद्दाहरू मध्ये कसूर कायम तथा सफाइ

भएका मुद्दाहरूको विषयगत वर्गीकरण गरी ती मुद्दाहरूमा गरिएको अभियोजन सम्बन्धी निर्णय, जम्मा लगत संख्या, कसूर ठहरको अवस्था समेतको विश्लेषण र तथ्याङ्क छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ।

३.२.१ मुद्दामा भएको अभियोजन सम्बन्धी निर्णयको विवरण

नेपालको संविधानको धारा १५८ को उपधारा (२) ले कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था गरेको छ। साथै उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था छ। उक्त संवैधानिक प्रावधान अनुरूप मिति २०७८/०१/१३, २०७८/०१/१९ र २०८०/०३/२५ को राजपत्रमा प्रकाशित सूचना अनुसार महान्यायाधिवक्ताबाट मातहत सरकारी वकीलहरूलाई आफूमा निहित मुद्दा चलाउने नचलाउने अधिकार प्रत्यायोजन गरेको पाइन्छ। सो अनुसार जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूले सरकार वादी हुने मुद्दामा नेपाल सरकारको तर्फबाट मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने गर्दछन्। सो अनुसार यस आर्थिक वर्षमा अभियोजन गरिएका मुद्दाहरूको विषयगत वर्गीकरण, ती मुद्दामा भएको निर्णय, मुद्दा संख्या र प्रतिवादी संख्या देहाय बमोजिम उल्लेख गरिएको छ।

(क) अनुसूची-१ का मुद्दा

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ भित्रका मुद्दामा यस आर्थिक वर्षमा मुद्दा चल्ने नचल्ने सम्बन्धमा गरिएका निर्णयको विषयगत वर्गीकरण, मुद्दा संख्या र प्रतिवादी संख्या देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५९

जिल्ला सरकारी वकील कार्यालयहरूबाट अभियोजन गरिएका अनुसूची-१ का मुद्दाहरूको विषयगत विवरण

सि.नं.	मुद्दाको बिषयगत बिबरण	मुद्दा चलाउने		मुद्दा नचलाउने	
		मुद्दा संख्या	प्रतिवादी संख्या	मुद्दा संख्या	प्रतिवादी संख्या
१	राज्य विरुद्ध	९	३२	०	०
२	सार्वजनिक शान्ति विरुद्ध	२३६१	३३३२	९	२२
३	सार्वजनिक न्याय विरुद्ध	४९	६७	०	०
४	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता	८८७७	१२७८९	२१	५३
५	हातहतियार तथा खरखजाना	२०१	३४६	२	५
६	विष्फोटक पदार्थ	२९	८९	०	०
७	राष्ट्रिय तथा सार्वजनिक सम्पदा	१	१	०	०
८	धर्म सम्बन्धी कसूर	३	११	०	०
९	भेदभाव तथा अपमानजन्य व्यवहार	८०	२७२	१	१
१०	विवाह	८३१	१६१२	८	२०
११	ज्यान	२२९१	४९७८	६८	१८७
१२	कुटपिट अंगभंग	२३८	५३३	२	२
१३	तेजाव प्रहार सम्बन्धी	२	२	०	०
१४	व्यक्ति बेपत्ता पार्ने	२४	६१	०	०
१५	अपहरण वा शरीर बन्धक	१२२	२९२	७	२१
१६	करणी	३१६७	३५०४	३२	३३
१७	इलाज सम्बन्धी	३०	४४	४	४
१८	चोरी तथा डाँका	४१५९	७२००	२३	५२
१९	आर्थिक	१४५६	४८७२	२६१	३९०
२०	कीर्ते	१७५	९५६	५	७
२१	आपराधिक प्रवेश	४	४	०	०
२२	आपराधिक उपद्र	२२६	५७०	२	३
२३	पशुपन्छी	८१	१९३	३	४
२४	नागरिकता	१०५	२३०	५	७
२५	प्रतिलिपी अधिकार	१	३	०	०
२६	प्रविधि सम्बन्धी	२०४	२८३	१	१
२७	बालबालिका सम्बन्धी	१५४	१६५	२	२
२८	बैङ्किङ कसूर	११०६७	११२१२	३१३६	३१५५
२९	मानव बेचबिखन	१७१	३०८	६	११
३०	राहदानी	१७	१९	०	०
३१	लागू औषध	४४६१	७५०४	२८	४०
३२	सवारी ज्यान	२६७०	३३७७	५३	६५
३३	विविध	५५५	२४८१	५	११
	जम्मा	४३८२१	६७३४२	३६८४	४०९६

माथि प्रस्तुत तथ्याङ्क अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट ४३८२१ वटा अर्थात ९२.२४ प्रतिशत मुद्दा चलाउने र ३६८४ थान अर्थात ७.७६ प्रतिशत मुद्दा नचलाउने निर्णय भएको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-३३** मा उल्लेख छ।सरकारी वकीलबाट अभियोजन गर्ने निर्णय गरिएका मुद्दा र प्रतिवादीहरूको संख्या तथा अभियोजन नगर्ने निर्णय गरिएका मुद्दाको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

(ख) अनुसूची-२ का मुद्दा

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ भित्रका नेपाल सरकार वादी हुने मुद्दामा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन पेश गरे पश्चात् सरकारी वकीलले अभियोजनको निर्णय गरी मुद्दा चलाउने निर्णय भएमा सरकारी वकीलले नै अदालत वा अन्य निकायमा अभियोगपत्र दायर गर्दछन।तर कानूनमा अभियोगपत्र दायर गर्ने अन्य अधिकारी तोकिएको मुद्दामा भने अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन पेश गरे पछि अभियोजनको निर्णय सरकारी वकीलले गरे पश्चात् कानूनले तोकेको अधिकारीले अदालत तथा अन्य निकायमा अभियोगपत्र दायर गर्दछन्। अनुसूची-२ का मुद्दामा गरिएका यस्ता अभियोजन सम्बन्धी निर्णय देहायको तालिकामा प्रस्तुत गरिएको छ।यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-३३** मा उल्लेख छ।

तालिका नं. ६०

जिल्ला सरकारी वकील कार्यालयहरूबाट अभियोजन गरिएका अनुसूची-२ का मुद्दाहरूको विषयगत विवरण

सि.नं.	मुद्दाको विषयगत विवरण	यस आर्थिक वर्षमा अभियोजन गरेको निर्णय संख्या			
		मुद्दा चलाउने		मुद्दा नचलाउने	
		मुद्दा संख्या	प्रतिवादी संख्या	मुद्दा संख्या	प्रतिवादी संख्या
१	औषधि	८३	१२६	१	२
२	खाद्य पदार्थ सम्बन्धी	९५	१०६	१	१
३	पानी दुषित पार्ने	२	२	०	०
४	खाद्य ऐन अन्तर्गका	६१	६७	०	०
५	जनस्वास्थय ऐन अन्तर्गतका	१	१	०	०
६	गुणस्तर (प्रमाण चिन्ह)	३	५	०	०
७	नाप तौल सम्बन्धी	३	४	०	०
८	राजश्व चुहावट	२१	३०	१	८
९	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	११६	३८१	०	०
१०	विदेशी विनिमय	५८	८२	२३	२३
११	वन	४९५	१४००	१६	३७
१२	विद्युत चोरी	४	४	०	०
१३	शिक्षा ऐन दफा १७(१)	९	१४	०	०
१४	सम्पत्ति शुद्धीकरण	२	६	०	०
१५	सामाजिक सुधार ऐन	२	१४	०	०
१६	संकटापन्न वन्यजन्तु तथा वनस्पति सम्बन्धी	४	१२	०	०
१७	स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०
१८	अन्य	३१	३९	३	५
जम्मा		९९०	२२९३	४५	७६

३.२.२ मुद्दाको विषयगत वर्गीकरण, लगत र कारबाहीको विवरण

(क) अनुसूची-१ का मुद्दाको लगत र कारबाही विवरण

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ भित्रका मुद्दाको विषयगत लगत, फछर्यौट र बाँकीको विवरण ती मुद्दाहरूमा भएको कारबाहीको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-३३** मा उल्लेख गरिएको छ ।

तालिका नं. ६१

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस, पैरवी, प्रतिरक्षा भएको अनुसूची-१ का मुद्दाहरूको विषयगत विवरण

विषय	जम्मा लगत संख्या		फछर्यौट संख्या						जम्मा		बाँकी	
			कसूर कायम		सफाई		फिर्ता, मुल्तवी, मिलापत्र, अन्य					
	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
राज्य विरुद्ध	१८	९७	२	२	७	४२	०	०	९	४४	९	५३
सार्वजनिक शान्ति विरुद्ध	४३९२	६८०३	२३७०	३३३०	८६	१७४	६	८	२४६२	३५१२	१९३०	३२९१
सार्वजनिक न्याय विरुद्ध	५२	७१	४६	६३	०	०	१	१	४७	६४	५	७
सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा	१५५५३	२३०५०	१०३५०	१४७४१	१५०	२८७	२	७	१०५०२	१५०३५	५०५१	८०१५
हातहतियार तथा खरखजाना	३९३	८१८	२०१	३६२	३९	९७	४	६	२४४	४६५	१४९	३५३
विष्फोटक पदार्थ	९०	४०५	२६	७२	२६	१७७	६	२२	५८	२७१	३२	१३४
राष्ट्रिय तथा सार्वजनिक सम्पदा	३	४	०	०	२	३	१	१	३	४	०	०
धर्म सम्बन्धी कसूर	९	३७	३	१३	३	१३	०	०	६	२६	३	११
भेदभाव तथा अपमानजन्य व्यवहार	१८०	६३७	२९	१२३	५३	१८४	२	११	८४	३१८	९६	३१९
विवाह	१६२४	३२१०	४७२	८७८	४३०	८७८	८१	१६३	९८३	१९१९	६४१	१२९१
ज्यान	४७४१	१२०८७	९३६	१९४०	१४५५	३८५६	१६६	४०९	२५५७	६२०५	२१८४	५८८२
कुटपिट अंगभंग	५४३	१३५८	११७	२४२	१५९	४१९	१३	३५	२८९	६९६	२५४	६६२
तेजाव प्रहार सम्बन्धी	५	७	२	२	०	०	०	०	२	२	३	५
व्यक्ति बेपत्ता पार्ने	४९	१२१	९	१९	७	१२	३	४	१९	३५	३०	८६
अपहरण वा शरीर बन्धक	३४१	९०४	५०	१२८	१०७	२४२	११	३१	१६८	४०१	१७३	५०३
करणी	६३९४	७४६०	१७११	१९०६	१५४५	१७१३	२९५	३१६	३५५१	३९३५	२८४३	३५२५
इलाज सम्बन्धी	५४	७९	७	१०	८	२१	०	०	१५	३१	३९	४८
चोरी तथा डाँका	६६९६	१२६४०	२९१२	४७५१	१३००	२३०४	७९	१८९	४२९१	७२४४	२४०५	५३९६
आर्थिक	२७३४	९१४६	४३१	११४१	३८६	११७६	२१२	५११	१०२९	२८२८	१७०५	६३१८
कीर्ते	४८५	२०६२	१२८	३१२	९३	३४६	९	२७	२३०	६८५	२५५	१३७७
आपराधिक प्रवेश	१५	२९	४	९	६	१४	०	०	१०	२३	५	६
आपराधिक उपद्र	३९३	१३६५	८७	२२६	९२	२८८	९	३८	१८८	५५२	२०५	८१३
पशुपन्छी	१४१	३४३	५५	१४३	२४	७२	०	०	७९	२१५	६२	१२८
नागरिकता	२२०	६५३	८७	१७४	२६	१०५	२	१०	११५	२८९	१०५	३६४
प्रतिलिपी अधिकार	९	१५	४	८	३	३	०	०	७	११	२	४
प्रविधि सम्बन्धी	३१०	४२७	१०६	१५१	३१	६५	१६	२०	१५३	२३६	१५७	१९१
बालबालिका सम्बन्धी	२७६	३००	१२२	१२७	७०	८२	६	६	१९८	२१५	७८	८५
बैङ्किङ कसूर	१५०४५	१५२४८	३२४९	३२८६	२९०	३०१	११०६	१११४	४६४५	४७०१	१०४००	१०५४७
मानव बेचबिखन	३७३	८५३	८२	२३१	१४९	२३०	८	१९	२३९	४८०	१३४	३७३
राहदानी	२०	२२	१९	२१	१	१	०	०	२०	२२	०	०
लागू औषध	६८८१	१३२१५	३६८०	६८७७	८४०	१४७५	७२	१६३	४५९२	८५१५	२२८९	४७००
सवारी ज्यान	५१११९	७४६१	२२६५	३०७०	४६९	६३३	२४	३२	२७५८	३७३५	२३६१	३७२६
विविध	११५९	४८२२	५०८	२१२२	६२	१८२	३	१३	५७३	२३१७	५८६	२५०५
जम्मा	७४३१७	१२५७४९	३००७०	४६४८०	७९१९	१५३९५	२१३७	३१५६	४०१२६	६५०३१	३४१९१	६०७१८

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची १ का मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या ७४३१७ र प्रतिवादी संख्या १२५७४९ मध्ये कसूर ठहर वा दावी कायम भएका मुद्दा संख्या ३००७० र प्रतिवादी संख्या ४६४८०, सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या ७९१९ र प्रतिवादी संख्या १५३९५ एवम् अन्य तवरले (मुद्दा फिर्ता, मिलापत्र, मुलतबी आदि) फछर्यौट मुद्दा संख्या २१३७ र प्रतिवादी संख्या ३१५६ गरी जम्मा फछर्यौट भएको मुद्दा संख्या ४०१२६ र प्रतिवादी संख्या ६५०३१ भई बाँकी मुद्दा संख्या ३४१९१ र प्रतिवादी संख्या

६०७१८ रहेको देखिन्छ। यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची-१ का मुद्दाहरूको फछर्यौंट प्रतिशत ५३.९९ र कसूर ठहर प्रतिशत ७४.९३ रहेको देखिन्छ।

(ख) अनुसूची-२ का मुद्दाको लगत र कारबाही विवरण

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ का सरकार वादी मुद्दाको विषयगत लगत, फछर्यौंट र बाँकीको विवरण ती मुद्दाहरूमा भएको कारबाहीको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-३३** मा उल्लेख गरिएको छ।

तालिका नं. ६२

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची-२ का मुद्दाहरूको विषयगत विवरण

विषय	जम्मा लगत संख्या		फछर्यौंट संख्या						जम्मा		बाँकी	
			कसूर कायम		सफाई		फिर्ता, मुल्तवी, मिलापत्र अन्य					
	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
अध्यागमन	१	२	१	२	०	०	०	०	१	२	०	०
उपभोक्ता संरक्षण	३	११	१	१	०	०	०	०	१	१	२	१०
औषधि	१५२	२३१	५३	८७	२२	३७	०	०	७५	१२४	७७	१०७
खाद्य पदार्थ सम्बन्धी	१५०	१९६	८७	११९	६	८	०	०	९३	१२७	५७	६९
पानी दुषित पार्ने	९	१०	८	८	०	०	०	०	८	८	१	२
खाद्य ऐन अन्तर्गका	१२१	१४१	७२	८४	४	४	०	०	७६	८८	४५	५३
जनस्वास्थय ऐन अन्तर्गतका	२	५	०	०	०	०	०	०	०	०	२	५
गुणस्तर (प्रमाण चिन्ह)	४	७	१	२	०	०	०	०	१	२	३	५
नाप तौल सम्बन्धी	२५	४४	१७	२८	३	५	१	२	२१	३५	४	९
राजश्व चुहावट	५०	७८	३२	४१	०	०	१	३	३३	४४	१७	३४
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	३८०	१२७४	१२२	३३७	११	२५	०	०	१३३	३६२	२४७	९१२
विदेशी विनिमय	१८१	२६२	८५	१२०	२	१०	३	४	९०	१३४	९१	१२८
वन	१४८७	४०९६	५५५	१५०७	५९	२०४	२	१०	६१६	१७२१	८७१	२३७५
विद्युत चोरी	६	९	१	३	१	२	०	०	२	५	४	४
शिक्षा ऐन दफा १७(१)	१६	२८	९	१८	१	१	०	०	१०	१९	६	९
सम्पत्ति शुद्धीकरण	२	६	०	०	०	०	०	०	०	०	२	६
सामाजिक सुधार ऐन	२	१४	१	११	०	०	०	०	१	११	१	३
संकटापन्न वन्यजन्तु तथा वनस्पति	१०	२०	२	६	१	४	०	०	३	१०	७	१०
स्वास्थ्य व्यवसायी परिषद्	१	१	०	०	०	०	०	०	०	०	१	१
अन्य	९३	१३२	४९	७१	५	९	२	२	५६	८२	३७	५०
जम्मा	२६९५	६५६७	१०९६	२४४५	११५	३०९	९	२१	१२२०	२७७५	१४७५	३७९२

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची २ का मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या २९६५ र प्रतिवादी संख्या ६५६७ रहेको छ। यस मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या १०९६ र प्रतिवादी संख्या २४४५ सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या ११५ र प्रतिवादी संख्या ३०९ एवम् अन्य तवरले (मुद्दा फिर्ता, मिलापत्र, मुलतबी आदि) फछर्यौंट मुद्दा संख्या ९ र प्रतिवादी संख्या २१ गरी जम्मा फछर्यौंट भएको मुद्दा संख्या १२२० र प्रतिवादी संख्या २७७५ भई बाँकी मुद्दा संख्या १४७५ र प्रतिवादी संख्या ३७९२ रहेको देखिन्छ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट अभियोजन गरिएका अनुसूची-१ र २ का सबैभन्दा बढी मुद्दा हुने दश मुद्दागत शिर्षकहरूको स्तम्भचित्र



माथि प्रस्तुत तथ्याङ्क अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट अभियोजन गरिएका अनुसूची १ र २ का जम्मा लगत ७७०१२ मुद्दाहरूमध्ये सबैभन्दा बढी सार्वजनिक सार्वजनिक शान्ति तथा हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता सम्बन्धी कसूरमा १९९९७ वटा मुद्दाको लगत रहेको पाइन्छ। त्यस्तै क्रमशः बैङ्किङ्ग सम्बन्धी कसूरमा १५०४५, लागू औषध सम्बन्धी कसूरमा ६८८१, चोरीतथा डाँका सम्बन्धी कसूरमा ६६९६, करणी सम्बन्धी कसूरमा ६३९४, सवारी ज्यान सम्बन्धी कसूरमा ५११९, ज्यान सम्बन्धी सम्बन्धी कसूरमा ४७४१, आर्थिक सम्बन्धी कसूरमा २७३४, विवाह सम्बन्धी कसूरमा १६२४, वन सम्बन्धी कसूरमा १४८७ वटा मुद्दाको जम्मा लगत रहेको पाइन्छ।

३.३ मुद्दाहरूको जनसंख्या तथा प्रदेशगत विभाजन तथा लगतको स्थिति

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ र २ भित्रका मुद्दा र सो अनुसूची अन्तर्गत पर्ने भनी तोकिएका फौजदारी मुद्दाहरूमध्ये अधिकांश मुद्दाहरू जिल्ला सरकारी वकील कार्यालयको सरकारी वकीलले अभियोजन गर्ने नगर्ने निर्णय गर्ने र सम्बन्धित अदालत, जिल्ला प्रशासन कार्यालय वा अन्य निकायमा बहस पैरवी र प्रतिरक्षा समेत गर्दछन्। सो बमोजिम यस आर्थिक वर्षमा अदालत, जिल्ला प्रशासन कार्यालय एवम् अन्य निकाय समक्ष दायर भएका सरकार वादी हुने वा नेपाल सरकारको हक, हित वा सरोकार भएका अनुसूची १ र २ भित्रका मुद्दाहरूलाई जनसंख्या (जनसंख्याको आधार राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कको आधारमा गरिएको छ) को अनुपातमा प्रति लाख जनसंख्यामा पर्ने मुद्दाको वितरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६३

जिल्ला सरकारी वकील कार्यालयहरूबाट अभियोजन तथा बहस पैरवी प्रतिरक्षा भएका अनुसूची-१ र २ का मुद्दामा मुद्दाको दर (प्रति लाख जनसंख्यामा)

भौगोलिक विवरण	जनसंख्या	मुद्दा संख्या	प्रदेशगत मुद्दा दर (प्रति लाख)
कोशी प्रदेश	४९६१४१२	९६६२	१९४.७४
मधेश प्रदेश	६११४६००	१६८१६	२७५.०१
बागमती प्रदेश	६११६८६६	२८०१९	४५८.०६
गण्डकी प्रदेश	२४६६४२७	५२३७	२१२.३३
लुम्बिनी प्रदेश	५१२२०७८	९६०९	१८७.६०
कर्णाली प्रदेश	१६८८४१२	२२८१	१३५.१०
सुदूरपश्चिम प्रदेश	२६९४७८३	५३८८	१९९.९४
जम्मा	२९१६४५७८	७७०१२	२६४.०६

जनसंख्या स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी, प्रतिरक्षा गरिएका फौजदारी मुद्दाहरूको प्रदेशगत विवरण (प्रतिशतमा)



माथि प्रस्तुत तथ्याङ्क अनुसार कुल मुद्दाको प्रदेशगत विवरण हेर्दा मुद्दाको दर सबै भन्दा बढी बागमती प्रदेशमा ४५८.०६ (प्रति लाख जनसंख्यामा) र सबै भन्दा कम कर्णाली प्रदेशमा १३५.१० (प्रति लाख जनसंख्यामा) रहेको पाइयो। सबै जिल्लाका सरकारी वकील कार्यालयहरूबाट प्राप्त कुल मुद्दा ७७०१२ मध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ३६.३८ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा २.९६ प्रतिशत रहेको पाइयो। अन्य प्रदेशहरूमा कोशी प्रदेशमा १२.५५ प्रतिशत, मधेश प्रदेशमा २१.८४ प्रतिशत, गण्डकी प्रदेशमा ६.८० प्रतिशत, लुम्बिनी प्रदेशमा १२.४८ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ७.०० प्रतिशत मुद्दा रहेको छ। प्रदेश अनुसारको मुद्दाहरूको लगत, फछ्यौंट र बाँकीको विस्तृत विवरणलाई **अनुसूची-३२** मा प्रस्तुत गरिएको छ।

तालिका नं. ६४

जिल्ला सरकारी वकील कार्यालयहरुबाट कार्य सम्पादित फौजदारी मुद्दाहरूको प्रदेशगत फछ्यौंट विवरण

प्रदेश	लगत			फछ्यौंट					बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा	फछ्यौट प्रतिशत		
कोशी प्रदेश	३१२७	६५३५	९६६२	४५६६	११५६	२२७	५९४९	६१.५७	३७१३	७६.७५
मधेश प्रदेश	८९६३	७८५३	१६८१६	५९२०	१७३७	४४६	८१०३	४८.१९	८७१३	७३.०६
बागमती प्रदेश	१०३१६	१७७०३	२८०१९	१११२६	२४३४	१०१९	१४५७९	५२.०३	१३४४०	७६.३२
गण्डकी प्रदेश	२०३९	३१९८	५२३७	२६८९	३१७	११५	३१२१	५९.६०	२११६	८६.१६
लुम्बिनी प्रदेश	४३४४	५२६५	९६०९	३५७४	१७२२	१९१	५४८७	५७.१०	४१२२	६५.१४
कर्णाली प्रदेश	८८७	१३९४	२२८१	९११	३५०	१०५	१३६६	५९.८९	९१५	६६.६९
सुदूरपश्चिम प्रदेश	२५२५	२८६३	५३८८	२३८०	३१८	५३	२७५१	५१.०६	२६३७	८६.५१
जम्मा	**३२२०१**	**४४८११**	**७७०१२**	**३११६६**	**८०३४**	**२१५६**	**४१३५६**	५३.७०	**३५६५६**	७५.३६

जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्य सम्पादित फौजदारी मुद्दाहरूको प्रदेशगत स्तम्भ चित्र (प्रतिशतमा)



जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्य सम्पादन भएका फौजदारी मुद्दाहरूको फछ्यौंटको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा कोशी प्रदेशमा सबैभन्दा बढी ६१.५७ प्रतिशत रहेको देखिन्छ भने मधेश प्रदेशमा सबै भन्दा

कम ४८.१९ प्रतिशत भएको देखिन्छ। मुद्दाको कसूर ठहरको प्रतिशत हेर्दा सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा ८६.५१ प्रतिशत र सबैभन्दा कम लुम्बिनी प्रदेशमा ६५.१४ प्रतिशत भएको देखिन्छ भने समग्रमा यस आर्थिक वर्षमा ७५.३६ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालतमा दायर भएका नेपाल सरकार वादी हुने अनुसूची-१ का फौजदारी मुद्दाहरूको विगत पाँच वर्षको लगत फछ्यौंट विवरणलाई देहायको तालिकामा प्रस्तुत गरी लगत फछ्यौंट तथा मुद्दामा कसूर ठहर भएको वा कसूर ठहर हुन नसकेका मुद्दाहरूको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ। उल्लेखित तालिका अनुसार गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा फौजदारी मुद्दाहरूको दायरी लगत केही बढ्न गएको देखिन्छ। सो अनुसार यस आर्थिक वर्षको मुद्दाको एकमुष्ठ लगतको संख्या ५४२५७ कायम भएको देखिन्छ। विगत पाँच वर्षको मुद्दाको लगतको तुलनामा यस आर्थिक वर्षमा सबैभन्दा बढी मुद्दाको लगत देखिएको छ। लगत कायम रहेका मुद्दाको फछ्यौंट स्थितिलाई हेर्ने हो भने २८१२३ थान अर्थात् ५१.८३ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ भने फछ्यौंट फौजदारी मुद्दाहरूमा कसूर ठहरको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा ६५.०६ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ।

तालिका नं. ६५

जिल्ला अदालतमा दायर अनुसूची-१ का फौजदारी मुद्दाहरूको पाँच वर्षको लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट					बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा	फछ्यौट प्रतिशत		
२०७६/०७७	११२०४	१६८४६	२८०५०	८३४८	३४४८	२३८	१२०३४	४२.९०	१६०१६	६९.३७
२०७७/०७८	१५८७९	१७४५३	३३३३२	८९९६	४५३८	२७४	१३८०८	४१.४३	१९५२४	६५.१५
२०७८/०७९	१९०६१	१९६६८	३८७२९	१२५०९	५८८३	६५९	१९०५१	४९.१९	१९६७८	६५.६६
२०७९/०८०	२२४०८	२१३२०	४३७२८	१५०६८	६८७२	१०३७	२२९७७	५२.५५	२०७५१	६५.५८
२०८०/०८१	२११४२	३३११५	५४२५७	१८२९७	७७१५	२१११	२८१२३	५१.८३	२६१३४	६५.०६

जिल्ला अदालतमा दायर अनुसूची-१ का फौजदारी मुद्दाहरूको पाँच वर्षको फछ्यौंट र कसूर ठहर सम्बन्धी स्तम्भचित्र (प्रतिशतमा)



मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा उल्लेखित फौजदारी मुद्दाहरूको अभियोजन एवम् सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा बहस पैरवी गर्नु सरकारी वकीलहरूको मुख्य कार्य भएको हुँदा यस्ता मुद्दाको सफलताको प्रतिशतले फौजदारी न्याय प्रशासनको प्रभावकारिता एवम् सरकारी वकीलको कार्यसम्पादनको स्तरलाई संकेत गर्दछ। आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०८०/०८१ सम्म

जिल्ला सरकारी वकीलबाट बहस पैरवी भएका अनुसूची १ का फौजदारी मुद्दामा भएको फछ्यौंट र कसूर ठहर प्रतिशतलाई स्तम्भ चित्रबाट देखाइएको छ।

सरकारी वकीलले गरेको अभियोजन, बहस पैरवी, प्रतिरक्षा लगायतका मुद्दा तथा रिट निवेदन समेतको कार्यसम्पादनको तुलनात्मक अध्ययन गर्दा आर्थिक वर्ष २०७१/०७२ देखि २०८०/०८१ सम्मको अवधिमा जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा सरकारी वकील कार्यालय मार्फत दायर भएका फौजदारी मुद्दाहरूको लगत, फछ्यौंट र बाँकी एवम् कसूर ठहर वा सफाइ भएको मुद्दाहरूको संख्यात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६६

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको दश वर्षको लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				फछ्यौंट प्रतिशत	बाँकी	कसूर ठहर प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसुर ठहर भएको	सफाई भएको	अन्य	जम्मा			
२०७१/०७२	१७६३३	२३४९६	४११२९	१९३४३	४७६४	१५९	२४२६६	५९.००	१६८६३	७९.७१
२०७२/०७३	१६४४४	२३२८३	३९७२७	२०६६६	४४२९	२४३	२५३३८	६३.७८	१४३८९	८१.५६
२०७३/०७४	१४२४२	२५९२८	४०१७०	१९४१४	४९१८	१३२	२४४६४	६०.९०	१५७०६	७९.३६
२०७४/०७५	१५६८३	३००९२	४५७७५	२२१५७	३९४५	१५५	२६२५७	५७.३६	१९५१८	८४.३९
२०७५/०७६	१८६९५	३१८८५	५०५८०	२०९९८	५०२८	४४४	२६४७०	५२.३३	२४११०	७९.३३
२०७६/०७७	२३४६०	३०५६०	५४०२०	१९०५२	४०७१	३३७	२३४६०	४३.४३	३०५६०	८१.२१
२०७७/०७८	३०१०७	२७३२१	५७४२८	१८५४१	५१०६	३१२	२३९५९	४१.७२	३३४६९	७७.३९
२०७८/०७९	३३००६	३१५२०	६४५२६	२३०९२	६५६४	७३४	३०३९०	४७.१०	३४१३६	७५.९९
२०७९/०८०	३६६९७	३५५०६	७२२०३	२८२०३	७३८२	१११८	३६७०३	५०.८३	३५५००	७६.८४
२०८०/०८१	३३८१४	४९४०२	८३२१६	३२७६१	८४२८	२१९७	४३३८६	५२.१४	३९८३०	७५.५१

प्रायजसो मुद्दाको शुरूवात जिल्ला सरकारी वकील कार्यालयबाट हुने र अपराधको प्रवृति विश्लेषणका लागि समेत उक्त मुद्दाको विवरण आवश्यक पर्ने भएकोले यहाँजिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको दश वर्षको लगतको अध्ययन गरिएको छ। उल्लेखित तालिकाबाट सबैभन्दा बढी आर्थिक वर्ष २०८०/०८१ मा ४९४०२ थान मुद्दा दर्ता भएको देखिन्छ। विगत दश वर्षमा सबैभन्दा कम मुद्दाको लगत आर्थिक वर्ष २०७२/०७३ मा ३९७२७ रहेको थियो भने सबैभन्दा बढी आर्थिक वर्ष २०८०/०८१ मा जम्मा ८३२१६ रहेको देखिन्छ। विगत दश वर्षको मुद्दाको फछ्यौंट संख्यालाई तुलनात्मक अध्ययन गर्दा आर्थिक वर्ष २०७७/०७८ मा सबै भन्दा कम ४१.७२ प्रतिशत र आर्थिक वर्ष २०७२/०७३ मा सबैभन्दा बढी ६३.७८ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दाहरू मध्ये कसूर ठहर भएका मुद्दाहरूको विवरण हेर्दा विगत दश वर्षको अवधिमा सबैभन्दा बढी आर्थिक वर्ष २०७४/०७५ मा ८४.३९ प्रतिशत मुद्दामा कसूर ठहर भएको पाइन्छ भने सबैभन्दा कम यस आर्थिक वर्षमा ७५.५१ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ।

३.४ जिल्ला सरकारी वकील कार्यालयमा रहेका सङ्गठित अपराध सम्बन्धी मुद्दाको विवरण

सङ्गठित अपराध निवारण ऐन, २०७० ले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी गरिने गम्भीर अपराधलाई सङ्गठित अपराधको रूपमा लिएको छ।

तालिका नं. ६७

जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका सङ्गठित अपराध समेतको दावी भएका मुद्दाको कारबाही विवरण

सि. नं.	मुद्दाको विषयगत विवरण	जम्मा लगत		फछ्यौंट संगठित				फछ्यौंट संख्या मूल मुद्दातर्फ						जम्मा		बाँकी	
				कसूर कायम		सफाई		कसूर कायम		सफाई		फिर्ता,मुल्तवी,					
		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
१	कर्तव्य ज्यान	३२	११५	१०	३९	३	१२	१०	३९	८	२५	०	०	१८	६४	१४	५१
२	हातहतियार तथा खरखजाना	१०	४३	६	२४	०	०	८	२९	०	०	०	०	८	२९	२	१४
३	अपहरण वा शरीर बन्धक	२५	९८	४	१६	४	२४	४	१६	४	२४	०	०	८	४०	१७	५८
४	जबरजस्ती करणी	४	९	१	६	०	०	१	६	०	०	०	०	१	६	३	३
५	ठगी	८३	५८७	१०	७८	९	५६	१३	८५	१०	६०	०	०	२३	१४५	६०	४४२
६	बैंकिंग कसूर	५	३४	०	०	०	०	०	०	०	०	०	०	०	०	५	३४
७	मानव बेचविखन तथा ओसारपसार	१५	६३	०	०	३	२७	०	०	३	२७	०	०	३	२७	१२	३६
८	लागू औषध	८०	१३३	४	१२	३	८	१३	३१	९	१९	०	०	२२	५०	५८	८३
९	विस्फोटक पदार्थ	१३	९१	३	३२	५	३८	४	४०	१	१५	४	१८	९	७३	४	१८
१०	अन्य	२७	१८६	०	०	३	३०	०	०	७	३७	०	०	७	३७	२०	१४९
	जम्मा	२९४	१३५९	३८	२०७	३०	१९५	५३	२४६	४२	२०७	४	१८	९९	४७१	१९५	८८८

माथि प्रस्तुत तालिका बमोजिम यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा लगत रहेका सङ्गठित अपराधको मुद्दा संख्या २९४ र प्रतिवादी संख्या १३५९ रहेकोमा फछ्यौंट तर्फ ९९ थान मुद्दा र ४७१ प्रतिवादी भई बाँकी मुद्दा १९५ र प्रतिवादी ८८८ रहेको देखिन्छ। यी मुद्दामा मुल मुद्दातर्फ ५३ थान र २४६ प्रतिवादीलाई कसूर कायम भएकोमा सङ्गठित अपराधतर्फ ३८ मुद्दा र २०७ प्रतिवादीका हकमा मात्र ठहर भएको देखिन्छ। यस सम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ भने जिल्लागत एवम् एकमुष्ठ विवरण **अनुसूची-३६** मा दिइएको छ।

तालिका नं. ६८

सङ्गठित अपराध, मानव बेचबिखन तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको विगत पाँच वर्षको तुलना

आर्थिक वर्ष	संगठित अपराध	मानब बेचबिखन तथा ओसारपसार	सम्पत्ति शुद्धीकरण
२०७६/७७	३३२	३८५	१७
२०७७/७८	३३३	३७५	२९
२०७८/७९	३२३	३८६	२७
२०७९/८०	२६०	३६६	३७
२०८०/८१	२९४	३७३	३८

माथि प्रस्तुत तालिका बमोजिम बिगत पाँच आर्थिक वर्षमा विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरूमा लगत रहेका सङ्गठित अपराध, मानव बेचबिखन र सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको प्रवृत्ति हेर्दा सङ्गठित अपराध तर्फ आ.व. २०७६/७७ को तुलनामा पछिल्ला आ.व.हरूमा उक्त आँकडा घटबढ भएको देखिन्छ भने मानव बेचबिखनको सन्दर्भमा मुद्दाको प्रवृति समेत घटबढ क्रममा रहेको देखिन्छ। त्यस्तै सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा समेत आ.व. २०७६/७७ को तुलनामा पछिल्ला वर्षहरुमा केही बढेको देखिन्छ।

तालिका नं. ६९

जिल्ला सरकारी वकील कार्यालयबाट भएका मिलापत्र गर्ने आदेशको विवरण

मिलापत्र सम्बन्धी				फछ्यौट				जम्मा	
	जम्मा			मिलापत्र गर्ने		मिलापत्र नगर्ने		मुद्दा	प्रतिवादी
	मुद्दा	प्रतिवादी	पिडित	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी		
	११३७	२५०७	१५३५	११३७	२५०७	०	०	११३७	२५०७

माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्षमा ११३७ थान मुद्दामा २५०७ जना प्रतिवादी र १५३५ पीडित रहेको मुद्दा मिलापत्र गरी पाउँ भनी पीडित र प्रतिवादीको संयुक्त निवेदन परेकोमा ११३७ थान मुद्दा नै मिलापत्र गर्ने गरी आदेश भएको देखिन्छ।

३.५ नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा पक्राउ तथा फरार रहेका प्रतिवादी र थुनछेक सम्बन्धी विवरण

तालिका नं. ७०

जिल्ला सरकारी वकील कार्यालयहरूबाट नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा पक्राउ तथा फरार रहेका प्रतिवादी र थुनछेक सम्बन्धी विवरण

मुद्दाको प्रकृति	मुद्दा	प्रतिवादी	पक्राउ प्रतिवादीको संख्या	फरार प्रतिवादीको संख्या	जम्मा	थुनछेक सम्बन्धी				
						थुनामा	धरौटमा	बैंक ग्यारेन्टीमा	तारेखमा	जम्मा
अनुसूची १ का	७४३१७	१२५७४९	४५०१०	१७३१३	६२३२३	११४३९	३१०१७	२५९	१७७८	४४४९३
अनुसूची २ का	२६९५	६५६७	२०१०	४९४	२५०४	१५९	१५९८	९	९७	१८६३
जम्मा	७७०१२	१३२३१६	४७०२०	१७८०७	६४८२७	११५९८	३२६१५	२६८	१८७५	४६३५६

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी भएका अनुसूची-१ र अनुसूची-२ का फौजदारी मुद्दाहरूको लगत रहेका ७७०१२ मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या १३२३१६ रहेकोमा ४७०२० जना प्रतिवादी पक्राउ भएको र १७८०७ जना प्रतिवादी फरार रहेको तथा पक्राउ प्रतिवादीहरू मध्ये ११५९८ जना थुनामा रहेको, ३२६१५ जना धरौटमा, बैंक ग्यारेन्टीमा २६८ र १८७५ जना प्रतिवादी तारिखमा छुटेको देखिन्छ। यसैगरी अनुसूची १ का ७४३१७ मुद्दाहरूमा प्रतिवादी संख्या १२५७४९ रहेकोमा ४५०१० जना प्रतिवादी पक्राउ भएको र १७३१३ जना प्रतिवादी फरार रहेको तथा पक्राउ प्रतिवादीहरू मध्ये ११४३९जना थुनामा रहेको, ३१०१७ जना धरौटमा, बैंक ग्यारेन्टीमा २५९ र १७७८ जना तारिखमा छुटेको देखिन्छ। अनुसूची-२ का जम्मा २६९५ मुद्दाहरूमा ६५६७ प्रतिवादी रहेका मध्ये २०१० जना पक्राउ भएको र ४९४ जना फरार रहेको देखिन्छ। पक्राउ प्रतिवादीहरू मध्ये १५९ जना थुनामा रहेको, १५९८ जना धरौटमा, ९ जना बैंक ग्यारेन्टीमा र ९७ जना तारिखमा छुटेको देखिन्छ। यस सम्बन्धी विवरणलाई माथिको तालिकामा प्रस्तुत गरिएको छ भने जिल्लागत एवम् एकमुष्ठ विवरण **अनुसूची-३८** मा दिइएको छ।

३.६ कानूनी राय सम्बन्धी कार्य

जिल्ला स्थित नेपाल सरकारका सरकारी निकाय तथा पदाधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने कर्तव्य जिल्ला सरकारी वकीलहरूलाई तोकिएको सन्दर्भमा सरकारी वकीलले प्रदान गरेको कानूनी रायको विवरण **अनुसूची-४१** मा दिइएको छ। उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७१
जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रदान गरिएका कानूनी राय सम्बन्धी विवरण

आर्थिक वर्ष	राय माग गर्ने कार्यालय वा अधिकारीको संख्या	राय माग भएको संख्या	राय दिइएको संख्या	बाँकी	कैफियत
२०७८/०७९	२४	४१	४१	०	
२०७९/०८०	२४	२६	२४	०	२ वटा रित नपुगेको
२०८०/०८१	२७	३०	३०	०	

जिल्ला सरकारी वकील कार्यालयहरूले प्रदान गरेको कानूनी रायको सन्दर्भमा राय माग गर्ने कार्यालय वा अधिकारीको जम्मा संख्या, राय माग भएको जम्मा संख्या र राय दिइएको जम्मा संख्याको तीन आर्थिक वर्षको तुलनात्मक विवरण उक्त तालिकामा प्रस्तुत तथ्याङ्कबाट देखिन्छ।

३.७ प्रतिवादी नभएका वारदातमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णयका विवरण

यस आर्थिक वर्षमा प्रतिवादी नभएका वारदातमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णयका विवरण **अनुसूची-४०** मा दिइएको छ।

तालिका नं. ७२
प्रतिवादी नभएका वारदातमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णयका विवरण

विष खाएर	आगलागीबाट	झुण्डिएर	हतियारबाट	करेन्ट लागेर	भिरपहिरोबाट लडेर	डुबेर	हाम फालेर	अन्य	जम्मा
१२२१	१७०	५४६२	४८	३८२	७४८	१०५१	९२	४०१९	१३१९३

माथि प्रस्तुत विवरण अनुसार प्रतिवादी नभएका वारदातमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भएका १३१९३ वारदात मध्ये विष सेवनबाट १२२१ आगलागीबाट १७०, झुण्डिएर ५४६२, हतियारबाट ४८, करेन्ट लागेर ३८२, भिरपहिरोबाट लडेर ७४८, डुबेर १०५१, हाम फालेर ९२, र अन्य ४०१९ मुद्दा नचलाउने निर्णय भएको देखिन्छ।

३.८ जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण **अनुसूची-३५** मा दिइएको छ। उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७३
जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण

बयान गराएको संख्या	अनुसन्धान /पुनः अनुसन्धान गर्न निर्देशन	जाहेरी तामेलीमा राख्ने	अनुसन्धान अधिकृतलाई राय दिएको संख्या	मुद्दा अभियोजन सम्बन्धी निर्णय संख्या				अभियोजन/ फिराद गरेको संख्या	बकपत्र गराएको संख्या	कानूनी राय प्रदान गरेको संख्या	बहस पैरवी संख्या	दफा ७३ को निवेदन	पुनरावेदन गर्नु नपर्ने	पुनरावेदन प्रस्ताव		जि.अ.मा पुनरावेदन		
				मुद्दा नचलाउने	मुद्दा चलाउने	आंशिक मुद्दा	प्रतिवादी नखुलेका मुद्दा							पुनरावेदन गर्ने	पुनरावेदन नगर्ने	पुनरावेदन गर्ने	पुनरावेदन नगर्ने	पुनरावेदन दायर संख्या
४८८०८	२४११	३४	२८७	३७२९	४४८१२	३४५	१३१९३	४२२००	५२८६७	३०	६४५२५	१३८४	१२१३९	१०१८०	३९१८	१००	७	३७०

माथि प्रस्तुत तालिका अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरणको तथ्याङ्कलाई हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बयान गराएको संख्या ४८८०८, अनुसन्धान/पुनःअनुसन्धान गर्न दिएको निर्देशन संख्या २४४१, जाहेरी तामेलीमा राख्ने निर्णय संख्या ३४, अनुसन्धान अधिकृतलाई राय दिएको संख्या ३८७, प्रतिवादी भएको मुद्दा नचलाउने गरेको निर्णय संख्या ३७२९, मुद्दा चलाउने गरेको निर्णय संख्या ४४८१२, आंशिक रूपमा मुद्दा चलाएको संख्या ३४५ देखिन्छ। यसैगरी प्रतिवादी नभएको मुद्दा नचलाउने निर्णय संख्या १३१९३, अभियोजन/फिराद गरेको संख्या ४२२००, बकपत्र गराएको संख्या ५२८६७, कानूनी राय प्रदान गरेको संख्या ३०, बहस पैरवी गरेको संख्या ६४५२५, थुनछेक आदेश उपर निवेदन (दफा ७३ बमोजिमको निवेदन) संख्या १३८४, पुनरावेदन गर्न नपर्ने १२१३९, उच्च अदालतमा पुनरावेदन गर्न सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाएको प्रस्ताव १०१८०, पुनरावेदन नगर्ने प्रस्ताव संख्या ३९१८, जिल्ला अदालतमा पुनरावेदन गर्ने निर्णय संख्या १००, नगर्ने निर्णय संख्या ७ र जिल्ला अदालतमा पुनरावेदन दायर संख्या ३७० रहेको देखिन्छ।

३.९ जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण **अनुसूची-३२** मा दिइएको छ। उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७४

जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण

मुद्दाको विवरण	अनुसूची १	अनुसूची २	देवानी	जम्मा
अदालत तर्फ	११०९	३४	०	११४३
जिल्ला प्रशासन कार्यालय	२३८७	९	०	२३९६
अन्य निकाय तर्फ	०	१००	०	१००
कुल जम्मा	३४९६	१४३	०	३६३९

माथि प्रस्तुत तालिका अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको संख्या ३६३९ रहेकोमा अनुसूची-१ का मुद्दा ३४९६, अनसुची-२ का मुद्दा १४३ र देवानी मुद्दा कुनै पनि नरहेको देखिन्छ।

३.१० महिला, बालबालिका तथा जेष्ठ नागरिकहरू पीडित एवम् प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा भएका अनुसूची १ का मुद्दामा महिला, बालबालिका तथा जेष्ठ नागरिकहरू पीडित एवम् प्रतिवादी भएका महिला तथा बालबालिकाहरूको विषयतगत रूपमा संख्यात्मक विवरण **अनुसूची-४२** मा दिइएको छ। उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७५

महिला, बालबालिका तथा जेष्ठ नागरिकहरू पीडित एवम् प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण

पीडित/प्रतिवादी	ज्यान/उद्योग		ज.क./उद्योग		मानव वेचविखन		चोरी		अपहरण		लागू औषध		अन्य		जम्मा	
	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी
महिला	३१३	२२६	१९०४	३७	२०३	१०१	२७६	३००	४३	३३	०	३८१	१२८६	१५२३	४०२५	२६०१
बालबालिका	८९	३००	११०३	३०२	२३	८	८	५८३	३५	१३	३	४९१	२१६	६२२	१४७७	२३१९
जेष्ठ नागरिक	१३	९	८	२०	२	०	११	५	०	०	०	१५	१७	४३	५१	९२

माथि प्रस्तुत विवरण अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट दायर भएका गम्भीर प्रकृतिका मुद्दाहरूमा जम्मा पीडित महिलाहरूको संख्या ४०२५ प्रतिवादी महिलाहरूको संख्या २६०१, पीडित बालबालिकाहरूको संख्या १४७७ र कानूनको विवादमा परेका बालबालिकाहरूको संख्या २३१९ तथा पीडित जेष्ठ नागरिकहरूको संख्या ५१ र प्रतिवादी जेष्ठ नागरिकहरूको संख्या ९२ भएको देखिन्छ।

३.११ सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएका मध्ये शिर्ष दश मुद्दाहरु विगत पाँच वर्षको तुलनात्मक विवरण

तालिका नं. ७६

सरकारी वकील कार्यालयहरूबाट अभियोजन गरिएका अनुसूची-१ र २ का सबैभन्दा बढी दश मुद्दाहरूको विगत पाँच वर्षको तुलना

मुद्दा / आर्थिक वर्ष	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
सार्वजनिक शान्ति तथा हित..बिरुद्धको कसूर	२०६९९	१८०२९	१९१५१	२१६०८	१९९९७
बैकिङ्ग सम्बन्धी कसूर	८९२	९९१	१२०७	३३९८	१५०४५
लागु औषध सम्बन्धी कसूर	५००९	५२७०	६६४२	७२२६	६८८१
चोरी तथा डाँका सम्बन्धी कसूर	४४१०	४८६९	६४०६	७०६६	६६९६
करणी सम्बन्धी कसूर	५२४३	६८९३	७५२८	७३४३	६३९४
सवारी ज्यान सम्बन्धी कसूर	३७६९	४४९०	५२२५	५३९०	५११९
ज्यान सम्बन्धी कसूर	३६१३	४५३३	५१३६	५१८३	४७४१
आर्थिक सम्बन्धी कसूर	१५०३	१७३६	२०५९	२२९२	२७३४
विवाह सम्बन्धी कसूर	१६०२	१८६९	१९९१	१८८१	१६२४
वन सम्बन्धी कसूर	६०	२३४	१७७७	१६८३	१४८७

माथि प्रस्तुत तालिका बमोजिम विगत पाँच आर्थिक वर्षमा सरकारी वकील कार्यालयहरूमा लगत रहेका शिर्ष दश मुद्दाहरू सार्वजनिक सार्वजनिक शान्ति तथा हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता सम्बन्धी कसूर,बैङ्किङ्ग सम्बन्धी कसूर, लागू औषध सम्बन्धी कसूर, चोरी तथा डाँका सम्बन्धी कसूर, करणी सम्बन्धी कसूर, सवारी ज्यान सम्बन्धी कसूर, ज्यान सम्बन्धी सम्बन्धी कसूर, आर्थिक सम्बन्धी कसूर, विवाह सम्बन्धी कसूर र वन सम्बन्धी कसूरहरूको बिगत पाँच वर्षको प्रवृति बिश्लेषण गरिएको छ।

पछिल्लो पाँच आर्थिक वर्षमा कसूरहरूको प्रवृत्ति विश्लेषण गर्दा देहाय बमोजिमको प्रवृत्ति देखिन्छः

- सार्वजनिक शान्ति तथा हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता सम्बन्धी कसूरको घटबढको प्रवृत्ति मिश्रित देखिएको छ।
- बैङ्किङ्ग सम्बन्धी कसूर रआर्थिक सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण गर्दा विगत पाँचवटै आर्थिक वर्षमा उक्त कसूरहरूको संख्यामा उल्लेखिनय मात्रामा वृद्धि भएको देखिन्छ।
- लागू औषध सम्बन्धी कसूर, चोरी तथा डाँका सम्बन्धी कसूर, सवारी ज्यान सम्बन्धी कसूर र ज्यान सम्बन्धी सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण गर्दा विगत चार आर्थिक वर्षमा उक्त कसूरहरूको संख्यामा वृद्धि भएको र यस आर्थिक वर्षमा भने उक्त कसूरहरूको संख्यामा कमी भएको देखिन्छ।
- करणी सम्बन्धी कसूर, विवाह सम्बन्धी कसूर र वन सम्बन्धी कसूरहरूको बिगत पाँच वर्षको प्रवृति बिश्लेषण गर्दा पछिल्लो तीन आर्थिक वर्ष उक्त कसूरहरुको संख्यामा वृद्धि भएको देखिए तापनि पछिल्लो दुई आर्थिक वर्षमा भने उक्त कसूरहरूको संख्यामा कमी भएको देखिन्छ।

४. जिल्ला सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगतलाई विभाजन गर्दा प्रति-सरकारी वकीलको कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७७

जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील कार्यबोझ

मुद्दा तथा रिट	तामेली निर्णय	बयान गराएको संख्या	बकपत्र गराएको संख्या	अनुसन्धान अधिकृतलाई राय दिएको संख्या	निर्देशन दिएको संख्या	मुद्दा चलाउने निर्णय	मुद्दा नचलाउने निर्णय	मिलापत्र आदेश	अभियोजन /फिराद गरको संख्या	पुनरावेदन गर्ने नगर्ने प्रस्ताव	कानूनी राय	७३ को निवेदन	जम्मा	सरकारी वकील संख्या	प्रति सरकारी वकील कार्यबोझ
८३२१६	१३१९३	४८८०८	५२८६७	३८७	२४११	४५१५७	३७२९	११३७	४२२००	१४०९८	३०	१३८४	३०८६१७	२५८	११९६

माथि प्रस्तुत तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूको यस आ.व. को कामको कुल लगत संख्या ३०८६१७ मध्ये जम्मा मुद्दा तथा रिट संख्या ८३२१६, प्रतिवादी नभएका वारदातमा मुद्दा नचलाउने निर्णय संख्या १३१९३, बयान गराएको संख्या ४८८०८, बकपत्र गराएको संख्या ५२८६७, अनुसन्धान अधिकृतलाई राय दिएको संख्या ३८७, अनुसन्धान अधिकृतलाई निर्देशन दिएको संख्या २४११, प्रतिवादी भएको मुद्दा चलाउने निर्णय संख्या ४५१५७, प्रतिवादी भएको मुद्दा नचलाउने निर्णय संख्या ३७२९, अभियोजन/फिराद गरेको संख्या ४२२००, पुनरावेदन गर्ने नगर्ने प्रस्ताव संख्या १४०९८, कानूनी राय संख्या ३० र पुर्पक्षको आदेश उपरको निवेदन (दफा ७३ बमोजिको निवेदन) संख्या १३८४ रहेको देखिन्छ। जिल्ला सरकारी वकील कार्यालयहरूमा भएका सरकारी वकीलको दरबन्दी संख्या २५८ रहेकोले प्रति सरकारी वकील कार्यबोझ ११९६ रहेको देखिन्छ।

तालिका नं. ७८

जिल्ला सरकारी वकील कार्यालयहरूमा खर्च हुने तलब भत्ताका आधारमा प्रति मुद्दा व्ययभार

कार्यालय	कुल मुद्दाको लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा व्ययभार रु.
जिल्ला सरकारी वकील कार्यालयहरु	८३२१६	४९८,०५८,८८०	५९८५.१३

माथि प्रस्तुत तथ्याङ्कलाई हेर्दा यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण सम्बन्धी देहायको तालिकामा प्रस्तुत तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूको यस आ.व.को कुल मुद्दाको लगत संख्या ८३२१६ र ती कार्यालयहरूको लागि तलब तथा भत्तामा खर्च भएको रकम रू. ४९८०५८८८०.०० का आधारमा ती कार्यालयहरूको प्रति मुद्दा खर्च रकम रू. ५९८५.१३ रहेको देखिन्छ।

तालिका नं. ७९

जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको व्ययभार

कार्यालय	जम्मा सम्पादित काम	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु.
जिल्ला सरकारी वकील कार्यालयहरु	३०८,६१७	६५९,२७७,०००	२१३६.२३

माथि प्रस्तुत तथ्याङ्कलाई हेर्दा यस आर्थिक वर्षमा मुद्दा तथा अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको विवरणलाई माथिको तालिकामा प्रस्तुत गरिएको छ। माथि उल्लेखित तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा भएको जम्मा सम्पादित कार्य संख्या ३०८६१७ र ती कार्यालयहरूका लागि तलब भत्ता लगायत कार्यालय सञ्चालनका लागि खर्च भएको रकम रू. ६५९२७७०००.०० का आधारमा ती कार्यालयहरूको प्रति सम्पादित काममा भएको खर्च रकम रू. २१३६.२३ रहेको देखिन्छ।

परिच्छेद - छ

समस्या र सुझावहरू

महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुने अनुसन्धान निर्देशन, अभियोजन निर्णय, अभियोगपत्र तयारी तथा दायरी, नेपाल सरकार वादी हुने मुद्दामा बहस पैरवी र प्रतिरक्षाका अतिरिक्त पुनरावेदन, मुद्दा दोहोऱ्याई हेरी पाउने निवेदन, अन्तरकालीन आदेश उपरको निवेदन, पुनरावलोकन र कानूनी राय जस्ता फौजदारी न्याय प्रशासन सम्बन्धी कार्य सम्पादनका क्रममा पहिचान गरिएका समस्या र सोको समाधानका लागि निम्नानुसारका सुझावहरू सिफारिस गरिएको छः

समस्याहरू

१. फौजदारी कानून सुधार तथा कार्यान्वयन सम्बन्धीः

(क) फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदल, २०८१ को प्रतिवेदनका सुझावहरू समेतका आधारमा फौजदारी कानून र कार्यविधिमा तत्काल सुधार हुन नसक्दा अनुसन्धान र अभियोजन प्रभावकारी हुन नसकेको,

(ख) मुलुकी अपराध संहिता, २०७४ ले आत्मसात गरेको कैद र जरिवानाको समानुपातिकताको सिद्धान्त अनुरुप अन्य विषयगत फौजदारी कानूनहरू परिमार्जन हुन नसकेको,

(ग) बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएको कानूनको विवादमा परेका बालबालिकालाई अनुसन्धानको सिलसिलामा दिशान्तर गर्न सक्ने सम्बन्धी व्यवस्थाको कार्यान्वयन प्रभावकारी रुपमा हुन नसकेको,

(घ) वन ऐन, २०७६ को दफा ६७(१) ले मुद्दा हेर्ने अधिकारी नेपाल सरकारको डिभिजन वन अधिकृतलाई तोकेको र सोही ऐनको दफा २(छ) ले डिभिजन वन कार्यालय, प्रदेश सरकार अन्तर्गत रहने व्यवस्था गरेकोले प्रदेश सरकार मातहत रहेको डिभिजन वन अधिकृतले वन ऐन, २०७६ अन्तरगतको मुद्दा हेर्न मिल्ने नदेखिँदा सम्बन्धित डिभिजन वन अधिकृतको क्षेत्राधिकार भित्रको मुद्दाको अभियोजन दायरीमा कठिनाई भएको,

(ङ) पारस्परिक कानूनी सहायता ऐन, २०७० र नियमावली, २०७९ बमोजिमको केन्द्रीय अधिकारी अभियोजन निकाय बाहेकलाई तोकिएको हुँदा बर्हिक्षेत्रीय प्रकृतिका मुद्दाको अनुसन्धान र मुद्दा सुनुवाइका क्रममा समेत प्रमाण संकलन, प्राप्ति र प्रस्तुत गर्न कठिनाई भएको,

(च) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको नेपाल भित्र र नेपाल बाहिर मध्यस्थद्वारा समाधान हुने विवादमा नेपाल सरकारको तर्फबाट प्रतिरक्षाका लागि सरकारी वकीलको प्रतिनिधित्व सम्बन्धी कानूनी व्यवस्थाको अभावका कारण राज्यले ठुलो आर्थिक क्षति व्यहोर्नु परेको,

(छ) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची- २ अन्तर्गतका मुद्दाहरूको अनुसन्धानको प्रकृयामा र अभियोगपत्र दायर गर्ने सम्बन्धमा सरकारी वकीलको प्रत्यक्ष भूमिका स्थापित गर्ने स्पष्ट कानूनी व्यवस्थाको अभाव भएको र सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेशको (बन्दी प्रत्यक्षीकरण रीट ०७९-WH-००२६) पालना समेत नभएको कारण मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-२ अन्तर्गतका मुद्दाहरूको अनुसन्धान र अभियोजन प्रभावकारी हुन नसकेको।

२. पीडितमुखी न्याय व्यवस्था सम्बन्धी

(क) कसूरबाट पीडितले क्षतिपूर्ति पाउने विषय मौलिक हक रहेकोमा कसूरदारलाई हुने जरिवानाको आधारमा क्षतिपूर्ति निर्धारण हुने कानूनी व्यवस्थाबाट जरिवाना नहुने कसूरमा पीडितले क्षतिपूर्ति नपाउने अवस्था रहेको,

(ख) अपराध पीडित संरक्षण ऐन, २०७५ बमोजिम अपराध पीडित तथा साक्षीलाई सो अनुसार उद्दार, सहायता, सुरक्षा र संरक्षण सम्बन्धी कानून र संस्थागत संयन्त्रको अभाव रहेको,

(ग) अदालतबाट निर्दोष सावित भएका व्यक्तिलाई थुनामा रहेको अवधि गणना गरी क्षतिपूर्ति दिने कानूनी व्यवस्था नभएको ।

३. कानूनी राय, परामर्श र प्रतिरक्षा सम्बन्धी

(क) नेपालको संविधान बमोजिम संवैधानिक र कानूनी विषयमा कानूनी राय दिने क्षेत्राधिकार महान्यायाधिवक्तामा निहित रहेकोमा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले कानूनी राय र परामर्श दिने काम कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई तोकिदिएको कारण जिम्मेवारीमा दोहोरोपन भएको,

(ख) सरकारी निकायबाट कतिपय कार्यमा कानूनद्वारा निर्दिष्ट प्रक्रिया पूरा नगरी, अधिकारक्षेत्र भन्दा बाहिर गई वा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरुप निर्णय नहुने र मुद्दासँग सम्बद्ध कागजात उचित समय भित्रै उपलब्ध नगराइदिँदा मुद्दामा सरकारको प्रतिरक्षा गर्न कठिनाई भएको।

४. दण्डका सुधारात्मक उपायहरु सम्बन्धी कानून कार्यान्वयनमा प्रभावकरिता

(क) फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले आत्मसात गरेका दण्डका सबै सुधारात्मक व्यवस्थाहरू कार्यान्वयनमा आउन नसकेको,

(ख) कैदीलाई प्यारोलमा छाड्ने सम्बन्धमा छुट्टै प्यारोल अधिकृतको व्यवस्था (नियुक्ति) गर्न नसक्दा कारागार प्रशासकबाट प्रभावकारी कार्य सम्पादन हुन नसकेको,

(ग) हिरासत, बाल निगरानी कक्ष, कारागार तथा बाल सुधार गृहमा रहेका कैदी, थुनुवा तथा कानूनको द्वन्दमा परेका बालबालिकाहरूले कानून बमोजिमको मानवोचित व्यवहार पाउन सकेको नदेखिएको,

(घ) कानून बमोजिम प्रोवेशन प्यारोलमा रहेका थुनुवा कैदीहरूले तोकिएका शर्तहरूको पालना गरे नगरेको अनुगमन गर्ने प्रभावकारी संयन्त्रको अभाव रहेको।

५. संस्थागत सुधार तथा क्षमता विकास सम्बन्धी

(क) अपराधको नवीनतम् प्रवृत्ति (सम्पत्ति शुद्धीकरण, कृत्रिम बौद्धिकताको प्रयोग गरी गरिने कसूर, साइवर कसूर लगायतका अन्य आर्थिक र प्रविधि सम्बन्धी आदि) नियन्त्रण र निवारणका लागि सोही अनुरूप अनुसन्धानकर्ता र अभियोजनकर्ताको क्षमता विकास गर्न आवश्यक स्रोत साधनको कमि रहेको,

(ख) महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका क्रियाकलापको कार्यान्वयन गर्न र सम्पत्ति शुद्धीकरण तथा संक्रमणकालिन न्याय सम्बन्धी कानूनले सरकारी वकीललाई थप गरिदिएको जिम्मेवारी समेतको अनुपातमा सरकारी वकील तथा कर्मचारीको जनशक्ति कम हुनुका साथै कार्यचापको अनुपातमा कार्यालयलाई विनियोजन गरिने बजेट समेत वृद्धि हुन नसकेको,

(ग) पर्याप्त स्रोत साधन र दक्ष जनशक्ति नभएका कारण समयानुकूल सेवा प्रवाहमा प्रभावकारिताका लागि अत्यावश्यक भएको सूचना प्रविधि प्रणालीको (IT System) को विकास नभएको ।

सुझावहरू

१. फौजदारी कानून सुधार तथा कार्यान्वयन सम्बन्धी

(क) फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदल, २०८१ को प्रतिवेदनका सुझाव कार्यान्वयन गर्ने क्रममा मुलुक भर गरिएको छलफलबाट थप हुन आएको सुझाव समेत समावेश गरी देहाय बमोजिमका विषयहरूलाई प्राथमिकताका दिई फौजदारी कानून संशोधन गर्नु पर्नेः

- सम्बन्धित प्रहरी कार्यालयबाट कतिपय जाहेरी दर्ता नहुने अवस्थालाई अन्त्य गर्न जाहेरी दर्ता योग्य नभएका जाहेरी दरखास्त दरपीठ गर्ने र दरपीठ उपर सम्बन्धित सरकारी वकील कार्यलयमा निवेदन दिन सकिने व्यवस्था थप गर्नु पर्ने,
- जाहेरी दरखास्त झुठ्ठा, भ्रामक, काल्पनिक, हदम्याद विहिन, प्रयोजन समाप्त भएको वा पहिले नै मुद्दा दायर भएको पाइएमा त्यस्ता जाहेरी दरखास्त तामेलीमा राख्न सकिने व्यवस्था थप गर्नु पर्ने,
- जघन्य वा गम्भीर अपराध र त्यसको उद्योग, षड्यन्त्र र मतियार भएकोमा बाहेक अन्य अपराधमा शंकित व्यक्तिलाई पहिला हाजिर हुन सूचना पठाउने र सूचना पठाए पश्चात पनि निज अनुपस्थित भएमा मात्र पक्राउ पूर्जी जारी गरिने व्यवस्था गर्नु पर्ने,
- अपराधमा संलग्न शंकितको संख्या, अपराध गरिएको तौरतरिका, पीडितहरूको संख्या समेतलाई मध्यनजर गरी त्यस्ता मुद्दाको अनुसन्धान नेपाल प्रहरीको विशिष्टीकृत अनुसन्धान संयन्त्रबाट हुनु पर्ने,
- एक वर्षसम्म कैद हुने मुद्दामा व्यक्ति पक्राउ परेको सात दिन भित्र मुद्दा दायर गरि सक्नुपर्ने व्यवस्था गर्नु पर्ने,
- अनुसन्धानको क्रममा शव उत्खनन, भिषेरा परीक्षण तथा डि.एन.ए परीक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा विकसित मान्यतालाई आत्मसात गरी कानूनी व्यवस्था गर्नु पर्ने,
- अनुसन्धानको क्रममा प्रचलित कानून बमोजिम बैंक खाता वा सम्पत्ति रोक्का राखिएकोमा अभियोग दावीमा त्यस्तो बैंक वा सम्पत्तिबाट पीडितलाई बिगो वा क्षतिपूर्ति भराई पाउने वा जफत गरि पाउने मागदावी लिनुपर्ने रहेनछ भने अनुसन्धानको क्रममा रोक्का राखेको बैंक खाता वा सम्पत्ति अभियोगपत्र दायर गर्दाको बखत वा पक्षको अनुरोधमा फुकुवा हुने कानूनी व्यवस्था गर्ने। रोक्का राखेको सम्पत्ति वा बैंक खाताबाट पीडितलाई बिगो वा क्षतिपूर्ति भराई पाउने मागदावी लिइएको रहेछ भने बिगो वा क्षतिपूर्ति भराई पाउने मागदावी लिइएको हदसम्मको बैंक खातामा रहेको रकम वा सम्पत्ति रोक्का राखी अन्य सम्पत्ति फुकुवाको लागि सरकारी वकीलको निर्णयले फुकुवा गर्न सकिने कानूनी व्यवस्था गर्ने।
- अदालतमा दायर भएको मुद्दाको कारबाहीको क्रममा कुनै प्रतिवादी अनुपस्थित रहेकोमा तीन वर्षसम्म मुलतवीमा राखे व्यवस्था हटाई छ महिनासम्म अनुपस्थित भएमा म्याद तामेल गर्न पत्रिकामा सूचना प्रकाशित गरी त्यस पछि देखिएसम्मको प्रमाणबाट मुद्दा फैसला गर्ने व्यवस्था गर्नु पर्ने,
- प्रतिवादीको नामको म्याद कानून बमोजिमको कार्यविधि पुरा नगरी बेरितसँग तामेल भएको कारण प्रतिवादीले प्रतिरक्षा गर्न नपाई फैसला हुँदा कसूर ठहर भएकोमा फैसला भएपश्चात् निजले सो व्यहोरा खुलाई निवेदन दिन सक्ने र व्यहोरा मनासिव भएमा शुरु अदालतले

निजको बयान लिई मुद्दाको कारबाहीको प्रकृया अगाडि बढाउन सक्ने व्यवस्था थप गर्नु पर्ने,अनुसन्धानको क्रममा पक्राउ पर्ने आशंका वा पक्राउ परेको व्यक्तिले अनुसन्धानमा बाधा नपर्ने वा भागी जाने अवस्था नभएमा अदालतको आदेशबाट अग्रिम जमानत (Anticipatory Bail) पाउने व्यवस्था थप गर्नु पर्ने,

- एक वर्षसम्म कैद भएको मुद्दामा अधिकार स्वरूप र तीन वर्षसम्म सजाय हुन सक्ने मुद्दामा अदालतले तोकेको शर्तमा दिनको पाँचसयको दरले रकम लिई कैद मिनाहा हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा संशोधन गर्नु पर्ने,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम वेरितको आदेश बदर गरी पाँऊ भनि माथिल्लो अदालतमा तीस दिन भित्र निवेदन दिने व्यवस्था हुनु पर्ने,
- पुर्पक्षको लागि तारेख वा धरौटीमा रहेका प्रतिवादी उपर कसूर ठहर भएमा पुनरावेदन गर्दा विगो र जरिवाना दुवै धरौटी राख्नु पर्ने वर्तमान कानूनी व्यवस्था संशोधन गरी सुरु तहमा राखेको धरौटी रकमको १० प्रतिशत रकम धरौटी राखी पुनरावेदन गर्न सक्ने व्यवस्था गर्नु पर्ने,
- मुलुकी अपराध संहिता, २०७४ को दफा ११९ र दफा १२० मा उल्लेख गरिएको वेश्यागमन र वेश्यावृत्ती भन्ने शब्दको सट्टा "आर्थिक वा अन्य लेनदेनको आधारमा करणी लिने दिने" भन्ने शब्द उल्लेख गर्नु पर्ने,
- कुनै पनि व्यक्तिले अर्को व्यक्तिलाई जवरजस्ती करणी गर्न सक्ने कार्यलाई अपराधीकरण गरी सजायको व्यवस्था गर्नु पर्ने,

(ख) मुलुकी अपराध संहिता, २०७४ ले आत्मसात गरको कैद र जरिवानाको समानुपातिकताको सिद्धान्त अनुरुप अन्य विषयगत फौजदारी कानूनहरू परिमार्जन हुनु पर्ने,

(ग) बालबालिका उपर परेको कानूनको विवादका सम्बन्धमा दिशान्तरका प्रक्रिया अवलम्वन गर्नु पर्ने र दिशान्तर हुन नसकेमात्र अन्य न्यायिक प्रक्रियामा जाने गरी कानूनी व्यवस्था परिमार्जन गरिनु पर्ने,

(घ) वन ऐन, २०७६ को दफा ६७ (१) बमोजिमको मुद्दा हेर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुने गरी कानूनमा व्यवस्था गरिनु पर्ने,

(ङ) पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन, २०७० बमोजिमको केन्द्रीय अधिकारी महान्यायाधिवक्ताको कार्यालय तोकिनु प्रभावकारी हुने,

(च) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको नेपाल भित्र र नेपाल बाहिर मध्यस्थद्वारा समाधान हुने विवादमा नेपाल सरकारको तर्फबाट सरकारी वकीलको प्रतिनिधित्व हुने कानूनी व्यवस्था गरिनु पर्ने,

(छ) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-२ अन्तर्गतका मुद्दाहरूको अनुसन्धानको प्रकृयामा र अभियोगपत्र दायर गर्ने सम्बन्धमा सरकारी वकीलको प्रत्यक्ष भूमिका स्थापित गर्ने स्पष्ट कानूनी व्यवस्था गर्नसर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेश (बन्दी प्रत्यक्षीकरण रिट ०७९-WH-००२६) अनुरूप अनुसूची-२ अन्तर्गतका कसूरहरू पहिचान गरेका नेपालको संविधान जारी हुनुभन्दा पहिलेदेखि लागू भैरहेका राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ समेतका विशेष फौजदारी कानूनहरूमा आवश्यक संशोधन गर्नु पर्ने ।

२. पीडितमुखी न्याय व्यवस्था सम्बन्धी

